

# त्रिपुरासुन्दरी नगरपालिकाको
# प्रथम आबधिक योजना (२०८१/०८२–२०८५/०८६)

त्रिपुरासुन्दरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
त्रिपुराकोट बगर ,डोल्पा
कर्णाली प्रदेश, नेपाल

# स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

## आवधिक योजना

## बिषयसूचि


परिच्छेद १ परिचय ८
१.१ पृष्ठभूमि ८
१.२ आवधिक योजनाकोउद्देश्य ९
१.३ आवधिक योजना तर्जुमा प्रक्रिया १०
परिच्छेद २ नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा ११
२.१ नगरपालिकाको परिचय ११
२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना, ११
२.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा १२
२.१.३ जनसांख्यिक अवस्था १३
२.२ आर्थिक विकास अवस्था १४
२.२.१ कृषि तथा खाद्य सुरक्षा १४
२.२.२ पर्यटन तथा सस्कृति १५
२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति १६
२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा १७
२.२.५ सहकारी १७
२.३ सामाजिक विकासको अवस्था १८
२.३.१ स्वास्थ्य तथा पोषण १८
२.३.२ शैक्षिक विकास १९
२.३.३ खानेपानी तथा सरसफाइ २०
२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण २१
२.३.५ युवा, खेलकुद तथा कला २२
२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था २२
२.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण २२
२.४.२ सडक, पुल तथा यातायात २३
२.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा २५
२.४.४ सूचना, सञ्चार तथा प्रविधि २६
२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था २६
२.५.१ वन तथा जैविक विविधता २६
२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन २७
२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन २७
२.५.४ महामारी तथा विपद् व्यवस्थापन २९
२.६ सुशासन तथा संस्थागत व्यवस्था २९
२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन २९
२.६.२ सङ्गठनात्मक विकास २९
२.६.३ श्रोत परिचालन २९
२.६.४ योजना व्यवस्थापन २९
परिच्छेद ३ सोच तथा विकासको अवधारणा ३०
३.१ पृष्ठभूमि ३०

३.२ प्रमुख समस्या तथा चुनौती ३०
३.३ प्रमुख सम्भावना तथा अवसर ३१
३.४ निर्देशक सिद्धान्त ३१
३.५ सोच, लक्ष्य तथा उद्देश्य ३२
३.६ परिमाणात्मक लक्ष्य ३२
३.७ रणनीति तथा प्राथमिकता ३४
३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट ३५
परिच्छेद ४ आर्थिक क्षेत्र ३८
४.१ कृषि तथा पशुपन्छी ३८
४.१.१ पृष्ठभूमि ३८
४.१.२ समस्या तथा चुनौती ३८
४.१.३ संभावना तथा अवसर ३९
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ३९
४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ४८
४.१.६ अनुमान तथा जोखिम पक्ष ४९
४.२ सिंचाई ५०
४.२.१ पृष्ठभूमि ५०
४.२.२ समस्या तथा चुनौती ५०
४.२.३ संभावना तथा अवसर ५०
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ५०
४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ५३
४.२.६ अनुमान तथा जोखिम पक्ष ५४
४.३ पर्यटन, सँस्कृति तथा सम्पदा ५४
४.३.१ पृष्ठभूमि ५४
४.३.२ समस्या तथा चुनौती ५४
४.३.३ संभावना तथा अवसर ५५
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ५५
४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ५९
४.३.६ अनुमान तथा जोखिम पक्ष ६०
४.४ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति ६५
४.४.१ पृष्ठभूमि ६५
४.४.२ समस्या तथा चुनौती ६५
४.४.३ संभावना तथा अवसर ६६
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ६६
४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ७०
४.४.६ अनुमान तथा जोखिम पक्ष ७१
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ७५
४.५.१ पृष्ठभूमि ७५
४.५.२ समस्या तथा चुनौती ७५

| | |
|---|---|
| ४.५.३ संभावना तथा अवसर | ७५ |
| ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ७६ |
| ४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका | ७९ |
| ४.५.६ अनुमान तथा जोखिम पक्ष | ८० |
| परिच्छेद ५ सामाजिक क्षेत्र | ८१ |
| ५.१ स्वास्थ्य तथा पोषण | ८१ |
| ५.१.१ पृष्ठभूमि | ८१ |
| ५.१.२ समस्या तथा चुनौती | ८२ |
| ५.१.३ संभावना तथा अवसर | ८२ |
| ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ८३ |
| ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका | ९० |
| ५.१.६ अनुमान तथा जोखिम पक्ष | ९२ |
| ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन | ९२ |
| ५.२.१ पृष्ठभूमि | ९२ |
| ५.२.२ समस्या तथा चुनौती | ९२ |
| ५.२.३ संभावना तथा अवसर | ९४ |
| ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ९४ |
| ५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका | १०१ |
| ५.२.६ अनुमान तथा जोखिम पक्ष | १०३ |
| ५.३ खानेपानी तथा सरसफाइ | १०३ |
| ५.३.१ पृष्ठभूमि | १०३ |
| ५.३.२ समस्या तथा चुनौती | १०४ |
| ५.३.३ संभावना तथा अवसर | १०४ |
| ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | १०४ |
| ५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका | १०५ |
| ५.३.६ अनुमान तथा जोखिम पक्ष | १०९ |
| ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग | ११० |
| ५.४.१ पृष्ठभूमि | ११० |
| ५.४.२ समस्या तथा चुनौती | ११० |
| ५.४.३ संभावना तथा अवसर | १११ |
| ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ११२ |
| ५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका | ११६ |
| ५.४.६ अनुमान तथा जोखिम पक्ष | ११८ |
| ५.५ युवा तथा खेलकुद | १२३ |
| ५.५.१ पृष्ठभूमि | १२३ |
| ५.५.२ समस्या तथा चुनौती | १२५ |
| ५.५.३ संभावना तथा अवसर | १२५ |
| ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | १२५ |
| ५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका | १२७ |

५.५.६ अनुमान तथा जोखिम पक्ष १२७
परिच्छेद ६ पूर्वाधार क्षेत्र १२८
६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण १२८
६.१.१ पृष्ठभूमि १२८
६.१.२ समस्या तथा चुनौती १२८
६.१.३ संभावना तथा अवसर १२८
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १२९
६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १३१
६.१.६ अनुमान तथा जोखिम पक्ष १३२
६.२ सडक, पुल तथा यातायात १३२
६.२.१ पृष्ठभूमि १३२
६.२.२ समस्या तथा चुनौती १३३
६.२.३ संभावना तथा अवसर १३३
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १३३
६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १३६
६.२.६ अनुमान तथा जोखिम पक्ष १३७
६.३ जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा १३७
६.३.१ पृष्ठभूमि १३७
६.३.२ समस्या तथा चुनौती १३७
६.३.३ संभावना तथा अवसर १३८
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १३८
६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १४०
६.४.६ अनुमान तथा जोखिम पक्ष १४०
६.४ सूचना, सञ्चार तथा प्रविधि १४१
६.४.१ पृष्ठभूमि १४१
६.४.२ समस्या तथा चुनौती १४१
६.४.३ संभावना तथा अवसर १४१
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १४१
६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १४३
६.४.६ अनुमान तथा जोखिम पक्ष १४४
परिच्छेद ७ वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र १४५
७.१ वन तथा जैविक विविधता १४५
७.१.१ पृष्ठभूमि १४५
७.१.२ समस्या तथा चुनौती १४५
७.१.३ संभावना तथा अवसर १४५
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १४६
७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १४९
७.१.६ अनुमान तथा जोखिम पक्ष १५०
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन १५०

७.२.१ पृष्ठभूमि १५०
७.२.२ समस्या तथा चुनौती १५०
७.२.३ संभावना तथा अवसर १५०
७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १५१
७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १५२
७.२.६ अनुमान तथा जोखिम पक्ष १५३
७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन १५३
७.३.१ पृष्ठभूमि १५३
७.३.२ समस्या तथा चुनौती १५३
७.३.३ संभावना तथा अवसर १५४
७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १५४
७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १५६
७.३.६ अनुमान तथा जोखिम पक्ष १५६
७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता १५७
७.४.१ पृष्ठभूमि १५७
७.४.२ समस्या तथा चुनौती १५७
७.४.३ संभावना तथा अवसर १५७
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १५८
७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १६०
७.४.६ अनुमान तथा जोखिम पक्ष १६१
परिच्छेद ८ संस्थागत विकास तथा सुशासन क्षेत्र १६२
८.१ संस्थागत विकास तथा सुशासन १६२
८.१.१ पृष्ठभूमि १६२
८.१.२ समस्या तथा चुनौती १६२
८.१.३ संभावना तथा अवसर १६२
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १६३
८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १६६
८.१.६ अनुमान तथा जोखिम पक्ष १६६
परिच्छेद ९ कार्यान्वयन व्यवस्था १७४
९.१ पृष्ठभूमि १७४
९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना १७४
९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट १७४
९.४ स्रोत अनुमान तथा प्रक्षेपण १७४
९.५ स्रोत परिचालन रणनीति १७५
९.६ आवधिक योजना कार्यान्वयन १७५
९.७ अनुगमन तथा मूल्याङ्कन योजना १७६
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता १७६
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी १७६
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया १७६

| | |
|---|---|
| सन्दर्भ सामाग्रि | १८४ |
| अनुसूचिहरू | १८५ |
| अनुसूचिः १ विश्वका केहि विकास मोडलहरूको तुलनात्मक अध्ययण | १८५ |
| अनुसूचिः २ वडास्तरमा माग भएका विषयक्षेत्रगत कार्यक्रमहरूको विवरण | १९७ |
| अनुसूचिः ३ नगरपालिकाका गौरबका योजनाहरू | २०५ |
| अनुसूचिः ४ नगरपालिकाको नक्शा | २०६ |

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान जारी भएसँगै नेपाल एकल शासन प्रणालीबाट सङ्घीय शासन प्रणालीमा रुपान्तरण भएको छ । संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र तीनै तहले संविधान र कानून बमोजिम राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था गरेको छ । नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कानून बनाउने, नीति तथा योजना तयार गर्ने, बार्षिक बजेट बनाउने, सोको कार्यान्वयन र नतिजा मापन गर्ने व्यवस्था गरेको छ (धारा ५९ को उपधारा १) । यसैगरी संविधानले प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय सङ्घीय कानून बमोजिम हुने व्यवस्था गरेको छ (धारा ५९ को उपधारा ३) । सङ्घीय शासन व्यवस्थामा स्थानीय सरकारलाई नागरिकको घरदैलोको सरकारको रुपमा लिइएको छ । तसर्थ राजनीतिक र अवधारणागत रुपमा पनि स्थानीय सरकारसँग जनताको बढी नै अपेक्षा हुने गर्दछ । नागरिकको आवश्यकता तथा अपेक्षा सम्बोधनको लागि स्थानीय सरकार अझ बढी सबल, सक्षम र जवाफदेही हुन आवश्यक छ । सक्षम, सबल र नागरिक प्रति संवेदनशिल तथा जवाफदेही स्थानीय सरकारबाट मात्रै जनचाहाना सम्बोधन हुन सक्दछ । यसका लागि स्थानीय सरकारका रुपमा गाउँपालिका तथा नगरपालिकाले स्थानीय धरातलिय परिवेश, विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहाना प्रतिबिम्बित हुने गरी स्थानीय नीति, योजना तथा बजेट तर्जुमा गर्नु आवश्यक रहेको छ ।

नेपाल सरकारले स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, लगायत आर्थिक संकेत, वर्गीकरण र व्याख्या जस्ता नीतिगत तथा कानूनी व्यवस्था समेत गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४, ले गाउँपालिका तथा नगरपालिकाले स्थानीय स्तरको विकासका लागि आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । यस प्रकारका योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी तर्जुमा गर्नु पर्ने व्यवस्था ऐनमा गरिएको छ । यसैगरी योजना तर्जुमा गर्दा सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धीत विषयलाई ध्यान दिनु पर्ने व्यवस्था समेत ऐनले स्पष्ट गरेको छ । यसका अतिरिक्त ऐनले योजना तर्जुमा गर्दा प्राथमिकता दिनु पर्ने विषयहरू समेत तोकेको र स्थानीय तहले कार्य सम्पादनका क्रममा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह सम्वन्धी व्यवस्था स्पष्ट रुपमा उल्लेख गरेको छ । सोही व्यवस्थाअनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, गरिबी निवारण, जीवनस्तरमा दीगो सुधार, रोजगारीका अवसरमा वृद्धी समेत आर्थिक सामाजिक पुनर्लाभ, जनसहभागिता प्रवर्धन, समावेशी, दीगो विकास र स्थानीय सँस्कृति संरक्षण जस्ता विषयलाई प्राथमिकता दिनुपर्ने कुरालाई जोड दिएको देखिन्छ ।

नेपालको संविधान र प्रचलित कानुन बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयलाई समेट्ने गरी स्थानीय तहको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नु पर्ने व्यवस्था रहेको छ । यसै व्यवस्था अनुसार जनताको सबैभन्दा नजिकको सरकारका रुपमा रहेको स्थानीय सरकारले समृद्धी र सुशासनको जनआकांक्षा पुरा गर्ने प्रयासलाई दिशानिर्देश गर्न आवधिक योजना तर्जुमा आवश्यक रहेको छ । स्थानीय तहको योजना तर्जुमा सम्वन्धी जिम्मेवारी तथा अधिकार क्षेत्रलाई मनन् गरी संविधान एवं कानून बमोजिम स्थानीय सरकारको रुपमा स्थापित यस त्रिपुरासुन्दरी नगरपालिकाले पहिलो प्रयासको रुपमा प्रथम आवधिक योजना (२०८१/०८२–२०८५/८६) तर्जुमा गरी

कार्यान्वयन गर्ने प्रतिवद्धता गरेको छ । यस आवधिक विकास योजनामा नगरपालिकाको समष्टिगत आर्थिक, सामाजिक विकास तथा प्रभावकारी सेवा प्रवाहका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी आगामी ५ बर्ष अवधिभित्र सो हासिल गर्ने निर्देशक सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित मार्गचित्र प्रस्तुत गरिएको छ । यस योजनाले निर्धारित अवधिका लागि आफुले चाहेको विकास गन्तव्यतर्फ नगरपालिकालाई डोर्याउने अपेक्षा गरिएको छ ।

नगरपालिकाको विकास प्रयासलाई दिशानिर्देश गर्न विषयक्षेत्र गुरुयोजना, आवधिक तथा बार्षिक योजना तर्जुमा, योजना कार्यान्वयन, अनुगमन तथा विकासका प्रयासहरुको प्रभाव लेखाजोखा गर्न विषयगत सूचना तथा श्रोत नक्शा सहित वस्तुस्थिति विवरण (स्थिति पत्र) लाई योजनाको आधार दस्तावेजको रुपमा लिइएको छ । नगरपालिका विकासको स्थिति पत्रको आधारमा विकासको वर्तमान अवस्था, संभावना, अवसर, समस्या तथा चूनौति विश्लेषण गरी प्रथम आवधिक विकास योजना तर्जुमा गरिएको छ । योजना तर्जुमा गर्ने सिलसिलामा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया बमोजिम नगरसभा तथा कार्यपालिका पदाधिकारी, कार्यालय तथा विषयगत क्षेत्रका कर्मचारी, स्थानीय राजनीतिक दलहरू, अगुवा तथा विषय विज्ञहरु, नागरिक समाज, लक्षित वर्ग तथा सरोकारवालाको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । यस आवधिक विकास योजना तर्जुमा प्रक्रिया तथा नतिजामा दीगो विकासका लक्ष्यलाई स्थानीय परिवेश अनुसार एकीकृत गर्नुका साथै सामाजिक आर्थिक पुनर्लाभका विषयहरुलाई समेत समावेश गर्ने प्रयास गरिएको छ ।

यस प्रथम आवधिक विकास योजना तर्जुमा प्रक्रियामा जनसंख्या, आर्थिक बृद्धिदर, सेवा तथा सुविधाको माग समेत विकासको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी नगरपालिकाको समष्टिगत विकासको लागि दुरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तर्जुमा गरिएको छ । यस योजनाले नगरपालिकाको समग्र तथा योजनावद्ध विकासका लागि आगामी ५ वर्षको मार्गचित्र तयार गरी त्यसका लागि श्रोत परिचालनको योजना समेत नतिजा अनुगमन र प्रभाव लेखाजाखाको लागि आधार तय गरेको छ । यस आवधिक योजनाको आधारमा मध्यमकालिन खर्च संरचना र सोको आधारमा बार्षिक बजेट तथा कार्यक्रम तयार गरी योजनाको कार्यान्वयन, नतिजाको अनुगमन तथा प्रगति मापन एबं असर र प्रभावको लेखाजोखा गर्ने समेत प्रतिवद्धता गरिएको छ ।

## १.२ आवधिक योजनाको उद्देश्य


त्रिपुरासुन्दरी नगरपालिकाको विकास तथा समृद्धिका लागि नगरपालिकाको नेतृत्वमा सरकारी, गैरसरकारी, सहकारी, मुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एकै स्थानमा ल्याई नगरपालिकाको एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गरी नगरपालिकाबासीहरुको समृद्धीलाई सुनिश्चित गर्नु यस आवधिक योजनाको प्रमुख उद्देश्य रहेको छ । यस योजनाको विशिष्ट उद्देश्यहरु देहाय अनुसार रहेका छन् ।

- नगरपालिकाको विकासको संभावना, अवसर, समस्या तथा चूनौति र स्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी नगरपालिकाबासीको चाहाना अनुसार दीर्घकालीन सोच उन्मुख समष्टिगत लक्ष्य, रणनीतिक कार्यक्रम तथा बजेट अनुमान सहितको विकासको रणनीतिक बृहद् दस्तावेज तयार गर्ने ।
- नगरपालिकाको विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने नविन तथा रणनीतिक महत्वका कार्यक्रम र सोको कार्यान्वयनको लागि कार्यनीति तयार गर्ने ।

- स्थानीय तहका विकासका साझेदार तथा सरोकारवालाहरूको सहभागितामा नगरपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासको मार्गचित्र तयार गर्ने।
- आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन योजना, अनुगमन र तथा प्रभाव लेखाजोखा खाका तयार गर्ने।
- नगरपालिका विकासको स्पष्ट मार्गचित्र तयार गर्ने।


## १.३ आवधिक योजना तर्जुमा प्रक्रिया

योजना तयार गर्दा मुख्यतया राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित **"स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८"** लाई आधार मानिएको छ। नगरपालिकाको यो आवधिक योजनाको तर्जुमाका लागि चरणवद्ध रुपमा विभिन्न विधि तथा प्रक्रियाहरू अवलम्बन गरिएको थियो, जुन निम्नानुसार रहेका छन्ः



# परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ नगरपालिकाको परिचय




डोल्पा जिल्ला तत्कालीन नेपालको मध्यपश्चिममाञ्चल बिकास क्षेत्र अन्तर्गत पर्न हिमालि जिल्ला हो । नेपाल अधिराज्यको संविधान २०७२ अनुसार राज्य पुनसंरचामा कर्णाली प्रदेशमा रहन गयो । यो जिल्ला कर्णाली प्रदेशको सबैभन्दा ठूलो जिल्ला हो । नेपालको हिमाली क्षेत्रमा अवस्थित डोल्पा जिल्ला २८˚०.२४"–२९ ˚ ०.४३" उत्तरी अक्षांश र ८२˚० २.४"–८३˚०३.८" पूर्वी देशान्तर सम्म फैलिएको छ । यस जिल्लाको कुल क्षेत्रफल ७,८८९ वर्ग कि.मी रहेको छ जुन नेपाल अधिराज्यको कुल क्षेत्रफलको ५.३८ प्रतिशत हुन आउछ । उच्च हिमश्रृंखला, ल्हाँ, लेक र खोच वेशीहरुमा छरिएर रहेको वस्ती एवं ठूलो भौगोलिक क्षेत्र रहको यो जिल्लामा भौतिक पूर्वाधार निर्माण र त्यसको दिगो संचालन निकै खर्चिलो हुने गरेको छ । यस जिल्लाको सिमाना पूर्वमा मुस्ताङ्ग जिल्ला र चिनको स्वशासित क्षेत्र तिब्बत, पश्चिममा जुम्ला र मुगु, दक्षिणमा जाजरकोट, रुकुम, म्याग्दी र मुस्ताङ्ग जिल्ला र उत्तरमा चिनको स्वशासित क्षेत्र तिब्बत पर्दछ । यस जिल्लामा प्रशासनिक विभाजन अनुसार जम्मा २३ वटा गा.बि.स.हरु रहेका थिए । हाल नेपालको संघिय संरचना बमोजिम यस डोल्पा जिल्लामा जम्मा ८ वटा स्थानीय तहमा विभाजित भएको छ । जसमध्ये २ वटा नगरपालीका तथा ६ वटा गाउँपालीका रहका छन् २ वटा नगरपालीका मध्येको त्रिपुरासुन्दरी नगरपालीका पनि एक हो ।

कर्णाली प्रदेश अन्तर्गत डोल्पा जिल्लाको साविकको गाउँ बिकास समितिहरू त्रिपुराकोट, पाहाडा, लिकु, ल्हाँ र सुँ गा.बि.स.हरुको संयोजनमा हाल त्रिपुरासुन्दरी नगरपालीकाको निर्माण गरिएको हो । यस नगरपालिकाको नामाकरण यसै नगरपालिकाको वडा नं. १ मा अबस्थित प्रसिद्द तिर्थस्थल त्रिपुरासुन्दरी भगबतीको नामबाट नामाकरण गरीयको हो । कर्णालि प्रदेशमा  त्रिपुरासुन्दरी भगबतीलाई प्रसिद्द शक्तिपिठका रूपमा लिईन्छ । संघीय प्रणाली अनुसार यो जिल्लामा १ वटा मात्र प्रतिनिधि सभा क्षेत्र रहेको छ भने, यो नगरपालिका प्रदेश सभा निर्वाचन क्षेत्रको आधारमा  प्रदेश सभा निर्बाचन २ (ख) मा पर्दछ । यस नगरपालिका भौगोलिक सिमाना, भौतिक पूर्वाधार तथा सामाजिक मुल्य मान्यताको आधारमा ११ वटा वडामा विभाजन गरिएको छ ।

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

कर्णाली प्रदेश अन्तर्गत डोल्पा जिल्लाको साविकको गाउँ बिकास समितिहरू त्रिपुराकोट, पाहाडा, लिकु, ल्हाँ र सुँ गा.बि.स.हरुको संयोजनमा हाल त्रिपुरासुन्दरी नगरपालीकाको निर्माण गरिएको हो । यस नगरपालिकाको नामाकरण यसै नगरपालिकाको वडा नं. १ मा अबस्थित प्रसिद्द तिर्थस्थल त्रिपुरासुन्दरी भगबतीको नामबाट नामाकरण गरीयको हो । कर्णालि प्रदेशमा  त्रिपुरासुन्दरी भगबतीलाई प्रसिद्द शक्तिपिठका रूपमा लिईन्छ । संघीय प्रणाली अनुसार यो जिल्लामा १ वटा मात्र प्रतिनिधि सभा क्षेत्र रहेको छ भने, यो नगरपालिका प्रदेश सभा निर्वाचन क्षेत्रको आधारमा  प्रदेश सभा निर्बाचन २ (ख) मा पर्दछ । यस नगरपालिका भौगोलिक सिमाना, भौतिक पूर्वाधार तथा सामाजिक मुल्य मान्यताको आधारमा ११ वटा वडामा विभाजन गरिएको छ ।

भौगोलिक हिसाबले यस त्रिपुरासुन्दरी नगरपालीकाको उत्तरमा फोक्सुण्डो गाउँपालीका, दक्षिणमा रुकुम पश्चिम जिल्ला, पश्चिममा मुड्केचुला तथा जगदुल्ला गाउँपालीका पर्दछन भने पूर्वमा डोल्पाको जिल्लाको अर्को नगरपालिका ठूलीभेरी नगरपालीकासँग जोडिएको छ। यो नगरपालीका जिल्लाको धैरै जनसङ्ख्या भएको एक सुन्दर, धार्मिक, सांस्कृतिक र पर्यटकिय हिसाबले भावी दिनमा राम्रो भविष्य बोकेको नगरपालीकाको रुपमा पर्दछ। यो नगरपालिका अक्षांश २८ डिग्री ४ मिनेट देखि २९ डिग्री ४३ मिनेट उत्तरी अक्षांशसम्म र ८२ डिग्री २४ मिनेटदेखि ८३ डिग्री ३८ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको यस नगरपालिकाको कुल क्षेत्रफल ३९३.४५ वर्ग किलोमिटर रहेको छ। समुद्र सतह देखि २००० मिटर देखि ५००० मिटरसम्मको उचाइमा रहेको रहको यहाँको वार्षिक औषत तापक्रम न्यूनतम ३ डिग्री सेल्सीयस देखि अधिकतम ३० डिग्री सेल्सीयस र औषत वार्षिक बर्षा ९८.२ मि.लि.हुने गरेको छ, आर्दता ६७ प्रतिसत रहेको पाईन्छ। प्रशासनिक कामका लागी सदरमुकाम जानुपर्ने भएता पनि दैनिक उपभोग्य वस्तु किनमेलको लागि यहाँका बासिन्दाहरु यसै नगरपालिका अन्तर्गत पर्ने त्रिपुराकोट बगरनै यस नगरपालिकाको मुख्य बजार हो भने अन्य साना बजारहरूमा रूम, सुँ, रङँ, ल्हाँ, श्रीबिन्दे, भुतिङ्गरा, रावतवारा, चुँ, लिकु, मुहु आदि यहाका स्थानिय बजारहरू हुन।

### २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

यस नगरपालीकाको भू-बनावट बलौटे माटो, भिरालो जमिन र उत्तरमा अग्ला अग्ला हिमालहरुले घेरिएको छ। साविकको पाहाडा, लिकु तथा सुँ गा.बि.स मा पर्ने भू भाग केही खेती योग्य माटोले भरिएको छ भने ल्हाँ तथा त्रिपुराकोटको अधिकांस भू भाग बलौटे तथा कङकर मिसिएको कारण नदी बेंसी बाहेक अन्य भागमा खेती गर्नका लागि कडा भन्दा कडा परिश्रम खर्चनु पर्ने खालको छ। यस नगरपालीको फुल्चिङ, ल्हाँ, पालङ्ग, त्रिपुराकोट बगर, रल्ली, गल्ली, भुतिङग्रा बस्तिको केही भागमा मात्र धान खेती गरिन्छ भने बाँकी स्थानमा अन्य अन्न बालीको मात्र खेती भएको पाइन्छ। यस नगरपालीकामा छलगाड, तामेगाड, हिराघट्ट नदी, ठूली भेरी, गल्ली गाड करब गाड, फुल्चिङ खोला, पालङ्ग खोला, खाती खोला लगायतका थुप्रै सदावहार नदी तथा खोलाहरु भएता पनि भौगोलिक विकटता तथा आवश्यक आर्थिक श्रोत अभावका कारण सबै स्थानमा न्यूनतम सिचाइ व्यवस्था समेत हनु सकेको छैन। बिशेष गरि मकै, कोदो, फापर, उवा, चिनो, कागुनो, सिमी, जौ, र आलु खेती गरिन्छ। नगरपालिकाको अधिकांस खेतीयोग्य जमिनमा जमिनामा हिउँदे र बर्षे बाली लगाउन सकिन्छ। फलफूलमा स्याउ, ओखर, नास्पाती, आरु, प्रशस्त मात्रामा फल्ने स्थानहरु रहका छन्। प्राकृतिक बरदान स्वरुप पाइने विभिन्न खालका औषधिजन्य तथा पोषणका हिसाबमा बिश्व चर्चित जडीबुटीका दृष्टिकोणमा पनि यस नगरपालीका निकै धनी छ। यस नगरपालीकाको साबिकको पाहाडा गा.बि.सको उत्तरी हिमाली भू भाग, त्रिपुराकोट गा.बि.स.को उत्तरी भू भागमा यार्सागुम्ब, र अन्य भू-भागमा जटामसी, पाँच औले, चिराइतो, च्याउ, सेतो चिनि, जटामसी, कुडुको, पदमचाल्नु, पाचँ औले, अतिस, कुटकि, बिष जरा, झिझलकाडा, निरबिसि, सुजित्रो, समायो जस्ता जडीबुटीहरु पाइन्छ। जसले मानिसहरुको जिविकोपार्जनको ठुलो भुमिका खेल्दछ। प्राकृतिक प्रकोपका हिसाबमा यस नगरपालीका उच्च जोखिममा रहको छ। प्रमुख नदीनाला र विशेष क्षेत्र नगरपालिकाको क्षेत्रमा पर्ने ठुलो नदी ठुलोभेरी नदि, छलगाड खोला, चूँ गाड खोला, करवगाड खोला, खातिखोला, पालङ्ग खोला, गल्ली खोला आदि साना ठुला विभिन्न खोलानालाहरु पर्दछन।

उच्च हिमश्रृखला, झरना ताल तलैया लगायत पर्यटकिय दृष्टिहरू भएकोले पर्यटकिय संभाबना भएको नगरपालिकाको रूपमा लिन सकिन्छ। प्राकृतिक तथा साँस्कृतिक सम्पदाको रूपमा राजारानी सिमताल, देयारपाटि राजाको दरबार, हात्तिको भौगोलिक नमुना, घागरीया हिमाल, हिमचुलि हिमाल, चाल्नाबारा ताल, बिभिन्न पदमार्गहरू, भ्यु टावरहरू तथा सास्कृतिक रूपमा रहेका बिभिन्न मठ मण्दिरहरू रहेका छन।

### २.१.३ जनसांख्यिक अवस्था


२०७८ को जनगनणा अनुसार यस नगरपालिकाको २,६२२ घरधुरी र कुल जनसंख्या रहेको १२,२२३ जस मध्ये पुरुष ६०८० महिला ६,१५३ जना रहेको छ, यहाँको जनघनत्व ३१ रहेको छ , भने लैंगिक अनुपात ९८.८१ हुदा जनसंख्या बृद्दिदर १.८३ रहेको छ भने परीवारको औसत आकार ४.६७ रहेको देखिन्छ। ३१ प्रतिवर्ग कि.मि जनघनत्व हेको यस नगरपालिकामा साक्षारता दर ७०.९ रहेको पाइएको छ।

राष्ट्रिय जनगणना २०७८ प्रतिवेदन अनुसार यस त्रिपुरासुन्दरी नगरपालिकाको वडागत जनसंख्याको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| वडा नं. | वडा केन्द्र रहेको स्थान | साबिकको गा.बि.स. र वडा नं. | घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|
| १ | त्रिपुराकोट वगर | त्रिपुराकोट गाविस वडा न. १,२,३,४ | ४०३ | १७३९ |
| २ | रुम | त्रिपुराकोट गाविस वडा न. ५,६,७,८,९ | ३४२ | १६३२ |
| ३ | सुँ | सुँ गा.वि.स वडा न. १,२,३,४,५,६ | २५२ | ११४१ |
| ४ | रंग | सुँ गा.वि.स वडा न. ७,८,९ | २०४ | ९९८ |
| ५ | ल्हाँ | ल्हाँ गा.वि.स वडा न. १,२,३,४,५ | १३९ | ७५४ |
| ६ | श्रिविन्दे | ल्हाँ गा.वि.स. वडा न. ६,७,८,९ | १४४ | ७२० |
| ७ | भुतिङ्गरा | पहाडा गा.वि.स. वडा न. १,२,३,४,५ | ३०३ | १४७१ |
| ८ | रावत वारा | पहाडा गा.वि.स. वडा न. ६,७,८,९ | २४० | १०७८ |
| ९ | चुँ | लिकु गाविस वडा न. १,२,३ | १८४ | ७८८ |
| १० | लिकु | लिकु गाविस वडा न. ४,५ | १९० | ८३९ |
| ११ | मुहु | लिकु गा.वि.स. वडा न. ६,७,८,९ | २२१ | १०७३ |
| **कुल जम्मा** | | | **२६२२** | **१२२३३** |

श्रोत: राष्ट्रिय जनगणना २०७८

त्रिपुरासुन्दरी नगरपालिकाको वडागत जनसंख्याको विवरण तलको बार डायग्राममा प्रस्तुत गरिएको छ।



## २.२ आर्थिक विकास अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

त्रिपुरासुन्दरी नगरपालिकामा सामान्यतः कृषि प्रणालीमा मुख्य बालीहरू जौ, गहुँ, मकै, आलु, काउलि, बन्दा लगाएत हुन् भने त्रिपुरासुन्दरीमा स्थानीयको प्रमुख पेशा कृषि नै रहेको छ र आम्दानीको प्रमुख श्रोत पनि कृषिमा केहि प्रतिसत आधारित देखिन्छ। त्रिपुरासुन्दरीमा आफ्नो उत्पादनले ६४ प्रतिसत जनतालाई ३ महिना, ३० प्रतिसत जनतालाई ६ महिना, ५ प्रतिसत जनतालाई ९ महिना र १२ महिना खान पुग्ने परिवार १ प्रतिशत भन्दा कम रहेका छन्। यहाँका स्थानीयको प्रमुख पेशा कृषि नै रहेको छ र आम्दानीको प्रमुख श्रोत पनि कृषिमा आधारित देखिन्छ।

यस नगरपालीकाको भू-बनावट बलौटे माटो, भिरालो जमिन र उत्तरमा अग्ला अग्ला हिमालहरुले घेरिएको छ। साविकको पाहाडा, लिकु तथा सुँ गा.बि.समा पर्ने भू भाग केही खेती योग्य माटोले भरिएको छ भने ल्हाँ तथा त्रिपुराकोटको अधिकांस भू भाग बलौटे तथा कङकर मिसिएको कारण नदी बेंसी बाहेक अन्य भागमा खेती गर्नका लागि कडा भन्दा कडा परिश्रम खर्चनु पर्ने खालको छ। यस नगरपालीको फुल्चिङ, ल्हाँ, पालङ्ग, त्रिपुराकोट बगर, रल्ली, गल्ली, भुतिङग्रा बस्तिको केही भागमा मात्र धान खेती गरिन्छ भने बाँकी स्थानमा अन्य अन्न बालीको मात्र खेती भएको पाइन्छ। यस नगरपालीकामा छलगाड, तामेगाड, हिराघट्ट नदी, ठूली भेरी, गल्ली गाड करब गाड, फुल्चिङ खोला, पालङ्ग खोला, खाती खोला लगायतका थुप्रै सदावहार नदी तथा खोलाहरु भएता पनि भौगोलिक विकटता तथा आवश्यक आर्थिक श्रोत अभावका कारण सबै स्थानमा न्यूनतम सिचाइ व्यवस्था समेत हनु सकेको छैन। बिशेष गरि मकै, कोदो, फापर, उवा, चिनो, कागुनो, सिमी, जौ, र आलु खेती गरिन्छ। नगरपालिकाको अधिकांस खेतीयोग्य जमिनामा हिउँदे र बर्षे बाली लगाउन सकिन्छ। फलफूलमा स्याउ, ओखर, नास्पाती, आरु, प्रशस्त मात्रामा फल्ने स्थानहरु रहका छन्। प्राकृतिक बरदान स्वरुप पाइने विभिन्न खालका औषधिजन्य तथा पोषणका हिसाबमा बिश्व चर्चित जडीबुटीका दृष्टिकोणमा पनि यस नगरपालीका निकै धनी छ। यस नगरपालीकाको साबिकको पाहाडा गा.बि.सको उत्तरी हिमाली भू भाग, त्रिपुराकोट गा.बि.स.को उत्तरी भू भागमा यार्सागुम्ब, र अन्य भू-भागमा जटामसी, पाँच औले, चिराइतो, च्याउ, सेतो चिनि, जटामसी, कुडुको, पदमचाल्नु, पाचँ औले, अतिस, कुटकि, बिष जरा, झिझलकाडा, निरबिसि, सुजित्रो, समायो जस्ता जडीबुटीहरु पाइन्छ। जसले मानिसहरुको जिविकोपार्जनको ठुलो भुमिका खेल्दछ।

यहाँ कृषिजन्य वस्तुहरुको लागि उपयुक्त वातावरण तथा उर्वर जमिन साथै सिंचाइको श्रोत हुँदा हुँदै पनि वजारीकरणको अभाव, आधुनिक कृषि प्रणाली सम्वन्धि ज्ञानको कमी, जनचेतनाको कमी, दक्ष जनशक्तिको कमी जस्ता समस्याले कृषिजन्य उत्पादनमा प्रभाव पारेको देखिन्छ। केही क्षेत्रहरुमा व्यवसायिक आलुखेती, स्याउ खेती, ओखर खेती, केशर खेती, लसुन आदि खेतीहरू सञ्चालन भएपनि उचित बजार पाउन सकेको छैन। साथै यस नगरपालिकामा कृषिजन्य, जडिबुटि, फलफूल आदि वस्तुहरु साथै ढुंगा, तामा तथा विविध खानीको चरम सम्भावना छ, तर आधुनिक कृषि प्रणालीको ज्ञान, दक्ष जनशक्ति, श्रोत तथा साधनको कमिले गर्दा उल्लेख्य रुपमा प्रगति भएको देखिदैन। कृषि क्षेत्रको परनिर्भरता हटाउनका लागि कृषि प्रणलीलाई स्थानीय तहले आवश्यक विश्लेषण गर्नु आवश्यक छ। जसका लागि व्यवसायिक आलुखेति सम्वन्धि कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्ने, पशुपंक्षी पालन र कृषीमा लगानी वढाउँदै मासु, तरकारी र खाद्यान्नमा आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने, कृषिजन्य उत्पादन भण्डारणको लागि आधुनिक कोल्ड स्टोर निर्माण गर्ने, मासुजन्य उत्पादनका लागि आधुनिक कोल्ड स्टोर निर्माण गरी वजारीकरणमा स्थानीय तहवाट पहल गर्ने, सम्भावित क्षेत्रहरुको पहिचान गरी नगदे तथा तरकारी वालीको पकेट क्षेत्रहरुको घोषणा गर्ने लगाएतका कार्यहरु गर्नुपर्ने देखिन्छ।

### २.२.२ पर्यटन तथा सस्कृति

त्रिपुरासुन्दरी नगरपालिका पर्यटन, कला, सँस्कृतिको दृष्टिकोणले प्रचुर सम्भावना बोकेको नगरपालिका हो। यो जातिय, भाषिक, धार्मिक रुपमा विविधता बोकेको नगरपालिका हो। यसै कारण यहाँका स्थानीय चाडपर्व तथा संस्कृतिमा पनि विविधता पाइन्छ। यहाँ विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरूको बसोबास रहेको छ। यस क्षेत्रमा बसोवास गर्ने जातजाति अनुसार फरक फरक चाडपर्व तथा जात्राहरु मनाइने गर्दछन। यस नगरपालिकामा पुराना संस्कार, सभ्यता र संस्कृतिहरु छन। त्रिपुरासुन्दरी नगरपालीकामा रहेका ११ वटा वडाहरुमा वडा नं ८ को खालीवन, वडा नं १ को करेलीकाँडा र वडा नं. २ को रसि बस्तिमा बौद्ध धर्म मान्नुका साथै खाम तथा भोटे भाषा बोल्ने गरिन्छ भने अन्य सबै वडाहरुमा हिन्दुधर्मावलम्वीहरुको बसोबास हुनका साथै नेपाली भाषा बोल्ने मानिसहरुको मात्र बास रहेको छ। यहाँका हिन्दु धर्म मान्ने मानिसहरुले दशै, तिहार, माघि, बैशाष पूर्णिमा, भदौ पूर्णिमा, लगायतका चाडहरु बिशे ष रुपमा मान्ने गर्दछन् भने बौद्ध धर्म मान्ने मानिसहरुले ल्होसार मान्ने गर्दछन्। यसका साथै यस नगरपालीकाको वडा नं ३, ४ र ५ मा क्रिष्चियन धर्म मान्ने मानिसहरुको पनि बसोबास रहको छ। यहाँका मानिसहरु धर्म तथा आफ्नो चल्दै आएको संस्कृति माथि ठूलो बिश्वास राख्ने गरेको पाइन्छ।

पर्यटनको प्रचुर सम्भावना भएको यस नगरपालिकामा विभिन्न पर्यटकीय स्थलहरुको पहिचान तथा संरक्षण र विकास गर्नु पर्ने आवश्यकता देखिन्छ। उच्च हिमश्रृखला, झरना ताल तलैया लगायत पर्यटकिय दृष्टिहरू भएकोले पर्यटकिय संभाबना भएको नगरपालिकाको रूपमा लिन सकिन्छ। प्राकृतिक तथा साँस्कृतिक सम्पदाको रूपमा राजारानी सिमताल, देयारपाटि राजाको दरबार, हात्तिको भौगोलिक नमुना, घागरीया हिमाल, हिमचुलि हिमाल, चाल्नाबारा ताल, बिभिन्न पदमार्गहरू, भ्यु टावरहरू तथा सास्कृतिक रूपमा रहेका बिभिन्न मठ मण्दिरहरू रहेका छन।

**नगरपालिका भित्र रहेका प्रमुख धार्मिक तथा पर्यटकिय स्थलहरू**

| वडा नं. | धार्मिक तथा पर्यटकिय स्थलको नाम |
|---|---|
| ०१ | त्रिपुरासुन्दरी भगवती मन्दिर |
| | मष्टा भवानि मन्दिर |
| | सतिगर्भे मन्दिर |
| | राजारानी सिमलताल, तराली गुफा |
| | त्रिपुराकोट बगर हुदै बुराउसे, भोक्पा, सागबारी रेचि हुदै फोक्सन्डोताल सम्म पर्यटकिय बाटो |
| | राजारानी डाडा भ्यु पोइन्ट |
| | तामेश्वर तिर्थस्थल शिव मण्दिर |
| | मान्छे काट्ने ढुगां |
| ०२ | शिवालय धार्मिक वन |
| | टासिरूम्झे गुम्वा |
| | टासिरूम्झे गुम्वा हुदै मृगस्थली, लारीओडार, ज्यासल, से फोक्सुन्डो सम्म् पर्यटकिय मार्ग |
| | देयारपाटि राजा दरवार / हात्तिको भौगोलिक नमुना |
| ०३ | शिव मन्दिर |
| | डोल्पा हिमालयन चर्च |
| | चौरपानी तिर्थस्थल |
| | स्यापाते पर्यटकिय स्थल |
| | मुलपानी तिर्थस्थल |

| | |
|---|---|
| | मौरीखारा |
| | सूँ देखि डाडाखड्का पर्यटकिय मार्ग |
| | जीउँ देखि पोकेपानी पर्यटकिय मार्ग |
| ०४ | चौपारी लैना सर्प |
| | रंग देखि महादेव ओडार पर्यटकिय मार्ग |
| ०५ | करवगाड हुदै हिमचुलि सम्म पर्यटकिय स्थल |
| ०६ | घागरीया हिमाल / हिमचुलि हिमाल |
| | डईर भ्यू टावर |
| | पालंग हुदै पोकेपानी सम्म पर्यटकिय मार्ग |
| | माहादेव वन शिवलिंग |
| | पोकेपानी तिर्थस्थल |
| ०७ | छल मष्ट भगवती मण्दिर |
| | दुधकुवा र तेलकुवा तिर्थ स्थल |
| | मुकुटेश्वर तिर्थस्थल |
| | छलमष्ट भगवती मण्दिर हुदै दुधकुवा र तेलकुवा तिर्थ स्थल, गुनासा हुदै से फोक्सुन्डो ताल सम्म |
| ०८ | मोत्री सुर्सुम मुङडुङ कुन्ड्राक्लिङ गुम्वा |
| | खालि छहरा झरणा |
| | देवाली तिर्थ |
| | चाल्नाबारा ताल |
| | हिउचुली हिमाल |
| ०९ | परेलिमाला तिर्थस्थल |
| | देउक्तला तिर्थस्थल |
| १० | बाजावारी तिर्थस्थल |
| ११ | पिनेरीमाला तिर्थस्थल |
| | कोरेलि तिर्थस्थल |
| | गारापानी अमिलेपानी |

श्रोतः त्रिपुरासुन्दरी नगरपालिकाको वृत्तचित्र २०७५

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

देश विकासको एक महत्वपूर्ण पक्ष भनेको उद्योग हो। उद्योगको विकास विना देशको विकास सम्भव हुँदैन। नेपालमा उद्योग विकासको गति त्यति सन्तोषजनक छैन। नेपाल एक विकासोन्मुख मुलुक हो। आर्थिक विकासका प्रर्याप्त सभावना हुदाँहुँदै पनि यो देश गरिब मुलुकको पङ्क्तिमा परेको छ। अतः त्रिपुरासुन्दरी नगरपालिकामा पनि उद्योगको बर्तमान अवस्थालाई हेर्दा यस क्षेत्रको हालसम्म किटान गरेर उद्योगको सूचीमा राख्न सकिने उद्योगको विवरण छैन। नगरपालिकाको विकासका लागि स्थानीय स्तरमा उद्योग सञ्चालन गर्ने, रोजगारी सिर्जना गर्ने लगाएत कामहरु गर्न सकिन्छ।

यस नगरपालिकामा ठुला उद्योगहरू नभएता पनि कृषि तथा वन पैदावारमा आधारित व्यवसाय तथा जडिबुटी उद्योग, घरेलु कपडा उद्योग, कुटानी, तथा पिसानी मिल, डोल्पा डिस्लरी उद्योग, जुट उद्योग, साबुन उद्योग, टेलर्स, होटल व्यवसाय, फेन्सी व्यवसाय, क्लिनिक तथा औषधी व्यवसाय, तरकारी तथा फलफूल व्यवसायी, इलेक्ट्रोनिक व्यवसाय, माछामासु पसल, फोटो स्टुडियो, फर्निचर, किनारा पसल, अटो वर्कसप, खाजाघर तथा चिया पसल, मनि ट्रान्सफर, स्टेसनरी, सुनचाँदी, सैलुन, निजि स्कुल, मदिरा व्यवसायी, सहकारी लगाएत यो क्षेत्रको प्रमुख व्यवसायको रुपमा देखिन्छ । त्रिपुरासुन्दरी नगरपालिकाको प्रमुख व्यापारिक केन्द्र यसै नगरपालिका अन्तर्गत पर्ने त्रिपुराकोट बगरनै यस नगरपालिकाको मुख्य बजार हो भने अन्य साना बजारहरूमा रूम, सुँ, रङँ, ल्हाँ, श्रीबिन्दे, भुतिङ्गरा, रावतवारा, चुँ, लिकु, मुहु आदि यहाका स्थानिय बजारहरू हुन । यहाँ दैनिक उपभोग्यका समानहरुको व्यापार हुन्छ ।

### २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

यस नगरपालिकाका अधिकांश जनसंख्या कृषि पेशामा संलग्न छन । यस नगरपालिकामा कृषि एवं वनजन्य कच्चा पदार्थको उपलब्धता भएकाले रहेकोले कृषिमा आधारित केही साना तथा घरेलु व्यवसायहरु सञ्चालनमा रहेका छन भने प्राकृतिक तथा साँस्कृतिक सम्पदाले धनी रहेको यस पालिकाका केही जनसंख्या होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ । नेपालको जनगनणा २०७८, को प्रतिवेदन अनुसार जम्मा घरधुरी मध्ये ७४.२ प्रतिशत घरधुरीको आम्दानिको मूख्य श्रोत कृषि पेशा रहेको छ । यसै गरी ९.४ प्रतिशत घरधुरीको ब्यापार, ५.९ प्रतिशतको निर्माण र १०.५ अन्य आम्दानिका श्रोतको रुपमा रहेका छन । कृषि क्षेत्रमा यस नगरपालिका केन्द्रको रुपमा रहेको र हरेक दृष्टिकोणले सम्भावना बोकेको नगरपालिका भएकोले समेत यस क्षेत्रमा ध्यानाकर्षण भएको हुँदा यहाँ विभिन्न क्षेत्रमा लगानी गर्न सक्ने, रोजगारि सिर्जना गर्न र आम्दानीका अवसरहरु सिर्जना गर्न सक्ने अवस्था विद्यमान रहेको छ ।

भौगोलिक रुपमा बिकट भएका कारण आवश्यक भौतिक तथा सामाजिक पूर्वाधारको अवस्था त्यति राम्रो छैन । शिक्षा, स्वास्थ्य, गरिबी निवारण लगायतका सूचकहरु पनि देशका अन्य स्थानीय तहको तुलनामा कमजोर देखिन्छ । त्रिपुरासुन्दरी नगरपालिकामा विभिन्न आर्थिक र वित्तिय कारोवारहरु बैकिङ्ग प्रणाली मार्फत हुने गरेको छ । आधुनिक अर्थव्यवस्थामा आर्थिक कारोबार बैङ्कबाट हुँदा त्यो व्यवस्थित र सहज हुन जान्छ । यसर्थ आधुनिक आर्थिक प्रणालीमा ग्रामीण जनताहरूको समेत बैङ्किङ सेवामा पहुँच सहज रुपमा पुग्न सकोको छैन । यहाँ माछापुछ्रे बैंकले मात्र सेवा उपलब्ध गराइ रहेको छ ।

### २.२.५ सहकारी

राष्ट्रिय अर्थतन्त्रको ३ प्रमुख खम्बा मध्ये एक महत्वपूर्ण खम्बाको रुपमा रहेको सहकारी क्षेत्रको ग्रामीण अर्थतन्त्र सुदृढिकरणमा मुख्य सहयोगी भूमिका हुन्छ । नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई नगरपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन । सहकारी संस्था प्रति जनताको अपनत्व बढ्दै गएकाले वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ ।

एकको लागि हरेक र हरेकको लागि एक भन्ने मान्यता मार्फत सदस्यहरुको सामुहिक हितमा कार्य गर्नको लागि स्थापित सहकारी हालका दिनमा विश्वभर लोकप्रिय बन्दै गइरहेका छ । नगरपालिकामा बचत तथा ऋण, कृषि, बहुद्देश्यीय, उपभोक्ता आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ । साथै नियमित रूपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको छ । त्रिपुरासुन्दरी नगरपालिकामा भएका सहकारी संस्था सम्वन्धि विवरण तल तालिकामा देखाईएको छ ।

| क्र.स. | नाम | ठेगाना |
|---|---|---|
| ०१. | महाकाल उपभोक्ता सहकारी संस्था लि. | त्रिपुरासुन्दरी नगरपालिका वडा नं. २, डोल्पा |
| ०२. | ग्रामिण विकास सहकारी संस्था लि. | त्रिपुरासुन्दरी नगरपालिका वडा नं. १०, डोल्पा |
| ०३. | कैलास ग्रामिण विकास सहकारी संस्था लि. | त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ७, डोल्पा |
| ०४. | श्री ज्ञानोदय उपभोक्ता सहकारी संस्था लि. | त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ५, डोल्पा |
| ०५. | कैलास जडिबुटि उत्पादन सहकारी संस्था लि. | त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ६, डोल्पा |
| ०६. | बाझथला जडिबुटि उत्पादन संकलन तथा प्रसोधन स.स | त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ६, डोल्पा |
| ०७. | बहुआयामिक जडिबुटि सहकारी संस्था लि. | त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ४, डोल्पा |
| ०८. | मष्टानारायण बचत तथा ऋण सहकारी संस्था लि. | त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ५, डोल्पा |
| ०९. | हरियालि तुपु बचत तथा ऋण सहकारी संस्था लि. | त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ३, डोल्पा |
| १०. | सुन्दरी गंगा बहुउद्देश्य सहकारी संस्था लि. | त्रिपुरासुन्दरी नगरपालिका वडा नं. १, डोल्पा |
| ११. | हरीयापानी बहुउद्देश्य सहकारी संस्था लि. | त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ५, डोल्पा |
| १२. | भगवती महिला बहुउद्देश्य सहकारी संस्था लि. | त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ३, डोल्पा |
| १३. | द फोक्सुण्डो कृषि सहकारी संस्था लि. | त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ३, डोल्पा |
| १४. | फूलबारी महिला विकास कृषि सहकारी संस्था लि. | त्रिपुरासुन्दरी नगरपालिका वडा नं. १, डोल्पा |
| १५. | महादेब कृषि सहकारी संस्था लि. | त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ४, डोल्पा |
| १६. | कालिका तरकारी विउ तथा फलफूल सहकारी संस्था लि. | त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ४, डोल्पा |
| १७. | जनकल्यान कृषि सहकारी संस्था लि. | त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ३, डोल्पा |
| १८. | देउरालि कृषि सहकारी संस्था लि. | त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ८, डोल्पा |

श्रोतः त्रिपुरासुन्दरी नगरपालिकाको वृत्तचित्र २०७५

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

त्रिपुरासुन्दरी नगरपालिकामा जनस्वास्थ्यको क्षेत्रमा सुधार हुँदै गएतापनि जनताको स्वास्थ्यमा उल्लेखनिय सुधार हुन सकेको छैन। नगरपालिकाले यथासक्य स्रोत साधनको जोहो गरी स्वास्थ्य क्षेत्रलाइ प्राथमिकतामा राखेको छ। यसैक्रममा स्वास्थ्य सेवालाई सबैको पहुँचयोग्य बनाउन नगरपालिकाले जम्मा ५ वटा स्वास्थ्य चौकि, २ वटा सामुदायिक स्वास्थ्य इकाइ, १५ वटा गाउँघर क्लिनिक, १७ वटा खोप केन्द्र ५ वटा अधारभूत स्वास्थ्य केन्द्र, ४ वटा बर्थिङ सेन्टर, ५ वटा क्षयरोग उपचार केन्द्र, १ वटा आयुर्बेदिक अस्पताल र ६ वटा औषधि पशल (निजि) स्वास्थ्य संस्थाको स्थापना गरेर संचालन गरिरहेको छ। समय समयमा विशेषज्ञ चिकित्सकसहितको सेवा प्रदान गर्न निःशुल्क स्वास्थ्य शिविर संचालन गर्ने गरिएको छ। नगरपालिकाले स्वास्थ्य विमा कार्यक्रमलाई अनिवार्य गरी आम नागरिकलाई समावेस गरिएको छ। हाल नगरपालिकाले सबै स्वास्थ्यसंस्थाको भवन निर्माण कार्यलाई निरन्तरता दिएको छ। सबै स्वास्थ्यसंस्थामा बाह्रै महिना औषधिको अभाव हुन नदिने गरी व्यवस्था मिलाएको छ। गुणस्तरीय सेवाका लागि औजार उपकरणको व्यवस्था नगरपालिकाले गरेको छ। हाल नगरबासी स्वास्थ्य सेवाको पहुँचमा रहेका छन्। स्वास्थ्यप्रद आनीबानी र चेतनामा क्रमशः सुधार हुदै गएको देखिन्छ। वर्षेनी महामारीको रुपमा फैलने रोगको अन्त्य भएको देखिन्छ। विश्वलाई समेत सताएको कोभिड-१९ को महामारीमा आवश्यक तयारी र योजनावद्ध कार्य गरेकाले नगरपालिका भरी ठूलो क्षति व्यहोर्नु परेन।

### २.३.२ शैक्षिक विकास

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार त्रिपुरासुन्दरी नगरपालिकाको साक्षरता दर ७०.९ प्रतिशत छ। महिला साक्षरता दर ६३.१ प्रतिशत छ भने पुरुष साक्षरता दर ७९.० प्रतिशत छ। ग्रामिण परिवेश रहेको यस नगरपालिकाको शैक्षिक अवस्था यस जिल्लामा तुलनात्मक रुपमा राम्रो रहेको छ। नगरपालिकामा उच्च शिक्षा हासिल गर्नका लागि यसै नगरपालिकाको वडा नं. १० मा लिकु संयुक्त क्याम्पस संचालनमा रहेको छ। यहाँको क्याम्पसमा स्नातक तह सम्म शिक्षा, मानविकि तथा व्यवस्थापन संकायको पठनपाठन हुने गरेको छ। यसै गरी नगरपालिका भित्र १ वटा प्राविधिक धारको विद्यालय सहित २९ वटा सामुदायिक विद्यालय, १ वटा संस्थागत विद्यालयहरु संचालनमा रहेका छन्। नगरपालिकाको शैक्षिक सत्र २०८० को कुल विद्यार्थी संख्या ३७५१ रहेको छ।

यस त्रिपुरासुन्दरी नगरपालिकामा सामुदायिक विद्यालयको शैक्षिक साथै भौतिक स्तर वृद्धि गर्नुपर्ने ठुलो आवश्यकता रहेको छ भने उच्च अध्ययन र प्राविधिक शिक्षाका लागि थप लगानी गर्नु पर्ने देखिन्छ। कृषि र उद्योग क्षेत्रको विकासको सम्भावना बोकेको यो नगरपालिकामा बहुप्राविधिक शिक्षालयको पनि आवश्यकता रहेको छ। यस नगरपालिकाले हाल सम्म स्थानीय पाठ्यक्रमको निर्माण गरी लागु गर्न सकेको छैन।


**यस त्रिपुरासुन्दरी नगरपालिकामा सञ्चालित विद्यालयहरूको बिबरण निम्न प्रकार रहेको छ**

| क्र.स. | विद्यालयको नाम | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|
| १ | श्री त्रिपुराकोट मा वि मदु | १७६ | १९७ | **३७३** |
| २ | श्री जनप्रभा मा वि लिकु | २५६ | २५७ | **५१३** |
| ३ | श्री सरस्वती मा वि सुँ | १४१ | १५९ | **३००** |
| ४ | श्री प्रकाश आ वि रंग | १३७ | १४३ | **२८०** |
| ५ | श्री ज्योति आ वि रुम | ७७ | ७७ | **१५४** |
| ६ | श्री कस्तुरी मा वि पहाडा | ६२ | ६५ | **१२७** |
| ७ | श्री अमरसिंह आ वि मुँहु | ४३ | ४५ | **८८** |
| ८ | श्री हिमज्योति आ वि सार्कीटोल | ३० | २५ | **५५** |
| ९ | श्री रामशाह आ वि वन्तडी | ३० | १४ | **४४** |
| १० | श्री मष्टाँ आ वि ल्हाँ | ९२ | ६७ | **१५९** |
| ११ | श्री त्रिपुरा मा वि काटियाचौर | ७९ | ९९ | **१७८** |
| १२ | श्री भगवती आ वि छल | ५३ | ५२ | **१०५** |
| १३ | श्री जनक आ वि दागिना | २१ | २१ | **४२** |
| १४ | श्री महादेव आ वि जिउँ | ५१ | ५६ | **१०७** |
| १५ | श्री कञ्चनजङघा आ वि हुम | २० | २० | **४०** |
| १६ | श्री देउराली आ वि ठाँटी | ४६ | ५३ | **९९** |
| १७ | श्री जनप्रिय आ वि चुँ | ९७ | ७३ | **१७०** |
| १८ | श्री काञ्जिरोवा आ वि दापु | ७५ | ५७ | **१३२** |
| १९ | श्री मोतिराम आ वि खालिवन | ३ | १२ | **१५** |
| २० | श्री महाकवि देवकोटा आ वि रल्ली | ३४ | ४२ | **७६** |
| २१ | श्री भवानी आ वि गल्ली | १८ | ५ | **२३** |

| क्र.स. | विद्यालयको नाम | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|
| २२ | श्री महाकाल आ वि गुम्बागाउँ रसी | २९ | १९ | ४८ |
| २३ | श्री औतारी आ वि शाहिलावाडा | २८ | २० | ४८ |
| २४ | श्री बलभद्र आ वि रसी | ४३ | ४७ | ९० |
| २५ | श्री फोक्सुण्डो आ वि खदाङ | १९ | ३० | ४९ |
| २६ | श्री मुकुटेश्वर मा वि फुल्चिङ | ११४ | ११२ | २२६ |
| २७ | श्री लेखनाथ आ वि करेलीकाँडा | ४५ | ४५ | ९० |
| २८ | श्री पृथ्वीनारायण आ वि पालंग | २१ | १४ | ३५ |
| २९ | श्री धौलागिरी आ वि रावतवाडा | ३६ | ४९ | ८५ |
| **जम्मा** | | **१८७६** | **१८७५** | **३७५१** |

### २.३.३ खानेपानी तथा सरसफाइ

त्रिपुरासुन्दरी नगरपालिकाको खानेपानीको प्रमुख स्रोत धारा हो। शहरीकरणको धेरै प्रभाव नभएको यस नगरपालिकामा स्वच्छ हावापानीको र प्राकृतिक वातावरणको अनुभव गर्न सकिन्छ। यस नगरपालिकामा खानेपानीको मुख्य श्रोत धारा रहेको देखिन्छ त्यसवाहेक स्थानीय खोलाहरु पनि रहेका छन। नगरपालिकामा परिवारहरूले सबैभन्दा बढी ५७ प्रतिसत घरले धारा पाईपको (घर परीसर बाहिर) खानेपानी प्रयोग गरिरहेका छन् भने २३.८ प्रतिसत घर परीवारले घर परीसर भित्र रहेको धाराको पानी प्रयोग गरेको पाईन्छ। त्यसैगरी पालिकामा मूल धाराको प्रयोग गर्ने घरधुरी प्रतिसत १८.६, खुल्ला मुहानको तथा खोला / झरणा को पानी प्रयोग गर्ने घरधुरी प्रतिसत ०.४ प्रतिसत रहेको छ, भने नढाकिएको ईनार, कुवाको पानी प्रगोग गर्ने तथा अन्यमा ०.१/०.१ प्रतिसत रहेको छ।




श्रोत: राष्ट्रिय जनगणना २०७८

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

नेपालको संविधानमा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। नगरपालिकाले लैंगिक समानताको लागि योजनाबद्ध तथा कार्यक्रमगत रुपमा अगाडि बढेको छ। नगरपालिकाले महिला जनप्रतिनिधिहरुलाई नेतृत्वदायी भूमिका बहन गर्न जिम्मेवारी तथा अधिकार दिनुका साथै महिलाहरुको नेतृत्व विकास, सशक्तिकरण, उद्यमशिलता तथा सीप विकासका गतिविधिलाई जोड दिएको छ। नगरपालिकामा अपाङ्गता परिचय पत्र वितरण, अपाङ्गतामैत्री सहायक सामाग्रीहरु वितरण,ज्येष्ठ नागरिक परिचयपत्र वितरण तथा सम्मान कार्यक्रम,ज्येष्ठ नागरिक दिवसमा घरदैलो भेटघाट कार्यक्रम तथा न्यानो लुगा वितरण कार्यक्रम,  आदिबासी, दलितहरुको क्षमता अभिवृद्धि, सिमान्तकृत, पिछडा वर्गको लागि सामुदायिक सीप विकास, बाल विकासका क्रियाकलापहरु, महिला जनप्रतिनिधी क्षमता विकास, लैंगिक हिंसा न्यूनीकरणका क्रियाकलाप, पिछडा वर्ग शिक्षा तथा छात्रवृत्ति कार्यक्रम लगायतका कार्यक्रमहरु संचालनमा रहेका छन। नगरपालिकाले विभिन्न अन्तर्राष्ट्रिय, राष्ट्रिय संघ संस्था, युवा, महिला सञ्जाल, संचार माध्यमहरुसँग निरन्तर सहकार्य एवं समन्वय गर्दै लैंगिक समानताको कार्यक्रमलाई उपलब्धिमुलक बनाउन प्रयासरत रहेको छ।

हाल यस नगरपालिकामा  राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार लैंगिक अनुपात (Sex Ratio)  ९८.८१ रहेको छ र महिलाको भन्दा पुरुषको जनसंख्या ७३ ले कमि रहेको छ।  समाजमा सीमान्तकृत जनसंख्यालाइ  मूलधारमा ल्याई उनीहरूको सम्मानपूर्वक जीवनयापन गर्न पाउने नैसर्गिक अधिकार सुनिञ्चित नगर्दा सम्म सभ्य र सौहार्दपूर्ण समाजको परिकल्पना गर्न सकिदैन त्यसैले लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा प्राथमिकता दिन सके असमानताको जालो तोड्न सहज हुन जान्छ।

### २.३.५ युवा, खेलकुद तथा कला


खेलकुद क्षेत्रको विकासका लागि यस नगरपालिका प्रयासरत छ। जसका लागि हरेक बर्ष खेलक्षेत्रमा लगानी पनि गर्दै आएको छ। तर खेलकुदको लागि केहीमात्र पूर्वाधारहरु छन। नगरपालिकाले खेलकुद तथा मनोरन्जनलाई विकास गरी बालबालिका तथा युवापुस्तलाई खेलकुदमा आकर्षण गर्नका लागि विभिन्न योजनाहरू तयार गर्नुपर्ने देखिन्छ। नगरपालिकामा स्थानीय युवा क्लवको स्तरोन्नतिको लागि विभिन्न खेलकुद सामाग्रीको व्यवस्था गर्नुपर्ने, सामुदायिक रूपमा समन्वय गरी चिल्ड्रेनपार्कको व्यवस्था हुनपर्ने, खेलकुद प्याराफिट सहित खेलमैदान, वडा स्तरिय खेल मैदानमा आवश्यक चारैतिर पक्की नाली सहित माटो भरान, वडाका सबै क्लवहरूलाई खेलकुद सामाग्री उपलब्ध गराउने आदि जस्ता कार्यहरू खेलकुद विकासको लागि गर्नुपर्ने देखिन्छ।

भौतिक पूर्वाधारभित्र एक राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको खेल मैदानलाई पनि समावेश गर्ने गरिन्छ। आजका दिनमा खेलको माध्यमबाट राज्यहरु एक आपसमा नजिकिनुका साथै आफ्नो वर्चश्व प्रदर्शन गर्ने समेत गरेको पाइन्छ। हाम्रो देशमा पनि हरेका नगरपालिकामा कम्तिमा एउटा राष्ट्रिय स्तरको खेल मैदान निर्माण गर्ने लक्ष्य राखेको पाइन्छ। त्रिपुरासुन्दरी नगरपालिकाको केही खेल मैदान भएपनि अवस्था सामान्य रहेको छ। यस क्षेत्रमा राष्ट्रिय स्तरको खेल मैदान बनाउने लक्ष्य राखिएको भए तापनि हालसम्म सो कार्यले गति लिन सकेको छैन, भएका खेल मैदानको पनि स्तरोन्नती गर्नुपर्ने भएका छन्। यस दिशामा नगरपालिकाले योजना निर्माण गरिरहेको छ। यस नगरपालिकामा रहेको एक मात्र खेल मैदान बगर बजार खेल मैदान मात्र हो, यो खेल मैदान पनी भौतिकसंरचनाका रूपमा कमजोर रहेको छ, जसलाई यथासक्य चाडो स्तरोन्नति गरी सञ्चालनमा ल्याउनुपर्ने देखिन्छ।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

यस त्रिपुरासुन्दरी नगरपालिकामा अधिकांश घरहरु कच्ची तथा जोखिमयुक्त अवस्थामा छन, भूकम्पिय तथा अन्य प्रकोप सुरक्षाको दृष्टिकोणले असुरक्षित तथा जोखिमयुक्त अवस्थामा छन । नगरपालिकाको स्थानीयलाई राज्यले सेवा सुविधा दिने, कर लगाउने, आबास निर्माण गर्न नसकेका नागरिकलाई अनुदान दिने तथा सामाजिक सुरक्षाका कार्यक्रमहरु संचालन गर्ने लगायतका कार्यक्रमको लागि घरहरुको बनावटलाई एक आधारको रुपमा हेरेको हुन्छ । यत्ति मात्र नभएर नगरवासि नागरिकको घरको बनावटले उनिहरुको आर्थिक अवस्थाको पनि पूर्वानुमानगर्न मद्दत गर्दछ । त्रिपुरासुन्दरी नगरपालिकाका प्राय सवैजसो घरहरु कच्चि रहेका छन । त्रिपुरासुन्दरी नगरपालिकाका अधिकांस घरहरुमा माटोकै वाल निर्माण गरिएको छ । यस सम्वन्धि पुरा विवरण तल प्रस्तुत गरिएको छ ।




यस नगरपालिकामा मिश्रित जनघनत्व भएका वस्तीहरु छन् । नगरपालिकाको राष्ट्रिय जनगणणा प्रतिवेदन २०७८ को तथ्याङ्क अनुसार नगरपालिकाको जनघनत्व ३१ प्रति वर्ग कि.मी रहेको छ । वस्ती बसाल्ने सन्दर्भमा बजारको संभाव्य क्षेत्र, पानीको सुविधा, खेतीयोग्य क्षेत्र, पशुपालनलाई पायक र अन्न उत्पादनका लागि उपयुक्त जमिन भएको स्थानमा यत्रतत्र छरिएर बस्ने प्रचलन भएकोले पायक पर्ने स्थान अनुसार सबै वडाहरूमा कतै बाक्लो तथा कतै पातलो वस्तीहरु रहेका छन् भने अधिकांश स्थानहरूमा बस्ति एकै स्थानमा बसेको पाइन्छ । सेवा प्रवाहका दृष्टिकोणले यसरी छरिएको वस्तीहरूमा पूर्वाधार र सेवा पुर्याउन राज्यलाई हम्मे हम्मे पर्दछ भने लागत समेत अत्यन्त बढी पर्दछ । तसर्थ, यस्ता क्षेत्रका वस्तीहरूलाई उपयुक्त स्थानमा एकीकृत रूपमा स्थानान्तरण गर्दा कालान्तरमा राज्यलाई फाइदा पुग्नुका साथै जनतालाई सहज, सुरक्षित आवास क्षेत्रहरू निर्माण हुन्छन्र सेवा प्रवाह सहज हुन जान्छ । यस नगरपालिकाको भवन तथा सार्वजनिक निर्माणको सम्बन्धमा ११ वडा मध्ये कुनैपनी वडा कार्यालयको नयाँ भवन निर्माण सम्पन्न भएको अवस्था छैन । त्यस्तैगरी नगरपालिकाले मुख्य वस्तीहरुको विवरण संकलन गर्ने, आधुनिक वस्तिको निर्माण गर्ने तथा सार्वजनिक भवन निर्माण गर्ने अभियानलाई तिव्रता दिएको छ र सो को लागि विभिन्न कार्यक्रमहरु अघि सारेको छ । यस नगरपालिकामा रहेका वस्ती क्षेत्रहरू निम्नानुसार छन्ः

| वडा नं. | मूख्य वस्तिको नाम |
|---|---|
| ०१. | रल्लि, गल्लि, कोटा, करेलिकाडा, बगरवजार र लोका |
| ०२. | गुम्वागाउँ, रूमगाउँ, माझगाउँ, मध्धुगाउँ र डाडागाउँ |
| ०३. | सु, ज्यू, |
| ०४. | तल्लोगाउँ, विचगाउँ, माथिगाउँ र नयाँ वस्ति |
| ०५. | लाहा, करबघगाड, खदान र वडाघर |
| ०६. | पालङ, फुल्चिङ, खदाङ र सिरबिन्दे |
| ०७. | छल, भुतिग्रा, खत्रिवाडा, रावलवाडा, देबकोटावाडा, साईलावाडा र भोरगाउँ |
| ०८. | खालिवन, राउतबारा, शेरगाउँ, पारी दागिना, दागिना, माथि टोल र माझँगाउँ |
| ०९. | चुँगाउँ |
| १०. | साईलबाडा, घोरवाडा, मथिल्लो लिकु, तल्लो लिकु, लिकु र झुला चौर |
| ११. | मुह, हुम र बन्तडी |

### २.४.२ सडक, पुल तथा यातायात

सडक पूर्वाधार विकासको मूल आधार हो। सडकको विकासविना अन्य विकासका आधारहरु स्थापित गर्न कठिन हुन्छ। यस नगरपालिकामा पनि सडक संञ्जालको विकासका लागि योजना तथा कार्यक्रमहरु निर्माण भइरहेका छन् तथा कतिपय कार्यक्रमहरु संचालन भइरहेको अवस्थामा छन्। सवै वडाहरु कच्चि सडक सञ्जालसँग आवद्ध भएपनि १२ महिना सञ्चालन हुने अवस्था देखिएको छैन। यद्यपी खोलिएका सडकको स्तरोन्नती गर्नुपर्ने आवश्यकता टड्कारो रुपमा देखिन्छ।

सम्भावना बोकेको यस नगरपालिकामा भौतिक पूर्वधारका विकास राम्रोसँग हुन सकेका छनै तैपनि यस डोल्पा जिल्लामा भेरी करिडोर सडक निर्माण सम्पन्न पश्चात त्रिपुरासुन्दरी नगरपालिकाको दक्षिणी सिमानामा पर्ने वडा नं. ५ र ६ हुदै यस नगरपालिकाको केन्द्र सम्म सडकले छोएको छ, भने पश्चिम खण्डबाट जुम्ला, जग्दुला गाउँपालिका हुदै नगरपालिकाको वडा नं. १० कार्यालय सम्म सडक जोडिएको छ। जिल्ला सदरमुकाम दुनै, ठूली भेरी नगरपालिका हुदै जाजरकोट सडक खण्ड सञ्चालनमा आएको छ तर जाजरकोट र पश्चिमि रूकुम जोड्ने पक्कि पुल नबनेका कारण सधैभरी यो सडक सञ्चालन हुन सकेको छैन। यसै त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ७ मा अवस्थित मसिन चौर विमान स्थलको निमार्ण सम्पन्न भै सकेको र सञ्चालनको पर्खाइमा रहेको छ। भौगोलिक विकताको कारणले यस त्रिपुरासुन्दरी नगरपालिकाको भौतिक पूर्वधारको विकासमा दक्षता हासिल गर्न सकेको छैन।

त्रिपुरासुन्दरी नगरपालिकामा धेरैजसो कच्ची बाटो छ। कच्ची सडकको विस्तार भईरहेको छ भने केही वडाहरूमा कच्ची सडक बाह्रै महिना यातायात संचालन हुन नसक्ने देखिन्छ तसर्थ सो क्षेत्रमा बाटोको स्तरोन्नती गर्नुपर्ने देखिन्छ। नगरपालिकामा सडकको सरसफाइलाई निरन्तरता दिएपनि अझै सडकसञ्जाल आवश्यक मात्रामा भएको छैन। यस नगरपालिकामा सडकका सञ्जाल सबै वडाहरूमा पुगेको अवस्था रहेको देखिन्छ। नगरपालिकामा पक्कि तथा झोलुङ्गे पुलहरूको निर्माणलाइ तिब्रता दिइएको छ। जसलाई तलको तालिकामा प्रष्टपारीयको छः

| क्र.स. | वडा नं. | पुलको नाम | पुलको प्रकार | कैफियत |
|---|---|---|---|---|
| १ | १ | भेरी नदीमा | झोलुंगे पुल | |
| २ | | गल्लिगाढ खोलामा | झोलुंगे पुल | |


| क्र.स. | वडा नं. | पुलको नाम | पुलको प्रकार | कैफियत |
|---|---|---|---|---|
| ३ | | माझ घट्ट | झोलुंगे पुल | |
| ४ | | माथि घट्ट | झोलुंगे पुल | |
| ५ | | कान्छि बजार | झोलुंगे पुल | |
| ६ | | लोकाहा | झोलुंगे पुल | |
| ७ | | छलगाढ | मोटरेवल पुल | |
| ८ | | तल्लो गल्लिगाढमा रोड करीडार | मोटरेवल पुल | |
| ९ | | भेरी नदिमा | मोटरेवल पुल | |
| १० | २ | रोशी खोला पुल | झोलुंगे पुल | |
| ११ | | भेरी पुल | झोलुंगे पुल | |
| १२ | ३ | भित्रि पुल | झोलुंगे पुल | |
| १३ | | साकुदारा पुल | झोलुंगे पुल | |
| १४ | | बेलिब्रिज पुल | बेलिब्रिज | |
| १५ | ४ | घट्टेखोला पुल | काठको पुल | |
| १६ | | घट्टेखोला पुल | काठको पुल | |
| १७ | | सिउडेनि पुल | झोलुंगे पुल | |
| १८ | | चुगाड पुल | झोलुंगे पुल | |
| १९ | | साउदार पुल | झोलुंगे पुल | |
| २० | ५ | सानो खोला पुल | काठको पुल | |
| २१ | | करवाघाट पुल | झोलुंगे पुल | |
| २२ | | भेरीपोल्ने पुल | झोलुंगे पुल | |
| २३ | | खदान हरीयापानी पुल | झोलुंगे पुल | |
| २४ | | कपरघाट पुल | बेलिब्रिज | |
| २५ | | खदान पुल | बेलिब्रिज | |
| २६ | ६ | फुल्चिङ खोला पुल | काठको पुल | |
| २७ | | | झोलुंगे पुल | |
| २८ | | | झोलुंगे पुल | |
| २९ | | | झोलुंगे पुल | |
| ३० | ७ | हिराघट्ट पुल | झोलुंगे पुल | |
| ३१ | | खोपुपुल | झोलुंगे पुल | |
| ३२ | | कोलिबजार पुल | झोलुंगे पुल | |
| ३३ | | तामेघाट पुल | झोलुंगे पुल | |
| ३४ | | घट्टेखोला पुल | झोलुंगे पुल | |
| ३५ | | तामेघाट पुल | बेलिब्रिज | |
| ३६ | ८ | खालिवन पुल | काठको पुल | |

| क्र.स. | वडा नं. | पुलको नाम | पुलको प्रकार | कैफियत |
|---|---|---|---|---|
| ३७ | | करेलिखोला पुल | काठको पुल | |
| ३८ | | अबाडाला खोला पुल | काठको पुल | |
| ३९ | | चउरेघण्ट खोला पुल | काठको पुल | |
| ४० | | खोलाघारी पुल | काठको पुल | |
| ४१ | | | झोलुंगे पुल | |
| ४२ | १० | हिराघट्ट पुल | झोलुंगे पुल | |
| ४३ | | हरीयाल्ने | झोलुंगे पुल | |
| ४४ | ११ | हुमखोला पुल | झोलुंगे पुल | |
| ४५ | | | काठको पुल | |
| ४६ | | | काठको पुल | |
| ४७ | | | काठको पुल | |
| ४८ | | | काठको पुल | |
| ४९ | | | काठको पुल | |

श्रोतः वडागत छलफल, २०८०

### २.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

यस नगरपालिकाको कुल घरपरिवारहरू मध्ये ८९.८ प्रतिशत परिवारले खाना पकाउने इन्धनको रूपमा काठ दाउरा र ५.१ प्रतिशत परिवारले एल.पी ग्याँस,४.९ प्रतिशत परिवारले वायोग्यासको प्रयोग गर्दछन भने ०.२ प्रतिसत घरपरिवारले अन्य चिजबस्तुको प्रयोगगरी खाना पकाउने गर्दछन। तसर्थ ग्रामीण भेगहरूमा वैकल्पिक उर्जाको उत्तम उपायको रूपमा सौर्य उर्जाको प्रयोगलाइ प्रोत्साहन गर्न सकिन्छ।



यस नगरपालिकामा केन्द्रिय विद्युत प्रशारण लाईन केहि वडामा उपलब्ध भएतापनि स्थानिय स्तरमा जलविद्युत आयोजनाहरू सञ्चालन गरेर नगरपालिकामा विद्युतको सुविधा पुर्याईएको छ। हाल नगरपालिकामा सञ्चालनमा रहेका जलविद्युत आयोजनाहरूलाई तल तलिकामा प्रस्तुत गरीएको छः

| क्र.स. | आयोजनाको नाम | क्षमता (कि.वा.) | वडा नं. | लाभान्वित घरधुरी |
|---|---|---|---|---|
| ०१. | छलगाड लघु जलविद्युत आयोजना | ३५ | १ | २७० |
| ०२. | खातीखोला लघु जलविद्युत आयोजना | ८० | ५,६ | २५० |
| ०३. | खालिछहरा लघु जलविद्युत आयोजना | १०० | ७,८,९,१० र ११ | १०५२ |

श्रोतः नगरपालिका प्रोफाइल, २०७५

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

सामान्यतया नगरपालिकामा नेपाल टेलिकमले सेवा प्रदान गरीरहेको छ। मोबाइल फोनको प्रयोग मार्फत सूचना र खबर आदानप्रदानमा सहजता प्रदान गरेको छ। नगरपालिकामा रेडियो नेपाल र नगरपालिका अन्तर्गत १ वटा स्थानीय एफएमहरूको प्रसारण सुन्न पाइन्छ। टेलिभिजन प्रसारणको लागि माध्यम डीसहोम रहेको छ। यो नगरपालिकामा २ वटा सेवा प्रदायकहरूले ईन्टरनेटको सुविधा पुर्याइरहेका छन, ति मध्ये वर्डलिंक र एभरेष्ट छन। तर हिमालि जिल्ला भएका कारण यहाँको सञ्चार त्यति भरपर्दो मान्न सकिदैन यसलाइ सवलिकरण गर्दै लैजानुपर्ने टड्कारो आबश्यकता देखिन्छ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

त्रिपुरासुन्दरी नगरपालिका वन वातावरण र जैविक विविधताले भरिपूर्ण नगरपालिका हो। त्रिपुरासुन्दरी नगरपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा सल्लो, धुपी, खर्सु, गोब्रे सल्लो, ठिंगे सल्लो, पिपल आदी पाइन्छन् भने बन्यजन्तुहरूमा मृग, घोरल, झारल, न्याउर, स्याल भालु, बाघ आदी जस्ता जनावरहरू पाइन्छ। त्रिपुरासुन्दरी नगरपालिकामा सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरू जौ, सिमि, गहुँ, चिनो, फापर, मकै, उवा, आलु, काउलि लगाएत हुन् तथा फलफूलहरूमा स्याउ, ओखर, किवि अंगुर आदीफलफूलहरू पाइन्छ। त्यस्तै चराचुरुड्गीहरुमा डाँफे, मुनाल, च्याखुरा, तित्रो, कालिज, ढुकुर, पिउरो, जुरेली, भद्रो, सारौं लगाएत पाइन्छन्।

**नगरपालिकामा रहेका वनहरूको विवरण**

| क्र.स. | सामुदायिक वन उपभोक्ता समुहको नाम | ठेगाना | क्षेत्रफल (हे.) | टोल |
|---|---|---|---|---|
| ०१. | सु सामुदायिक वन उपभोक्ता समिति | त्रिनपा - ४ | ४७६ | रंग |
| ०२. | देवी सामुदायिक वन उपभोक्ता समिति | त्रिनपा - ३ | १४८ | सुँ |
| ०३. | कालिका सामुदायिक वन उपभोक्ता समिति | त्रिनपा - १० | १५०.२५ | लिकु |
| ०४. | मुनाल सामुदायिक वन उपभोक्ता समिति | त्रिनपा - ११ | ६० | बन्तडी |
| ०५. | मुचौर सामुदायिक वन उपभोक्ता समिति | त्रिनपा - ११ | २२ | मुँ |
| ०६. | देवी देउराली सामुदायिक वन उपभोक्ता समिति | त्रिनपा - ११ | २५ | हुम |
| ०७. | रामडाडाँ महीला सामुदायिक वन उपभोक्ता समिति | त्रिनपा - ११ | १.५ | हुम |
| ०८. | ताउलि घोप्ट्याउने महिला सामुदायिक वन उपभोक्ता समिति | त्रिनपा - ११ | १० | मुँ |
| ०९. | कालिका सामुदायिक वन उपभोक्ता समिति | त्रिनपा - ५ | ९५ | ल्हाँ |
| १०. | लेकठिरी सामुदायिक वन उपभोक्ता समिति | त्रिनपा - ५ | ११९ | खदान |

| | | | | |
|---|---|---|---|---|
| ११. | कैलासी सामुदायिक वन उपभोक्ता समिति | त्रिनपा - ६ | १३४ | पालङ |
| १२. | फूलवारी सामुदायिक वन उपभोक्ता समिति | त्रिनपा - ६ | २२३ | फुल्चिङ |
| १३. | बाँझथला सामुदायिक वन उपभोक्ता समिति | त्रिनपा - ५ | २७७ | करबागाड |

श्रोतः त्रिपुरासुन्दरी नगरपालिकाको वृत्तचित्र २०७५

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

त्रिपुरासुन्दरी नगरपालिकाको विधमान भू-उपयोग अबस्था हेर्दा पालिकाको झण्डै ४६ प्रतिसत क्षेत्र वनजंगललेले ओगटेको छ। खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ। नगरपालिकामा बगिरहेका विभिन्न खोलानालाले त्यहाँको खेतिपातिका लागि सहयोग पुगेको छ। नगरपालिकाको क्षेत्रमा पर्ने ठुलो नदी ठुलोभेरी नदि, छलगाड खोला, चूँ गाड खोला, करवगाड खोला, खातिखोला, पालङ्ग खोला, गल्ली खोला आदि साना ठुला विभिन्न खोलानालाहरु पर्दछन।

त्रिपुरासुन्दरी नगरपालिकामा प्राकृतिक रुपमा प्रख्यात ताल तलैयाहरु खासै नभए पनि केही स्थानीय पोखरीहरु तथा सानातीना ताल तथा कुवाहरु रहेका छन्। भएका तालतलैयाहरु पनि क्रमश सुक्दै जाने तथा लोप हुँदै जाने प्रकृयामा रहेका छन्, यसर्थ यी प्राकृतिक संपदाको उचित संरक्षण र संवर्धन गर्नुपर्ने आवश्यकता देखिन्छ। यस प्रकारका प्राकृतिक संरचनाहरूमा वडा नं. १ मा रहेको राजारानी सिमसार क्षेत्र, वडा नं. ७ मा रहेको दुध तथा तेल कुवा अदि पर्दछन।

यस नगरपालिकामा रहेका विभिन्न नदी नालाहरू तथा जलाधारहरुको विवरण तालिकामा उल्लेख गरिएको छ।

| क्र.स. | जलाधारको नाम | समेटेका वडाहरू | उपयोगिताको विवरण |
|---|---|---|---|
| ०१. | भेरी | १,२,३,४,५,६,९ | सिंचाइ |
| ०२. | हिराटखोला | ७,८,९,१०,११ | बिद्युत र सिंचाइ |
| ०३. | छलखोला | ७ | सिंचाइ |
| ०४. | गल्लिगाड | १ | सिंचाइ |
| ०५. | करबगाड | ५ | सिंचाइ |
| ०६. | पालङखोला | ६ | बिद्युत र सिंचाइ |
| ०७. | खतिखोला | ६ | बिद्युत र सिंचाइ |
| ०८. | फुल्चिङखोला | ६ | बिद्युत र सिंचाइ |
| ०९. | छलिछहरा | ८,११ | बिद्युत र सिंचाइ |
| १०. | हुमखोला | ११ | सिंचाइ |
| ११. | गाबुदारा | १०, ११ | सिंचाइ |
| १२. | रूमखोला | २ | सिंचाइ |
| १३. | भेत्तिखोला | ३ | सिंचाइ |
| १४. | दुध तथा तेल कुवा | ७ | धार्मिक स्थल |
| १५. | राजरानी सिमसार क्षेत्र | १ | पर्यटकिय स्थल |

श्रोतः त्रिपुरासुन्दरी नगरपालिकाको वृत्तचित्र २०७५

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

औद्योगिक राष्ट्रहरूले गरेको व्यापक कार्बन उत्सर्जन, सवारी साधनबाट निस्कने धुवाँ, शहरीकरण, जनसंख्या वृद्धि, वनजंगल विनाश, रेफ्रिजेरेशन प्रविधिमा प्रयोग हुने क्लोरोफ्लोरो कार्वन (CFCs) जस्ता कारणले हरितगृह प्रभाव

(Green House Effect) बढ्न गई त्यसले भूमण्डलीय तापक्रम वृद्धि गर्दै लगेको वैज्ञानिक तथ्य हामीसामु छ। यसरी भूमण्डलीय तापक्रम वृद्धिले प्रत्यक्षरुपमा जलवायुमा प्रभाव पारी जलवायु परिवर्तन भइरहेको परिप्रेक्ष्यमा हरेक राष्ट्रले विकास निर्माणका योजना तयार पार्दा यस तथ्यलाई मनन गरी तयार पार्नुपर्ने हुन्छ किनकि जलवायु परिवर्तनका प्रमुख कारक तत्वहरू नै विकाससम्बन्धी मानवीय गतिविधिहरू हुन्।

वातावरणीय अवयवहरु जस्तै - वायुमण्डल, भूमि, जल, वनजंगल, वनस्पति, जीवजन्तु र प्राकृतिक जीवनचक्र, जलवायु तथा मौसम आदिको एकीकृत संरक्षणको प्रक्रिया नै वातावरण व्यवस्थापन हो। हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राखी वातावरण प्रदुषण हुनबाट जोगाउनु भनेको मानिसमा विभिन्न किसिमको रोगहरु लाग्नबाट सुरक्षित हुनु हो। तसर्थ यस नगरपालिकामा पनि समग्र वातावरण संरक्षण गर्न विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ। पालिकाभित्र हुन सक्ने प्राकृतिक विपत्तिको क्षतिलाई न्यूनीकरण गर्दै उद्दार, राहत वितरण तथा पुनर्लाभिका कार्यमा जोड दिइएको छ।

वातावरणको क्षेत्रमा काम गर्ने विभिन्न संघ सस्थाहरुसगँको समन्वय र सहकार्यमा वृक्षारोपण, संरक्षण र सम्बर्धनका कार्यक्रमहरु सञ्चालन गरी वातावरण मैत्री पालिका निर्माणमा जोड दिएको छ। वातावरण व्यवस्थापन एक जटिल र बहुआयामिक विषय भएकाले यसको व्यवस्थापनमा प्रत्येक व्यक्ति स्थानीय सरकार, सरोवारवाला निकायको सहयोग र सहकार्य हुनु आवश्यक छ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

नगरपालिकाको मूल अर्थात् जल निकासको रूपमा भेरी नदीनै रहेको छ। अधिकांश भू-भाग भौगोलिक रूपले हिमाली क्षेत्र भएको कारणले जल निकास व्यवस्थित गर्न नसके व्यापक रूपमा पहिरो, भू-क्षय र कटानको जोखिम रहन्छ। तसर्थ सडकको दायाँबाँया नाला निर्माण कार्यलाइ उच्च प्राथमिकतामा राखेर दिगो विकासको अवधारणा अनुरूप अगाडि बढ्नु पर्ने देखिन्छ। यसका लागि सडकको स्तरोन्नति सँगसँगै नाला निर्माण गर्ने र नजिकको खोलाहरूमा निकास गर्ने प्रणालीको विकास गर्नु जरुरी देखिन्छ । यसरी नालाको कामको थालनी गर्दा पहिरो र कटानका क्षेत्रहरूलाइ प्राथमिकतामा राख्दै वर्षायाममा उर्लने भेल, खहरे खोला तथा खोल्साले ठुलो पानी परेका बेला पटकपटक दुख दिएको समेत ख्याल राख्नु पर्दछ। खोला छेउका जग्गाहरूमा तटबन्ध निर्माण गरी विपत्ती न्यूनीकरणको प्रयास निरन्तर रुपमा अगाडी बढाउनुपर्ने छ । पहिरोको प्रकोपबाट जोगिनका लागि चक्लेखेति प्रणालिलाइ प्राथमिकिकरण गरी खेति गर्नसकेमा पनि पहिरोलाइ केहि हद सम्म न्युनिकरण गर्न सकिने देखिन्छ।

नगरपालिकामा विपद व्यवस्थापनको लागि विपद व्यवस्थापन नगरसमिति निर्माण भएपनि पुर्णरुपले कार्यान्वयन हुन सकेको छैन। यसले प्राकृतिक प्रकोप, आकस्मिक समस्या वा आपतकालिन अवस्था आइपरेको अवस्थामा उद्धार, राहत तथा पुनःस्थापना जस्ता कार्यमा नागरिकलाई सहायता उपलव्ध गराउने गर्दछ । साथै यसले भैपरि आउने समस्याहरुको सरल निकासको लागि पुर्वानुमान तथा योजना निर्माण र पुर्वतयारी पनि गर्ने गर्दछ। यसका लागि सुरक्षित स्थान समेत तोक्नु आवश्यक छ। समितीले वर्तमान समयमा भुकम्प रहित भवन निर्माण सम्वन्धी आचार संहित लागु गर्नुका साथै यस्ता भवनहरुको निर्माणमा आवश्यक परामर्श समेत उपलव्ध गराउन आवश्यक देखिन्छ। यी सवै कार्यको आवश्यक खर्चको व्यवस्थापनको लागि एक विपद व्यवस्थापन कोष समेत निर्माण गर्नु पर्ने हुन्छ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त, जनउत्तरदायी, शासन शुलभता र सहजता राज्यले लिएको नीतिअनुरूप असल शासनका प्रमुख आयामहरू हुन्। सङ्घीय संविधानको मर्मअनुरूप जनताको घरदैलोमा राज्यद्वारा प्रदान गरिने सेवा र सुविधा सुबिधा पुर्याउन यी आयामहरूको स्वस्थ विकास र सुनिश्चितता गर्नुपर्दछ।

### २.६.२ सङ्गठनात्मक विकास

आन्तरिक अयको बृद्दि तथा दिगो बिकासका लागि कर प्रशासनलाइ ब्यबस्थित बनाइएको छ। पाँच लाख भन्दा माथिको कुल लागत भएका प्रत्येक योजनामा अनिबार्य रूपमा सार्बजनिक रूपमा सूचनापाटीमा राख्ने व्यवस्था गररएको छ। सेवा प्रबाहका लागि आवश्यक न्युनतम प्रशासनिक खर्च व्यवस्थापन सहित प्रसासनिक सांरचना र कार्यलाइ मितब्ययि बनाउन अनुत्पादक खर्च कटैति गर्दे लगिएको छ। प्रभावकारी सेवा प्रबाह तथा सुशासन प्रर्बदनका लागि पालिकाको संगठन संरचना स्विकृत गरी हरेक वडाबाट सेवा प्रबाह गरीएको छ। नगरपालिकाले बिभिन्न शाखा, उपशाखा तथा फाटहरूबाट सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको ब्यबस्था गरीएको छ। नगरपालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिबृद्दि सम्बन्धि कार्यक्रमहरू सञ्चालन भएका छन। त्यसै गरी बिभिन्न ५३ वटा स्थानीय कानूनहरूको निर्माणगरी कार्यान्वयनमा रहेका छन।

### २.६.३ श्रोत परिचालन

त्रिपुरासुन्दरी नगरपालिकाको आम्दानीको आन्तरिक श्रोतहरुमा सम्पति, भूमि कर, मालपोत, बहालकर, व्यवसाय कर, विज्ञापन कर, घरजग्गा रजिष्ट्रेसन दस्तुर, नापनक्सा दस्तुर, सिफारिश दस्तुर, नाता प्रमाणित दस्तुर, अचल सम्पति मूल्यांकन शूल्क, सडक स्तरोन्नति शूल्क, सरकारी सम्पतिको बहालबाट प्राप्त आय, अय विक्रिबाट प्राप्त रकम, विद्युत सेवा शुल्क, सरसफाइ शूल्क, प्रशासनिक दण्ड, जरिवाना र जफत लगाएत छन्। यसै गरी बाह्य श्रोतहरुमा संघीय र प्रादेशिक सरकारबाट प्राप्त अनुदान भएता पनि प्रत्यक्ष तथा परोक्ष रुपमा निजी क्षेत्र, सहकारी, संघ संस्था तथा व्यक्तिगत रुपमा सेवाग्राहीबाट प्राप्त श्रमदानको योगदान र महत्वलाई समेत उच्च स्थानमा राख्नु पर्दछ। नेपाल सरकारको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिमा तीनखम्बे अर्थनीतिलाई विकासको प्रमुख आधार मानिएको सन्दर्भमा यस पालिकाको विकासमा समेत उक्त क्षेत्रहरूबाट हुने योगदानलाई कदर गरिएको छ।

### २.६.४ योजना व्यवस्थापन

त्रिपुरासुन्दरी आफनो क्षेत्राधिकारमा कृषि विकास, घरेलु उद्योग, शिक्षा तथा स्वास्थ्यसम्बन्धी कार्यक्रमहरु र भौतिक पूर्वाधारको विकास गरी रोजगारको सिर्जना गर्न आफनो बजेट केन्द्रित गर्नुपर्ने देखिन्छ। आय र खर्चको समुचित व्यवस्थापन गरी उत्पादनशील रोजगारी सिर्जना गर्ने, आयआर्जन गर्ने र उपलब्ध साधन र स्रोतको समुचित उपयोग गरी आम नागरिकको जीवनस्तरमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्नु जरुरि देखिन्छ।

# परिच्छेद ३: सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

संविधानले सबै प्रकारका विभेदहरूको अन्त्य गदै समानुपातिक, समाबेशी सहभागिताको सिद्धान्तको धरातलमा टेकेर दिगो शान्ति, विकास तथा संबृद्दि एंब असल शासनको माध्ययमद्वारा समाजबाद उन्मुख आर्थिक समानता, समृद्दि तथा सामाजिक न्यायमा आधारीत समतामुमलक समाजको परिकल्पना गरेको छ। सामाजिक न्यायको माध्यमबाट लोक कल्यानकारी राज्यको स्थापना गर्ने, सार्बजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा साधन र स्रोतको उपयुक्त परीचालन गरी तिब्र आर्थिक बृद्दि गर्ने लक्ष्य राखेको छ। दिगो आर्थिक विकास गर्नेतथा प्रप्त उपलब्धिको न्यायोचित वितरण गरि आर्थिक असमानताको अन्त्य गर्दे शोषणरहित समाजको निर्माणगर्न प्रादेशिक तथा राष्ट्रिय अर्थतन्त्रलाइ आत्मनिर्भर, स्वतन्त्र र उन्नतशिल बनाई समाजबाद उन्मुख, स्वतन्त्र र संबृद्द अर्थतन्त्रको विकास गर्ने उद्देश्य राखको छ। यस आवधिक योजनाले संघीय योजनाको दीर्घकालिन सोच **"समृद्ध नेपाल, सुखी नेपाली"** र "**समृद्द कर्णाली, सुखारी कर्णालीबासी**" भन्ने लक्ष्य एवम् निर्धारित उद्देश्य एवम् प्राथमिकताहरु र कर्णाली प्रदेशको प्रथम आवधिक योजना २०७६/७७ देखि २०८०/८१ को दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यहरुसँग तादामत्यता हुने गरी यस त्रिपुरासुन्दरी नगरपालिकाको आवश्यक्ता र प्राथमिकता अनुसार यो पालिकाले आफ्नो पालिकाको प्रथम आवधिक विकास योजना निर्माण गरेको छ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट पारित गरी जारी भएको नेपालको संविधान २०७२ ले देशको शासन संघ, प्रदेश र स्थानीय तहका सरकारहरूले आपसी समन्वयबाट गर्ने संबैधानिक व्यवस्था गरेको छ। तिनवटै सरकारका आ-आफ्ना अधिकार क्षेत्रहरू तोकिएका छन्। कतिपय साझा अधिकार छन् भने कतिपय एकल अधिकार छन्। संविधानको अनुसूचि - ८ अन्तर्गत स्थानीय सरकारका विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने एकल अधिकार स्थानीय सरकारलाई प्राप्त भएकोले सोहीबमोजिम स्थानीय तहमा यो नगरपालिकाले आवधिक योजना तयार पारेको हो।

## ३.२ प्रमुख समस्या तथा चुनौती

- नगरपालिकामा खेतीयोग्य भएपनि वैज्ञानिक भु उपयोग नीति कार्यन्वयन नहुँदा भूमिको सदुपयोग पूर्ण रुपममा हुन नसकेको।
- सम्पूर्ण खतीयोग्य जमिनमा बाह्र महिना सिँचाइ सुविधा पुर्याउन नसकिएको।
- भौगोलिक विकटताले गर्दा मापदण्द अनुसारको खेलकुद मैदान, सडक बनाउन नसकेको।
- पर्यटनको राम्रो सम्भावना भए तापनि ऐतिहासिक पर्यटकिय क्षेत्रका वास्ताविक पहिचान र पर्यटनका आधारभूत पूर्वाधारको विकास हुन नसकेको।
- सर्वाजनिक सेवा प्रवाह सम्बन्धी ऐन नियमको प्रभावकारी कार्यान्वयन नभएको।
- कृषि तथा स्थानीय उत्पादनमा आधारित उद्योगहरूको सम्भावना भए तापनि विकास हुन नसकेको।
- परम्परागत चिन्तन शैलीमा व्यापक परिवर्तन नभइसकेकोले लैङ्गिकता, सामाजिक विभेद लगायतका सामाजिक सन्तुलनका विषयहरूमा जनचेतना फलाउन आवश्यक रहेको।
- युवा जनशक्तिलाई पालिकामै अवसर सिर्जना गरी पुर्ण सदुपयोग गर्ने चुनौती रहेको।

- सडक, उर्जा, सिँचाइ, पिउनेपानी, आवास जस्ता आधारभूत भौतिक पूर्वाधारको यथोचित विकास हुन नसकेको ।
- कृषि जमीनको रुपान्तरण र अव्यवस्थित बसोबास/वस्तीको विकास ।
- प्राकृतिक, सास्कृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदा विनास ।
- वायु, जल, माटो र ध्वनी प्रदुषण तिव्र बृद्धि ।
- सर्वाजनिक सेवा प्रवाह सम्बन्धी ऐन नियमको प्रभावकारी कार्यान्वयन नभएको ।
- राष्ट्रिय राजमार्ग प्रणाली सम्मको पहुँच सुद्धढ र सहज भै नसकेको ।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

- आफ्नो स्थानीय आवश्यकता अनुरूप योजना तर्जुमा तथा कार्यान्वयन गर्ने अधिकार स्थानीय सरकारलाई प्राप्त भएको ।
- पर्यटन, उद्योग तथा कृषिमा व्यावसायीकरण गर्न सकिने संभावना रहको ।
- प्रसिद्ध प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरू उपलब्ध रहेको ।
- व्यवस्थित वन तथा जलाधारको क्षेत्र भएको ।
- पर्यटन क्षेत्र विकास गरी आन्तरिक र वाह्य पर्यटन भित्राउन सकिने
- स्थानीय उपजमा आधारित उद्योगको प्याकेजिङ र ब्रान्डिङ गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न सकिने ।
- वित्तिय संस्थाहरुको संख्या उल्लेख्य रहेको तथा आर्थिक गतिविधि चलायमान रहेको ।

## ३.४ निर्देशक सिद्धान्त

त्रिपुरासुन्दरी नगरपालिका बसोबास, व्यावसाय, शैक्षिक र भौगोलिक संगमस्थलको रुपमा विकासको पथमा अगाडि बढेकोछ । त्रिपुरासुन्दरी नगरपालिकाको दीर्घकालिन सोच निर्धारण गर्दा आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीमा प्रस्तुत स्थिति विश्लेषण, सहभागितामूलक छलफल तथा परामर्शबाट पहिचान भएका संभावना, अग्रणी क्षेत्र र पालिकाबासीले चाहेको अवस्थालाई मध्यनजर गरी अपेक्षित उपलब्धिहरु हासिल गर्न तय गरिएका मूल निर्देशक सिद्धान्तहरु निम्न बमोजिम छन्:

१. विकासका आधारभूत पूर्वाधार निर्माण सँगै आम नागरिकका दैनिक आधारभूत आवश्यकता पूर्ति हुने गरी प्रत्यक्ष योगदान पुर्याउने कार्यक्रम कार्यान्वयन,
२. शान्त, सौहार्द, समतामूलक, समावेशी, आर्थिक, सामाजिक र साँस्कृतिक विकास,
३. समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र,
४. दिगो, सन्तुलित र हरित अर्थतन्त्रमा आधारित विकास,
५. शिक्षा, स्वास्थ्य र मानव संसाधन निर्माण,
६. बालमैत्री, महिलामैत्री तथा लैङ्गिक सन्तुलनयुक्त, युवा उद्यमी तथा रोजगारी केन्द्रीत विकास,
७. न्यायमा आधारित भेदभाव रहित समाज तथा सामाजिक सुरक्षा,
८. रैथाने सँस्कृति, भुगोल, सम्भावना, पहिचान तथा परिवेशमा आधारित विकास,
९. सार्वजनिक, निजी, सहकारी र सामुदायिक सहभागितामा आधारित विकास,

१०. असल शासन र उत्तरदायी स्थानीय सरकार,

११. संघिय, प्रादेशिक तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुलाई स्थानीयकरण गर्दै दिगो विकास लक्ष्य हासिल तर्फको विकास यात्रा,

१२. सूचना प्रविधिमा आधारित विकास।

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

### ३.५.१ सोच

दीर्घकालीन सोच: *"आय आर्जन मार्फत आर्थिक, सामाजिक विकासको लागि गुणस्तरीय पूर्वाधार, पर्यटन प्रवर्द्दन, सुशासन सहित समृद्द नगर निर्मानको आधार"*

### ३.५.२ लक्ष्य

*"भूमिको वैज्ञानिक सदुपयोग, आधुनिक र व्यवसायिक कृषि, पर्यटन र दिगो विकास मार्फत आर्थिक समृद्धी हासिल गरी समुन्नत नगरपालिकाकोनिर्माण गर्ने।"।*

### ३.५.३ उद्देश्य

- भौतिक पूर्वाधारको दिगो र सन्तुलित विकास गर्नु।
- सार्वजनिक सेवा प्रवाहलाइ चुस्त र दुरुस्त बनाउनु।
- असल शासन स्थापित गर्नु।
- शिक्षित, स्वस्थ र सभ्य नागरिक तयार गर्नु।
- योजनावद्ध, व्यवस्थित, व्यावसायिक र विकसित पालिकाको निर्माण गर्नु।
- सबल, सक्षम, पारदर्शी र जवाफदेही स्थानीय सरकारको स्थापना गर्नु।
- पर्यावरणीय सन्तुलन कायम गरी वातावरण संरक्षण गर्नु।
- पर्यटनमा आधारीत गन्तब्यको आधारहरुको निर्माण।

## ३.६ परिमाणात्मक लक्ष्य

नगरपालिकाका समष्टिगत परिमाणात्मक लक्ष्यहरू:

| क्र.स. | सूचक | आधार वर्ष २०७५/०७६ को स्थिति | आ.ब. २०८०/०८१ को लक्ष्य |
|---|---|---|---|
| १. | **संमृद्दिका सूचकहरू** | | |
| १.१ | वार्षिक औषत आर्थिक वृद्दिदर (प्रतिसत) | ५.७ | १४.९ |
| | कृषि क्षेत्रको औषत आर्थिक वृद्दिदर (प्रतिसत) | ४.४ | ११.१ |
| | उद्योग क्षेत्रको औषत आर्थिक वृद्दिदर (प्रतिसत) | ९.६ | ३२.२ |
| | सेवा क्षेत्रको औषत आर्थिक वृद्दिदर (प्रतिसत) | ५.४ | १०.७ |
| १.२ | अर्थतन्त्रमा क्षेत्रगत योगदान | | |
| | कृषि | ३२.९ | २८.४ |
| | उद्योग | १३.८ | २८.० |
| | सेवा | ५३.३ | ४३.६ |

| | | | |
|---|---|---|---|
| १.३ | प्रतिब्यक्ति आय (अमेरिकि डलर) | ६०६ | ११४७ |
| १.४ | निरपेक्ष गरिबिको रेखामुनि रहेको जनसंख्या (प्रतिसत) | २८.९ | १८ |
| १.५ | बहुआयामिक गरिबिमा रहेको जनसंख्या (प्रतिसत) | ५१.२ | २५ |
| १.६ | आम्दानिको मथिल्लो १० र तल्लो ४० प्रतिसत जनसंख्याको अनुपात | ०.९३ | ०.८९ |
| १.७ | मानब बिकास सुचकांक | ०.४२७ | ०.५८८ |
| १.८ | लैंगिक विकास सूचकांक | - | ०.९३० |
| १.९ | सम्पतिमा आधारित गिनि गुणक | ०.४२ | ०.३९ |
| १.१० | आधारभूत खानेपानी सुबिधा पुगेको परीवार (प्रतिसत) | ८६.२ | ९५ |
| १.११ | सडक यातायातले जोडिएको स्थानिय तहको संख्या | ६० | ७९ |
| १.१२ | बिद्युत उत्पादन (मेघावाट) | ८.२५ | २०० |
| १.१३ | बिद्युत पहुचमा प्राप्त परीवार (प्रतिसत) | ६७.५ | ९० |
| १.१४ | वर्षभरी सिंचाइ हुने खेति गरीएको जमिन (प्रतिसत) | १५.५ | ३३ |
| १.१५ | इन्टरनेट प्रयोगकर्ता (प्रतिसत) | ४० | ६५ |
| १.१६ | प्रदेशको कालोपत्रे सडक (कि.मि.) | १०३ | ५०० |
| १.१७ | ३० मिनेट सम्मको दुरीमा यातायातको पहुच भएको परीवार (प्रतिसत) | | ७५ |
| १.१८ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा (प्रतिसत) | ४३.८ | ६० |
| १.१९ | श्रम उत्पादकत्व (रू हजारमा) | १६१.४ | २४१.३ |
| २ | **सुखारीका सूचकहरू** | | |
| २.१ | अपेक्षित आयु (जन्म हुदाको) (बर्ष) | ६७ | ७० |
| २.२ | ५ बर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | ५८ | ३५ |
| २.३ | पाँच बर्ष मुनिका कम तौल भएका बालबालिका (प्रतिसत) | ३५.६ | २० |
| २.४ | ३० मिनेट सम्मको दूरीमा स्वास्थ्य सेवामा पहुच रहेका परीवार (प्रतिसत) | २३.६ | ६० |
| २.५ | स्वास्थ्य बिमामा आबद्द जनसंख्या (प्रतिसत) | ६.५ | ६३ |
| २.६ | साक्षारता दर | ६६ | ९५ |
| २.७ | युवा साक्षारता दर (१५-२४ बर्ष) (प्रतिसत) | ८२ | ९९ |
| २.८ | आधारभूत तहमा खुद भर्नादर (प्रतिसत) | ९३.२ | ९८ |
| २.९ | माध्यमिक तहमा खुद भर्नादर (प्रतिसत) | ५९.४ | ६५ |
| २.१० | उच्च शिक्षामा खुद भर्नादर (प्रतिसत) | ६.१ | १९ |
| २.११ | बेरोजगारी दर (प्रतिसत) | ९.७ | ६ |
| २.१२ | आधारभूत सामाजिक सुरक्षामा आबद्द जनसंख्या (प्रतिसत) | ५ | ४८ |

| | | | |
|---|---|---|---|
| २.१३ | जीवनकालमा शारीरिक, मानसिक वा यौन हिंसापीडित महिला (प्रतिसत) | १९.१ | ९.४ |
| २.१४ | आधारभूत खाध्य सुरक्षाको स्थितिमा रहेका परिवार (प्रतिसत) | २२.५ | ५० |
| २.१५ | आफ्नै स्वामित्वको आवासमा वसोबास गर्ने परिवार (प्रतिसत) | ९४.४ | ९९ |
| २.१६ | सुधारिएको सरसफाइ सुविधा प्राप्त गर्ने परिवार (प्रतिसत) | ७७.७ | ८५ |

श्रोतः कर्णाली प्रदेशको आवधिक योजना (आ.व. २०७६/७७–२०८०/८१)

## ३.७ रणनीति तथा प्राथमिकता

त्रिपुरासुन्दरी नगरपालिकालाई दीर्घकालीन सोचतर्फ उन्मुख गराउन रणनीतिहरू देहायअनुसार रहेका छन्ः

- उद्योग र व्यापार, दृष्यावलोकन र ग्रामीण पर्यटन प्रबर्धन गर्ने,
- तुलनात्मक लाभका कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यावसायीकरण, विविधीकरण र औद्योगीकरण गर्ने,
- यातायात, बजार र सुरक्षित आवास, स्वच्छ ऊर्जा तथा सञ्चारका पूर्वाधारको विस्तार र स्तरोन्नति गर्ने,
- जीवनपयोगी शिक्षा, स्तरीय स्वास्थ्य सेवा, सुदृढ सरसफाई तथा खानेपानी सुविधा र सामाजिक सुरक्षामा पहुँच र उपभोग सुनिश्चित गर्ने,
- विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दिगो बनाउने,
- अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई अभिवृद्धि गर्ने,
- स्थानीय सेवा तथा विकास उपलब्धिलाई समावेशी, सहज, प्रभावकारी र जवाफदेही बनाउने,
- समावेशीकरण र पछाडि परेका वर्गलाइ मूल प्रवाहीकरण गर्न सहभागितामूलक विकास पद्धति अबलम्बन गरी राज्यको नजरमा कोही पछि नपर्ने नीति कार्यान्वयन गर्ने।

**प्राथमिकता क्षेत्र**

त्रिपुरासुन्दरी नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा उपलब्ध संभावना र अवसर एवम् सरोकार वालाहरूसँगको छलफलका आधारमा यस आवधिक योजनाले नगरपालिकाको समग्र दिगो विकास र समृद्धिका लागि देहाय अनुसार प्रमुख प्राथमिकता प्राप्त क्षेत्रहरू पहिचान गरेको छ

- कृषि, व्यापार एवम् सेवा क्षेत्रको व्यावसायीकरण, विविधीकरण तथा औद्योगीकरण,
- गुणस्तरीय, व्यावसायिक र उच्च शिक्षा,
- विपद्जोखिम न्यूनीकरण,
- स्तरीकृत स्वास्थ्य सेवा, सुदृढ सरसफाइ तथा स्वच्छ खानेपानी,
- दिगो तथा उत्पादनशील पूर्वाधार, सहज यातायात, सुरक्षित आवास,
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण,
- स्रोत व्यवस्थापन तथा वित्तीय अनुशासन

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

नेपालको संविधानको धारा ५९ मा आर्थिक अधिकारको प्रयोग सम्बन्धी व्यवस्था गरिएको छ। यसैगरी धारा ६० मा राजश्व स्रोतको बाँडफाँट सम्बन्धी व्यवस्था छ। धारा ६० को उपधारा २ बमोजिम नेपाल सरकारले संकलन गरेको राजश्व संघ, प्रदेश र स्थानीयतहलाई न्यायोचित वितरण गर्ने उल्लेख छ। यस व्यवस्थाको कार्यान्वयनका लागि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ जारी गरिएको छ। त्यसैगरी संविधानको धारा २२९ मा स्थानीय संचित कोषको प्रबन्ध गरिएको छ। यस कोषमा स्थानीयतहलाई प्राप्त हुने सबै प्रकारको राजश्व नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा स्थानीयतहले लिएको ऋण र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ।

स्थानीय संचित कोषमा जम्मा हुने रकमका स्रोतहरू देहाय बमोजिम रहेका छन्।

१) आन्तरिक राजश्व
२) राजश्व बाँडफाँटबाट प्राप्त रकम
३) सङ्घीय सरकारबाट प्राप्त रकम तथा अनुदान
४) प्रदेश सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम
५) कुनै व्यक्ति, संघ, संस्थाबाट प्राप्त रकम
६) संघीय सरकारको पहलमा प्रप्त वैदेशिक सहायता रकम
७) अन्य स्थानीयतहहरूबाट प्राप्त सहयोग तथा अनुदान
८) आन्तरिक ऋणबाट प्राप्त रकम
९) अन्य कुनै स्रोतबाट प्राप्त रकम

नेपालको संविधानको मर्म अनुरूप अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम तीन तहका सरकारहरूलाई प्राप्त व्यवस्था अनुरूपका आयका स्रोतहरू देहाय बमोजिम छन्।

**(क) राजश्वको बाडफाड**

यस अन्तर्गत मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट उठेको रकम बाँडफाँट गर्ने व्यवस्था रहेको छ। यी कर तथा शुल्कहरू संघीय विभाज्य कोषमा जम्मा भई कुल रकमको ७० प्रतिशत संघीय सरकारलाई र १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहलाई प्राप्त हुन्छ।

| क्र. स. | बजेटको श्रोत | २०७९/०८० को यर्थाथ | २०८०/०८१ को अनुमान | प्रक्षेपित आय (आगामी पाँच आ.ब.को) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| | राजस्व तथा अनुदान | १,५३,५४,१६५ | १,८६,०८,७५० | १९१६७०१२ | १९७४२०२२ | २०३३४२८२ | २०९१५०४२ | २१४९८६७७ |
| १ | आन्तरिक आय | १८६०८७५० | १९१६७०१२ | १९७४२०२२ | २०३३४२८२ | २०९४४३१० | २१५४२४९३ | २२१४३६३७ |
| २ | राजस्व बाँडफाड बाट प्राप्त आय | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | संघीय सरकार | ७६६३५४०० | ७८९३४५०३२ | ८१३०२५३८२ | ८३७४१६१४३ | ८६२५३८६२७ | ८६२५३८६२७ | ८६२५३८६२७ |
| | प्रदेश सरकार | ४३२४९५ | ४४५४६९ | ४५८८३३ | ४७२५९७ | ४८६७७४ | ४८६७७४ | ४८६७७४ |
| ३ | नेपाल सरकारको वित्तिय हस्तान्तरण | ८४४००००० | ८६९३२०००० | ८९५३९९६० | ९२२२६१५८ | ९४९९२९४२ | ९७७०६०२ | १००४३२४९३ |
| | सशर्त अनुदान | ३६५५०००० | ३७६४६५००० | ३८७७५८९५० | ३९९३९१७१८ | ४११३७३४६९ | ४२३१२२५६५ | ४३४९२९८२४ |
| | संघीय विशेष अनुदान | १०००००००० | १०३००००० | १०६०९०००० | १०९२७२७० | ११२५५०८८ | ११५७६५४१ | ११८९९५८५ |
| | संघीय समपुरक अनुदान | ५००००००० | ५१५००००० | ५३०४५००० | ५४६३६३५ | ५६२७५४४ | ५७८८२७० | ५९४९७९२ |
| ४ | प्रदेश सशर्त अनुदान | २८३६३०००० | २९२११३८९० | ३००९०३०६ | ३०९९३०१५ | ३१९२२८०५ | ३२८३४५४१ | ३३७५०७९१ |
| | प्रदेश विशेष अनुदान | ० | ० | ० | ० | ० | ० | ० |
| | प्रदेश समपुरक अनुदान | १०००००००००० | १०३००००० | १०६०९०००० | १०९२७२७० | ११२५५०८८ | ११५७६५४१ | ११८९९५८५ |
| ५ | आन्तरिक ऋण | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | अन्य अनुदान (संघ, जिल्ला समन्वय, लगायत) | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | जनसहभागिता | ५८९० | ६२०२ | ६४२० | ६६०३ | ६९१२ | ७१३७ | ७३८३ |

स्रोत: राजस्व सुधार कार्ययोजना २०८०

**(ख) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट**

प्राकृतिक स्रोत अन्तर्गत विशेषगरी पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रकम मध्ये संघीय विभाज्य कोषमा जम्मा भएको कुल रकमको ५० प्रतिशत संघलाई, २५ प्रतिशत सम्बन्धित प्रदेशलाई र २५ प्रतिशत सम्बन्धित स्थानीयतहलाई प्राप्त हुन्छ।

**(ग) अनुदानबाट प्राप्त रकम**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम संघीय सरकार र प्रदेश सरकारले स्थानीय सरकारलाई देहाय बमोजिमका अनुदानहरू प्रदान गर्दछन्।

१) वित्तीय समानीकरण अनुदान

२) सशर्त अनुदान

३) समपुरक अनुदान

४) विशेष अनुदान

**(घ) संघीय सरकारद्वारा लिइएको वैदेशिक सहायताबाट स्थानीयतहलाई प्राप्त रकम**

**(ङ) नेपाल सरकारको स्वीकृतिमा स्थानीयतहले लिएको आन्तरिक ऋण**

**(च) नेपाल सरकारले स्थानीय सरकारलाई दिएको ऋण**

यो आवधिक योजना त्रिपुरासुन्दरी नगरपालिकाको नेतृत्वमा संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, गैसस तथा जनसमुदायको सक्रिय सहभागिता तथा अन्य विकास साझेदार समेतको समन्वय, सहभागिता र सहकार्यमा सञ्चालन हुनेछ। यस योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य अनुसार वार्षिक रुपमा कार्यक्रम बजेट तर्जुमा, नियमित रुपमा समीक्षा र पृष्ठपोषणअनुरुपको सुधार सहित कार्यान्वयन हुने अपेक्षा गरिएको छ। यो योजना कार्यान्वयनको अवधिमा नगरपालिकाको विकासका लागि आन्तरिक, बाह्य स्रोत, निजी क्षेत्र, गैसस, जनसहभागिता र अन्य स्रोतबाट गरी अनुमानित रु. ८६ करोड स्रोत उपलब्ध हुन सक्ने प्रक्षेपण गरिएको छ।

# परिच्छेद ४: आर्थिक क्षेत्र

स्थानीय स्तरमा आर्थिक विकासका लागि स्थानीय सरकारको भूमिका अत्यन्त महत्वपूर्ण रहेको हुन्छ । स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनहरूको अधिकतम उपयोग गर्दै रोजगारी र आर्थिक वृद्धिको दिशामा अगाडि बढ्न सबल र आत्मनिर्भर स्थानीय अर्थतन्त्रको विकासलाई गतिशील बनाउनु आवश्यक छ । त्रिपुरासुन्दरी नगरपालिकाको विद्यमान भौगोलिक अवस्थाको मौजुदा स्थितिमा आर्थिक स्थितिमा सुधार गर्नका लागि आर्थिक विकासका क्रियाकलापहरूलाई विशेष ढंगले संचालन गर्नु आवश्यक देखिन्छ ।

नगरपालिका क्षेत्रभित्र आर्थिक क्रियाकलापहरूको परिमाण वृद्धि गरी सोको माध्यमबाट गरिबी निवारणमा समेत योगदान पुर्याउन एवं विपन्न वर्गको आर्थिक स्तरमा सुधार गर्नुपर्ने देखिन्छ । यसका लागि नगरपालिका क्षेत्रभित्र आयमूलक रोजगारीका अवसरहरू सिर्जना गरी जनसाङ्ख्यिक लाभांशको अधिकतम उपयोग गर्ने सक्षमताको आवश्यकता छ ।

यस नगरपालिकामा अर्थतन्त्रका प्रमुख अवयवहरूमा मुख्यतया कृषि, पर्यटन, वैदेशिक रोजगार, व्यापार, सेवा क्षेत्र आदि हुन् । आधुनिक तथा व्यवसायिक उद्योगहरूको विकास भइनसकेको अवस्थामा धैरैजसो आर्थिक क्रियाकलापहरू निर्वाहमुखी नै रहेका छन् । त्यसैले नगरपालिकाको विकासको लागि कृषि, जलश्रोत, पर्यटन, तथा पूर्वाधार विकासको माध्यमबाट उत्पादन, रोजगारी र आयबृद्धि गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

**(अ) कृषि**

यस नगरपालिकामा कृषि तथा पशुपालन अधिकांश नागरिकको परम्परागत र प्रमुख जीवन निर्वाहको प्रमुख माध्यमका रुपमा रहिआएको भए पनि कुल जमिनमा कृषियोग्य जमिनको हिस्सा न्यून रहेको छ । कृषि तथा पशुपालन व्यवसाय जीवन निर्वाहमुखी नै रहेको छ । व्यापार व्यवसाय तथा कृषि क्षेत्र यस नगरपालिकाको आर्थिक विकासका लागि एक महत्वपूर्ण संभाव्य माध्यमका रुपमा देखिएको छ । यस नगरपालिकामा कृषि र पशुपालनमा व्यवसायीकरणका साथै उद्योग, व्यवसाय तथा पर्यटनको विकास गरी आर्थिक वृद्धिको केन्द्रका रुपमा विकास गर्न सकेमा यसले थप लाभ प्राप्त गर्न सक्दछ ।

यस नगरपालिकामा थोरै केहि प्रतिशत भूभाग कृषिको लागि उपयुक्त क्षेत्र रहेको छ । सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरू मकै, गहुँ, जौ, कोदो, सिमि आदि हुन् । तेलहन बालीमा तोरी एकदमै कम उत्पादन हुने बालिमा पर्दछ भने तरकारी खेतीमा आलु, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् यिनको उत्पादकत्व पनि बढी छ । नगरपालिकामा फलफूलमा अंगुर, ओखर, स्याउको खेति गरिन्छ ।

त्रिपुरासुन्दरी नगरपालिकामा पनि कृषि तथा पशुपालन अधिकांश नागरिकहरूको परम्परागत र प्रमुख जीवन निर्वाहको प्रमुख माध्यमका रुपमा रहिआएको छ । तर कुल जमिनमा कृषियोग्य जमिनको हिस्सा न्यून रहेको छ । यहाँका स्थानीयको जीवन निर्वाह गर्ने माध्यम कृषि तथा पशुपालन नै हो । व्यापार व्यवसाय यहाँको आर्थिक विकासका लागि एक महत्वपूर्ण संभाव्य माध्यमका रुपमा देखिएको छ । यस नगरपालिकाको कृषि व्यापारको लागि मूख्य व्यापारिक केन्द्र त्रिपुराकोट बजार हो । कृषि र पशुपालनमा व्यवसायीकरण अनि उद्योग, व्यवसाय तथा पर्यटनको विकास गरी त्रिपुरासुन्दरी नगरपालिकालाई आर्थिक वृद्धिको केन्द्रका रुपमा विकास गर्न सकेमा यसले थप लाभ प्राप्त गर्न सक्दछ । नगरपालिकाले कृषि क्षेत्रको तर्फबाट पनि आफ्नो आर्थिक वृद्धिदर कायम नै राखेको छ ।

### ४.१.२ समस्या तथा चुनौती

- परम्परागत तथा निर्वाहमुखी कृषि प्रणली ।

- माटो र बीउ परीक्षणको लागि दक्ष जनशक्ति र कृषि प्रयोगशालाको अभाव हुनु।
- कृषि प्रसार सेवामा कृषकहरुको पहुँचमा वृद्धि नुहुनु।
- सार्वजनिक भूमिको पहिचान र अभिलेखकिरण नहुनु।
- सरकारी जग्गाको संरक्षण तथा ऐतिहासिक साँस्कृति क्षेत्रको जग्गाको व्यवस्थापन नुहुनु।
- कृषि सामाग्री, मल, वीउ, किटनाशक औषधि, औजार, प्राविधिक ज्ञान र सिपमा पर्याप्त पहुँचका साथै पर्याप्त वितरण नहुनु।
- बाह्रै महिना सिंचाइको सुविधा नहुदा आकासे पानीमा भर पर्नु।
- वैज्ञानिक भू-उपयोग योजना लागू नहुनु।
- कृषिको समग्र बैज्ञानिकिकरण, यान्त्रिकीकरण, व्यवसायिकरण र बजारीकरण हुन नसक्नु।
- उच्च प्रतिफल प्राप्त हुने उत्पादन तर्फ किसानहरूलाइ आकर्षण गर्ने ठोस योजना नहुनु।
- कृषि उत्पादन संकलन केन्द्र र भण्डारणको समस्या हुनुका साथै सडकको उपयुक्त पहुँच नहुनु।

### ४.१.३ संभावना तथा अवसर

- हिमाली भू भाग भए तापनि केहि प्रतिशत खेतियोग्य जमिनको उपलव्धता हुनु।
- जनसंख्याको ठुलो हिस्साको मुख्य पेशा कृषि र पशुपंक्षी पालनमा संलग्न रहनु।
- कृषि सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू अनुकूल हुनु।
- स्थानीय सरकारले स्थानीय विशिष्टता र आवश्यकता अनुसार कृषि क्षेत्रलाइ प्राथमिकता प्रदान गर्न सक्ने अधिकार हुनु।
- जनसंख्याको ठुलो हिस्साको मुख्य पेशा कृषि र पशुपंक्षी पालनमा संलग्न रहनु।
- कृषिमा विविधिकरण, ब्यासायिकरण र यान्त्रीकीकरण गर्दै निर्वाहमुखी  कृषि प्रणालीलाई ब्यवसायिक बनाउदै लैजाने नीति लिइएको।
- प्रसस्त जडिवुटी उत्पादन भएको।
- भौगोलिक तथा जैविक विविधताका कारण विविध प्रकारका बालीनाली तथा पशुपंक्षी पालनको संम्भाव्यता हुनु।
- मुल्यबान औषधि र जडिबुटिका लागि उपयुक्त बाताबरण भएको, प्राकृतिक रूपमा उपलब्ध भएको। वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई ब्यवसायिक खेतीमा  तथा पशुपालनमा लाग्न अनुदान मार्फत आकर्षण गर्न सकिने।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच:** *पोषण तथा खाद्य सुरक्षाको सुनिश्चितता*

**लक्ष्य:** *आर्थिक समृद्धका लागि कृषिको व्यावसायिकरण तथा बजारिकरणमा सहयोग पुर्याउने*

**उद्देश्यहरू**

- व्यावसायिक र उच्च प्रतिफल दिने  उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न केन्द्रित हुने।

- नगरपालिकामा रहेका उत्पादनशील क्षेत्रहरूलाइ नमूना कृषि क्षेत्रको रूपमा विकास गर्नु।
- कृषिमा स्थानीय सीप एवं कच्चा पदार्थमा आधारित उद्योगहरूको विकास गर्नु।
- उत्पादित कृषिजन्य बस्तुको उपयुक्त बजारमूल्य निर्धारण, निर्यात गर्नुपर्ने।
- व्यवसायिक जडीबुटी उत्पादन तथा प्रशोधनलाई उच्च प्राथमिकता दिनु।

**रणनीति तथा कार्यनीतिहरु**

नगरपालिकाको प्रथम आवधिक योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि आर्थिक विकास क्षेत्रमा, कृषि क्षेत्रमा देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम कार्यान्वयन गरिने छ।

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| **उद्देश्यः १ व्यावसायिक र उच्च प्रतिफल दिने उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न केन्द्रित हुने।** | |
| १.१ | **व्यवसायिक सोचको अभिवृद्धि गर्न कृषक अभिमुखीकरण तथा तालिमको व्यवस्था गर्ने** |
| १.१ १ | अगुवा कृषकहरूको क्षमता अधिवृद्धीका लागि अभिमुखीकरण गरिने छ। |
| १.१.२ | अगुवा कृषकहरू विवरण संकलन तथा अगुवा कृषक छनौट गरिनेछ। |
| १.१.३ | मापदण्ड निर्धारण गरी वडा स्तरीय उत्कृष्ट कृषक पुरस्कारको व्यवस्था गरिने छ। |
| १.१.४ | प्रत्येक वडामा कृषक पाठशाला सञ्चालन गरिने छ। |
| **१ २. कृषि पकेट क्षेत्रको विकास गर्ने** | |
| १..२१ | नगदेबाली तथा फलफूल बाली विशेष स्रोत केन्दको निर्माण गरिने छ। |
| **१ ३. अत्यावस्यक कृषि सामाग्रीको पहुँच र उपलब्धता सुनिश्चित गर्ने।** | |
| **१ ४. प्रत्येक वडामा प्राङ्गारीक तथा हरित मल उत्पादन सम्बन्धी तालिमको आयोजना गरिने छ।** | |
| १..४१ | किसानले खरिद गर्ने कृषि औजारमा मापदण्डका आधारमा अनुदान दिइने छ। |
| **१.५ कृषि प्रविधि, मल तथा विषादिको प्रयोग सम्बन्धी कृषक ज्ञान अभिवृद्धि गर्ने** | |
| १..५१ | वडास्तरीय कृषक पाठशालामा मल, विउविजन र विषादी प्रयोग सम्बन्धी सामाग्री सम्प्रेषण गरिने छ। |
| १.५.२ | वडास्तरमा घुम्ती माटो परीक्षण शिविर सञ्चालन गरिने छ। |

### आ) जडीबुटी

यस नगरपालिकामा प्राकृतिक बरदान स्वरुप पाइने विभिन्न खालका औषधिजन्य तथा पोषणका हिसाबमा बिश्व चर्चित जडीबुटीका दृष्टिकोणमा पनि यस नगरपालीका निकै धनी छ। यस नगरपालीकाको साबिकको पाहाडा गा.बि.सको उत्तरी हिमाली भू भाग, त्रिपुराकोट गा.बि.स.को उत्तरी भू भागमा यार्सागुम्ब, र अन्य भू–भागमा जटामसी, पाँच औले, चिराइतो, च्याउ, सेतो चिनि, जटामसी, कुडुको, पदमचाल्नु, पाचँ औले, अतिस, कुटकि, बिष जरा, झिझलकाडा, निरबिसि, सुजित्रो, समायो जस्ता जडीबुटीहरु पाइन्छ। जसले मानिसहरुको जिविकोपार्जनको ठुलो भुमिका खेल्दछ।

| **उद्देश्य: २ व्यवसायिक जडीबुटी उत्पादन तथा प्रशोधनलाई उच्च प्राथमिकता दिनु।** | |
|---|---|
| ५.१ नगरपालिकामा पाइने बहुमूल्य जडीबुटीहरूको पहिचान र संरक्षण गर्ने | ५.१.१ विज्ञको सहयोगमा नगरपालिकाभर पाइने जडीबुटीहरूको पहिचान गरी विवरण संकलन गरिने छ।<br>५.१.२ पहिचान भएका जडीबुटीको नमूना तथा तीनको गुण विशेषता र उपयोग बारे सुचि तयार गरिने छ।<br>५.१.३ आफ्नो वरपर रहेका बहुमूलय जडीबुटीको पहिचान र संरक्षण गर्न जनस्तरमा जनचेचना फैलाउन स्थानीय संचार माध्यमहरूको सहयोग लिइनेछ।<br>५.१.४ पूर्ण विवरण तयार पारी जडीबुटीको फाइदा र विशेषता सहित ब्रोसर तथा पुस्तक तयार पारिनेछ।<br>५.१.५ स्थानीय स्तरमा प्राप्त हुने बहुमूल्य र स्वास्थ्य हितकारी जडीबुटीहरूको पहिचान र संरक्षण गरी सदुपयोग गर्न जनचेतनामूलक कार्यक्रम निर्माणगरी प्रसारण गरिने छ। |
| ५.२ कृषकलाइ व्यवसायीक जडीबुटी उत्पादनका लागि प्रोत्साहन गरिने छ | ५.२.१ नगरपालिकामा जडिबुटि उत्पादन पेशागत र व्यवसायिक बनाउन चाहने कृषकको विवरण संकलन गरिने छ।<br>५.२.२ इच्छुक कृषकहरूलाई नगरपालिकाको तर्फबाट व्यावसायिक जडीबुटी उत्पादनको संभाव्यता, बजार र प्राविधिक ज्ञानबारे तालिम प्रदान गर्न सहयोग गरिने छ। |
| ५.३ कृषि र जडीबुटी उत्पादनलाइ एकीकृत गरी व्यवसायिकता प्रबर्धन गरिने छ। | ५.३.१ कृषिसँगै जडीबुटी समेत उत्पादन गर्ने कृषकलाइ जडीबुटी उत्पादन सम्बन्धी ज्ञान, सिप र प्रविधि हस्तान्तरण गर्न सहयोग पुर्याइने छ।<br>५.३.२ अन्तरबाली अन्तर्गत कृषि बाली सँगसँगै जडीबुटी उत्पादन गर्ने कृषकलाइ तालिमको व्यवस्था गरिने छ।<br>५.३.३ नगरपालिकामा खेर गैरहेको जमिन र वनक्षेत्रलाइ व्यवसायिक जडीबुटी उत्पादन गर्न निजी क्षेत्रलाइ लिजमा दिन व्यवस्था मिलाईने छ।<br>५.३.४ कृषि उपज संकलन केन्द्रलाइ जडीबुटी समेत संकलन केन्द्रका रूपमा विकास गरिने छ।<br>५.३.५ अति विपन्न वर्ग र न्यून आय भएका कृषकहरूलाइ जडिबुटी उत्पादनमा आकर्षण गर्न ब्याजमा अनुदान दिने व्यवस्था मिलाईने छ। |

## कृषि तथा जडीबुटीको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ई का ई | बजेट रु हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१ | १.१.१ | कृषक वर्गीकरण तथा परिचय पत्र वितरण | | ० | ४० | ४२ | ४४ | ४६ | ४८ | नगर पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.१.२ | व्यवसायिकरण सम्बन्धी अगुवा कृषक अभिमुखीकरण | | ० | ३० | ३५ | ४० | ४५ | ५० | नगर पालिका |
| | | १.१.३ | प्रत्येक वडामा बाली विशेष पकेट क्षेत्र निर्माण | | ० | १०० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.१.४ | प्रत्येक वडामा खेर गइरहेका तथा उर्वर खेती क्षेत्रको पुनर्उत्थानका लागि पहिचान, सर्वेक्षण र विवरण संकलन | | ० | ४५ | ० | ० | ० | ० | नगर पालिका |
| | | १.१.५ | वडास्तरीय प्राङ्गारीक तथा हरित मल उत्पादन तालिम | | ० | ३५ | ३७ | ३९ | ४१ | ४३ | नगर पालिका |
| | २.१ | २.१.१ | वडास्तरीय कृषि उपज तथा जडीबुटी संकलन केन्द्र निर्माण | | ० | ० | ० | २०० | ० | ० | नगर पालिका |
| | | २.१.२ | नगरपालिका स्तरीय चिश्यान केन्द्र (शीत भण्डार) निर्माण | | ० | १०० | १२५ | १३० | १३५ | १४० | नगर पालिका |
| | | २.१.३ | बीज बैङ्क स्थापना | | ० | ० | ० | १५० | ० | ० | नगर पालिका |
| | ३.१ | ३.१ | रैथाने प्रजातिका बालीहरूको पहिचान तथा बीज बैङ्क स्थापना | | ० | २० | २२ | २५ | २८ | ३० | नगरपा लिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ४.१.१ | जडिवुटी जोन स्थापना, सम्भाव्यता अध्ययन, औषधिय पर्यटन तथा जडिवुटी क्षेत्र विकास कार्य योजना निर्माण | | ० | ६० | ० | ० | ० | ० | नगर पालिका |
| | ४.२ | ४.२.१ | जडीबुटी उत्पादक कृषकको विवरण संकलन | | ० | ५० | ५२ | ५४ | ५६ | ५८ | नगर पालिका |
| | | ४.२.२ | जडीबुटी उत्पादन सम्बन्धी तालिम सञ्चालन | | ० | ४० | ४५ | ४८ | ५० | ५३ | नगर पालिका |
| | | ४.२.३ | आयुर्वेद, प्राकृतिक चिकित्सा, योग प्रशिक्षक विज्ञ तथा कृषक अन्तर क्रिया कार्यक्रम | | ० | ३० | ३२ | ३२ | ३३ | ३४ | नगर पालिका |

**इ) पशुपंक्षी विकास**

यस नगरपालिकाका कुल घरपरिवारहरू मध्ये ग्रामीण क्षेत्रका केहि परिवारले पशुपंक्षी पाल्ने गरेका छन् । यहाँ गाई, भैसी, बाख्रा, भेडा, कुखुरा, घोडा, चौरी लगायतका पशुपंक्षीहरूको व्यवसायीक उत्पादनको राम्रो सम्भावना रहेको छ । व्यावसायिक हिसाबले हेर्दा कृषकहरूले सबैभन्दा बढी गाई, बाख्रा, कुखुरा, घोडा, चौरी पाल्ने र बिक्री गर्ने गर्दछन् । पशुपन्छी पालनमा आधुनिकीकरण र व्यवसायीकरण हुन नसकेकोले यिनीहरूको बिक्री वितरणबाट प्राप्त हुने आम्दानी भने न्यून रहेको छ । पशुपालनको राम्रो सम्भावना भएतापनि यहाँ भैसि पालन गरेको प्राय पाइदैन तर यसको बजार भने राम्रो देखिन्छ भने व्यावसायिक बाख्रा, भेडा तथा कुखुरा पालनबाट मासुमा आत्मनिर्भर भइ निर्यात प्रबर्धन गर्न सकिन्छ ।

**सबल पक्ष  मुख्य सम्भावना र अवसरहरू**

- पशुपन्छीको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधान कार्यक्रमलाई निःशुल्क गर्ने नीति लिइनुपर्ने ।

- बाख्रपालन, भेडापालन, चौरीपालन तथा कुखुरापालनबाट आय स्तर सुधार गराउन सकिने।
- पशुपन्छी जन्य उत्पादनमा आधारित उद्योगहरू सञ्चालन गर्न सकिने।
- सामुदायिक होमस्टे तथा पर्यटन प्रबर्धन गरी स्थानीय स्तरमा उत्पादन भएका पशुपक्षीजन्य परिकारको खपत बढाउन सकिने।

**समस्या र चुनौतीहरू**

- पशुपंक्षी व्यवसायको व्यवसायीकरण र आधुनिकिकरण हुन नसकेको।
- युवा तथा व्यवसायीक सोचका कृषि उद्यमीहरूलाइ यस क्षेत्रमा आकर्षण गर्ने चुनौती रहेको।
- पशुपक्षीं परम्परागत र निर्वाहमुखी रहेको।
- पशुपक्षीको उपचार पर्याप्त नभएको।
- पशुपक्षीजन्य उत्पादनको पर्याप्त बजारको संभाव्यता अध्ययन नभएको।

**दिर्घकालिन सोच:** व्यवसायिक पशुपन्छी पालन मार्फत आर्थिक स्तर सुधार गर्ने

**लक्ष्य:** आधुनिक र व्यवसायिक पशुपन्छी पालनबाट निर्यातमुखी उत्पादनलाइ वृद्धि गराउने

**उद्देश्यहरू**

- पशुपन्छी पालनलाइ व्यवसायिक बनाउनु।
- पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रबर्धन गर्नु।
- चौरी जन्य बस्तुको व्यवसायिक उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रबर्धन गर्नु।

**रणनीति तथा कार्यनीतिहरु**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य: १ पशुपन्छी पालनलाइ व्यवसायिक बनाउनु।** | |
| १.१ पशुपन्छी पालनमा व्यवसायिकता अभिवृद्धि गर्न कृषक अभिमुखीकरण गर्ने | १.१.१ वडास्तरमा उद्यमशील सोच भएका इच्छुक युवा तथा अग्रणी कृषकहरूको पहिचान गरिने छ।<br>१.१.२ कृषि उद्यमीहरूको उत्प्रेरणाका लागि वडास्तरमा उनीहरूको सोच र योजनाबारे सूचना संकलन गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ<br>१.१.३ इच्छुक युवा तथा अन्य अगुवा कृषकहरूको लगत संकलन पश्चात पशुपन्छी पालन सम्बन्धी असल अभ्यास तथा प्राविधिक पक्षहरूबारे वर्षमा एक पटक अभिमुखीकरण तथा तालिम सञ्चालन गरिने छ। |
| १.२ युवा उद्यमीहरूलाइ यसतर्फ आकर्षित गर्न विशेष सहुलियत प्रदान गर्ने | १.२.१ निश्चित मापदण्डका आधारमा एकल तथा सामूहिक रूपमा पशुपन्छी पालनमा व्यवसायिक रूपमा जान खोज्ने कृषक, कृषक समूह तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाइ ब्याजमा अनुदान दिइने छ। |

| | |
|---|---|
| | १.२.२ स्थानीय सहकारी तथा समूहमा व्यवसाय गर्न चाहनेहरूलाइ निश्चित प्रतिशत ब्याज तथा सहुलियत तथा लगानीमा अनुदान प्रदान गरिने छ। |
| १.२.१निश्चित मापदण्डका आधारमा एकल तथा सामूहिक रूपमा पशुपन्छी पालनमा व्यवसायिक रूपमा जान खोज्ने कृषक, कृषक समूह तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाइ ब्याजमा अनुदान दिइने छ।<br>१.२.२ स्थानीय सहकारी तथा समूहमा व्यवसाय गर्न चाहनेहरूलाइ निश्चित प्रतिशत ब्याज तथा सहुलियत तथा लगानीमा अनुदान प्रदान गरिने छ। | १.३.१ पशुपालनलाइ आवश्यक घाँसको उत्पादन वीउ तथा बेर्ना वितरण गरिने छ।<br>१.३.२ खेर गैरहेको जमिनमा घाँस रोप्न कृषकलाइ प्रोत्साहन गर्न घाँसको व्यवसायिक उत्पादन सम्बन्धी तालिम सञ्चालन गरिने छ।<br>१.३.३ पशु बिमा कार्यक्रमलाइ कृषक मैत्री र प्रभावकारी बनाउन बिमा कम्पनीको समन्वयमा अन्तरक्रिया कार्यक्रम गरिने छ।<br>१.३.४ पशु रोग नियन्त्रणका लागि भ्याक्सिनेसन को व्यवस्था गरिने छ।<br>१.३.५ उन्नत र उच्च प्रतिफल दिने पशुनश्ल सुधार तथा कृत्रिम गर्भाधान सेवालाइ विस्तार गरिने छ।<br>१.३.६ पशुपालन पकेट क्षेत्र स्तरीय घाँस बीज बैङ्क तथा डालेघाँस नर्सरी स्थापनाका लागि संम्भाव्यता अध्ययन गरिनेछ।<br>१.३.७ स्थानीय उपजमा आधारित दाना उद्योग खोल्ने उद्यमीलाइ मापदण्डका आधारमा सहुलियत प्रदान गरिने छ।<br>१.३.८ व्यवसायिक पशुपालन कृषकलाइ लागत सहभागिता वितरण गरिने छ। |
| **उद्देश्य: २ पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रबर्धन गर्नु।** | |
| २.१ कृषि तथा पशुपन्छी तथ्याङ्क प्रणालीको विकास गर्ने | २.१.१ नगरपालिकाभर पालिने पशुपन्छीको विवरण अद्यावधिक गर्ने तथ्याङ्क प्रणालीको निर्माण गरिने छ।<br>२.१.२ नगरपालिकामा हरेक वर्ष पशुपन्छी जन्य उत्पादनको माग आपूर्तिको वस्तुपरक सूचना प्राप्त गरी उत्पादनलाइ निर्यातमुखी बनाइने छ।<br>२.१.३ हरेक वर्ष नगरपालिकाबाट निर्यात हुने पशुजन्य उत्पादनको वस्तुपरक सूचना अद्यावधिक गरिने छ। |
| २.२ पशुपन्छीजन्य उत्पादनको निर्यात गर्ने | २.२.१ नगरपालिकामा उत्पादन हुने पशुपन्छी संकलन केन्द्रको स्थापना गरिने छ।<br>२.२.२ पशुपन्छीजन्य उत्पादनको ब्रान्डिङ, लेबलिङ, प्याकेजिङ तथा गुणस्तर जाँच गर्ने व्यवस्था मिलाईने छ।<br>२.२.४ उत्पादन र मागको सन्तुलन कायम गर्न ठूला बजारका कृषि उपज संकलन तथा व्यापारीहरूसँग सम्पर्क तथा माग संकलन गर्ने संयन्त्रको निर्माण गरिने छ। |

**पशुपंक्षी पालनको विस्तृत कार्यक्रम**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट रु हजारमा | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | ११. | ११.१. | अगुवा तथा युवा पशुपन्छी पालक कृषक पहिचान | | | ४० | ० | ० | ० | ० | नगर पालिका |
| | | १३.१. | कृषक विशेष अभिमुखीकरण तथा तालिम | | ० | ० | ४० | ४२ | ४४ | ४६ | नगर पालिका |
| | १२. | ११.२. | व्यवसायिक पशुपन्छी पालक, युवा कृषक, वैदेशिक रोजगारीबाट फर्किएका युवा लाइ ब्याज अनुदान | | ० | ५० | ५५ | ५६ | ५९ | ६० | नगर पालिका |
| | | १२.२. | उन्नत जातका बोका, घोडा, बहर तथा माउमा अनुदान | | ० | १०० | १२५ | १२७ | १३० | १३५ | नगर पालिका |
| | | १४.२. | बेरोजगार युवाहरूलाई पशुपंक्षिपालन विशेष अनुदान | | ० | ५० | ५५ | ५८ | ६० | ६५ | नगर पालिका |
| | १३. | ११.३. | घाँसको बीउ तथा बेर्ना वितरण | | ० | ४० | ४२ | ४३ | ४४ | ४५ | नगर पालिका |
| | | १२.३. | घाँसको व्यवसायिक उत्पादन सम्बन्धी कृषक तालिम | | ० | ३५ | ४० | ४३ | ४४ | ४५ | नगर पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १६.३. | उन्नत नश्ल तथा कृत्रिम गर्भाधान सेवा विस्तार | | ० | ५० | ५२ | ५३ | ५४ | ५६ | नगर पालिका |
| | | १७.३. | कृषि दाना उद्योग सहुलियत अनुदान | | ० | ७० | ७२ | ७४ | ७६ | ७८ | नगर पालिका |
| | | ११.३.३ | ह्याचरी उद्योग स्थापना संम्भाव्यता अध्ययन तथा निजी क्षेत्र अन्तरक्रिया | | ० | ० | ४० | ४२ | ४४ | ४५ | नगर पालिका |
| २ | २१. | २१.१. | पशुपन्छी तथ्याङ्क अद्यावधिक प्रणाली निमार्ण | | ० | ८० | ० | ० | ० | ० | नगर पालिका |
| | | २३.२. | प्रशोधन, लेबलिङ, गुणस्तर मापन तथा ब्रान्डीङ सम्बन्धी तालिम | | ० | ३५ | ३७ | ३९ | ४१ | ४५ | नगर पालिका |
| ३ | ३१. | ३१.१. | बंगुर, पालक कृषक विवरण संकलन | | ० | ३० | ३३ | ३७ | ४० | ४३ | नगर पालिका |
| | | ३२.१. | पशुपालन तालिम सञ्चालन | | ० | ८० | ८१ | ८२ | ८३ | ८४ | नगर पालिका |
| | ३३. | ३१.३. | स्थानीय तथा ठूला उपभोक्ता बजारमा मागको अध्ययन | | ० | ५० | ० | ० | ० | ० | नगर पालिका |

### ४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**अपेक्षित उपलब्धि**

- सम्पूर्ण खेतीयोग्य जमिनको पूर्ण सदुपयोग भएको हुनेछ।
- कृषि क्षेत्र वैज्ञानिक र व्यवसायिक साथै निर्यातमुखी भएको हुनेछ।
- खाद्यान्न र मासु आत्मनिर्भर हुनेछ।
- कृषिमा युवा कृषकहरूको आकर्षण बढेको हुनेछ।
- व्यवसायीक जडीबुटी उत्पादनको सुरुवात भएको हुनेछ।
- फलफूल खेतिको विकास भइ किसानहरूको जीवनस्तरमा बढोत्तरी भएको हुनेछ।

**नतिजा खाका**

| क्र.स. | नतिजा को तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | प्रभाव | कृषि क्षेत्रको उत्पादन वृद्धि दर | प्रतिशतमा | ०८१-०८२ | ०८५-०८६ |
| २ | प्रभाव | कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनका योगदान | प्रतिशतमा | ०८१-०८२ | ०८५-०८६ |
| ३ | प्रभाव | पूर्ण खाद्य सुरक्षा भएका घरधुरी | प्रतिशतमा | ०८१-०८२ | ०८५-०८६ |
| ४ | असर | खेतीयोग्य जमिन मध्ये पूर्णरूपमा खेती भैरहेको जमिन | प्रतिशतमा | ०८१-०८२ | ०८५-०८६ |
| ५ | असर | झाडी बुट्यान र बाँझो जमिनको | प्रतिशतमा | ०८१-०८२ | ०८५-०८६ |
| ६ | असर | पूर्ण रूपमा व्यवसायिक कृषिमा प्रयोग भईरहेको जमिन | प्रतिसतमा | ०८१-०८२ | ०८५-०८६ |
| ७ | असर | वर्षैभरी सिंचाई सुविधा पुगेको जमिन | प्रतिसतमा | ०८१-०८२ | ०८५-०८६ |
| ८ | असर | जैविक प्रणालीबाट मात्र खेती भैरहेको जमिन | हेक्टर | ०८१-०८२ | ०८५-०८६ |
| ९ | असर | मकै उत्पादन | मे.टन | ०८१-०८२ | ०८५-०८६ |
| १० | असर | ओखर | मे.टन | ०८१-०८२ | ०८५-०८६ |
| ११ | असर | स्याउ फलफुल | मे.टन | ०८१-०८२ | ०८५-०८६ |
| १२ | असर | आलु उत्पादन | मे.टन | ०८१-०८२ | ०८५-०८६ |
| १३ | असर | अन्य तरकारी उत्पादन | मे.टन | ०८१-०८२ | ०८५-०८६ |
| १४ | असर | केशर उत्पादन | किलो | ०८१-०८२ | ०८५-०८६ |
| १५ | प्रतिफल | एग्रोभेट | संख्या | ०८१-०८२ | ०८५-०८६ |
| १६ | प्रतिफल | पशु उपचार केन्द्र | संख्या | ०८१-०८२ | ०८५-०८६ |
| १७ | प्रतिफल | कृषि औजार बिक्री केन्द्र | संख्या | ०८१-०८२ | ०८५-०८६ |
| १८ | प्रतिफल | व्यवसायिक कृषि फर्म | संख्या | ०८१-०८२ | ०८५-०८६ |
| १९ | प्रतिफल | आधुनिक कृषि औजार तथा यन्त्र प्रायोगकर्ता | कृषक संख्या | ०८१-०८२ | ०८५-०८६ |
| २० | प्रतिफल | कृषि सहकारी संस्था | संख्या | ०८१-०८२ | ०८५-०८६ |

| क्र.स. | नतिजा को तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| २१ | प्रतिफल | रैथाने तर नासिने अवस्थामा पुगेका स्थानीय बाली नश्ल | संख्या | ०८१-०८२ | ०८५-०८६ |
| २२ | प्रतिफल | जैविक किटनासक प्रयोगकर्ता | कृषक संख्या | ०८१-०८२ | ०८५-०८६ |
| २३ | प्रतिफल | कृषि क्षेत्रलाइ छुट्याइएको बजेट | प्रतिशत | ०८१-०८२ | ०८५-०८६ |
| २४ | प्रतिफल | वैकल्पिक सिंचाइ प्रविधि प्रयोगकर्ता कृषक | प्रतिशत | ०८१-०८२ | ०८५-०८६ |
| २५ | प्रतिफल | कृषि तथा पशु प्राविधिक जनशक्ति | संख्या | ०८१-०८२ | ०८५-०८६ |
| २६ | प्रतिफल | कृषिमा आधारित उद्योग | संख्या | ०८१-०८२ | ०८५-०८६ |
| २७ | प्रतिफल | पशुपन्छी जन्य निर्यातबाट प्राप्त रकम | लाखमा | ०८१-०८२ | ०८५-०८६ |
| २८ | प्रतिफल | कृषक समूह | संख्या | ०८१-०८२ | ०८५-०८६ |
| २९ | प्रतिफल | व्यवसायिक तरकारी उत्पादन गरिएको क्षेत्रफल | हेक्टरमा | ०८१-०८२ | ०८५-०८६ |
| ३० | प्रतिफल | कृत्रिम गर्भादान सेवा संख्या | वार्षिक | ०८१-०८२ | ०८५-०८६ |
| ३१ | प्रतिफल | उन्नत नश्लका पशुपन्छी स्रोत केन्द्र संख्या | संख्या | ०८१-०८२ | ०८५-०८६ |
| ३२ | प्रतिफल | रैथाने पन्छी तथा पशुपालक फार्म संख्या | संख्या | ०८१-०८२ | ०८५-०८६ |
| ३३ | प्रतिफल | घाँसेबालीले ओगटेको कृषि क्षेत्र | हेक्टरमा | ०८१-०८२ | ०८५-०८६ |
| ३४ | प्रतिफल | भेटिरिनरी भेटिरिनरी प्रयोगशाला | संख्या | ०८१-०८२ | ०८५-०८६ |
| ३५ | प्रतिफल | कृषि प्रर्दशनी तथा मेला | संख्या वार्षिक | ०८१-०८२ | ०८५-०८६ |

### ४.१.६ अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता हुनेछ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ।
- कुनै प्रकारको ठुलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ।

## ४.२ सिंचाई

### ४.२.१ पृष्ठभूमि

खाद्यान्न बाली, नगदेबाली तथा जडिवुटि उत्पादनमा राम्रो सम्भावना रहेको यस नगरपालिकामा विभिन्न आयोजनाहरू सञ्चालनमा रहेका छन। यसको उपयोग गरी कृषि क्षेत्रलाई व्यवस्थित बनाई नगरपालिकाको अर्थतन्त्र लाई बलियो बनाउन सकिन्छ। कृषिको मुख्य पूर्वाधार मानिने सिँचाइलाई यस नगरपालिकाले मुख्य प्राथमिकतामा राखी प्रस्तावित योजनाहरूमात्र पनि सफल वनाउन सके कृषि क्षेत्रमा यस नगरपालिकाले उपलव्धी हासिल गर्न सक्ने देखिन्छ।

### ४.२.२ समस्या तथा चुनौती

- उपलब्ध जलस्रोतको पूर्णरूपमा सदुपयोग हुन नसकेको।
- परम्परागत प्रविधिमा आधारित कुलोहरूको मर्मत संभार नियमित हुन नसकेको।
- परम्परागत सिंचाइ प्रविधिहरूको निर्माणमा पनि भौगोलिक कठिनाइका कारण निर्माण लागत उच्च रहेका।
- आधुनिक सिंचाई परियोजनाहरू खर्चिलो भएका कारण ठुलो आकारको बजेट आवश्यकता पर्ने।
- वैकल्पिक सिंचाइ सुविधाको अभ्यास हुन नसकेका

### ४.२.३ संभावना तथा अवसर

- पर्याप्त खोला तथा जलस्रोतको रहेकोले कुलो मार्फत नगरपालिकाको अधिकांश खेतियोग्य जमिनलाई सिंचित गर्न सकिने।
- नगरपालिकामा रहेका खोला नालाहरू लगायतका पानीका मुहानहरूलाई संरक्षण गरी सम्भाव्यता अध्ययन तथा सिंचाई योजना निर्माणबाट कृषि उत्पादनमा व्यापक वृद्धि गर्न सकिने।
- प्रत्येक वडामा रहेका परम्परागत सिंचाई कुलाहरूको मर्मतसम्भार तथा स्तरोन्नति गरी सुविधायुक्त बनाउन सकिने।
- वैकल्पिक सिँचाइ थोपा सिँचाइ, फोहोरा सिँचाइ तथा प्लास्टिक पोखरी आदिबाट सिँचाइ सुविधा पुयाउन सकिने।
- विद्युतीकरण मार्फत सिंचाई सहजीकरण गर्न सकिने।
- कृत्रिम जलाशयहरू निर्माण गरेर समेत खेतीयोग्य भूमिमा सिंचाइ सुविधा पुर्याउन सकिने।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दिर्घकालिन सोच:** सिचाईमा क्रान्ती, बाह्रै महिना पूर्ण सिंचाइ युक्त नगरपालिका

**लक्ष्य:** खेतीयोग्य तथा बाँझो जमिनमा दिगो सिंचाईको व्यबस्थापन गरी उच्च प्रतिफल दिने उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान पुर्याउने।

**उद्देश्यहरू**

- सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा सिंचाई सुविधा पुर्यायाइ कृषिमा आत्मनिर्भर हुने।
- सिंचाई प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य: १ सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा सिंचाई सुविधा पुर्याइ कृषिमा आत्मनिर्भर हुने।** | |
| १.१ परम्परागत तथा वैकल्पिक प्रविधिको प्रयोग गरी खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुर्याउने | १.१.१. नगरपालिका भएर बग्ने नदी, खोला, नाला, ताल, पोखरीहरू लगायत पानीका मुख्य स्रोतहरू र तिनका जलाधार क्षेत्रको नक्सांकन गरी विस्तृत विवरण तयार गरिने छ।<br>१.१.२. परम्परागत सिंचाई कुलाहरूको मर्मतसम्भार तथा स्तरोन्नति गरी सुविधायुक्त बनाइनेछ।<br>१.१.३. सम्भाव्यता अध्ययन गरी सिंचाई संरचनाहरू क्रमशः निर्माण गर्दै सिंचाई सुविधा बढाउँदै लगिनेछ।<br>१.१.४. सतह सिंचाईको सम्भावना नभएका स्थानमा वैकल्पिक तथा नयाँ प्रविधिमा आधारित सिंचाई जस्तै थोपा सिंचाई, फोहरा सिंचाई, वर्षातको पानी संकलन, प्लास्टिक पोखरीको सम्भाव्यता अध्ययन गरी उपयुक्त स्थान र वडाहरूमा कार्यान्वयनमा ल्याइनेछ।<br>१.१.५ पोखरीहरूको निर्माण र व्यवस्थापन अभियानका रूपमा सञ्चालन गरी प्रत्येक वडामा वहुउदेश्यीय नमुना पोखरी निर्माण गरिने छ। यस अभियान अन्तर्गत पोखरीहरूको पुर्नउत्थानलाई प्राथमिकता दिइने छ। |
| **उद्देश्य: २ सिंचाई प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने।** | |
| २.१. उच्च प्रतिफल युक्त कृषि उत्पादनको सम्भावना बोकेका क्षेत्रलाई प्राथमिकतामा राखेर सिंचाई प्रणालीको विकास गर्ने। | २.१.१. चक्लाबन्दी भएका क्षेत्र, कृषि पकेट क्षेत्र तथा निजी कृषि फर्ममा आवश्यकताको आधारमा सिंचाईको व्यवस्था गरिने छ।<br>२.१.२. कृषि विद्युतीकरण मार्फत सिंचाई प्रणाली सुदृढिकरण गरिने छ। |
| २.२ संस्थागत संरचना सुदृढीकरण गर्ने। | २.३.१. मर्मत संभार कोष स्थापना गरी नियमित मर्मत संभार गर्ने व्यवस्था गरिने छ।<br>२.३.२. पोखरी खोला तथा मुहान संरक्षणका लागि स्थानीयवासीहरूको सहभागिता सुनिश्चित गरिने छ साथै सिंचाइ उपभोक्ता समितिको क्षमता विकास गरिने छ।<br>२.३.३. मुहानहरू संरक्षण कार्य योजना जस्तै बायो इन्जिनियरिङ्ग, पोखरी तथा हरित क्षेत्र विकास कार्यक्रम प्रत्येक वडामा सम्भाव्य क्षेत्रमा संचालन गरिने छ।<br>२.३.४. मानवीय हस्तक्षेप तथा जलवायु परिवर्तनका कारण जलस्रोत क्षेत्रमा परेको असर न्यूनीकरण गर्ने कार्ययोजना निर्माण गरी लागू गरिने छ। |

| | |
|---|---|
| | २.३.५. सिंचाई आयोजना सञ्चालन र व्यवस्थापन प्रणालीलाईस्वचालित र आत्मनिर्भर बनाउनका लागि न्यूनतम उपभोगको मात्रा अनुसार सेवा शुल्क निर्धारण गरी संकलन गरिने छ। |

**सिंचाइको विस्तृत कार्यक्रम**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट रु. हजारमा | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१. | १.१.१. | जलाधार क्षेत्रको विवरण संकलन तथा नक्सांकन | | ० | ८० | | | | ३०० | नगर पालिका |
| | | १.१.२. | वडा नं. १ सिंचाइ आयोजा | | ० | ५०० | | | | २०० | नगर पालिका |
| | | १.१.२. | वडा नं. २ सिंचाइ आयोजा | | | ५०० | | | | २०० | नगर पालिका |
| | | १.१.२. | वडा नं. ३ सिंचाइ आयोजा | | | ५०० | | | | २०० | नगर पालिका |
| | | १.१.२. | वडा नं. ४ सिंचाइ आयोजा | | | ५०० | | | | २०० | नगर पालिका |
| | | १.१.२. | वडा नं. ५ सिंचाइ आयोजा | | | ५०० | | | | २०० | नगर पालिका |
| | | १.१.२. | वडा नं. ६ सिंचाइ आयोजा | | | ५०० | | | | २०० | नगर पालिका |
| | | १.१.२. | वडा नं. ७ सिंचाइ आयोजा | | | ५०० | | | | २०० | नगर पालिका |
| | | १.१.२. | वडा नं. ८ सिंचाइ आयोजा | | | ५०० | | | | २०० | नगर पालिका |
| | | १.१.२. | वडा नं. ९ सिंचाइ आयोजा | | | ५०० | | | | २०० | नगर पालिका |
| | | १.१.२. | वडा नं. १० सिंचाइ आयोजा | | | ५०० | | | | २०० | नगर पालिका |
| | | १.१.२. | वडा नं. ११ सिंचाइ आयोजा | | | ५०० | | | | २०० | नगर पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.१.३. | भूमिगत तथा सतह सिंचाई सम्भाव्यता अध्ययन तथा निर्माण | | | २०० | | | | | नगर पालिका |
| | | १.१.४. | वैकल्पिक सिंचाईको व्यवस्था | | ० | ० | ३०० | | | | नगर पालिका |
| २ | २.१. | २.१.१. | ठूला कृषि उत्पादन क्षेत्रमा सिंचाइको विशेष व्यवस्था | | ० | ७०० | ० | ० | ० | ० | नगर पालिका |
| | २.२. | २.२.१. | कृत्रिम जलाशय निर्माणको सम्भाव्यता अध्ययन | | | | २०० | ० | ० | ० | नगर पालिका |
| | | २.३.३. | हरित क्षेत्र विकास कार्यक्रम संचालन | | | १५० | ० | ० | ० | ० | नगर पालिका |
| | | २.३.४. | जलवायु अनुकूलन र न्यूनीकरण कार्यक्रम संचालन | | ० | १५० | ० | ० | ० | ० | नगर पालिका |
| | | २.३.६. | मुहान तथा जलाधार क्षेत्र संरक्षण कार्यक्रम संचालन | | | २०० | ० | ० | ० | ० | नगर पालिका |

### ४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

- सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा सिंचाई सुविधा पुगेको हुनेछ
- उच्च प्रतिफलयुक्त कृषि उत्पादन भएको हुनेछ।

### ४.२.६ अनुमान तथा जोखिम पक्ष

- आवश्यक बजेटको व्यवस्था हुनेछ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन।
- सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ।
- सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ।
- राजनैतिक स्थिरता हुनेछ।

## ४.३ पर्यटन, सँस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

**अ) पर्यटन**

प्राकृतिक सौन्दर्य, जैविक विविधता, बहुजातीय, बहुभाषीय, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण त्रिपुरासुन्दरी नगरपालिका पर्यटकिय गन्तव्यको रुपमा सम्भावना बोकेको नगरपालिका हो। पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ। त्यसैले पनि यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्धन गर्नु अत्यावश्यक भएको छ। त्रिपुरासुन्दरी नगरपालिका प्राकृतिक सौन्दर्यता, नदीहरू, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण हुने गर्दछ। यस नगरपालिकामा रहेको साँस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यता पर्यटक आकर्षण हो। नगरपालिकाका साँस्कृतिक, प्राकृतिक तथा ऐतिहासिक आकर्षणका क्षेत्रहरूले यस नगरपालिकालाई मनोरम र पर्यटकीय बनाएको छ। पर्यटनको प्रचुर सम्भावना भएको यस नगरपालिकामा विभिन्न पर्यटकीय स्थलहरुको पहिचान तथा संरक्षण र विकास गर्नु पर्ने आवश्यकता देखिन्छ।

### ४.३.२ समस्या तथा चुनौती

- नगरपालिका सबै सडक कच्ची अवस्थामा रहेकाले यातायातको भरपर्दो सुविधा नभएको।
- पर्यटक बस्न पर्याप्त र सुविधा सम्पन्न होटल तथा रेष्टुरेन्ट आदिको सुविधा नभएको।
- पर्यटन सूचना केन्द्र लगायतका सञ्चारका साधनहरूको पर्याप्त विकास नभएको।
- पर्यटकको सुरक्षाको उचित प्रबन्ध नभएको।
- आपतकालीन उद्धारको उचित व्यवस्था नभएको।
- पर्यटकीय स्थलहरूको उचित भौतिक विकास र प्रचारप्रसार नभएको।
- आकस्मिक स्वास्थ्य उपचार सेवा पर्याप्त नभएको।
- पर्यटक पथप्रदर्शक तथा व्यावसायिक ट्राभल ऐजेन्सीहरू नभएको।

- सबै स्थानमा पाएक पर्ने गरी बैंकिङ्ग तथा ए.टि.एम. सुविधा नभएको।
- नगरपालिकामा अवस्थित प्राकृतिक, धार्मिक, ऐतिहासिक र पौराणिक महत्वका स्थलहरूका बारेमा पर्याप्त प्रचारप्रसार नभएको।
- सीमित आयस्रोतका कारण पर्यटकीय पूर्वाधार विकास गर्न चुनौतीपूर्ण भएको।
- निजी क्षेत्रलाई आकर्षण गर्नुपर्ने चुनौती रहेको।

### ४.३.३ संभावना तथा अवसर

- स्थानीय मौलिक कला र संस्कृतिमा विशेष गरी जातजातिको सांस्कृतिक विकास र संरक्षण गरी अध्ययन केन्द्रको रूपमा विकास गर्न सकिने।
- त्रिपुरासुन्दरी मन्दिर क्षेत्रको संरक्षण तथा प्रर्वधन गर्ने।
- होमस्टे, प्राचिन सँस्कृतिको अध्ययन, सँग्रहालय, पिकनिक स्पटको निर्माण गर्ने।
- उपयुक्त स्थानहरुमा पार्कहरुको निर्माण गर्ने।
- शहरी योजना तथा भवन निर्माण मापदण्डको पूर्ण पालनमा जोड दिने।
- रमणिय प्राकृतिक स्थानहरु भएको।
- नगरपालिकालाई पर्यटकीय स्थलको रूपमा विकास गर्ने नीति लिइएको।
- पर्यटनका धेरै आयामहरूको सम्भावना र क्षेत्र रहेको।
- त्रिपुरासुन्दरी नगरपालिका सँस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणले धनी नगरपालिकाको रूपमा रहेको।
- प्रत्येक वर्ष पर्यटन महोत्सव आयोजना गरी सांस्कृतिक नाँच, भेषभूषा प्रदर्शनी, खानपान तथा परम्परागत सिपहरूको प्रदर्शनी गर्न सकिने।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच** आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिको आधार, पर्यटनको विकास

**लक्ष्य** आर्थिक, सामाजिक र सांस्कृतिक सम्पन्नताका लागि आगामी ५ वर्षमा पर्यटन क्षेत्रलाईएक आर्थिक आधारशीलाको रुपमा विकास गर्ने

**उद्देश्यहरू**

- आधारभूत पर्यटन पूर्वाधारको विकास गर्ने,
- कृषि पर्यटनको आधार विकास गर्ने,
- धार्मिक, साँस्कृति तथा ऐतिहासिक स्थानको प्रबर्धन गर्दै पर्यटनको विकास गर्ने,
- पदयात्रा तथा पर्यापर्यटनको विकास गर्ने।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य: १ आधारभूत पर्यटन पूर्वाधारको विकास गर्ने ।** | |
| १.१ प्रमुख पर्यटकीय स्थलसम्म पुग्ने सडकहरूको स्तरोन्नति गर्ने | १.१.१ प्रमुख पर्यटकीय क्षेत्रको विस्तृत विवरण र त्यहाँ पुग्ने प्रमुख मार्गहरूको वस्तुगत विवरण संकलन गरी प्रकाशन गरिने छ ।<br>१.१.२ संघीय र प्रादेशिक सरकारको सहयोगमा ती प्रमुख पर्यटकीय स्थलसम्म पुग्ने सडक विस्तार तथा स्तरोन्नति गरिने छ ।<br>१.१.३ बाह्य पर्यटकहरूलाइ यहाँ सम्म ल्याउन नगरपालिकामा रहेको बिमानस्थललाई सञ्चालनमा ल्याउने । |
| १.२ पर्यटन सूचना व्यवस्थथापन तथा सूचना केन्द्रलाई पूर्वाधार सम्पन्न बनाउने | १.२.१ पर्यटन सूचना केन्द्र स्थापना गरी त्यसलाई पूर्वाधार सम्पन्न बनाउने ।<br>१.२.२ पर्यटकलाईआवश्यक सम्पूर्ण सूचना जस्तै जानकारी, सावधानी, नक्सा, हावापानी, परिकार मेनु तथा सुरक्षा, मूल्य सूची, बसोबास सम्बन्धी विवरण संकलन गरी सूचना केन्द्रमा अद्यावधिक गरिने छ ।<br>१.२.३ पर्यटन वेभसाइट निर्माण गरिने छ ।<br>१.२.४ पर्यटन सम्बद्ध पत्रकारहरूसँग पत्रकार सम्मेलन गरिने छ |
| १.३ बसोवासको र सुरक्षाको आवश्यक प्रबन्ध गर्ने | १.३.१ नगरपालिकामा आउने पर्यटकलाई बसोबासको बन्दोवस्ती गर्न निजी क्षेत्रसँग अन्तरक्रिया गरी होटल, रिसोर्ट खोल्न सम्भाव्यता अध्ययन गरिने छ ।<br>१.३.२ ठूला होटल तथा रिसोर्टको तत्काल व्यवस्था गर्न नसक्ने स्थितिमा विशेष गरी स्थानिय समुदाय क्षेत्रमा घरवास (होमस्टे) पर्यटन प्रबर्धन गरिने छ ।<br>१.३.३ नगरपालिकास्तरीय एक गेस्ट हाउसको निर्माण गरिने छ ।<br>१.३.४ पर्यटक आकस्मिक स्वास्थ्य सेवाको प्रबन्ध गर्ने । |
| १.४ पर्यटन क्षेत्रस्तरीय योजना र पर्यटन विकास समिति निर्माण गर्ने | १.४.१ पर्यटन क्षेत्र स्तरीय समितिका सदस्यहरूलाई पर्यटक व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने<br>१.४.२ समिति मार्फत स्थानीय उत्पादन जस्तै रैथाने परिकार, चिनोको सामान, सांस्कृतिक गतिविधि, मेला सञ्चालन गर्न तालिम तथा अभिमुखीकरण गरिने छ ।<br>१.४.३ पर्यटन व्यवसायमा लाग्न इच्छुक युवा तथा लगानीकर्ताको पहिचान गरी अन्तरक्रिया कार्यक्रम गरिने छ । |
| **उद्देश्य: २ कृषि पर्यटनको आधार विकास गर्ने ।** | |

| | |
|---|---|
| २.१ सघन कृषि क्षेत्रको विकास गर्ने | २.१.१ फलफुल, जडिवुटी, पशुपंक्षीपालन तथा नगदेबाली नमुना सघन क्षेत्रहरूको राष्ट्रिय र क्षेत्रियस्तरका प्रचारप्रसार गर्न पत्रकार सम्मेलन गरिने छ। |
| **उद्देश्य: ३ धार्मिक, साँस्कृति तथा ऐतिहासिक स्थानको प्रबर्धन गर्दै पर्यटनको विकास गर्ने।** | |
| ३.१ धार्मिक स्थलको निर्माण र जिर्णोद्वार गर्ने | ३.१.१ सम्पूर्ण मुख्य ऐतिहासिक धार्मिक र पौराणिक स्थलहरूको डि.पि.आर तथा गुरुयोजना तयार पारिनेछ।<br>३.१.२ प्राथमिकता प्राप्त ऐतिहासिक तथा धार्मिकस्थलको व्यवस्थापन कार्य थालनी गरिने छ।<br>३.१.३ प्रत्येक वडामा रहेका प्रमुख ऐतिहासिक तथा धार्मिक स्थलहरूको समग्र व्यवस्थापन योजना निर्माण गरिने छ। |
| ३.२ नगरपालिकाका पर्यटकीय स्थलहरूको प्रचार प्रसार गर्ने | ३.२.१ हिमालय क्षेत्र, त्रिपुरासुन्दरी मन्दिर, छलको मन्दिरमा आउने पर्यटकहरूलाई लक्षित गरी नगरपालिकामा रहेका प्रमुख पर्यटकीय स्थलहरूको जानकारी दिने संयन्त्र निर्माण गरिने छ।<br>३.२.२ सबै धार्मिक क्षेत्र समेटेर वृतचित्र, पर्यटन पात्रो, पुस्तक साथै पत्रपत्रिका निर्माण गरी सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार गरिने छ। |
| **उद्देश्य: ४ पदयात्रा तथा पर्यापर्यटनको विकास गर्ने।** | |
| ४.१ नगरपालिकाभर संञ्चालन गर्न सकिने सम्पूर्ण पदमार्गहरूको संम्भाव्यता अध्ययन तथा साहसिक पर्यटन पूर्वाधार विकास गर्ने। | ४.१.१ नगरपालिकाभर संञ्चालन हुन सक्ने पदमार्गहरूको पहिचान गरिने छ।<br>४.१.२ साहसिक पर्यटन अन्तर्गत गर्न सकिने गतिविधिहरूको सम्भाव्यता अध्ययन गरी विवरण प्रकाशन गरिने छ।<br>४.१.३ प्रत्येक पदमार्गमा पदयात्रा प्याकेज निर्माण गरी पर्यटन सूचना प्रणालीमा आवद्ध गरिने छ। |

**पर्यटन क्षेत्रको विस्तृत कार्यक्रम**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१ | १.१.१ | पर्यटन Profile निर्माण | | | २५० | | | | | नगर पालिका |
| | | १.१.२ | नगरपालिकाका मुख्य पर्यटकीय केन्द्र जोड्ने सडकहरूको स्तरोन्नति | | | ७०० | ७५० | ८०० | ८५० | ९०० | नगर पालिका |
| | १.२ | १.२.१ | पर्यटन सूचना केन्द्रको स्थापना | | ० | ४० | ४२ | ४४ | ४६ | ४८ | नगर पालिका |
| | | १.२.२ | पर्यटन सम्बन्धी समग्र जानकारी समेट्ने ब्रोसर निर्माण | | ० | ० | ५० | ० | ० | ० | नगर पालिका |
| | | १.२.४ | पर्यटन वेबसाइट निर्माण | | ० | ७० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.३.२ | स्थानिय क्षेत्रमा होमस्टे सञ्चालनका लागि अन्तक्रिया | | ० | ५० | ५५ | ६० | ७० | ७५ | नगर पालिका |
| | | १.३.४ | आकसिम्क उद्धार | | ० | ० | ६० | ० | ० | ० | नगर पालिका |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संयन्त्रको निर्माण | | | | | | | | | |
| ३ | ३.१ | ३.१.१ | नगरपालिका का प्रमुख धार्मिक स्थलहरूको गुरुयोजना तथा डि.पि.आर. निर्माण | | ० | ० | २५० | ० | ० | ० | नगर पालिका |
| | | ३.१.३ | प्रमुख धार्मिक क्षेत्रहरूको जिर्णेद्वार तथा निर्माण | | ० | ० | ० | ५० | ५५ | ६० | नगर पालिका |
| | | ३.२.२ | धार्मिक तथा अन्य पर्यटकीय क्षेत्र समेटेर एक वृत्त चित्र निर्माण | | ० | ७० | ० | ० | ० | ० | नगर पालिका |
| | | ४.१.६ | स्थानीय जातजाति र संस्कृति विशेष शैक्षिक पर्यटन प्रबर्धन कार्यक्रम | | ० | ० | ६० | ६५ | ७० | ७५ | नगर पालिका |

### ४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

- आधारभूत पर्यटन पूर्वाधारको विकास हुनेछ ।
- कृषक पर्यटकहरूको आवागमन हुनेछ ।
- धार्मिक तथा ऐतिहासीक क्षेत्रको एकीकृत विकास हुनेछ ।
- शैक्षिक पर्यटकहरूको आवागमन सुरु हुनेछ ।

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | प्रतिफल | पर्यटक आगमन | | २०८१/०८२ | २०८५/०८६ |
| २ | असर | रोजगारीमा योगदान | | २०८१/०८२ | २०८५/०८६ |
| ३ | असर | कुल गार्हस्थ्य उत्पादनमा योगदान | | २०८१/०८२ | २०८५/०८६ |
| ४ | असर | पर्यटक बसाइ अवधि | | २०८१/०८२ | २०८५/०८६ |
| ५ | असर | प्रति पर्यटक प्रतिदिन खर्च | | २०८१/०८२ | २०८५/०८६ |
| ६ | प्रतिफल | सुविधा युक्त होटल, रिर्सोट, लज | | २०८१/०८२ | २०८५/०८६ |
| ७ | प्रतिफल | होमस्टे | | २०८१/०८२ | २०८५/०८६ |
| ८ | प्रतिफल | पर्यटन सूचना केन्द्र | | २०८१/०८२ | २०८५/०८६ |
| ९ | प्रतिफल | पक्की सडकको पहुँच पुगेका पर्यटन गन्तव्य | | २०८१/०८२ | २०८५/०८६ |

### ४.३.६ अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता हुनेछ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ।
- स्थानीय स्तरबाट कुनै अवरोध हुने छैन।
- काममा नियमितता हुनेछ।
- निर्माण सामग्रीको आपूर्तिमा अवरोध हुने छैन।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ।

**आ) संस्कृति, भाषा, कला तथा साहित्य**

त्रिपुरासुन्दरी नगरपालिका सँस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणले सम्पन्न नगरपालिका हो। यहाँ विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरूको बसोबास रहेको छ। परम्परागत संस्कृतिमा आधारित गीत, लहरे नाच, चुटकिला नाच, लामा नाच, र दोहोरी गीत लोकप्रिय छन्। प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपालको पर्यटनमा पर्यटकीय गन्तव्यस्थलको रूपमा सुपरिचित छ।

यस नगरपालिकामा रहेको स्थानीय कला तथा संस्कृतिको जगेर्ना गर्दै यहाँको प्राकृतिक र पर्यटकीय आर्कषणलाई व्यवस्थित बनाउँदै आन्तरिक र बाह्य पर्यटनलाई प्रोत्साहन गर्न सकिएको खण्डमा नगरपालिकाको पर्यटकीय विकास भई आर्थिक सबलतासंगै त्रिपुरासुन्दरी नगरपालिकाको बेग्लै पहिचान स्थापित हुन सक्छ। त्रिपुरासुन्दरी नगरपालिकामा रहेको साँस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यता पर्यटक आकर्षण हो।

**सबल पक्ष  मुख्य सम्भावना र अवसरहरू**

- विविध जात, धर्म, र संस्कृतिका समुदायहरू सौहार्दपूर्ण तरिकाले बसोबास भएको।
- प्राकृतिक सौन्दर्यता, नदीहरू र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने हिमश्रृंखलाहरुको रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण हुने।
- धार्मिक हिसाबले आफ्नो धर्म, संस्कृति र परम्परा कायम राखिरहेको ।
- संस्कृतिमा आधारित गीत र दोहोरी गीत, लहरे नाच, चुटकिला नाच, लामा नाच आदि यस नगरपालिकामा सर्वाधिक लोकप्रिय भएको।
- परम्परागत भेसभुषा प्रर्दशनी लगायत विभिन्न किसिमका कला, सँस्कृतिहरू प्रचलनमा रहेका।
- विभिन्न जाति तथा समुदायका आ-आफ्ना मठ, मन्दिर तथा धार्मिक स्थलहरू रहेका।
- नगरपालिकाक्षेत्रमा रहेका विभिन्न धार्मिक तथा सांस्कृतिक स्थलहरूको विकास गर्न सकिने।

**समस्या र चुनौतीहरू**

- सांस्कृतिक धरोहरहरूको संरक्षणका लागि ठोस कार्ययोजना नबनेको।
- विभिन्न धार्मिक तथा पुरातात्विक स्थलहरू मर्मत सम्भार नहुँदा जीर्ण अवस्थामा पुगेका।
- विभिन्न लोक भाका र लोक नृत्यको संरक्षण गर्नुपर्ने।
- आर्थिक तथा अन्य प्रलोभनमा पारी धर्म परिवर्तन गराउने परिपाटी रोक्नुपर्ने।
- सामाजिक सञ्जाल, आम सञ्चार तथा सूचना प्रविधिमा भएको विकासका कारण पश्चिमा संस्कृतिको प्रभावले मौलिक संस्कृति लोप हुने जोखिम रहेको।
- समुदाय र राज्यको उदासिनतले स्थानीय मौलिक मौलिक संस्कृतिहरू लोप भई पहिचान नै संकटमा पर्न सक्ने
- स्थानीय भेषभुषा तथा भाषाको संरक्षण गर्नुपर्ने।

**दीर्घकालीन सोच** कला भाषा, सँस्कृतिको संरक्षण, सभ्य र सुसंस्कृत समाजको निर्माण

**लक्ष्य** संस्कृती, भाषा, *कला र साहित्यको संरक्षण र विकास मार्फत सभ्य र सौहादपुर्ण समाजको स्थापना गर्ने*

**उद्देश्यहरू**

- स्थानीय भाषा, कला, संस्कृति, साहित्यको संरक्षण र प्रबर्धन गर्नु,
- संस्कृति, भाषा, कला तथा साहित्यको सिर्जनात्मक विकासमा टेवा पुर्याउनु।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य: १ स्थानीय भाषा, कला, संस्कृति, साहित्यको संरक्षण र प्रबर्धन गर्नु।** | |
| १.१ संस्कृति, भाषा, कला तथा साहित्यको वस्तुगत अभिलेखिकरण गर्ने | १.१.१ नगरपालिकामा प्रचलनमा रहेका सबैप्रकारका मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको वस्तुगत तथा विस्तृत पाश्र्वचित्र तयार पारिनेछ।<br>१.१.२ सबै बौद्धिक सम्पदाको विवरण प्रकाशन गरिने छ। |

| | |
|---|---|
| | १.१.३ यस प्रकारका सांस्कृतिक तथा बौद्धिक सम्पदाहरूलाइ स्थानीय पाठ्यक्रममा समावेश गरिने छ।<br>१.१.४ नगरपालिकाबाट प्रादेशिक तथा राष्ट्रिय कला, सँस्कृति र साहित्यमा योगदान पुर्याउने लेखक, गायक, अभिनेता, सँगीतकार, रंगकर्मी, नृत्याङ्गना, साहित्यकार, सँस्कृतिविद् लगायतका कलाकारको विस्तृत विवरण तयार पारिनेछ। |
| १.२ भाषा संस्कृति, कला साहित्यलाइ जीवन्त तुल्याउने | १.२.१ वर्षभरी निरन्तर सांस्कृतिक र साहित्यिक गतिविधि सञ्चालन गरिनेछ।<br>१.२.२ विद्यालयस्तरमा कला, साहित्य र संस्कृतिमा विशेष झुकाव भएका विद्यार्थीहरूको पहिचान गरी प्रोत्साहन गरिनेछ।<br>१.२.३ त्यस्ता प्रतिभाहरूको प्रतिभा उजागर गर्न हरेक महिना विद्यालयस्तरीय र निश्चित समयको अन्तरालमा अन्तरविद्यालय सांस्कृतिक, साहित्यिक प्रतियोगिता आयोजना गरिने छ।<br>१.२.४ राष्ट्रिय र प्रादेशिक तहका प्रतियोगीतामा भाग लिने कलाकार साहित्यकार आदिको प्रशिक्षण तथा तयारीका लागि एक प्रोत्साहन कोषको निर्माण गरिने छ।<br>१.२.६ हरेक विशेष चाडपर्व मेला र सांस्कृतिक उत्सवलाइ भव्य बनाउन सांस्कृतिक समितिहरूलाई जिम्मेवारी प्रदान गरी सो सञ्चालनका लागि रकमहरूको व्यवस्था गरिने छ।<br>१.२.७ सांस्कृतिक गतिविधिहरू पर्यटनसँग आवद्ध गर्न व्यापक प्रचार प्रसार गरिने छ।<br>१.२.९ लोपोमुख सांस्कृतिक गाथाहरू संरक्षण गर्न विशेष समारोह आयोजना गरिने छ। |
| **उद्देश्य: २ संस्कृति, भाषा, कला तथा साहित्यको सिर्जनात्मक विकासमा टेवा पुर्याउनु।** | |
| २.१ कला, साहित्य, भाषा संस्कृतिका सर्जकहरूलाई सहयोग र प्रोत्साहन गर्ने | २.१.१ कला, साहित्य, भाषा तथा संस्कृतिका सर्जकहरूलाइ यि क्षेत्रको विकासका लागि आवश्यक मागहरूको संम्बोधन गर्न विशेष अन्तरक्रिया आयोजना गरिने छ।<br>२.१.२ सर्जकहरूलाई सहयोग र प्रोत्साहन तथा पुरस्कृत गर्न एक नगरपालिकास्तरीय सांस्कृतिक कोषको निर्माण गरिने छ।<br>२.१.३ विभिन्न राष्ट्रिय तथा नगरपालिकास्तरीय विशेष अवसरमा यस्ता सर्जक तथा कलाकारहरूलाई सम्मान र पुरस्कृत गरिने छ। |
| २.२ सांस्कृतिक, साहित्यिक भाषिक तथा कला सम्बन्धी पूर्वाधार निर्माण | २.२.१ नगरपालिकास्तरीय एक सांस्कृतिक केन्द्रको स्थापना गर्ने। |

| | |
|---|---|
| | २.२.२ सांस्कृतिक केन्द्रलाई चलायमान बनाउन नाटक, नृत्य, सांगितिक कार्यक्रम, साहित्यिक कार्यक्रम, चित्रकला प्रर्दशनीहरूको सांस्कृतिक पात्रो बमोजिम आयोजना गर्ने<br>२.२.३ हरेक वर्षमा एक पटक सांस्कृतिक पर्व तथा साहित्य उत्सव आयोजना गरिने छ। |

**संस्कृति, भाषा, कला तथा साहित्यको विस्तृत कार्यक्रम**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१ | १.१.१ | अमूर्त सांस्कृतिक सम्पदाको सुचि तयारी | | ० | ४० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.१.२ | लोपोन्मुख अर्मुत सांस्किृतिक सम्पदाहरूलाई रेर्कड गरिने छ। | | ० | ६० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.१.३ | तथा वौद्धिक सम्पदाको विवरण प्रकाशन | | ० | ० | ६० | ० | ० | ० | नगर पालिका |
| | | १.१.४ | सांस्कृतिक सम्पदा सम्बन्धी पाठ्यक्रम निर्माण | | ० | १०० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.१.५ | सांस्कृतिक वृत्त चित्र निर्माण | | ० | १०० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.१.६ | लेखक, कलाकार, साहित्यकारहरूको विवरण संकलन तथा कार्यक्रम | | ० | ५० | ० | ० | ० | ५५ | नगर पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.२.७ | सांस्कृतिक गतिविधि प्रचारप्रसार गरी पर्यटन प्रबर्धन | | ० | ४० | ४२ | ४४ | ४६ | ४८ | नगर पालिका |
| २ | २.१ | २.१.१ | कला, साहित्य र संस्कृतिका सर्जक तथा कलाकारहरू सँग अन्तरक्रिया | | ५० | ० | ५५ | ० | ६० | ० | नगर पालिका |
| | | २.१.२ | नगरपालिका स्तरीय सांस्कृतिक कोषको निर्माण | | ० | ५० | ५२ | ५४ | ५६ | ५८ | नगर पालिका |
| | | २.२.३ | वार्षिक सांस्किृतिक तथा साहित्य उत्सव गर्ने | | ० | ६० | ६२ | ६४ | ६६ | ७६ | नगर पालिका |

**नतिजा सूचक**

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | संस्कृति, भाषा, कला तथा साहित्य | | | २०८१/०८२ | २०८५/०८६ |
| २ | प्रतिफल | अमूर्त सांस्कृतिक सम्पदामा सूचिकृत सम्पदा | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ३ | प्रतिफल | सांस्कृतिक सम्पदा स्थानीय पाठ्यक्रमका समावेश (सम्पदा) | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ४ | प्रतिफल | सांस्कृतिक बृत्त चित्र | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ५ | प्रतिफल | कलाकार विवरणमा समावेश कलाकार | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ६ | प्रतिफल | साहित्यिक गतिविधि (कार्यक्रम) (वार्षिक) | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ७ | प्रतिफल | झाँकी प्रर्दशनी (वार्षिक) | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ८ | प्रतिफल | सांस्कृतिक केन्द्र | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ९ | प्रतिफल | सांस्कृतिक उत्सव | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| १० | प्रतिफल | कला सँग्राहलय | संख्या | २०८१/०८२ | २०८५/०८६ |

**अनुमान तथा जोखिम पक्ष**

- पूर्ण राजनैतिक स्थिरता हुनेछ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ।
- कुनै प्रकारको ठुलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ।

## ४.४ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

**अ) खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति**

मुख्यतया मध्यम आयस्तर भएका कृषकको संख्या बढी भएको यस नगरपालिकामा मध्यम र ठुलो स्तरका उपभोक्ता बजारहरूको विकास भइसकेको छैन। उद्योग, व्यापार र वाणिज्य क्षेत्रको आधारभूत तहबाट नै विकास हुन बाँकी छ। यद्यपि कृषिमा आधारित केही साना उद्योग र अन्य घरेलु उद्योगहरू यहाँ संचालनमा रहेका छन। यस नगरपालिकामा ठुला उद्योगहरू नभएता पनि कृषि तथा वन पैदावारमा आधारित व्यवसाय तथा जडिबुटी उद्योग, घरेलु कपडा उद्योग, कुटानी, तथा पिसानी मिल, डोल्पा डिस्लरी उद्योग, जुट उद्योग, साबुन उद्योग, टेलर्स, होटल व्यवसाय, फेन्सी व्यवसाय, क्लिनिक तथा औषधी व्यवसाय, तरकारी तथा फलफूल व्यवसायी, इलेक्ट्रोनिक व्यवसाय, माछामासु पसल, फोटो स्टुडियो, फर्निचर, किनारा पसल, अटो वर्कसप, खाजाघर तथा चिया पसल, मनि ट्रान्सफर, स्टेसनरी, सुनचाँदी, सैलुन, निजि स्कुल, मदिरा व्यवसायी, सहकारी लगाएत यो क्षेत्रको प्रमुख व्यवसायको रुपमा देखिन्छ। त्रिपुरासुन्दरी नगरपालिकाको प्रमुख व्यापारिक केन्द्र यसै नगरपालिका अन्तर्गत पर्ने त्रिपुराकोट बगरनै यस नगरपालिकाको मुख्य बजार हो भने अन्य साना बजारहरूमा रूम, सुँ, रङँ, ल्हाँ, श्रीबिन्दे, भुतिङ्गरा, रावतवारा, चुँ, लिकु, मुहु आदि यहाका स्थानिय बजारहरू हुन। यहाँ दैनिक उपभोग्यका समानहरुको व्यापार हुन्छ। यस बाहेक आलु, लसुन, अदुवा, सिमीजस्ता कृषिजन्य घरेलु उत्पादनमा पनि क्रमश व्यवसायिक हुँदै जान थालेको छ। यसका साथै कुटानी पिसानी मिलहरू भने प्रत्येक वडामा सञ्चालनमा रहेका छन। पशुजन्य उत्पादनमा आधारित मासु प्रशोधनको उधोगहरु स्थापना गर्न सकिन्छ। तर्सथ उद्योगहरूको राम्रो सम्भावना भएकोले उद्योग वाणिज्य क्षेत्रको विकासका लागि ठोस कदम चाल्नुपर्ने देखिन्छ।

### ४.४.२ समस्या तथा चुनौती

- उद्योगको प्रचुर सम्भावना भए तापनि औद्योगिक पूर्वाधारहरू जस्तै सडक, उर्जा, पूँजी, दक्ष जनशक्ति, प्रविधि आदिको अवस्था अत्यन्त कमजोर रहेको,
- औद्योगिक उत्पादनको सिप सिकाउने र प्राविधिक शिक्षा प्रणाली कम भएको,
- नगरपालिकाका बजार केन्द्रहरूमा ठुलो स्तरको आर्थिक गतिविधि नभएको,

- निजी क्षेत्रको लगानी आकर्षण गर्न नसकिएको,
- वित्तीय सुरक्षाको पर्याप्त प्रत्याभूति नभएको,
- व्यवसायिक लगानीको सुरक्षाको प्रत्याभुती हुन नसकेको,
- औद्योगिक पूर्वाधार विकासमा यथेष्ट बजेट व्यवस्था गरी योजनाबद्ध ढङ्गले लाग्नु पर्ने,
- उद्योग विकासको लागि सडक, यातायात, विद्युत् तथा अन्य भौतिक पूर्वाधारको विकास गर्नुपर्ने।

### ४.४.३ संभावना तथा अवसर

- पशुजन्य उत्पादनमा आधारित मासु प्रशोधन उद्योगहरूको स्थापना गर्न सकिने।
- वनस्पती र जडीबुटीमा आधारित उद्योगहरू सञ्चालन गर्न सकिने।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गर्न सकिने।
- यस क्षेत्रको वनमा उत्पादनशील वन व्यवस्थापन गरी जडीबुटी प्रशोधन सम्बन्धी उद्योग विकास गर्न सकिने।
- जडीबुटी प्रशोधन उद्योग, र हस्तकलामा आधारित घरेलु उद्योगहरूको विकास गर्न सकिने।
- सिलाई कटाइ, बुनाइ, मैनबत्ती बनाउने तालिम, मोटरसाईकल मर्मत तालिम, कृषिजन्य तालिम, वायरिंग तालिम प्रदान गरी साना तथा घरेलु उद्योगको लागि दक्ष जनशक्ति तयार गर्न सकिने।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच** कृषि, वन र पर्यटनमा आधारित उद्योगको भर, नगरपालिकाको आर्थिक वृद्धिदर

**लक्ष्य** आगामी पाँच वर्षमा नगरपालिकाको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान कम्तीमा १५ प्रतिशत पुर्याई रोजगारी सिर्जना गर्ने

**उद्देश्यहरू**

- उद्योगका लागि आवश्यक आधारभूत पूर्वाधारको क्रमिक विकास गर्ने।
- नगरपालिकामा भएको स्थानीय कच्चा पदार्थ तथा कृषि उपजमा आधारित उद्योग स्थापना मार्फत आर्थिक वृद्धिदर हासिल गर्ने।
- स्थानीय बजार प्रबर्धन र व्यवस्थापन मार्फत वाणिज्य बजार र आपूर्ति प्रणाली सुदृढ गर्ने।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य: १ उद्योगका लागि आवश्यक आधारभूत पूर्वाधारको क्रमिक विकास गर्ने।** | |
| १.१ नीतिगत सुधार गरी लगानी मैत्री वातावरण निर्माण गर्ने | १.१.१ उद्योगमा लगानीमैत्री वातावरण निर्माण गर्न उद्योगका लागि जग्गा, रजिष्ट्रेशन, करारमा लिन विशेष सहुलियत र छुट दिने नीति तथा मापदण्ड निर्माण गरिने छ।<br>१.१.२ उद्योगमा लगानी गर्न असहज र प्रतिकुल रहेका विद्यमान स्थानीय कानुनहरूमा उद्योग लगानी मैत्री हुनेगरी संशोधन गरिने छ र श्रमिकहरूको सुरक्षा हक र हितका लागि कानुनको अधिनमा रहि स्थानीय नीति र मापदण्ड श्रमिक, उद्योग र उद्यमी मैत्री बनाइने छ। |

| | |
|---|---|
| | १.१.३ महिला र युवा उद्यमीहरूलाई प्रोत्साहन गर्ने विशेष अनुदान र सहुलियतको प्रबन्ध गरिने छ। |
| १.२ प्रमुख औद्योगिक पूर्वाधारको सुनिश्चितता गर्ने | १.२.१ मुख्य व्यापारिक केन्द्रसम्मका पहुँच सडकलाई कृषि र पर्यटन सडकसँग एकीकृत गरी स्तरोन्नति गरिने छ।<br>१.२.३ स्थानीय कृषि उपजमा आधारित उद्योगलाईप्राथमिकता दिइ कच्चा पदार्थ उत्पादन सुनिश्चित गर्ने सम्भाव्य उद्योगी र कृषक बीच अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ।<br>१.२.४ उद्योग क्षेत्रहरूमा आवश्यक विद्युतीकरण विस्तार गरिने छ।<br>१.२.५ औद्योगिक सुरक्षाका लागि सुरक्षा निकायसँगको सहकार्यमा शान्ति सुरक्षाको प्रबन्ध गरिने छ। |
| **उद्देश्य: २ नगरपालिकामा भएको स्थानीय कच्चा पदार्थ तथा कृषि उपजमा आधारित उद्योग स्थापना मार्फत आर्थिक वृद्धिदर हासिल गर्ने।** | |
| २.१ निजी क्षेत्र र अगुवा कृषकको समन्वय र सहकार्यमा कम्तीमा एक वडा एक कृषिमा आधारित उद्योगको निर्माण गर्ने | २.१.१ बाली विषेश पकेट क्षेत्रका आधारमा उपलब्ध हुन सक्ने कच्चा पदार्थमा आधारित उद्योगहरूको सम्भाव्यता अध्ययन गरिने छ।<br>२.१.२ पहिलो चरणमा एक वडा एक कृषि उद्योग स्थापना गर्ने उद्योगी कृषक वा कृषक समूह पहिचान गरिने छ।<br>२.१.३ उद्यमी कृषकहरूलाई लक्षित अध्ययन तथा अभिमुखीकरण तालिमका लागि नगरपालिकाद्वारा सहयोग प्रदान गरिने छ। |
| २.२ स्थानीय कृषि उद्योगबाट उत्पादित सामाग्रीको ब्रान्डिङ गर्ने | २.१.१ कृषि उद्योगबाट उत्पादित उत्पादनहरूको प्रशोधन, प्याकेजिङ, लेबलिङ, गुणस्तर तथा ब्रान्डिङ गर्नका लागि विशेष अभिमुखीकरण तथा तालिम प्रदान गरिने छ।<br>२.१.२ संघीय तथा प्रादेशिक सरकारको सहयोगमा नगरपालिका स्तरीय खाद्य गुणस्तर मापनको व्यवस्था गरिने छ।<br>२.१.३ स्थानीय उपज तथा औद्योगिक उत्पादनको खपत हुनसक्ने सम्भाव्य उपभोक्ता बजारहरूको अध्ययन गरिने छ। |
| २.३ खानी तथा खनिज क्षेत्रको अन्वेषण, उत्खनन् तथा व्यवस्थापन गर्ने | २.३.१ संघ र प्रदेशसँगको समन्वयमा स्थानीय खानी तथा खनिज अन्वेषण र उत्खननका लागि आवश्यक नीति, ऐन, नियम र मापदण्डको निर्माण गर्ने।<br>२.३.२ नगरपालिकाभर रहेका वा हुनसक्ने खानी तथा खनिजको अन्वेषण गर्ने खानी तथा भू-गर्भ विभागसँग समन्वय गरी विज्ञसँग परामर्श लिइनेछ। |
| **उद्देश्य: ३ स्थानीय बजार प्रबर्धन र व्यवस्थापन मार्फत वाणिज्य बजार र आपूर्ति प्रणाली सुदृढ गर्ने।** | |
| ३.१ बजार, व्यापार तथा वाणिज्य व्यवस्थापन सूचना प्रणाली निर्माण गर्ने | ३.१.१ स्थानीय व्यापार, व्यवसाय, आपूर्ति, उपभोक्ता हित सम्बन्धमा नीति, कानुन र मापदण्ड निर्माण गरिने छ।<br>३.१.२ नगरपालिकाभर सञ्चालन भएका व्यवसाय दर्ता तथा अभिलेखिकरण प्रणाली निर्माण गरिने छ। |

| | | | |
|---|---|---|---|
| ३.२ | स्थानीय बजार प्रबर्धन कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने | ३.२.१ | स्थानीय व्यापारिक फर्म तथा व्यवसायको दर्ता अनुमति नवीकरण, खारेजी, बजार तथा गुणस्तर अनुगमन र नियमन गर्ने संयन्त्र र नियमित कार्यतालिका बनाइनेछ |
| | | ३.२.२ | मुख्य बजार केन्द्रलाई लक्षित गरी निजी क्षेत्रसँगको समन्वयमा व्यापारिक स्टल निर्माण गरी बहालमा दिइने छ। |
| | | ३.२.३ | वार्षिक रूपमा मुख्य चाडपर्व तथा अवसर हेरी व्यापारिक मेला आयोजना गर्ने वार्षिक पात्रो निर्माण गरिने छ। |
| | | ३.२.४ | परम्परागत रूपमा चलि आएका स्थानीय बजारलाईव्यवस्थित र वैज्ञानिक बनाउन अध्ययन गरी पूर्वाधार विकास गरिने छ। |

**विस्तृत कार्यक्रम**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१ | १.१.१ | उद्योगका लागि करारमा दिनसकिने जग्गा पहिचान गर्ने अध्ययन | | ० | १०० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.१.२ | श्रमिक, उद्योग र उद्यमी मैत्री सम्बन्धी नीति, कानुन संशोधन गर्न विज्ञसँग परार्मश | | ० | १५० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.१.३ | महिला तथा युवा उद्यमी पहिचान, सहुलियत तथा अनुदान | | ० | १५० | १५५ | १६० | १६५ | १७० | नगर पालिका |
| | | १.१.४ | ठूला लगानी भित्र्याउन बाह्य लगानीकर्ताहरू सँग लगानी सम्मेलन | | ० | २०० | ० | ० | ० | ० | नगर पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.१.५ | कच्चा पदार्थ उत्पादन केन्द्रित उद्योगी कृषक अन्तरक्रिया | | ० | ५० | ५२ | ५४ | ५५ | ५७ | नगर पालिका |
| | | १.१.६ | औद्योगिक क्षेत्र पहिचान र विद्युतीकरण | | ० | ० | १०० | १०५ | ११० | ११५ | नगर पालिका |
| | | १.१.७ | औद्योगिक श्रमिक तथा श्रम सूचना तथ्याङ्क प्रणालीको निर्माण | | ० | ७० | ० | ० | ० | ० | नगर पालिका |
| २ | २.१ | २.१.१ | बाली विशेष पकेट क्षेत्र स्तरीय उद्योगहरूको सम्भाव्यता अध्ययन | | ० | ३०० | ० | ० | ० | ० | नगर पालिका |
| | | २.१.२ | एक वडा एक कृषि उद्योग अन्तर्गत उद्योगी पहिचान | | ० | २५० | ० | ० | ० | ० | नगर पालिका |
| | | २.१.३ | कृषि उद्योगी विशेष अभिमुखीकरण कार्यक्रम | | ० | ६० | ६५ | ७० | ७५ | ८० | नगर पालिका |
| | | २.१.४ | नगरपालिका स्तरीय खाद्य गुणस्तर मापन केन्द्रको स्थापना | | ० | ० | २०० | ० | ० | ० | नगर पालिका |
| | | २.१.५ | संघ र प्रदेशसँगको समन्वयमा स्थानीय खानी तथा खनिज अन्वेषण सम्बन्धी नीति ऐन नियम र मापदण्ड निर्माण | | ० | २०० | ० | ० | ० | ० | नगर पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २.१.६ | नदीजन्य पदार्थ, बेसमाटो तथा ढुङ्गा उत्खनन मापदण्ड निर्माण | | ० | २०० | ० | ० | ० | ० | नगर पालिका |
| ३ | ३.१ | ३.१.१ | उपभोक्ता हित, नीति, कानुन र मापदण्ड निर्माण | | ० | २०० | ० | ० | ० | ० | नगर पालिका |
| | | ३.१.२ | व्यावसाय दर्ता अभिलेखिकरण प्रणाली निर्माण | | ० | २०० | ० | ० | ० | ० | नगर पालिका |
| | | ३.१.३ | हाटबजार पूर्वाधार निर्माण | | ० | ५०० | ० | ० | ० | ० | नगर पालिका |
| | | ३.१.४ | उपभोक्ता हित सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन | | ० | ६० | ६५ | ७० | ७५ | ८० | नगर पालिका |

### ४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

- उद्योगका लागि न्यूनतम आधारभूत पूर्वाधार जस्तै सडक, उर्जा, जमिन, श्रमशक्ति, सुरक्षा तथा लगानी आदिको प्रबन्ध भएको हुने छ ।
- स्थानीय कच्चा पदार्थ विशेषगरी कृषिमा आधारित उद्योगहरूको संख्या वृद्धि भएको हुने छ ।
- उद्योग क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा १० प्रतिशत भन्दा माथि योगदान हुने छ ।
- स्थानीय बजार तथा आपूर्ति प्रणाली सुदृढ भएको हुने छ ।

**नतिजा सूचक**

| क्र.सं. | नतिजा को तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | असर | गैर कृषि क्षेत्रमा (उद्योगमा) संलग्न रोजगारहरू | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| २ | असर | कुल रोजगारीमा ठूला उद्योगको योगदान | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ३ | असर | कुल गार्हस्थ्य उत्पानमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ४ | प्रतिफल | थोक व्यापार क्षेत्रमा संलग्न जनसंख्या | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ५ | प्रतिफल | खुद्रा व्यापारमा संलगन जनसंख्या | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ६ | प्रतिफल | खानीमा आधारित उद्योग संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ७ | प्रतिफल | साना उद्योग संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ८ | प्रतिफल | मझौला उद्योग संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | प्रतिफल | ठूला उद्योग संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| १० | प्रतिफल | व्यवसायिक अभिमुखीकरण तालिम (वार्षिक) | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ११ | प्रतिफल | महिला उद्यमीहरूको संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| १२ | प्रतिफल | युवा उद्यमीहरूको संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| १३ | प्रतिफल | समग्र उद्यमीहरूको संख्या (व्यक्तिको नाममा दर्ता) | संख्या | २०८१/०८२ | २०८५/०८६ |

### ४.४.६ अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता हुनेछ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ।
- कुनै प्रकारको ठुलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ।

**आ) बैङ्क तथा वित्तीय क्षेत्र**

कुनै पनि क्षेत्रमा बैङ्किङ कारोबार चलायमान हुन स्थानीय स्तरमा व्यापक रूपमा पूँजीप्रवाह भैरहने वातावरण हुनुपर्दछ। यस नगरपालिकामा पूर्णत ग्रामीण परिवेश रहेको साथै उपभोक्ता बजारहरूको विकास नभएकोले पूँजी बजार विकास तथा प्रवाह हुन सकेको छैन। ग्रामीण अर्थतन्त्र सबल हुन कृषि, पर्यटन र उद्योग क्षेत्र चलायमान हुनुपर्ने भएकोले ती क्षेत्रको क्रमिक विकाससँगै बैङ्क तथा वित्तीय संस्थाको विकास स्वतः हुन जान्छ। त्रिपुरासुन्दरी नगरपालिकामा विभिन्न आर्थिक र वित्तिय कारोवारहरु बैकिङ्ग प्रणाली मार्फत हुने गरेको छ। आधुनिक अर्थव्यवस्थामा आर्थिक कारोबार बैङ्कबाट हुँदा त्यो व्यवस्थित र सहज हुन जान्छ। यसर्थ आधुनिक आर्थिक प्रणालीमा ग्रामीण जनताहरूको समेत बैङ्किङ सेवामा पहुँच सहज रुपमा पुग्न सकोको छैन। यहाँ माछापुछ्रे बैंकले मात्र सेवा उपलब्ध गराइ रहेको छ।

राष्ट्रिय अर्थतन्त्रको ३ प्रमुख खम्बा मध्ये एक महत्वपूर्ण खम्बाको रुपमा रहेको सहकारी क्षेत्रको ग्रामीण अर्थतन्त्र सुदृढिकरणमा मुख्य सहयोगी भूमिका हुन्छ। नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ। सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई नगरपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन। सहकारी संस्था प्रति जनताको अपनत्व बढ्दै गएकाले वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ।

एकको लागि हरेक र हरेकको लागि एक भन्ने मान्यता मार्फत सदस्यहरुको सामुहिक हितमा कार्य गर्नको लागि स्थापित सहकारी हालका दिनमा विश्वभर लोकप्रिय बन्दै गइरहेका छ। नगरपालिकामा बचत तथा ऋण, कृषि, बहुद्देश्यीय, उपभोक्ता आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। साथै नियमित रूपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको छ।

**सबल पक्ष मुख्य सम्भावना र अवसरहरू**

- नगरपालिकाबासीले आफुसँग रहेको रकमलाई निक्षेपको रूपमा स्विकार गरी बचत पनि गर्दै आएका
- नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको।
- सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई नगरपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका।
- नगरपालिकाको महिला बचत समूह तथा महिला सहकारीहरूको क्षमता अभिवृद्धि गर्ने नीति रहेको।
- अति विपन्न वर्गमा नियमित बचत गर्ने बानीको विकास गर्न प्रोत्साहन गर्ने नगरपालिकाको नीति रहेको।
- नगरपालिकामा ऋण तथा कर्जा सेवा प्रदान गर्न विभिन्न कृषि, महिला तथा वचत समूहहरू सक्रिय रहेका।
- उद्योग, कलकारखाना, बजार केन्द्र, व्यापारिक कारोबारको बिस्तार गर्दै बैङ्क तथा वित्तीय संस्थाहरूको विकास गर्न सकिने।

**समस्याहरु र चुनौतीहरू**

- बैङ्क तथा वित्तीय संस्थाहरू प्राय बजारकेन्द्रमा मात्र सीमित रहेका।
- ग्रामीण परिवेशका कारण बैङ्क तथा वित्तीय संस्थाहरूको स्थापना र पूँजी वृद्धि हुन नसकेको।
- सघन बजार केन्द्रहरू र वाणिज्य तथा व्यापारको समुचित विकास नभएको।
- स-साना कुटानी पिसानी मिलहरू र केही ग्रिल वर्कसप बाहेक अरु ठूला अति आवश्यक उद्योग तथा कल कारखानाहरूको स्थापना नभएको।
- वित्तीय संस्थाहरूमा सहज र सुलभ पहुँच नहुँदा समग्र अर्थतन्त्र चलायमान हुन नसक्दा स्थानीय पूँजीको विकास कमजोर रहेको।

**दीर्घकालीन सोच** आर्थिक क्षेत्रको गतिशीलतका लागि वित्तीय पहुँचमा वृद्धि

**लक्ष्य** प्रत्येक घरधुरीमा बैङ्क तथा वित्तीय संस्थाहरूको सहज पहुँच स्थापित गर्ने

**उद्देश्यहरू**

- बैङ्क तथा वित्तीय संस्थातर्फ आम सर्वसाधारणलाई आकर्षण गराउने।
- सहज कर्जा प्रवाह र बचत परिचालन मार्फत उद्योग, कृषि, पर्यटन क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि गराउने।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य: १ बैङ्क तथा वित्तीय संस्थातर्फ आम सर्वसाधारणलाई आकर्षण गराउने।** | |
| १.१ वित्तीय पहुँच नपुगेका घरपरिवारमा बैङ्क तथा वित्तीय संस्थाको पहुँच पुर्याउने | १.१.१ आफ्नो नाममा बैङ्क खाता नभएका घरधुरीको पूर्ण विवरण संकलन गरिने छ।<br>१.१.२ निजी क्षेत्रमा बैङ्कहरूसँग सहकार्य गरी इच्छुक घरधनीको घरमा घुम्ती बैङ्क खाता खोल्ने अभियान सञ्चालन गरिने छ। |
| **उद्देश्य: २ सहज कर्जा प्रवाह र बचत परिचालन मार्फत उद्योग, कृषि, पर्यटन क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि गराउने।** | |

| | |
|---|---|
| २.१ व्यवसायिक, उत्पादनमूलक ग्रामीण साना तथा मझौला उद्योगमा ऋण प्रवाह अभिवृद्धि गर्ने | २.१.१ स्थानीय उद्यमी तथा बैङ्कहरू बीच ऋण प्रवाहमा सहजीकरण गर्न नगरपालिकाद्वारा अन्तरक्रिया गरिने छ।<br>२.१.२ स्थानीय रोजगारी सिर्जना गर्न युवा उद्यमी र महिलाले तयार गरेको व्यवसायिक योजना, मझौला उद्योग क्षेत्र, पर्यटन वा कृषिमा लगानीका लागि ऋण प्रवाह गर्न नगरपालिका जमानत बसी ब्याजमा निश्चित प्रतिशत अनुदान प्रदान गरिने छ। |

**बैङ्क तथा वित्तीय क्षेत्रका विस्तृत कार्यक्रम**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१ | १.१.१ | बैङ्क खाता नभएका घरधुरीको लगत संकलन | | ० | १३० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.१.३ | महिलाको बैङ्किङ जनचेतनामूलक कार्यक्रम प्रशारण | | ० | ५० | ५५ | ६० | ६५ | ७० | नगर पालिका |
| | २.१ | २.१.१ | उद्यमी तथा बैङ्कहरू बीच अन्तरक्रिया सहजिकरण | | ० | ७० | ७२ | ७४ | ७६ | ७८ | नगरपालिका |

**अपेक्षित उपलब्धि तथा नतिजा खाका**

- आगामी ५ वर्षमा नगरपालिकाका ८० प्रतिशतभन्दा बढी घरपरिवारका सदस्यहरूको आफ्नो नाममा बैङ्क खाता हुने छ।
- व्यक्तिगत ऋण लिने प्रवृत्तिमा उल्लेख्य कमी आएको हुने छ।
- उत्पादनशील क्षेत्रमा बैङ्क तथा वित्तीय संस्थाहरूको ऋण प्रवाह वृद्धि भएको हुने छ।

**नतिजा खाका**

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | प्रतिफल | आफ्नै नाममा बैङ्क खाता भएका घरपरिवार | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| २ | प्रतिफल | नगरपालिकामा विस्तार भएका वाणिज्य बैङ्कको | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ३ | प्रतिफल | नगरपालिकामा विस्तार भएका विकास बैङ्कको | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ४ | प्रतिफल | नगरपालिकामा विस्तार भएका लघुवित्त | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ५ | असर | वित्तीय सेवाको पहुँचमा रहेका घर परिवारको संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ६ | प्रतिफल | प्रति १ लाख वयस्कहरूमा वाणिज्य बैङ्कहरूमा शाखा | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ७ | असर | बैङ्कबाट ऋण लिएर व्यवसायका उद्योग सञ्चालन गर्ने व्यवसायी | संख्या | २०८१/०८२ | २०८५/०८६ |

**अनुमान तथा जोखिम पक्ष**

- व्यापक जनसहभागिता र समर्थन हुनेछ।
- पूर्ण राजनैतिक स्थिरता तथा आवश्यक बजेटको व्यवस्था हुनेछ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ।
- स्थानीय स्तरबाट अवरोध हुने छैन।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ।
- निर्माण सामग्रीको आपूर्तिमा अवरोध हुने छैन।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ।

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

त्रिपुरासुन्दरी नगरपालिकामा रहेका कुल जनसंख्या मध्ये १५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्या सबैभन्दा धेरै (६० प्रतिसत) रहेको देखिन्छ । जनसंख्याको उपस्थिति तथा मानव संसाधन विकास तथा श्रम शक्तिका हिसाबले ठुलो जनसांख्यिक लाभ बोकेको यस नगरपालिकाले युवा शक्तिलाई देशमै उपयूक्त रोजगारी दिनसके छोटो अवधिमै आर्थिक तथा सामाजिक समृद्धि हासिल गर्न सकिन्छ ।

नेपालको संविधानको धारा ४३ मा मौलिक हक अन्तर्गत सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ। जसअनुसार आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी स्पष्ट पारिएको छ । अर्कातर्फ स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले संघ र प्रदेश कानुनको अधिनमा रहि सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वय सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेकोले स्थानीय विकास योजना तर्जुमा गर्दा सामाजिक सुरक्षालाई सम्बोधन गर्नु आवश्यक रहेको छ ।

### ४.५.२ समस्या तथा चुनौती

- नगरपालिकामा युवा लक्षित कार्यक्रमले युवा वर्गलाई यथोचित सम्बोधन गर्न नसकेको,
- नगरपालिकाबाट स्वभाविक रूपमा ठुलो हिस्सा शिक्षा तथा रोजगारका लागि शहरी क्षेत्र तथा विदेश पलायन भइरहेको,
- प्रधानमन्त्री युवा रोजगार कार्यक्रम आशातित रूपमा युवा आकर्षण र युवामैत्री हुन नसकेको,
- युवा जनशक्तिलाई स्थानीय आवश्यकता अनुरूप यथोचित अभिमूखीकरण तथा तालिमको व्यवस्था हुन नसकेको,
- नगरपालिकामा अध्ययन तथा रोजगारका लागि शहर तथा विदेश गएकाहरूलाई स्वदेशमै रोजगार सिर्जना गर्न चुनौती रहेको,
- कोभिड – १९ बाट प्रभावित अध्ययन तथा रोजगारका लागि शहरबाट फर्कियका / वैदेशिक रोजगारबाट फर्किएका तथा नगरपालिकाका वेरोजगार युवालाई यथोचित सम्बोधन गर्न नसकिएको,
- पूर्वाधारको समूचित विकास गर्न नसकिएका कारण तोकिएका खेलकुद मैदानहरू, क्लव तथा मनोरञ्जनात्मक स्थलहरू स्तरोन्नति गर्ने कार्य चुनौतीपूर्ण,
- कुलतमा फसेका वा फस्ने खतरामा रहेका युवालाई रोक्ने कार्यक्रम तत्काल सञ्चालन गर्नुपर्ने चुनौती रहेको,
- सामाजिक सुरक्षाका कार्यक्रमहरू लक्षित समुदायमा केन्द्रित भई पूर्ण प्रभावकारी र संस्थागत हुन नसक्नु ।

### ४.५.३ संभावना तथा अवसर

- नगरपालिका क्षेत्रभित्र स्थानीय स्रोत साधनको उपयोग गरी परम्परागत पेशालाई आधुनिक सिपसँग साक्षात्कार गर्न युवा लक्षित तालिम सञ्चालन गर्ने नीति लिनुपर्ने,
- नगरपालिकाको नीति तथा कार्यक्रममा बेरोजगार युवालाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारी सिर्जना गर्ने नीति लिइएको,

- नगरपालिका स्तरमा युवासँग सम्बन्धित आय आर्जनका कार्यक्रमहरू, क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने गरिएको,
- गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय गरी युवामैत्री, तालिम, गोष्ठी तथा सेमिनार आयोजना गरी आय आर्जनका गतिविधिमा आवद्ध गराउन सकिने,
- उच्च तथा प्राविधिक शिक्षाका अवसरहरू नगरपालिकामै सिर्जना गरी रोजगारीका अवसरहरू सिर्जना गर्न सकिने,
- नेपाल सरकारले सामाजिक सुरक्षाको विषयलाई प्राथमिकता प्रदान गर्नु,
- सामाजिक सुरक्षा वितरणको कार्यक्रम बैंक मार्फत सुरुवात हुनु,
- सामाजिक सुरक्षा सम्बन्धी जनचेतनामा समेत वृद्धि हुनु,
- सामाजिक सुरक्षा मौलिक हकको रूपमा स्थापित हुनु।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दिर्घकालिन सोच** "सबल, प्रतिस्पर्धि र आत्मनिर्भर युवा मानव संसाधनको निर्माण, असक्त अवस्थामा निस्चिन्तता सामाजिक सुरक्षा"

**लक्ष्य** नगरपालिकामा युवाको नेतृत्व तथा क्षमता विकासको लागि उद्यमशीलताको विकास गरी स्वरोजगार बनाउने असक्षम र असक्त भई जीवन निर्वाह गर्न नसक्ने अवस्थाका सबैलाईराज्यद्वारा अभिभावकत्व दिने

**उद्देश्यहरू**

- श्रमशील र सक्रिय युवा जनशक्तिलाईदक्ष बनाई उनीहरूको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्ने,
- असक्षम र असक्त भई अरुको सहाराको आवश्यकता पर्ने सबैलाई राज्यद्वारा  सामाजिक जीवनमा निर्वाहका लागि सहारा दिने।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य: १ श्रमशील र सक्रिय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरूको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्ने।** | |
| १.१ युवा तथ्याङ्क व्यवस्थापन गर्न | १.१.१ नगरपालिकाभर रहेका युवा जनशक्तिको पृष्ठभूमिबारे स्थितिपत्र तयार पार्ने<br>१.१.२ नगरपालिकाबाट श्रम तथा रोजगारीका लागि बाहिरिएका युवाहरूको पूर्ण विवरण तयार पारिनेछ। |
| १.२ दक्ष र सिपयुक्त मानव संसाधनको विकास गर्ने | १.२.१ युवा स्थितिपत्रमा तयार विवरण अनुसार हाल अदक्ष र अर्धदक्ष मानव स्रोतलाई लक्षित गरी उनीहरूको रुचि र झुकाव अनुसार नियमित सिप विकास रोजगारी मूलक र तालिम सञ्चालन गरिने छ।<br>१.२.२ समाजमा शान्ति सुव्यवस्था, आपतकालीन उद्धार र मानव सेवामा लगाउने उद्देश्यका साथ युवा स्वयंसेवक दस्ता तयार गर्न अभिमुखीकरण तालिम सञ्चालन गरिने छ। |

| | |
|---|---|
| | १.२.३ गायन, वाद्यवाधन, नृत्य, कला, अभिनय आदिमा विशेष रुचि भएका युवाको पहिचान गरी वडास्तरीय सांस्कृतिक समितिमा आवद्ध गराई उनीहरूलाई विशेष तालिम प्रदान गरिने छ।<br>१.२.४ कुनैपनि युवालाई बेरोजगार नराख्न प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत उनीहरूलाई समेटि नगर घरमा आवश्यक अर्धदक्ष कामहरू जस्तै इलेक्ट्रिसियन, प्लम्बिङ, कृषि श्रम, निर्माण आदिका लागि विशेष तालिम सञ्चालन गरिने छ।<br>१.२.५ नगरपालिकाभर सञ्चालनमा रहेका युवा क्लबहरूको अभिलेखीकरण गरी प्रत्येक क्लबलाई युवाका सरोकार समाधान गर्ने केन्द्रको रूपमा विकास गर्न एक नगरपालिका स्तरीय युवा सम्मेलनको आयोजना गरिने छ।<br>१.२.७ कुलतमा फसेका युवाहरूको वडागत विवरण तयार पारी युवा क्लबको नेतृत्वमा सहिमार्गमा डोर्याउन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ।<br>१.२.८ युवा उद्यमीहरूको वडागत विवरण सङ्कलन गरी उनिहरूको थप नेतृत्व विकास तथा उद्यमशील विकास तालिम सञ्चालन गरिने छ।<br>१.२.९ विदेशबाट फर्किएका युवा लक्षित कार्यक्रम सञ्चालन गरिने छ। |
| **उद्देश्य: २ असक्षम र असक्त भई अरुको सहाराको आवश्यकता पर्ने सबैलाई राज्यद्वारा सामाजिक जीवन निर्वाहका लागि सहारा दिने।** | |
| २.१ सामाजिक सुरक्षाको आवश्यकता पर्ने सम्पूर्ण नागरिकको पहिचान गर्ने संयन्त्र निर्माण गर्ने। | २.१.१ सामाजिक सुरक्षा कार्यक्रममा समेटिने वर्गको परिभाषा र मापदण्ड संघीय र प्रादेशिक सरकारको नीति र कानुनको अधिनमा रहि निर्माण गर्ने र सो को आधारमा त्यस्ता व्यक्तिहरूको व्यक्तिगत विवरण तयार पारी सूचना प्रणालीमा आवद्ध गर्ने।<br>२.१.२ सामाजिक सुरक्षाका प्रकारहरू निश्चित गरी आवश्यकता र संवेदनशीलताका आधारमा तहहरू छुट्याइने छ। यसरी संवेदनशीलताको तह बमोजिम सुरक्षाको प्रकार, निश्चय गरिनुका साथै मापदण्ड र विद्यमान ऐन कानुनको परिधिमा रहि सामाजिक सुरक्षाको दायरा वृद्धि गर्न स्रोतका आधारमा अध्ययन गरिने छ।<br>२.१.३ योगदानमा आधारित सामाजिक सुरक्षा व्यवस्था लागू गर्न आवश्यक तयारी अध्ययन गरिने छ।<br>२.१.४ निजी र अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक तथा अन्य जनशक्तिलाई योगदानमा आधारित सामाजिक सुरक्षामा आवद्ध गर्न अन्तरक्रिया गरिने छ।<br>२.१.५ सामाजिक सुरक्षाका विषयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।<br>२.१.६ हाल संचालनमा रहेका सामाजिक सुरक्षाका कार्यक्रमहरूको सेवा प्रवाहमा रहेको प्रभावकारीता अध्ययन गरी विवरण प्रकाशन गरिने छ।<br>२.१.७ प्रभावकारीता अध्ययन प्रतिवेदनको आधारमा आवश्यक सुधारहरू गरिने छ। |

**युवा मानव संसाधन श्रम तथा रोजगारको विस्तृत कार्यक्रम**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१ | १.१.१ | युवा स्थितिपत्र तयार पार्ने | | ० | १५० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.१.२ | रोजगारीका लागि बाहिरिने युवाहरूको समग्र विवरण तयार पार्ने | | ० | ७५ | ० | ० | ० | ० | नगर पालिका |
| | १.२ | १.२.१ | रोजगारीमूलक तथा युवा अभिमुखीकरण तालिम | | ० | १०० | ११० | १२० | १३० | १४० | नगर पालिका |
| | | १.२.२ | प्रधानमन्त्री रोजगार विशेष तालिम | | ० | १०० | ११० | १२० | १३० | १४० | नगर पालिका |
| | | १.२.३ | विदेशबाट फर्किएका युवा लक्षित कार्यक्रम सञ्चालन | | ० | १०० | ११० | १२० | १३० | १४० | नगर पालिका |
| २ | २.१ | २.१.१ | सामाजिक सुरक्षा तथ्याङ्क व्यवस्थापन प्रणाली निर्माण | | ० | १०० | ० | ० | ० | ० | नगर पालिका |
| | | २.१.२ | सामाजिक सुरक्षाका प्रकृति र तहहरूको निक्र्यौल गर्ने र दायरा वृद्धि गर्न अध्ययन | | ० | ५० | ० | ० | ० | ० | नगर पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २.१.३ | अनौपचारिक तथा निजी क्षेत्रमा जनशक्तिलाई योगदानमा आधारित सामाजिक सुरक्षामा संलग्न गराउन तयारी तथा अन्तरक्रिया | | ० | ४० | ४२ | ४४ | ४७ | ५० | नगर पालिका |
| | | २.१.४ | जनचेतना मूलक कार्यक्रम संचालन | | ० | ६० | ६२ | ६५ | ६७ | ७० | नगर पालिका |

### ४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

- सिपयुक्त अर्धदक्ष र दक्ष मानव संसाधनको विकास हुनेछ।
- बेरोजगार युवाको जनसंख्यामा उल्लेख्य कमी आएको हुनेछ।
- नागरिकहरूमा सामाजिक सुरक्षापाउनु मौलिक हक हो र यसमा सक्रिय जीवनमा सहयोग गर्नुपर्छ भन्ने जनचेतनाको विकास हुनेछ।
- असक्षम, असक्त र असहाय अवस्थाका सबै नागरिकलाईराज्यले सामाजिक सुरक्षाको सहारा सुनिश्चित गरेको हुनेछ।

**नतिजा सुचक**

| **क्र.सं.** | **नतिजाको तह** | **नतिजा सूचक** | **इकाई** | **आधार वर्ष** | **अन्तिम वर्ष** |
|---|---|---|---|---|---|
| | | **युवा श्रम तथा रोजगार** | | | |
| १ | असर | बेरोजगार युवा (प्रतिशत) | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| २ | असर | पुरुष बेरोजगार युवा | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ३ | असर | महिला बेरोजगार युवा | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ४ | असर | रोजगार युवा (प्रतिशत) | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ५ | असर | पुरुष रोजगार युवा | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ६ | असर | महिला रोजगार युवा | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ७ | असर | रोजगारीका लागि विदेशिने युवाहरू | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | प्रतिफल | आफ्नै स्वामित्वमा उद्योग भएका युवा उद्यमीहरूको | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ९ | प्रतिफल | महिला युवा उद्यमीहरूको | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| १० | प्रतिफल | स्नातक तह उत्तीर्ण गर्न नसकि अध्ययन छाडेका युवा | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ११ | असर | दुर्व्यसनमा फसेका युवा | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| १२ | प्रतिफल | जटिल प्रकारका रोगबाट ग्रसित युवा | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| १३ | प्रतिफल | अपराधिक कार्यमा संलग्न युवा | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| १४ | प्रतिफल | राष्ट्रिय रूपमा ख्याती प्राप्त युवा (कलाकारिता, नेतृत्व, उद्यमी, खेलकुद, अध्ययन अनुसन्धान, आदि) | संख्या | २०८१/०८२ | २०८५/०८६ |

### ४.५.६ अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता तथा आवश्यक बजेटको व्यवस्था हुनेछ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ।
- स्थानीय स्तरबाट अवरोध हुने छैन।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ।
- निर्माण सामग्रीको आपूर्तिमा अवरोध हुने छैन।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ।

# परिच्छेद ५: सामाजिक क्षेत्र

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

आम नागरिकको स्वास्थ्य र देशको समग्र विकास बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकाङ्कहरूको रूपमा लिइन्छ । विगतका दशकमा गरिवी र द्वन्द्वका बावजुद पनि नेपालले स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेको पाइन्छ । नेपालको संविधानले स्वास्थ्यलाई जनताको मौलिक हकको रूपमा स्थापित गरिसकेको सन्दर्भमा सङ्क्रमनात्मक रोगहरू नियन्त्रणमा प्राप्त उपलब्धिहरूलाई कायम राख्नु, नवजात शिशु तथा मातृ मृत्युदरलाई वाञ्छित तहसम्म घटाउनु, कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्नु, हरेक समुदाय र वर्गलाई गुणस्तरीय र निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनु राज्यको दायित्व हो । यसका लागि नगरपालिका स्तरमा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरूको प्रबन्ध हुन अपरिहार्य छ ।

हाल नगरपालिकाभित्र स्वास्थ्य चौकीहरु, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु, खोप केन्द्र, गाउँघर क्लिनिक र सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरु, र केहि क्लिनिकहरुबाट स्वास्थ्य सेवाहरु प्रदान गर्दै आएको भएतापनि नगरपालिका क्षेत्र भित्र दुर्गम तथा भौगोलिक विकटता, सबै सिजनमा स्वास्थ्य संस्थामा पुग्न बाटो सहज नहुनु, पिछडिएको समुदाय, गरीबी, अशिक्षा, प्रयाप्त भौतिक पूर्वाधारको अभाव, स्वास्थ्य क्षेत्रमा प्रयाप्त लगानीको कमिले गर्दा अझैपनि बहुसंख्यक नगरपालिकाबासीहरुले स्वास्थ्य सेवा लिनबाट पछाडी परेको हुँदा कुपोषण, मातृमृत्युदर, नसर्ने रोगहरुको बढ्दो प्रकोप, घरैमा सुत्केरी गराउने प्रचलन, कोभिड १९ को प्रकोप लगाएत गरीबीको कारणले मानसिक स्वास्थ्य समस्या देखापर्नु, विद्यमान रितिरिवाज, चालचलन तथा संस्कारले स्वास्थ्यमा प्रत्येक्ष असर गर्नु, अझैपनि धामीझाँक्रीहरु प्रति विश्वास गर्नु तथा विविध प्रकारका तत्वहरुका कारणले गर्दा स्वास्थ्य सेवामा कमि आउने गरेको देखिएको छ । नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरूलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र. स. | स्वास्थ्य संस्था | संख्या |
|---|---|---|
| १ | स्वास्थ्य चौकी | ५ वटा |
| २ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | ५ वटा |
| ३ | ओटिसि सेन्टर | २ वटा |
| ४ | खोप केन्द्र | १७ वटा |
| ५ | गाँउघर क्लिनिक | ८ वटा |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | ४५ वटा |
| ७ | सामुदायिक स्वास्थ्य इकाई | २ वटा |
| ८ | बर्थिङ सेन्टर | ४ वटा |
| ९ | डट्स सेन्टर | ५ वटा |
| १० | विद्यालय नर्स लागु भएका विद्यालय | ५ वटा |

श्रोतः वडा सर्वेक्षण २०८०

सबै वडामा स्वास्थ्य स्वयमसेविका मार्फत अस्थाई परिवार नियोजन सेवा, प्रजनन तथा प्रसुती सेवा तथा पोषण सेवा सञ्चालनमा रहेका छन भने स्वास्थ्य सूचना सञ्चार तथा प्रचार प्रसारलाई निरन्तर अगाडि बढाइएको छ । नगरपालिकामा अवस्थित स्वास्थ्य संस्थाहरूबाट आधारभूत स्वास्थ्य सेवा उपलब्ध भए तापनि उच्च स्वास्थ्य सेवाको लागि जिल्ला बाहिर जानुपर्ने अबस्था रहेको छ भने यो नगरपालिकालाइ २०८०/०२/२६ मा पूर्ण खोप नगरपालिका घोषणा गरि सकेको छ ।

### ५.१.२ समस्या तथा चुनौती

- आपतकालीन ठुलो स्तरको उपचार सेवाको कमी।
- जटिल रोगको उपचार तथा शल्यक्रिया सेवा आदि उपलब्ध नभएको।
- सुविधासम्पन्न अस्पताल तथा विज्ञ डाक्टरहरूको अभाव साथै विज्ञ डाक्टरहरू लामो समय सेवा गर्ने वातावरणको सिर्जना गर्नुपर्ने।
- स्वास्थ्य चेतनाको कमीका कारण बालबालिका स्वास्थ्य, महिला तथा प्रजनन् स्वास्थ्य, जेष्ठ नागरिकहरूको स्वास्थ्य र समग्र सामुदायिक स्वास्थ्य जोखिममा पर्न सक्ने।
- समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि ठुलो आकारको बजेट तथा कर्मचारी र विशेषज्ञहरूको प्रबन्ध गर्नुपर्ने।
- स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीको स्तर वृद्धि गरी सुविधा सम्पन्न बनाउनु पर्ने।
- ७० बर्ष माथिकालाई निशुल्क स्वास्थ्य बीमा गर्नुपर्ने।
- आधारभूत तहबाट नै पूर्वाधारहरूको विकास गर्न ठुलो बजेटको व्यवस्थापन गर्ने चुनौती रहेको।
- सबै खोपकेन्द्र तथा गाउँघर क्लिनिकहरुको भवनहरु निर्माण हुन नसकेको।
- धेरै स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसार भौतिक पूर्वाधारको व्यवस्था नभएको।
- सबै वडामा वर्थिङ सेन्टर सेवा विस्तार गर्न नसकिएको।
- आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा जनशक्तिको कमि।
- जनसंख्या अनुसार स्वास्थ्यकर्मिहरुको दरवन्दी कमि।
- सबै जनशक्तिहरुले तालिम पाउन नसक्नु।

### ५.१.३ संभावना तथा अवसर

- नगरपालिकालाई पूर्ण खोप नगरपालिका घोषणा गरि सकेको।
- स्थानीय तहले स्वास्थ्य सम्वन्धी नीति तथा रणनीतिहरु तयार गर्ने जिम्मेवारी पाउनु।
- वार्षिक नीति तथा कार्यक्रममा महिला स्वास्थ्य स्वयम् सेविकाहरूलाई प्रोत्साहन भत्ता तथा पोषण सुधार गर्ने नीति लिइएको।
- विद्यमान स्वास्थ्य पूर्वाधारहरूलाई स्तरोन्नति गरी तिनीहरूको सेवा प्रभावकारी बनाउन सकिने।
- गर्भवती जाँच उत्प्रेरणा र आमा समूह स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको।
- नगरवालिकामा ५ वटा बर्थिङ् सेन्टरहरू सेवा प्रदान गरिरहेको।
- एक सुविधासम्पन्न अस्पताल स्थापना गरी नगरपालिकाबासीलाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सकिने।
- आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य सेवा केन्द्र निर्माण गरी नगरपालिकाबासीमा स्वास्थ्य सेवाको पहुँच विकास गर्न सकिने।
- महिला स्वास्थ्य स्वयंसेवीकालाई थप तथा सबलीकरण गर्न उत्कृष्ट महिला स्वास्थ्य स्वयंसेवीकालाई सम्मान गर्ने कार्यक्रम सन्चालन गर्न सकिने।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच** स्वस्थ नगरपालिकाको लागि सचेत, स्वस्थ र सुखी नागरिक

**लक्ष्य** साधन श्रोतको अधिकतम एवम् प्रभावकारी रुपमा परिचालन गरि समतामूलक सुदृढ स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच बृद्धि गरी नगरपालिकावासीको स्वास्थ्य स्थितीमा सुधार ल्याउने।

**उद्देश्यहरू**

- आकस्मिक र आधारभूत स्वास्थ्य सेवा नगरपालिका भित्र नागरिकहरुले सहज, सुलभ, सरल र गुणस्तरीय स्वास्थ्य सेवा प्रयोग गर्न सक्ने गरी पहुँचमा बृद्धि गर्ने।
- स्वस्थ जीवनशैली, स्वास्थ्य प्रबर्धन, सकारात्मक व्यवहार परिवर्तन गर्न अनकुल वातावरण सृजना गर्ने।
- आकस्मिक तथा विपद् व्यवस्थापन गर्न आपतकालिन कोष मार्फत स्वास्थ्य सेवा प्रभावकारी रुपमा सञ्चालन गर्ने।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्यः १ आकस्मिक र आधारभूत स्वास्थ्य सेवा नगरपालिकाभित्र नागरिकहरुले सहज, सुलभ, सरल र गुणस्तरीय स्वास्थ्य सेवा प्रयोग गर्न सक्ने गरी पहुँचमा बृद्धि गर्ने।** | |
| १.१ आधारभूत स्वास्थ्य पूर्वाधार निर्माण गर्ने | १.१.१ स्वास्थ्य संस्थाहरूको क्रमश स्तरोन्नति गरिने छ।<br>१.१.३ नगरपालिकास्तरीय एक प्रयोगशाला डाइनोष्टिक ल्यावको निर्माण गरिने छ।<br>१.१.४ नगरपालिका अस्पताल अन्तर्गत एक २४ सै घण्टा सेवा सञ्चालन हुने प्रसुती सेवा केन्द्र निर्माण गरिने छ।<br>१.१.६ नगरपालिकास्तरीय एक बाल उपचार इकाइको स्थापना गरिने छ।<br>१.१.७ नगरपालिकाभर समेट्ने गरी २४ सै घण्टा सेवा उपलब्ध हुने एम्बुलेन्स सेवाको सुनिश्चतता गरिने छ।<br>१.१.८ नगरपालिकास्तरीय एक रक्तसञ्चार सेवा सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरिने छ।<br>१.१.९ नगरपालिकास्तरीय एक आखाँ उपचार इकाइ निर्माण गरिने छ।<br>१.१.१० नगरपालिकास्तरीय एक प्रजनन स्वास्थ्य, सुरक्षित गर्भपतन सेवा तथा परिवार नियोजन सेवा इकाइ निर्माण गरिने छ।<br>१.१.११ नगरपालिकास्तरीय एक दन्त उपचार इकाइ निर्माण गरिने छ।<br>१.१.१२ नगरपालिकास्तरीय एक नाक, कान, घाँटी उपचार इकाइ निर्माण गरिने छ।<br>१.१.१३ नगरपालिकास्तरीय एक छाला तथा यौनरोग उपचार इकाइ निर्माण गरिने छ।<br>१.१.१४ नगरपालिकास्तरीय एक मनोपरामर्श इकाइको निर्माण गरिने छ।<br>१.१.१५ नगरपालिकास्तरीय एक अक्सिजन प्लान्ट निर्माणको सम्भाब्यता अध्ययन गरिने छ।<br>१.१.१६ नगरपालिकास्तरीय एक सामान्य शल्य चिकित्सा इकाइको निर्माण गरिने छ<br>१.१.१७ नगरपालिकास्तरीय एक सामान्य रेडियोलोजि सेवा इकाइको निर्माण गरिने छ<br>१.१.१८ नगरपालिकास्तरीय एक ECG सेवा इकाइको निर्माण गरिने छ। |

| | |
|---|---|
| | १.१.१९ नगरपालिका स्तरीय एक Ultrasound सेवा इकाइको निर्माण गरिने छ।<br>१.१.२० नगरपालिकाको सबै वडामा सामुदायिक स्वास्थ्य इकाई सञ्चालन गरिने छ। |
| १.२ स्वास्थ्यकर्मीको दरवन्दी व्यवस्थापन तथा क्षमता विकास गर्ने | १.२.१ नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यक दक्ष स्वास्थ्यकर्मीको दरवन्दी व्यवस्थापन गरिने छ।<br>१.२.२ महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि थप तालिम सञ्चालन गरिने छ।<br>१.२.३ सम्पूर्ण स्वास्थ्यकर्मीहरूलाई क्षमता विकास सम्बन्धी नियमित तालिमको प्रबन्ध गरिने छ।<br>१.२.५ आमासँग स्वास्थ्य स्वयं सेविका कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरी गर्भवति तथा सुत्केरी आमाहरूको स्वास्थ्य तथा पोषण सुरक्षा कायम गरिने छ।<br>१.२.६ आमा सुरक्षा कार्यक्रम अन्तर्गत प्रयोगशाला निःशुल्क परीक्षण र सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिइने छ। |
| १.३ आधारभूत स्वास्थ्य सेवाबाट अति विपन्न र आम नागरिकलाईबञ्चित हुन नदिने | १.३.१ अति विपन्न नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न स्वास्थ्य बिमामा मापदण्डका आधारमा अनुदान प्रदान गरिने छ।<br>१.३.२ वडास्तरमा नियमित निःशुल्क स्वास्थ्य जाँच घुम्ती शिविर सञ्चालन गरिने छ<br>१.३.३ निःशुल्क वितरण गरिने औषधिको आपूर्ति र भण्डारण प्रणाली चुस्त र दुरुस्त पारिनेछ।<br>१.३.४ अशक्त, असहाय, बेवारिसे, अनाथ तथा जेष्ठ नागरिकहरूको आधारभूत स्वास्थ्यको सुनिश्चितता गर्न यस्ता व्यक्तिहरूको यथार्थ तथ्याङ्क संकलन गरी अभिलेख तयार पारिनेछ।<br>१.३.५ गम्भिर प्रकृतिका रोगहरूको उपचारमा नेपाल सरकारबाट प्राप्त हुने निःशुल्क सेवाहरूलाई सहजिकरण सिफारिस र प्रभावकारी बनाउन एक र्यापिड रेस्पोन्स इकाईको व्यवस्था गरिने छ।<br>१.३.७ अति विपन्न परिवारमा सुनौलो हजार दिनमा शिशु र आमाको पोषण पूरा गर्न पोषण प्याकेजको निर्माण गरी निःशुल्क वितरण गरिने छ।<br>१.३.८ बालबालिकाको नियमित तौल र उचाइ समेत जाँच्ने प्रबन्ध गरिने छ।<br>१.३.९ जेष्ठ नागरिक विशेष निःशुल्क घुम्ती स्वास्थ्य जाँच शिविर सञ्चालन गरिने छ<br>१.३.१० वडास्तरीय महिला प्रजनन् स्वास्थ्य जाँच शिविर सञ्चालन गरिने छ।<br>१.३.११ स्वास्थ्य सेवाको पहुँच नपुगेका स्थानमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरिने छ।<br>१.३.१२ पोषणमैत्री नगरपालिका बनाइने छ।<br>१.३.१३ पूर्ण संस्थागत प्रसुती नगरपालिका बनाइने छ।<br>१.३.१४ पूर्ण खोप तथा सुरक्षित सुइको सुनिश्चितता गरिने छ। |
| **उद्देश्यः २ स्वस्थ जीवनशैली, स्वास्थ्य प्रबर्धन, सकारात्मक व्यवहार परिवर्तन गर्न अनकुल वातावरण सृजना गर्ने।** | |

| | |
|---|---|
| २.१ स्वास्थ्य प्रति सचेत नागरिक निर्माण गर्न व्यापक जनचेतना जागरण अभियान सञ्चालन गर्ने | २.१.१ स्थानीय सञ्चार माध्यम तथा सामाजिक सञ्जाल मार्फत नगरपालिकाको सक्रियतामा व्यक्तिगत स्वास्थ्य तथा स्वस्थ व्यवहार सम्बन्धी सामाग्रीहरू नियमित प्रसारण गरिने छ।<br>२.१.२ प्रत्येक सघन बस्ती भएका टोलहरूमा योग साधना तथा प्रवचन केन्द्र स्थापना गरिने छ।<br>२.१.३ विद्यालय पाठ्यक्रममा व्यक्तिगत तथा सामुदायिक स्वास्थ्यका क्षेत्रलाई अनिवार्य समेट्ने व्यवस्था गरिने छ।<br>२.१.४ विद्यालयमा जङ्कफुड निषेध गर्न विद्यालय व्यवस्थापन तथा अभिभावकसँग नियमित अन्तरक्रिया गरी निषेध गरिने छ।<br>२.१.५ शारीरिक व्यायाम वा श्रमको स्वास्थ्यमा पर्ने सकारात्मक असर बारे नियमित जनचेतना फैलाउन सञ्चार माध्यामसँग सहकार्य गरिने छ।<br>२.१.६ धुम्रपान र मद्यपानलाई नियन्त्रण र कम गर्न निश्चित अवधि वा स्थानबाट बिक्री वितरण हुने व्यवस्था मिलाई जनचेतना अभिवृद्धि गरिने छ।<br>२.१.७ आफ्नै घरआगन र करेसाबारीमा उपलब्ध हुने सागसब्जी, फलफुल र खाद्यान्नहरूको पोषणको स्तर तथा सन्तुलित भोजनका बारेमा विद्यालयस्तरमा नियमित रूपमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।<br>२.१.८ आम नागरिकलाई नियमित सम्पूर्ण स्वास्थ्य जाँचका फाइदाबारे व्यापक प्रचार प्रसार गरिने छ। |
| २.२ वैकल्पिक चिकित्सा पद्धतिको विकास र त्यसको अवलम्बन गरी जनस्वास्थ्य सुदृढ गर्ने | २.२.१ नगरपालिका स्तरीय एक आयुर्वेद उपचार केन्द्रको विकास गर्न पूर्वाधार तयार पारिनेछ।<br>२.२.२ नगरपालिका स्तरीय एक प्राकृतिक चिकित्सा केन्द्र स्थापना गर्न निजी क्षेत्रसँग अन्तरक्रिया गरिने छ।<br>२.२.३ स्थानीय स्तरमा रहेका धामी, झाँक्री तथा बैद्यहरूलाई विज्ञान सिद्ध स्वास्थ्य चेतना फैलाउन विशेष तालिम प्याकेज निर्माण गरी कार्यान्वयन गरिने छ। |
| **उद्देश्यः ३ आकस्मिक तथा विपद् व्यवस्थापन गर्न आपतकालिन कोष मार्फत स्वास्थ्य सेवा प्रभावकारी रुपमा सञ्चालन गर्ने।** | |
| ३.१ विपद व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यको एकीकृत उपायहरु अवलम्बन गर्ने। | ३.१.१. नगरपालिका स्तरिय विपद् व्यवास्थापन समिति गठन गरी कोषको स्थापना गरिनेछ।<br>३.१.२ सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग तथा विभिन्न महामारीजन्य रोगका बिरुद्ध प्रवर्धनात्मक, प्रतिकारात्मक तथा द्रुत प्रतिकार्य (रपिद रेस्पोन्से) जस्ता कार्यक्रम सञ्चालन गरिने छ।<br>३.१.३ विभिन्न प्रकारका फोहोरहरुको उचित व्यवास्थापन गरिनेछ।<br>३.१.४ मापदण्ड अनुसार मासु पसल खोल्नकोलागी समन्वय गरिनेछ।<br>३.१.५ मापदण्ड अनुसार भूकम्प प्रतिरोधात्मक भौतिक संरचना निर्माण गराइनेछ।<br>३.१.६ विभिन्न किटजन्य, पशुपन्छीजन्य र अन्य रोगबाट बच्नको लागि सम्वन्धित निकायहरुसंग समन्वय गरी भ्याक्सीनहरुको व्यवास्थापन गरिनेछ। |

## स्वास्थ्यको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १. | १.१ | १.१.१ | वडास्तरीय स्वास्थ्य संस्थाहरूको स्तारोन्नती | | ४०० | ४१५ | ४२० | ४३० | ४३५ | | नगरपालिका |
| | | १.१.२ | नगरपालिका स्तरीय अस्पताल निर्माण | | ० | ० | २००० | २००० | ० | ० | नगरपालिका |
| | | १.१.३ | नगरपालिका स्तरीय सुविधा सम्पन्न प्याथोलोजी ल्याब निर्माण | | ० | ० | १८०० | ० | ० | ० | नगरपालिका |
| | | १.१.४ | सुविधा सम्पन्न आकस्मिक उपचार कक्ष निर्माण | | ० | २५०० | ० | ० | ० | ० | नगरपालिका |
| | | १.१.५ | प्रसुति सेवा कक्ष निर्माण | | ० | ० | १००० | ० | ० | ० | नगरपालिका |
| | | १.१.६ | बाल उपचार इकाई निर्माण | | ० | १५० | १५० | १५० | | ० | नगरपालिका |
| | | १.१.७ | रक्तसञ्चार सेवा संचालन गर्न सम्भाव्यता अध्ययन | | ० | ८० | ० | ० | ० | ० | नगरपालिका |
| | | १.१.८ | आँखा उपचार इकाइ निर्माण | | ० | ० | ० | १००० | ० | ० | नगरपालिका |
| | | १.१.९ | प्रजनन् सेवा, परिवार नियोजन तथा सुरक्षित | | ० | ० | ७०० | ० | ० | ० | नगरपालिका |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गर्भपतन सेवा इकाई सञ्चालन | | | | | | | | |
| | | १.१.१० | नगरपालिका स्तरीय एक दन्त उपचार इकाइ निर्माण | | ० | ० | ० | ५०० | ० | ० | नगरपालिका |
| | | १.१.११ | छाला तथा यौनरोग उपचार इकाइ निर्माण | | ० | २५० | २५० | ० | ० | ० | नगरपालिका |
| | | १.१.१२ | मनोपरामर्श सेवा केन्द्र स्थापना | | ० | ० | १८० | ० | ० | ० | नगरपालिका |
| | | १.१.१३ | नगरपालिका स्तरीय एक अक्सिजन प्लान्ट निर्माणको सम्भाब्यता अध्ययन | | ० | २०० | ० | ० | ० | ० | नगरपालिका |
| | १.२ | १.२.१ | स्वास्थ्यकर्मीको दरबन्दी व्यवस्था | | ० | २०० | २१५ | २२० | २२५ | २३० | नगरपालिका |
| | | १.२.२ | महिला स्वास्थ्य स्वयंसेविका तालिम | | ० | ६० | ६५ | ७० | ७५ | ८० | नगरपालिका |
| | | १.२.३ | आमा सुरक्षा कार्यक्रम अन्तर्गत प्रयोगशाला निःशुल्क परीक्षण र सुत्केरी पोषण कार्यक्रम | | ० | ७५ | ७८ | ८० | ८३ | ८५ | नगरपालिका |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| | १.३. | १.३.१ | विपन्न नागरिक स्वास्थ्य बिमा अनुदान | | ० | ७० | ७८ | ८० | ९० | १०० | नगरपालिका |
| | | १.३.२ | वडास्तरीय निःशुल्क घुम्ती स्वास्थ्य परीक्षण शिविर सञ्चालन | | ० | १०० | ११० | १२० | १३० | १९० | नगरपालिका |
| | | १.३.३ | निःशुल्क वितरण हुने औषधि नियमित आपूर्ति | | २५० | २६० | २७० | २८० | २९० | ३०० | नगरपालिका |
| | | १.३.४ | अशक्त, असहाय, बेवारिसे, अनाथ तथा जेष्ठ नागरिक हरूको आधारभूत स्वास्थ्यको सुनिश्चितता गर्ने यस्ता व्यक्तिहरूको यथार्थ तथ्याङ्क संकलन | | ० | १०० | ० | ० | ० | ० | नगरपालिका |
| | | १.३.५ | महामारी विपद व्यवस्थापन योजना निर्माण | | ० | ८० | ८५ | ८७ | ८९ | ९२ | नगरपालिका |
| | | १.३.६ | वडास्तरीय महिला प्रजनन् स्वास्थ्य जाँच शिविर सञ्चालन | | ८० | ८० | ८० | ८० | ८० | ९० | नगरपालिका |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| | | १.३.७ | पूर्ण संस्थागत प्रसुती नगरपालिका अभियान | | ५० | ५० | ५० | ५० | ५० | ६० | नगरपालिका |
| | | १.३.८ | पूर्ण खोप तथा सुरक्षित सुइको सुनिश्चितता अभियान | | ० | ५० | ५२ | ५४ | ५५ | ५७ | नगरपालिका |
| २ | २.१ | २.१.१ | स्वास्थ्य शिक्षा सञ्चार कार्यक्रम | | ० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका |
| | | २.१.२ | व्यक्तिगत र सामुदायिक स्वास्थ्य सम्बन्धी विद्यालय पाठ्यक्रम | | ० | ५० | ६० | ७० | ८० | ९० | नगरपालिका |
| | | २.१.३ | जंकफुड उन्मूलन विद्यालय अभियान अन्तर्गत अभिभावक अन्तरक्रिया | | ० | ५० | ५५ | ६० | ६५ | ७० | नगरपालिका |
| | | २.१.४ | धुम्रपान, मध्य पान नियन्त्रण सचेतना अभियान | | ० | ५० | ५५ | ६० | ६५ | ७० | नगरपालिका |
| | | १.३.१३ | एच.आइ.भि. पोजेटिभ विरामीहरुलाई पोषण, प्रोत्साहन तथा यातायात खर्च सहयोग | | ० | ५० | ५५ | ६० | ६५ | ७० | नगरपालिका |

### ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

- आधारभूत स्वास्थ्य पूर्वाधारको विकास भई नगरपालिका मै स्वास्थ्य सेवा उपलब्ध हुनेछ ।
- आवश्यक मात्रामा दक्ष स्वास्थ्य जनशक्तिको प्रबन्ध हुनेछ ।
- आधारभूत स्वास्थ्य सेवामा अति विपन्न नागरिकको पहुँच स्थापित हुनेछ ।
- स्वास्थ्य चेतनामा व्यापक सुधार आउने छ ।
- वैकल्पिक चिकित्सा पद्धति तर्फ आम सर्वसाधारणको आकर्षण बढेको हुनेछ ।

**नतिजा खाका**

| क्र.सं. | नतिजा को तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | असर | दक्ष प्रसुतीकर्मीहरूको सहयोगमा भएको जन्मको (अनुपात) | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| २ | असर | पाँच वर्षमूनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ३ | असर | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ४ | प्रतिफल | सक्रिय ट्रकोमा बिरामी वार्षिक | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ५ | प्रतिफल | मुटु सम्बन्धी बिरामी वार्षिक | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ६ | प्रतिफल | क्यान्सर बिरामी वार्षिक | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ७ | प्रतिफल | मधुमेह बिरामी वार्षिक | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ८ | प्रतिफल | स्वास प्रणाली सम्बन्धी दीर्घ रोग दम आदिका बिरामी | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ९ | प्रतिफल | आत्महत्याबाट हुने मृत्युदुर प्रति लाख जनसंख्यामा | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| १० | प्रतिफल | सडक दुर्घटनाबाट मृत्युदुर प्रति लाख जनसंख्यामा | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ११ | प्रतिफल | परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| १२ | असर | प्रोटोकल अनुसार चार पटक पूर्व प्रसुति सेवा प्राप्त गर्ने महिला वार्षिक | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| १३ | असर | अस्पताल/स्वास्थ्य संस्थामा बच्चा जन्माउने महिला | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| १४ | असर | हेपाटाइटिस बी भ्याक्सिन पूरा (३ डोज) गर्ने शिशु | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| १५ | असर | रगतमा ग्लुकोजको मात्रा वृद्धि भई औषधि प्रयोग गरिरहेका १५ वर्ष वा सो भन्दा माथिको जनसंख्या | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |

| क्र.सं. | नतिजा को तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १६ | असर | घरबाट स्वास्थ्य संस्थामा ३० मिनेट वा सो भन्दा कम समय लाग्ने परिवार | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| १७ | असर | स्वास्थ्य बिमामा आवद्ध विपन्न परिवार | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| १८ | असर | राष्ट्रिय खोप कार्यक्रममा समावेश भएका सबै खोपद्वारा समेटिएको लक्षित जनसंख्या | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| १९ | असर | स्वास्थ्यकर्मीको घनत्व र वितरण | प्रतिलाखमा | २०८१-०८२ | २०८५-०८६ |
| २० | असर | स्वास्थ्य क्षेत्रमा कुल खर्च कुल (बजेटको) दिगो विकास लक्ष्य ३ | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| २१ | प्रतिफल | सम्पूर्ण आधारभूत सुविधायुक्त स्वास्थ्य चौकी | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| २२ | असर | कुपोषण भएका बालबालिका दर | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| २३ | प्रतिफल | चौबिसै घण्टा आकस्मिक स्वास्थ्य सेवा भएका स्वास्थ्य संस्था | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| २४ | प्रतिफल | चौबिसै घण्टा आकस्मिक प्रसुति सेवा भएका स्वास्थ्य संस्था | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| २५ | प्रतिफल | चौबिसै घण्टा एम्बुलेन्स सेवा भएका स्वास्थ्य संस्था | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| २६ | प्रतिफल | बैकल्पिक स्वास्थ्य उपचार केन्द्र | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| २७ | प्रतिफल | योग केन्द्र | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| २८ | असर | पूर्ण सुरक्षित पिउने पानी प्रयोग गर्ने जनसंख्या | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| २९ | प्रतिफल | आधारभूत स्वास्थ्य चेतना प्राप्त गर्ने वैद्य धामी झाँक्री | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ३० | प्रतिफल | परिवार नियोजन सेवा केन्द्र | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ३१ | प्रतिफल | रक्तसंचार सेवा | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ३२ | प्रतिफल | अपेक्षित आयू (जन्मदाको बखत) | वर्ष | २०८१-०८२ | २०८५-०८६ |
| ३३ | प्रतिफल | मातृ मृत्युदर (प्रति लाखमा) | प्रतिलाखमा | २०८१-०८२ | २०८५-०८६ |
| ३४ | असर | पाठेघरको क्यान्सरका निम्ति स्क्रिनीङ गरिएका ३० देखि ४९ वर्षका महिला | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ३५ | प्रतिफल | HIV AIDS Antiviral औषधि प्राप्त गर्ने | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ३६ | प्रतिफल | उच्च रक्तचापको औषधि सेवन गरिरहेका १५ वर्ष भन्दा माथिको जनसंख्या | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ३७ | प्रतिफल | सुविधासम्पन्न अस्पताल | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ३८ | प्रतिफल | घुम्ती स्वास्थ्य शिविर वार्षिक | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ३९ | प्रतिफल | स्वास्थ्य प्रयोगशाला | संख्या | २०८१-०८२ | २०८५-०८६ |

### ५.१.६ अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता हुनेछ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ।
- स्थानीय स्तरबाट अवरोध हुने छैन।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ।
- निर्माण सामग्रीको आपूर्तिमा अवरोध हुने छैन।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ।

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने अधिकारलाई मौलिक हक अन्तरगत समावेश गरेको छ। नेपालले लिएको दिगो विकास लक्ष्य अन्तर्गत सन् २०३० सम्ममा सबैका लागि गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने कुरा उल्लेख गरिएको छ। त्रिपुरासुन्दरी नगरपालिकाले शिक्षा क्षेत्रको विकासका लागि भर्ना अभियान, विद्यालय समायोजन, शिक्षक शिक्षिकालाई अध्ययन अवलोकन प्रशिक्षण तथा तालिम, खेल तथा शैक्षिक सामग्री व्यवस्था, विद्यालय सवलीकरण, सूचना प्रविधिको प्रयोग, छात्रवृति, बालविकास केन्द्रहरूको सुदृढीकरण, गणित विज्ञान जस्ता विषयमा शिक्षक नपुग भएका विद्यालयमा स्वयं सेवक शिक्षक परिचालन, विद्यालयको नियमन तथा निरीक्षण जस्ता कार्यक्रम सञ्चालन गर्दै आएको देखिन्छ। मुलुकको सर्वाङ्गीण विकासको मूल आधार नै शिक्षा भएकाले गुणस्तरीय शिक्षामा सबै नागरिकहरूको समतामूलक र न्यायोचित पहूँच स्थापित गर्नु आजको आवश्यकता हो। नेपालको संविधान २०७२ ले शिक्षालाई नागरिकको मौलिकहकको रूपमा स्थापित गरेको र विशेषगरी आधारभूत तह सम्मको शिक्षा निःशुल्क र अनिवार्य साथै माध्यमिक तह सम्मको शिक्षा निःशुल्क गरेको परिप्रेक्ष्यमा राज्य र विशेषगरी स्थानीय सरकारको भूमिका र जिम्मेवारी गहन हुन गएको छ। ग्रामीण हिमाली परिवेशको क्षेत्र भएकोले शिक्षाका आधारभूत पूर्वाधारहरूको पर्याप्त विकास हुन सकेको छैन।

पछिल्लो राष्ट्रिय जनगणना, २०७८ अनुसार त्रिपुरासुन्दरी नगरपालिकाको साक्षरता दर ७०.९ प्रतिशत छ। महिला साक्षरता दर ६३.१ प्रतिशत छ भने पुरुष साक्षरता दर ७९ प्रतिशत छ। नगरपालिकामा हाल शिशु कक्षा देखि स्नातक सम्म सञ्चालन भइरहेका छन्। यस नगरपालिकामा पठनपाठनका नगरपालिकामा निजी क्षेत्रको विद्यालय पनि सञ्चालनमा छ। नगरपालिकामा आधारभूत तह, माध्यमिक तहका शिक्षण संस्थाहरु रहेका छन्।

### ५.२.२ समस्या तथा चुनौती

- विद्यार्थीको भर्नादर न्यून हुनु र विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु,
- विद्यालयहरू आर्थिक रूपले कमजोर हुन,
- विद्यालयहरूमा विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दी आवश्यक दरबन्दी उपलब्ध नहुन र मिलान नगरिनु,

- विद्यालयमा विषयगत शिक्षकको कमी हुनुका साथै तल्लो तहमा दरवन्दी भएका शिक्षकले माथिल्ला कक्षामा पढाउनु पर्ने बाध्यता हुनु,
- विद्यालयहरूमा स्वच्छ खानेपानी, आपाङ्गमैत्री शौचालय, पुस्तकालय, सुरक्षित भवन, फर्निचर तथा समय सापेक्ष सूचना प्रविधिमैत्री पूर्वाधारको अपर्याप्तता वा अभाव,
- विद्यालय तथा विद्यार्थीहरूमाझ स्वस्थ प्रतिस्पर्धात्मक भावनाको कमी भएको,
- कतिपय विद्यालय भवन कच्ची र जीर्ण रहेका र शैक्षिक पूर्वाधारको कमी भएको,
- अतिरिक्त क्रियाकलाप, विद्यार्थी मैत्री शिक्षा तथा खेलकुद सामग्रीको अभाव भएको,
- उपयुक्त, व्यवस्थित र पर्याप्त खेलमैदानको व्यवस्था नभएको,
- लक्षित निरक्षर तथा सीमान्तकृत वर्गलाई विशेष शिक्षाको व्यवस्था नभएको,
- छोरीहरूले छोराहरू सरह शैक्षिक अवसरहरू प्राप्त गर्न पूर्णरूपमा अझै नसकेको,
- अधिकांश विद्यालयमा प्राथमिक उपचार कक्ष, पुस्तकालय, कम्प्युटर प्रयोगशाला, विज्ञान प्रयोगशाला र इन्टरनेट सुविधा नभएको,
- समग्र शैक्षिक समस्याहरू सम्बोधन गरी शैक्षिक संस्थाहरूलाई सुविधासम्पन्न बनाउन बजेटको व्यवस्था गर्नुपर्ने,
- शिक्षाको गुणस्तर सुधारमा व्यापक लगानी तथा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने,
- चुस्त अनुगमन तथा मूल्याङ्कन प्रणालीको व्यवस्था गर्नुपर्ने,
- शैक्षिक क्यालेण्डरलाई नियमित तथा व्यवस्थित गर्नुपर्ने,
- शिक्षक शिक्षिकाहरूलाई नियमित तालिम प्रदान गर्नुपर्ने,
- बालमैत्री, विद्यार्थीमैत्री तथा प्रविधिमैत्री शिक्षण सिकाइ तथा अन्य नवीनतम शिक्षण पद्धतिको विकास गर्नुपर्ने,
- अन्तराष्ट्रिस्तरमा प्रतिस्पर्धा गर्न सक्ने शैक्षिक गुणस्तर कायम गर्नुपर्ने,
- हरेक विद्यालयलाई सूचना प्रविधियुक्त तथा गुणस्तरीय बनाउनु पर्ने,
- सबैका लागि गुणस्तरीय शिक्षा अभियान सञ्चालन गर्नुपर्ने,
- प्राविधिक तथा सिपमूलक शिक्षाको बढोत्तरी गरिनुपर्ने,
- शैक्षिक ऋण तथा छात्रवृत्तिको व्यवस्था गरिनुपर्ने,
- विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नुपर्ने,
- अभिभावक शिक्षा कार्यक्रमको व्यवस्था गर्नुपर्ने,
- सुविधा तथा पूर्वाधारयुक्त विद्यालय भवनको व्यवस्थापन गर्नुपर्ने,
- थप प्राविधिक विद्यायहरु सञ्चालन गर्न लगानीको वातावरण बनाउनुपर्ने,
- दक्ष र पर्याप्त शिक्षकहरूको आवश्यकता अनुरूप आपूर्ति गर्नुपर्ने,
- जीर्ण भवनहरूलाई स्तरोन्नति गरी सुरक्षित वातावरणमा पठनपाठन गराउनुपर्ने,

- सामुदायिक विद्यालयमा अंग्रेजी भाषाको माध्यमबाट पनि पठनपाठन गर्न प्रोत्साहन गर्नुपर्ने ।

### ५.२.३ संभावना तथा अवसर

- विद्यालयहरूको अनुगमन तथा मूल्याङ्कन व्यवस्थित गर्न नगरपालिका शिक्षा समिति गठन गर्ने नीति लिइएको
- नगरपालिकाले प्रारम्भिक बाल विकासलाई अनिवार्य तथा आधारभूत तहसम्म निःशुल्क गर्ने, विद्यालय शिक्षामा सूचना प्रविधिको पहुँच बढाउने, शैक्षिक सामाग्री र विज्ञान प्रयोगशालाको व्यवस्था गर्ने, विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी मिलान गर्ने, शिक्षा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने, अभिभावक विहिन र असहाय बालबालिकाहरूको उचित संरक्षण, पालनपोषण र शिक्षाको प्रबन्ध गर्ने नीति लिएको ।
- नगरपालिकाका सामुदायिक, आधारभूत तथा माध्यमिक विद्यालयहरूमा अध्ययनरत छात्राहरूलाई स्यानिटरी प्याड वितरण गर्ने नीति लिईएको ।
- नगरपालिकाद्वारा गरिब तथा जेहेन्दार विद्यार्थीको छात्रवृत्तिको ब्यवस्था गर्ने नीति लिएको ।
- विद्यालयहरूमा स्थानीय आवश्यकता समेट्ने पाठ्यक्रम निर्माण गरी लागू गर्ने पहल थालेको ।
- नगरपालिकामा बहुप्राविधिक धारका शिक्षालय स्थापना गर्न सकिने र एउटा विद्यालय स्थापना गरि परिक्षण सुरू गरेको ।
- बाल विकास केन्द्रको भौतिक तथा शैक्षिक स्तरोन्नति गर्न सकिने ।
- प्रौढ शिक्षा तथा अनौपचारिक शिक्षाको व्यवस्था गरी त्यसलाई प्रभावकारी बनाउन सकिने ।
- विद्यमान शिक्षण संस्थाहरूको थप स्तरोन्नति गर्न सकिने ।
- माध्यमिक तहमा कम्प्युटर शिक्षा तथा नगरपालिकामा आवश्यक जनशक्ति उत्पादन गर्न तद्अनुरूपका कार्यक्रम सञ्चालन गर्न विद्यालयहरूलाईप्रोत्साहन गर्न सकिने ।
- सम्पूर्ण विद्यालयहरूमा आवश्यक मात्रामा शैक्षिक सामग्रीहरूको थप व्यवस्था, पुस्तकालय तथा विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्था गरी व्यावहारिक शिक्षा प्रदान गर्न सकिने ।
- शिक्षकहरूलाई तालिम दिई गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने ।
- दक्ष शिक्षक, गुणस्तरीय शिक्षा दिन सक्ने, कृषि, विज्ञान तथा अन्य प्राविधिक विद्यालयहरु सञ्चालनमा ल्याउन सकिने ।

### ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच** सहज र सुलभ गुणस्तरिय शिक्षा मार्फत दक्ष जनशक्ति निर्माण

**लक्ष्य** सार्वजनिक विद्यालयहरुको क्षमता अभिवृद्धी गरी शिक्षाको गुणस्तर वृद्धि गर्ने ।

**उद्देश्यहरू**

१.न्यूनतम शैक्षिक पूर्वाधारको विकास गरी आधारभूत र माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने ।

२.निरक्षरता शुन्यमा झार्ने ।

३. व्यावहारिक, प्राविधिक, जीवनोपयोगी र नैतिक मूल्यमा आधारित शिक्षा प्रदान गर्ने ।

४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

५. विज्ञान तथा प्रविधिको आधारभूत खोज र अन्वेषणलाई स्थान दिने ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्यः १ न्यूनतम शैक्षिक पूर्वाधारको विकास गरी आधारभूत र माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने** | |
| १.१ न्यूनतम भौतिक पूर्वाधारहरूलाई प्राथमिकताको आधारमा निर्माण गर्दै लैजाने | १.१.१ नगरपालिकाभर सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूको निरीक्षण गरी त्यहाँ रहेका भौतिक पूर्वाधारहरू जस्तै भवन, कक्षा कोठा, शौचालय, पुस्तकालय, पिउने पानी, डेस्क, बेन्च, शिक्षक दरवन्दी, विज्ञान प्रयोगशाला लगायतको अवस्थाबारे वस्तुगत विवरण संकलन गरिने छ।<br>१.१.२ पहिलो चरणमा विद्यालय भवन, कक्षाकोठा र शौचालयको भौतिक निर्माण र व्यवस्थापन गर्न रकम विनियोजन गरिने छ।<br>१.१.३ भौतिक निर्माण पश्चात अत्यावश्यक शैक्षिक सामाग्रीको क्रमश प्रबन्ध गरिने छ।<br>१.१.४ विद्यालयलाई आवश्यक खेलमैदानको उचित प्रबन्ध गरिने छ।<br>१.१.५ विद्युत सेवा नपुगेका विद्यालयमा विद्युत वा सौर्य उर्जाको प्रबन्ध गरिने छ।<br>१.१.६ हरेक विद्यालयमा इन्टरनेट सेवाको प्रबन्ध गरिने छ।<br>१.१.७ विद्यार्थी संख्याको आधारमा गाभ्नुपर्ने विद्यालयहरूको अध्ययन सम्पन्न गरिने छ। |
| १.२ अत्यावश्यक शैक्षिक जनशक्तिको व्यवस्थापन गर्ने | १.२.१ विद्यार्थी संख्या तथा शिक्षक संख्याको आधारमा शिक्षक विद्यार्थी अनुपातको विस्तृत अध्ययन प्रतिवेदन तयार पारिनेछ।<br>१.२.२ विद्यार्थी अनुपातमा शिक्षक दरवन्दी कम भएका विद्यालयमा दरवन्दी व्यवस्था गरिने छ।<br>१.२.३ कक्षाको आवश्यकता र पाठ्यक्रमको माग अनुरूप शिक्षकहरूलाई आफ्नो विषयमा दक्ष तुल्याउन नियमित विषयगत तालिमको प्रबन्ध गरिने छ। |
| १.३ सबैका लागि आधारभूत शिक्षा सुनिश्चित गर्न स्थानीय नीति तथा कानुन निर्माण गरी कार्यान्वयन गर्ने | १.३.१ पूर्व प्राथमिक अथवा बालविकास, आधारभूत तथा माध्यामिक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा साथै विशेष शिक्षा सम्बन्धी कानुन र मापदण्ड निर्माण गरी लागू गरिने छ।<br>१.३.२ समग्र शिक्षा विकास गुरुयोजना निर्माण गरी लागू गरिने छ।<br>१.३.३ अति विपन्न समुदायका विद्यालय जाने बालबालिकाको तथ्याङ्क तयार पारिनेछ।<br>१.३.४ विद्यालय जाने उमेरका विद्यालय जानबाट बञ्चित बालबालिकालाई विद्यालय पुर्याउन नसक्नुका कारणहरूको अध्ययन गरी तीनको निराकरण गरिने छ।<br>१.३.५ विद्यार्थीहरूलाई विद्यालय अनिवार्य पठाउन अभिप्रेरित गर्ने विशेष अभिभावक शिक्षा कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिने छ।<br>१.३.६ घुम्ती भर्ना अभियान सञ्चालन गरिने छ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | १.३.७ विद्यालय जाने उमेर छँदै बाल विवाहमा परेका या शिक्षाबाट बञ्चित बालबालिकालाई बुहारी शिक्षा अन्तर्गत विद्यालयमा आउने वातावरण निर्माण गर्ने अभियान सञ्चालन गरिने छ।<br>१.३.८ अपाङ्ग विद्यार्थी व्यवस्थापनका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ |
| **उद्देश्यः २ निरक्षरता शुन्यमा झार्ने** | |
| २.१ अति विपन्न, दलित र विद्यालय जानबाट बञ्चित विद्यार्थी तथा बस्यक केन्द्रित शैक्षिक अभियान सञ्चालन गर्ने | २.१.१ अतिविपन्न र विद्यालय जानबाट वञ्चित सम्पूर्ण बालबालिकालाई अनिवार्य रुपमा विद्यालय पुर्याउन विशेष छात्रवृत्ति कोषको व्यवस्था गरिने छ।<br>२.१.२ हरेक वडामा निरक्षरहरूको विवरण तयार पारिनेछ।<br>२.१.३ प्रत्येक वडामा निरक्षर केन्द्रित अनौपचारिक प्रौढ शिक्षा कक्षालाई अभियानको रूपमा सञ्चालन गरिने छ।<br>२.१.४ अनौपचारिक प्रौढ शिक्षाको उपलब्धि मापन गर्न कक्षा समापन पश्चात वार्षिक सर्वेक्षण गरिने छ।<br>२.१.५ स्थानीय सञ्चार माध्यम मार्फत तथा वडास्तरमा शिक्षाको महत्वका विषयमा निरक्षर केन्द्रित जनचेतनामूलक कार्यक्रम अभियानको रूपमा सञ्चालन गरिने छ।<br>२.१.६ वडा स्तरीय एक सामुदायिक सिकाइ केन्द्रको स्थापना गरिने छ। |
| **उद्देश्यः ३ व्यावहारिक, प्राविधिक, जीवनोपयोगी र नैतिक मूल्यमा आधारित शिक्षा प्रदान गर्ने।** | |
| ३.१ प्राविधिक र व्यावहारिक शिक्षा केन्द्रित शिक्षालय तथा पाठ्यक्रमको निर्माण गरी लागू गर्ने | ३.१.१ एक वडा एक प्राविधिक तथा व्यावसायिक विद्यालय स्थापना गर्न संभाव्यता अध्ययन गरिने छ।<br>३.१.२ नगरपालिकास्तरीय एक नमुना प्राविधिक शिक्षालय संचालन गर्न सकिने विद्यालय पहिचान गरी रकम विनियोजन गरिने छ।<br>३.१.३ CTEVT को सम्बन्धनमा नगरपालिकास्तरीय थप बहुप्राविधिक विद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन गरिने छ।<br>३.१.४ नगरपालिकामा कृषि प्राविधिक विद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन गरिने छ। |
| ३.२ नैतिक मूल्यमा आधारित जीवनोपयोगी शिक्षाका लागि हरेक तहमा पाठ्यक्रम अनिवार्य गरी लागू गर्ने | ३.२.१ हरेक तह साथै औपचारिक साथै अनौपचारिक क्षेत्रको शिक्षामा नैतिकता, अनुशासन र जीवन सिप विकास गर्न पाठ्यक्रम तयार गरी लागू गर्न विज्ञसँग परामर्श लिइनेछ।<br>३.२.२ हरेक तहको शिक्षामा, आध्यामिक तथा आत्मिक विकास, सेवाभाव, मानवता, ध्यान, योग र स्वयंसेवा प्रबर्धन गर्ने पाठ्यक्रम तयार गरी अनिवार्य लागू गर्न त्यस्ता विषय शिक्षकहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.२.३ बालबालिकालाई आवश्यक सन्तुलित भोजनका बारेमा अभिभावक र स्वयं बालबालिकाहरूलाई सुसूचित गर्न विद्यालय स्तरीय पोषण शिक्षा अभियान सञ्चालन गरिने छ। |
| **उद्देश्यः ४ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा प्रदान गर्ने।** | |
| ४.१ नविनतम शिक्षण सिकाई प्रविधिहरूको व्यावहारिक प्रयोग गर्ने | ४.१.१ हरेक विद्यालयमा नविनतम शिक्षण सिकाई प्रविधिको प्रयोगका बारेमा नियमित शिक्षक अभिमुखीकरण तालिम प्रदान गरिने छ साथै सूचना प्रविधीका क्षेत्रमा सक्षमता विकास तालिम सञ्चालन गरिने छ।<br>४.१.२ निर्धारित पाठ्यक्रमको उद्देश्य अनुरूप सिकाइ उपलब्धि मापन गर्न प्रत्येक विद्यार्थीको PIS (व्यक्तिगत सूचना प्रणाली) निर्माण गरिने छ।<br>४.१.३ शिक्षण सिकाई मापन गर्न प्रमाणिक तथा वैज्ञानिक ग्रेडिङ प्रणालीको प्रयोग गरिने छ। |
| ४.२ स्थानीय आवश्यकता अनुरुप पाठ्यक्रम निर्माण गरी लागू गर्ने | ४.२.१ राष्ट्रिय तथा प्रादेशिक शिक्षा नीति, ऐन र नियमको परिधिमा रहि स्थानीय आवश्यकता अनुरुप पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्न विज्ञसँग परामर्श लिइनेछ।<br>४.२.२ विज्ञान प्रविधि, गणित, अंग्रेजी जस्ता विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने विद्यार्थी तयार पार्न सूचना प्रविधिको प्रयोग मार्फत विद्यार्थीहरूलाई तहगत हिसाबले सू-सूचित बनाउन विद्यालयमा इन्टरनेट सहितका आधारभूत पूर्वाधारको अनिवार्य व्यवस्था मिलाईने छ।<br>४.२.३ विद्यार्थीको व्यक्तिगत रुचि र झुकावको पहिचान गरी हरेक विद्यालयमा नियमित अतिरिक्त क्रियाकलाप अन्तर्गत गायन, वाद्यवादन, नृत्य, अभिनय, खेलकुद, चित्रकला, वतृत्वकला जस्ता क्रियाकलाप सञ्चालन गर्न शिक्षकको प्रबन्ध गरिने छ। |
| ४.३ विद्यार्थीहरूको ज्ञानको क्षितिज वृद्धिहुने क्रियाकलाप नियमित गर्ने | ४.३.१ विद्यार्थीहरूलाई वार्षिक पात्रोको विकास गरी नियमित रुपमा शैक्षिक भ्रमण गराइने छ।<br>४.३.२ विद्यार्थीहरूलाई सामाजिक, जीवनोपयोगी र व्यावहारिक ज्ञान दिलाउन नियमित स्थलगत अध्ययन र परियोजना कार्यमा संलग्न गराइने छ।<br>४.३.३ विद्यालय शैक्षिक पात्रोमा प्रबन्ध गरी नियमित रूपमा विज्ञान, प्रविधि, कला, खेलकुद, पेशा व्यवसाय आदिमा सफल व्यक्तित्वहरूसँग विद्यार्थीहरूलाई साक्षात्कार गराइने छ।<br>४.३.४ विद्यालयमै ज्ञान, विज्ञान, सफलता, साहस र जितका कथाहरू समेट्ने वृतचित्र तथा चलचित्रहरूको नियमित प्रर्दशन गराउने व्यवस्था मिलाईने छ<br>४.३.५ हरेक विद्यालयमा नियमित पाठ्यक्रम अतिरिक्त बाल तथा अन्य पुस्तकहरू समेटेर एक पुस्तकालयको व्यवस्था गरिने छ।<br>४.३.६ विद्यार्थीहरूलाई ज्ञान, सिप सम्बन्धी क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिन पूर्व तयारी गरिने छ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ४.४ पाठ्य सामाग्रीको उपलब्धता सुनिश्चित गर्ने | ४.४.१ नियमित पठनपाठनका लागि आवश्यक पुस्तकालय र पाठ्य पुस्तकहरूको समयमै प्रबन्ध गर्न नगरपालिकास्तरीय एक संयन्त्रको निर्माण गरिने छ।<br>४.४.२ हरेक विद्यालयमा पुस्तकालय व्यवस्थापन गर्न पुस्तकालय निर्माण गरिने छ<br>४.४.३ हरेक विद्यालयमा एक कम्प्युटर प्रयोगशाला निर्माण गरिने छ।<br>४.४.४ हरेक मा.वि.मा एक विज्ञान प्रयोगशाला निर्माण गरिने छ। |
| ४.५ नियमित अनुगमन तथा निरीक्षण गरी शैक्षिक क्रियाकलापहरूलाई समय सापेक्ष सुधार गर्ने | ४.५.१ विद्यालयमा शिक्षकहरू नियमित उपस्थित भएको हाजिरी सुनिश्चित गर्न वडा अध्यक्ष, विद्यालय व्यवस्थापन समिति अध्यक्ष र प्रधानाध्यापकहरूसँग हरेक महिनामा अन्तरक्रिया गरी सूचना लिइनेछ।<br>४.५.२ विद्यार्थीको नियमित उपस्थितिका लागि कक्षा शिक्षकलाई जिम्मेवार बनाई हरेक चौमासिक परीक्षाको परीक्षाफल प्रकाशन पश्चात अभिभावक अन्तरक्रियालाई अनिवार्य गरिने छ।<br>४.५.३ शिक्षण सिकाइमा उत्कृष्ट विद्यालयलाई हरेक वर्ष पुरस्कृत गर्न एक कोषको निर्माण गरिने छ।<br>४.५.४ उत्कृष्ट निजी विद्यालय व्यवस्थापनका अनुभव साट्न वर्षमा एक पटक सामाजिक दायित्व अन्तर्गत निजी तथा सामुदायिक विद्यालयहरूबीच अन्तरक्रिया आयोजना गरिने छ।<br>४.५.५ हरेक कक्षामा उत्कृष्ट नतिजा ल्याउने छात्र/छात्रा विद्यार्थीलाई पुरस्कृत गरिने छ।<br>४.५.६ हरेक विद्यालयमा उत्कृष्ट शिक्षकलाई पुरस्कार कोषको व्यवस्था गरिने छ।<br>४.५.७ उच्च शिक्षामा जान चाहने विशेष जेहेन्दार विद्यार्थीहरूलाई मापदण्डका आधारमा शैक्षिक ऋण प्रदान गर्न "जेहेन्दार विद्यार्थी उच्च शिक्षा कोष" निर्माण गरिने छ।<br>४.५.८ हरेक विद्यालयमा शिक्षकहरूलाई क्रमश विद्युतिय हाजिरीको प्रबन्ध गर्न प्रयास गरिने छ।<br>४.५.९ कोरोना महामारी जस्ता माहामारीका समयमा वैकल्पिक विधिबाट अध्यापन गराउन आवश्यक भौतिक पूर्वाधारको प्रबन्ध, विद्यार्थीको सर्वेक्षण सहित कार्ययोजना निर्माण गरी लागू गरिने छ।<br>४.५.१० Early Childhood Development तथा शिशुकक्षामा अध्यापनरत शिक्षक शिक्षिकाहरूलाई आवश्यक विषेश तालिम प्याकेज सञ्चालन गरिने छ।<br>४.५.११ प्रधानाध्यापक तथा व्यवस्थापन समिति अध्यक्ष लक्षित शैक्षिक व्यवस्थापन तथा नेतृत्व विकास विशेष तालिम सञ्चालन गरिने छ।<br>४.५.१२ नगरपालिकास्तरीय एक वैज्ञानिक तथा व्यावहारिक शैक्षिक पात्रोको निर्माण गरी लागू गरिने छ। |
| **उद्देश्यः ५ विज्ञान तथा प्रविधिको आधारभूत खोज र अन्वेषणलाई स्थान दिने।** | |

| रणनीति | कार्यनीति |
|---|---|
| ५.१ विज्ञान र प्रविधिमा रुचि भएका विद्यार्थी बालबालिका तथा युवाहरूको पहिचान तथा प्रोत्साहन गर्ने | ५.१.१ हरेक मा.वि.मा अध्यापनरत विज्ञान शिक्षकको सहयोग र समन्वयमा विज्ञानमा विशेष रुचि भएका विद्यार्थीहरू पहिचान गरी विवरण संकलन गरिने छ।<br>५.१.२ त्यस्ता विद्यार्थीहरू सम्मिलित गरी वर्षमा एक पटक एक नगरपालिकास्तरीय विज्ञान प्रर्दशनी आयोजना गरिने छ।<br>५.१.३ विज्ञान प्रर्दशनीमा संलग्न विद्यार्थीहरूलाई वर्षमा एक पटक राष्ट्रियस्तरका बैज्ञानिक वा विज्ञानका उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूबाट प्रशिक्षण सञ्चालन गरिने छ।<br>५.१.४ कृषि, उद्योग, पर्यटन आदिमा नगरपालिकामा भित्रिएको कुनैपनि नविन प्रविधिबारे विद्यार्थीहरूलाई जानकारी गराउन स्थलगत भ्रमण गराइनेछ।<br>५.१.५ यस नगरपालिकाबाट राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा विज्ञान र प्रविधिका क्षेत्रमा काम गर्ने व्यक्तित्वहरूसँग विभिन्न उपयूक्त अवसर पारेर साक्षात्कार गराइनेछ।<br>५.१.६ औपचारिक शिक्षाको परिधि भन्दा वाहिर रहेका तर विज्ञान र प्रविधिमा विशेष क्षमता भएका व्यक्तिहरू पहिचान गर्न अभियान सञ्चालन गरिने छ |

**शिक्षा विज्ञान तथा प्रविधिको विस्तृत कार्यक्रम**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१ | १.१.१ | सम्पूर्ण सामुदायिक विद्यालयहरूको वस्तुगत विवरण तयारी | | ० | ३०० | ५०० | ० | ० | ० | नगर पालिका |
| | | १.१.२ | विद्यालय भवन, शौचालय र छात्रा मैत्री, अपांगमैत्री शौचालय निर्माण | | ० | १२०० | ० | ० | १२८० | ३३३ | नगर पालिका |
| | | १.१.३ | शैक्षिक सामाग्री खरीद | | ० | २०० | २०५ | २१० | २१५ | २२० | नगर पालिका |
| | | १.१.४ | एक विद्यालय एक खेलमैदान निर्माण तथा व्यवस्थापन | | ० | ३०० | ३५० | ४०० | ४७५ | ५०० | नगर पालिका |
| | | १.१.५ | हरेक विद्यालयमा इन्टरनेट सेवाको प्रबन्ध | | ० | १०० | ११० | १२० | १३० | ४८० | नगर पालिका |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| | | १.१.६ | गाभ्नु पर्ने विद्यालयहरूको सम्भाव्यता अध्ययन | | ० | ५० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.१.७ | नपुग शिक्षक दरबन्दी पूर्ति | | ० | ४०० | ४२५ | ४३० | ४४० | ४५० | नगर पालिका |
| | | १.१.८ | अति विपन्न, सीमान्तकृत, विद्यालय जानबाट वञ्चित बालबालिकाको विवरण संकलन | | ० | ८० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.१.९ | विद्यालय जाने बालबालिका नजानुका वस्तुगत कारणको अध्ययन | | ० | ५० | ५५ | ६० | ७० | ७५ | नगर पालिका |
| | | १.१.१० | एक वडा एक सामुदायिक पुस्तकालय निर्माण | | | १२० | १२० | १२० | १२० | १२० | नगर पालिका |
| | | १.१.११ | अपाङ्ग विद्यार्थी व्यवस्थापनका लागि विशेष कार्यक्रम सञ्चालन | | | २५ | २५ | २५ | २५ | २५ | नगर पालिका |
| २ | २.१ | २.१.१ | अति विपन्न र सीमान्तकृत बालबालिका छात्रवृत्ति कोष स्थापना | | ० | १०० | १०० | १०० | १०० | १०० | नगर पालिका |
| | | २.१.२ | निरक्षरको विस्तृत विवरण संकलन | | ० | १००० | ० | ० | ० | ० | नगर पालिका |
| | | २.१.३ | बहुप्राविधिक विद्यालय स्थापनार्थ सम्भाव्यता अध्ययन | | ० | २५० | ० | ० | ० | ० | नगर पालिका |
| | | २.१.४ | विद्यालय स्तरीय पोषण शिक्षा कार्यक्रम | | ० | ८० | ८५ | ९० | ९५ | ९८ | नगर पालिका |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| ३ | ३.१ | ३.१.१ | नविनतम शिक्षण सिकाई तालिम सञ्चालन | | ० | ६० | ६५ | ७० | ७५ | ८० | नगर पालिका |
| | | ३.१.२ | शिक्षकहरूलाई सूचना प्रविधि तालिम | | ० | ६० | ६५ | ७० | ७५ | ८० | नगर पालिका |
| ४ | ४.१ | ४.१.१ | स्थानीय माग अनुसारको पाठ्यक्रम निर्माण तथा परिमार्जनका लागि परामर्श सेवा | | ० | ५०० | ० | ० | ० | ० | नगर पालिका |
| | | ४.१.२ | वृत्तचित्र तथा चलचित्र प्रर्दशनी व्यवस्थापन | | ० | ६० | ६५ | ७० | ७५ | ८० | नगर पालिका |
| | | ४.१.३ | पुस्तकालयमा पुस्तक खरीद | | ० | ५० | ५२ | ५४ | ५६ | ५७ | नगर पालिका |
| | | ४.१.३ | माध्यमिक स्तरको विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण | | ० | ८० | ८२ | ८४ | ८६ | ८९ | नगर पालिका |
| | | ४.१.४ | जेहेन्दार छात्रछात्रा छात्रवृत्ति कोष निर्माण | | ० | १०० | १०० | १०० | १०० | १०० | नगर पालिका |
| | | ४.१.५ | बालबिकास विशेष शिक्षक शिक्षिका तालिम | | ० | ९० | ९५ | ९७ | ९८ | ९९ | नगर पालिका |
| | | ४.१.६ | प्रधानाध्यापक शैक्षिक व्यवस्थापन तथा नेतृत्व विकास तालिम | | ० | ६० | ६२ | ६५ | ६७ | ७० | नगर पालिका |

### ५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

- निरक्षरता शुन्यमा झर्नेछ ।
- आधारभूत शैक्षिक पूर्वाधारको प्रबन्ध हुनेछ ।
- आधारभूत शिक्षा सबैका लागि अनिवार्य र निशूल्क हुनेछ ।
- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित हुनेछ ।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा उपलब्ध हुनेछ ।

- नैतिकता, राष्ट्रप्रेम र मानव मूल्यमा आधारित शिक्षाको विकास हुनेछ ।
- विज्ञान र प्रविधिमा युवाहरूको आकर्षण बढ्ने छ ।

**नतिजा खाका**

| क्र.सं. | नतिजा को तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | असर | प्राथमिक तहमा खुद भर्नादर | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| २ | असर | प्राथमिक तह पूरा गर्ने दर | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ३ | असर | कक्षा १ मा भर्ना भएका विद्यार्थी मध्ये कक्षा ८ सम्म पुग्ने विद्यार्थी | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ४ | असर | कक्षा १ मा भर्ना भएका छात्राहरूको (छात्रको तुलनामा) कक्षा ८ सम्म पुग्ने अनुपात | अनुपात | २०८१-०८२ | २०८५-०८६ |
| ५ | असर | कक्षा १ मा भर्ना भएका छात्राहरूको (छात्रको तुलनामा) कक्षा १२ सम्म पुग्ने अनुपात | अनुपात | २०८१-०८२ | २०८५-०८६ |
| ६ | असर | माध्यमिक शिक्षाको कुल भर्नादर (९ देखि १२) | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ७ | असर | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी प्रतिशत (कुल विद्यार्थीमा) | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ८ | प्रभाव | लैङ्गिक समता सूचकाङ्क (प्राथामिक) | | २०८१-०८२ | २०८५-०८६ |
| ९ | प्रभाव | लैङ्गिक समता सूचकाङ्क (माध्यमिक) | | २०८१-०८२ | २०८५-०८६ |
| १० | प्रतिफल | प्रति विद्यार्थी हुने सार्वजनिक खर्च (हजारमा) | हजारमा | २०८१-०८२ | २०८५-०८६ |
| ११ | असर | विद्युतमा पहुँच भएका आधारभूत विद्यालयहरू | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| १२ | असर | इन्टरनेटमा पहुँच भएका आधारभूत विद्यालयहरू | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| १३ | असर | खानेपानी सरसफाई स्वच्छता सुविधा भएका आधारभूत विद्यालयहरू | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| १४ | असर | अपाङ्गमैत्री विद्यालयहरू | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| १५ | | (दिगो विकास लक्ष्य ४ अन्तर्गत) माथिका सबै सूचकहरू | | २०८१-०८२ | २०८५-०८६ |
| १६ | असर | समग्र साक्षरता प्रतिशत | | २०८१-०८२ | २०८५-०८६ |
| १७ | असर | साक्षरता प्रतिशत (पुरुष) | | २०८१-०८२ | २०८५-०८६ |
| १८ | असर | साक्षरता प्रतिशत (महिला) | | २०८१-०८२ | २०८५-०८६ |
| १९ | प्रतिफल | उच्च शिक्षा अध्यापन हुने कलेज | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| २० | प्रतिफल | प्राविधिक शिक्षा सञ्चालन हुने विद्यालय | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| २१ | असर | आधारभूत शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| २२ | असर | माध्यमिक शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| २३ | असर | स्नातक तह उत्तीर्ण जनसंख्या | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| २४ | असर | स्नातकोत्तर उत्तीर्ण जनसंख्या | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | प्रतिफल | विद्यावारिधि उत्तीर्ण जनसंख्या | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| २६ | असर | विज्ञान प्रयोगशाला सुविधा भएका विद्यालय | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| २७ | असर | सुविधा सम्पन्न पुस्तकालय भएका विद्यालय | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| २८ | असर | बुक कर्नर सुविभा भएका विद्यालय | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| २९ | असर | सुविधायुक्त खेलमैदान भएका विद्यालय | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ३० | असर | छात्राको लागि व्यवस्थित शौचालय भएका विद्यालय | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ३१ | असर | एक स्वास्थ्यकर्मीको सुविधा भएका विद्यालय | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |

### ५.२.६ अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता हुनेछ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ।
- स्थानीय स्तरबाट अवरोध हुने छैन।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै अवरोध हुने छैन।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ।

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

सफा सुन्दर र स्वच्छ नगर सभ्यताको प्रमुख परिचायक हो। त्यसैगरी स्वस्थ जीवन जिउन हाम्रो वरपरको जनजीवन र सेरोफेरो सफा हुनु जरुरी छ। शहरीकरणको सघनतामा वृद्धि भएकोले यस नगरपालिकामा फोहोरमैला उत्सर्जन व्यापक रुपमा हुने गरेको र फोहोर व्यवस्थापन मुख्य चुनौतीका रुपमा रहेको छ। तथापि स्वच्छ पानी तथा सरसफाई मानवीय स्वास्थ्यलाई प्रभाव पार्ने प्रमुख तत्वहरू भएको र दिगो विकास लक्ष्यको लक्ष्य नं ६ ले खानेपानी तथा सरसफाईलाई सुनिश्चितता गर्नुका साथै नेपालको संविधानले पनि खानेपानी तथा सरसफाई सुविधालाई नागरिकको मौलिक हकको रुपमा व्याख्या गरेको हुनाले स्वस्थ नागरिक उत्पादनमा योगदान पुर्याउन गुणस्तरीय खानेपानी र सरसफाईको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी थप खानेपानी आयोजनाहरू निर्माण गर्नुपर्ने साथै वैज्ञानिक विधिहरूको प्रयोग गरी फोहोरमैला व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ। नेपालको संविधानले पनि खानेपानी तथा सरसफाइ सुविधालाई नागरिकको मौलिक हकको रूपमा व्याख्या गरेको छ। त्रिपुरासुन्दरी नगरपालिकामा नगरपालिकामा **'एक घर एक धारा'** कार्यक्रम लागू गरिएको छ। जनगणना २०७८ को तथ्याङ्क अनुसार यहाँको खानेपानीको स्रोतको अवस्थाको आधारमा निजी धाराको पानी प्रयोग गर्ने घरधुरी २३.८ प्रतिसत, सार्वजनिक धारा प्रयोग गर्ने घरधुरी ५७ प्रतिसत, मूलको पानी प्रयोगगर्ने १८.६ प्रतिसत रहेको छ भने ०.६ प्रतिसत घरपरीवारले अन्य श्रोतको पानी प्रयोग गरीरहेको छन्।

सुरक्षित खानेपानीको स्रोतकोरुपमा धारा तथा पाईपको स्रोतलाई मानिन्छ। नगरपालिकाको प्राय वस्तिहरूमा स्वच्छ र प्रशस्त पिउने पानीको पहुँच कमजोर रहनुले पानीजन्य रोगहरू जस्तै टाइफाइड, झाडापखाला, आउँ जस्ता रोगहरूको संक्रमण हुन सक्ने सम्भावना रहेकाले यसवारे जनचेतना फैलाउन आवश्यक छ। साना मुहान र गुणस्तरीय संरक्षण ट्याङकी नभएकोले विभिन्न वडा क्षेत्रहरूमा अझैपनि खानेपानिको समस्या रहेको पाईन्छ। सबै घरधुरीले स्वच्छ पिउनेपानीको उपभोग गर्न पाउने अवस्था सिर्जना गर्न नगरपालिकाले विशेष कार्यक्रमहरू योजनावद्ध रूपमा ल्याउनुपर्ने देखिन्छ।

### ५.३.२ समस्या तथा चुनौती

- प्रचुर मात्रामा जल स्रोतको उपलब्धता भए तापनि पिउने पानी शुद्धीकरण गरी पिउने उचित प्रबन्ध नभएको।
- सम्पूर्ण घरपरिवारलाई सुरक्षित र स्वच्छ प्रशस्त पिउने पानी वितरण प्रणालीमा जोड्न नसकिएको।
- पानीका उपलब्ध प्रमुख स्रोतहरूको वैज्ञानिक हिसाबले संरक्षण र व्यवस्थापन गर्न नसकिएको।
- फोहोरमैला संकलन केन्द्र तथा ल्याण्डफिल साइटको व्यवस्था भइ नसकेको।
- अधिकांश घरहरूमा व्यवस्थित शौचालयको साथै नगरपालिकाको अधिकांश सार्वजनिक स्थलमा शौचालयको व्यवस्था नभएको।
- विशेष गरी सघन बस्तीमा रहेका बजार केन्द्रहरूमा सडकहरूमा नाला व्यवस्थापन हुन नसकेको।
- वैज्ञानिकरूपमा फोहोरमैला व्यवस्थापन हुन नसकेको।
- कच्ची सडकका कारण धुलोले गर्दा वायु प्रदूषण हुने गरेको।
- फोहोर व्यवस्थापनको ठोस योजना नबन्दा विशेषगरी बजार क्षेत्रमा दीर्घकालीन हिसाबले जटिलता सिर्जना हुन सक्ने।
- पिउने पानी तथा सरसफाइको उचित व्यवस्थापन नहुँदा विभिन्न सरुवा रोगको संक्रमण हुन सक्ने।

### ५.३.३ संभावना तथा अवसर

- विभिन्न खोलाको जलस्रोतको उपलब्धता हुनु।
- प्रदेश र सघिय सरकारले खानेपानी आयोजनाको लागि बजेट छुट्याएको।
- "एक घर एक धारा" कार्यक्रमलाई प्राथमिकीकरण गरिएको।
- "एक घर एक धारा" कार्यक्रमलाई SUSWA संगको सहकार्यमा अगाडि बढाईएको छ।
- नगरपालिकाको खानेपानी तथा सरसफाइ स्वच्छता योजना तयार गरि लागु गर्न सकिने।
- नगरपालिकामा पानी संरक्षण गरी दीगो रूपमा पानीको सदुपयोग गर्ने योजना कार्यान्वयन गर्न सकिने।
- बजार क्षेत्रमा फोहोर व्यवस्थापन गर्न केही ठाउँमा डस्टबिनहरूको व्यवस्था गर्न सकिने।
- पानी शुद्धीकरण प्रक्रियाको चेतनामूलक कार्यक्रम र तालिम संचालन गर्न सकिने।
- फोहोरमैला व्यवस्थापनका लागि कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरी फोहोरमैला संकलन गर्न सकिने।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच** स्वच्छ, स्वस्थ र सुन्दर नगरपालिका निर्माणका लागि गुणस्तरीय खानेपानी तथा सरसफाइ

**लक्ष्य** नगरपालिकाका सम्पूर्ण बस्तीहरूमा स्वच्छ खानेपानी पुर्याउने तथा सरसफाइको प्रभावकारी व्यवस्थापन गर्ने

**उद्देश्यहरू**

१ नगरपालिका बासीहरूलाई सुरक्षित खानेपानी सुविधा पुर्याउने

२ नगरपालिकाका सम्पूर्ण वडाहरूमा सरसफाइको सुविधा पुर्याउने

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्यः १ नगरपालिकाबासीहरूलाई सुरक्षित खानेपानी सुविधा पुर्याउने।** | |
| १.१. आधारभूत खानेपानी सुविधा नपुगेका घरपरिवारमा खानेपानी सुविधा विस्तारका लागि प्राथमिकता दिने | १.१.१."एक घर एक धारा" को अवधारणा अनुसार खानेपानी सुविधा नपुगेका घरहरूमा समुदायको सहभागितामा आधारभूत खानेपानी व्यवस्था गरिने छ।<br>१.१.२.संभाव्य खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन गरिने छ।<br>१.१.३.हाल सन्चालित खानेपानी आयोजनाहरू समयमै निर्माण सम्पन्न गरी उपभोक्ता समिति मार्फत सेवा सञ्चालनमा ल्याइनेछ। नेपालमा असल अभ्यासका हिसावले अत्यन्त सफल खानेपानी उपभोक्ता समितिहरूका अनुभवहरू अनुसरण गर्न अध्ययन भ्रमण गरिने छ। |
| १.२. मूहान संरक्षण तथा खानेपानी सेवाको स्तर वृद्धि गर्ने। | १.२.१.खानेपानीका मुहानहरू सार्वजनिक सम्पती भएकोले सम्पूर्ण मुहानहरूको नक्साङ्कन पश्चात वस्तुगत विवरण संकलन गरिने छ।<br>१.२.२.खानेपानीका संरचनाहरूको स्तरोन्नति तथा मुहान सुधार गरी पानी प्रशोधन गरेर मात्र वितरण गरिने छ।<br>१.२.३.हरेक घरपरिवारमा पाइपमार्फत खानेपानी आपूर्ति प्रणाली निर्माण गरिने छ।<br>१.२.४.खानेपानीको उपभोगको मात्रा अनुसार महशुल उठाई निर्माण, मर्मत सम्भार तथा व्यवस्थापन कोषको व्यवस्था गरिने छ। |
| **उद्देश्य २ नगरपालिकाका सम्पूर्ण वडाहरूमा सरसफाइको सुविधा पुर्याउने।** | |
| २.१. हरेक घर परिवारमा आधारभूत शौचालय तथा सरसफाइ सुविधाको व्यवस्था गर्ने। | २.१.१.प्रत्येक घरमा अनिवार्य शौचालयको प्रावधान लागू गरी शौचालय नभएका विपन्न घरपरिवारमा शौचालय निर्माणका लागि प्रोत्साहन गर्न मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिइने छ।<br>२.१.२.घर घरबाट निस्कने फोहरलाई वर्गीकरण गरी कुहिने फोहोरलाई कम्पोष्ट मलमा परिणत गर्न समुदायलाई विषेश तालिम सञ्चालन गरिने छ। |
| २.२. सार्वजनिक स्थल तथा बजार क्षेत्रमा सरसफाइ सेवाको व्यवस्थापन गर्ने । | २.२.१.प्रत्येक सार्वजनिक स्थल, विद्यालय, सामुदायिक भवन, अस्पताल, बजार केन्द्र, बसपार्क जस्ता क्षेत्रहरूमा सार्वजनिक शौचालयको व्यवस्था गरी समुदायलाई सञ्चालनको जिम्मेवारी दिइने छ।<br>२.२.२.उल्लेखित स्थानहरूमा फोहोरलाई वर्गीकरण गरी फ्याक्नका लागि बास्केट तथा कण्टेनरको व्यवस्था गरिने छ।<br>२.२.३.फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन उपयुक्त स्थान पहिचान गरी ल्याण्डफिल साईट निर्माण गरिने छ। |

| | |
|---|---|
| | २.२.४.फोहोर पानीको उत्सर्जन कम गर्ने र उत्पादित फोहोर पानीको व्यवस्थापन गरी वातावरण स्वच्छ राखिनेछ।<br>२.२.५.मुख्य बजार क्षेत्रका चोक र सडक वरपर नियमित सफाई गरिने छ।<br>२.२.६.बजार केन्द्रहरूमा घरबाट निस्कने फोहोर व्यवस्थापनका लागि टोल विकास संस्था र निजी क्षेत्रसँग सहकार्य गरिने छ।<br>२.२.७.पानीको मुहान वरपर फोहोर गर्नेलाई जरिवाना गरिने छ साथै नदीनाला, जलाशय तथा ताल तलैयाको पर्यावरणीय स्वच्छता कायम गरिने छ। |
| २.३. सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | २.३.१.घरघरमा निस्कने फोहोरलाई कम गर्न, फोहोरलाई वर्गिकरण गर्न, कम्पोस्ट मल बनाउन र पुर्नप्रयोग गर्न प्रेरित गर्नका लागि जनस्तरमा नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।<br>२.३.२.घर, आँगन र टोल सफा राख्न प्रत्येक वडामा सरकारी, निजी, गैसस तथा सामुदायिक संस्थाहरूसँग सहकार्य गरी स्थानीय बासीको संलग्नतामा नियमित रूपमा सरसफाई अभियान सञ्चालन गरी जनचेतना फैलाईनैछ।<br>२.३.३.स्थानीय सञ्चार माध्यमको सहयोगमा सरसफाई सम्बन्धी नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ। |

**खानेपानी तथा सरसफाईको विस्तृत कार्यक्रम**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१ | १.१.१ | एक घर एक धारा कार्यक्रम | | ० | २००० | २०१० | २०२० | २०३० | २०४० | नगर पालिका |
| | | १.१.२ | संम्भाव्य खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन | | ० | १०० | ० | ० | ० | ० | नगर पालिका |
| | १.२ | १.२.१ | खानेपानी मुहान क्षेत्र पहिचान तथा विवरण संकलन | | ० | ६०० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.२.२ | खानेपानी प्रशोधन | | ० | ० | १५०० | १६०० | १७०० | १८०० | नगर पालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | तथा वितरण प्रणाली निर्माण | | | | | | | |
| | | १.२.३ | वडा नं १ मा खानेपानी आयोजना | | ० | ३०० | ३५० | ० | ० | ० | नगर पालिका |
| | | १.२.४ | वडा नं २ मा खानेपानी आयोजना | | ० | ३०० | ३५० | ० | ० | ० | नगर पालिका |
| | | १.२.५ | वडा नं ३ मा खानेपानी आयोजना | | ० | ० | ३०० | ३५० | ० | ० | नगर पालिका |
| | | १.२.६ | वडा नं ४ मा खानेपानी आयोजना | | ० | ० | ३०० | ३५० | ० | ० | नगर पालिका |
| | | १.२.७ | वडा नं ५ मा खानेपानी आयोजना | | ० | ० | ० | ३०० | ४०० | ४५० | नगर पालिका |
| | | १.२.८ | वडा नं ६ मा खानेपानी आयोजना | | ० | ० | ० | ३०० | ४०० | ४५० | नगर पालिका |
| | | १.२.९ | वडा नं ७ मा खानेपानी आयोजना | | ० | ० | ० | ३०० | ४०० | ४५० | नगर पालिका |
| | | १.२.१० | वडा नं ८ मा खानेपानी आयोजना | | ० | ० | ० | ३०० | ४०० | ४५० | नगर पालिका |
| | | १.२.११ | वडा नं ९ मा खानेपानी आयोजना | | ० | ० | ० | ३०० | ४०० | ४५० | नगर पालिका |
| | | १.२.१२ | वडा नं १० मा खानेपानी आयोजना | | ० | ० | ० | ३०० | ४०० | ४५० | नगर पालिका |
| | | १.२.१३ | वडा नं ११ मा | | ० | ० | ० | ३०० | ४०० | ४५० | नगर पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | खानेपानी आयोजना | | | | | | | | |
| २ | २.१ | २.१.१ | शौचालय निर्माण गर्न अनुदान | | ० | १५० | १६० | १६५ | १७२ | १७५ | नगर पालिका |
| | २.२ | २.२.१ | सार्वजनिक स्थल तथा बजार केन्द्र पहिचान गरी शौचालय निर्माण | | ० | ० | ० | १०० | १०० | १०० | नगर पालिका |
| | | २.२.२ | सार्वजनिक स्थल तथा बजार केन्द्र पहिचान गरी फोहर फ्याक्ने कन्टेनरको व्यवस्था | | ० | ० | १५० | ० | ० | ० | नगर पालिका |
| | | २.२.३ | नगर पालिका द्वारा सम्भाव्य स्थानमा ल्यान्डफिल साइटको निर्माण | | ० | ० | ० | ० | ३०० | ० | नगर पालिका |
| | | २.२.४ | सघन वस्ती क्षेत्रमा ढल निर्माण | | ० | ८० | ९० | ९५ | १०० | १०५ | नगर पालिका |
| | | २.२.५ | सरसफाइ कर्मचारीको व्यवस्था | | ० | १०० | ११० | ११५ | १२० | १२५ | नगर पालिका |
| | | २.२.६ | पानीको मुहान | | ० | ५०० | ५०० | ५०० | ५०० | | नगर पालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संरक्षण तथा संरचना मर्मत | | | | | | | |
| | २.३ | २.३.१ | फोहोर पुनप्रयोग गर्न तालिम | | ० | १०० | ११० | १२० | १३० | १४० | नगर पालिका |

### ५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

- नगरपालिकाका सम्पूर्ण घरधुरीमा आधारभूत खानेपानी सुविधा भएको हुने,
- सम्पूर्ण घरधुरीमा शौचालयको व्यवस्था भएको हुने,
- सार्वजनिक स्थल तथा बजार केन्द्रहरूमा सार्वजनिक शौचालयको व्यवस्था भएको हुने
- सरसफाईको अवस्थामा उल्लेख्य सुधार भएको हुने ।

**नतिजा सूचक**

| क्र.सं. | नतिजा को तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | असर | पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएको परिवार | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| २ | असर | आधारभूत खानेपानी सेवामा पहुँच पुगेको जनसंख्या | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ३ | असर | प्रशोधित,सुरक्षित खानेपानीमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ४ | असर | उन्नत सुधारिएका सरसफाइ सम्बन्धी सुविधाहरू प्रयोग गर्ने परिवार जसले यस्ता सुविधाहरू अरुसँग साझेदारी गर्नुपर्दैन | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ५ | असर | आधारभूत शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ६ | असर | ढल प्रणालीहरू उपयुक्त मा चर्पी जोडिएका परिवार | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ७ | असर | आधुनिक र सुविधासम्पन्न शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ८ | प्रतिफल | डस्टबिन प्रयोग गर्ने र फोहरलाई वर्गीकरण गर्ने घरपरिवार | संख्या | २०८१-०८२ | २०८५-०८६ |

### ५.३.६ अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- स्थानीय स्तरबाट कुनै अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै अवरोध हुने छैन ।

- सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ।
- सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ।

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

**(अ) लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण**

नेपालमा सामाजिक जागरण, जातिय, लैङ्गिक तथा वर्गिय स्वरूपको समाजमा व्यापक रूपान्तरण भै नसकेकोले लैङ्गिक समानता, जेष्ठ नागरिकको सम्मान, सामाजिक सुरक्षा, अपाङ्गता भएका व्यक्तिको अधिकार र कठिनाइहरूको सम्बोधन र सामाजिक समावेशीकरणका मुद्दाहरू सामाजिक विकासका दृष्टिले केन्द्रिय भागमै रहेका छन्। नेपालका अन्य स्थानहरूमा जस्तै यस नगरपालिकामा समेत यी सवालहरूको व्यापक सान्दर्भिकता रहेको र विकास योजनाले यी विषयहरूलाई महत्व दिएर समेट्नु पर्ने देखिन्छ। नेपालको संविधानमानै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। हाल यस नगरपालिकामा राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार कुल जनसंख्या १२२३३ (६०८० पुरूष र ६१५३ महिला) रहेको छ।

यहाँ नगरपालिकाको राष्ट्रिय जनगणना २०७८ प्रतिवेदनको आधारमा यस नगरपालिकमा रहेका कुल जनसंख्याको विवरण प्रस्तुत गरिएको छ। हाल यस नगरपालिकामा राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार लैंगिक अनुपात ९८.८१ रहेको छ र महिलाको भन्दा पुरुषको जनसंख्या ७३ ले कमि रहेको छ। समाजमा सीमान्तकृत जनसंख्यालाई मूलधारमा ल्याई उनीहरूको सम्मानपूर्वक जीवनयापन गर्न पाउने नैसर्गिक अधिकार सुनिञ्चित नगर्दा सम्म सभ्य र सौर्हादपूर्ण समाजको परिकल्पना गर्न सकिदैन त्यसैले लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा प्राथमिकता दिन सके असमानता हटाउन सकिन्छ।

### ५.४.२ समस्या तथा चुनौती

- नगरपालिकामा बैङ्किङ सुविधाको अवस्था कमजोर हुँदा सामाजिक सुरक्षा भत्ता लिन टाढा जानुपर्ने अवस्था रहेको।
- नगरपालिकामा सामुदायिक भेटघाट केन्द्र, वृद्धाश्रम, बाल सुरक्षा तथा सुधार गृह जस्ता भवनहरूको अभाव रहेको
- जनचेतनामूलक कार्यक्रमहरू अपेक्षाकृत रूपमा प्रभावकारी हुन नसकेका।
- महिला तथा जनजातिहरूको उद्यमशीलता विकास तथा शसक्तिकरण सम्बन्धी तालिमहरू प्रयाप्त रुपमा संचालन हुन नसकेको।
- लैङ्गिक विभेद तथा हिंसाले समाजमा सामाजिक विग्रह ल्याउनुका साथै विकासको गतिमा नकारात्मक असर पर्न सक्ने।
- व्यापक रूपमा महिला शिक्षा तथा अन्य जातजाति, अल्पसङ्ख्यक र सीमान्तकृतहरूलाई विशेष रूपमा लक्षित गरी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने।
- प्रसूती सेवाको व्यवस्था गर्नुको साथै प्रजनन् स्वास्थ्य बारे जनचेतना फैलाउनुपर्ने।
- घरेलु हिंसा र महिला हिंसा निर्मूल गर्नुपर्ने।

- नगरपालिकाभित्र गठन भएका दर्जनौं आमा समूहहरूलाई, जाँड, रक्सी र जुवातास का साथै लागुपदार्थको विकृति विरुद्ध अभियान सञ्चालन गर्न प्रोत्साहित गर्नुपर्ने ।
- बालश्रम, बालविवाह तथा बहुविवाहलाई दण्डित गर्नुपर्ने ।
- बालमैत्री, ज्येष्ठ नागरिकमैत्री, अपाङ्गमैत्री तथा महिलामैत्री संरचनाहरू निर्माण गर्नुपर्ने ।

### ५.४.३ संभावना तथा अवसर

- नगरपालिकाले हरेक बर्ष जेष्ठ नागरिक, महिला तथा अपाङ्गता भएका ब्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको ।
- नगरपालिकाबाट कम्तीमा वर्षको एकपटक जेष्ठ नागरिक सम्मान गर्ने कार्यक्रम रहेको ।
- प्रत्येक वडा तथा टोलमा महिला तथा आमा समूह गठन भएको र हिंसा न्यूनीकरण, क्षमता अभिवृद्धि तथा मूलप्रवाहीकरणका कार्यहरू भइरहेको ।
- एकल महिला, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, टुहुरा, सीमान्तकृत र लोपोन्मुख समुदायका लागि यातायात, स्वास्थ्य र शिक्षा निःशुल्क गर्ने नगरपालिकाको नीति लिन सकिने ।
- सुनौलो हजार दिन पोषण कार्यक्रम संचालन गर्न सकिने ।
- लैङ्गिक हिंसा न्यूनीकरण, लागु औषध दुव्र्यसनी, मानव बेचबिखन सम्बन्धी सचेतना मूलक कार्यक्रम सञ्चालन भइरहेको ।
- विपन्न महिलालाई सिपमूलक तथा उद्यमशीलतामा तालिममा जोड दिई आय आर्जनका कार्यक्रम गर्ने गरिएको
- आदिवासी जनजाति, दलित, सीमान्तकृत, लोपोन्मूख वर्गहरूको यथार्थ लगत संकलन गरी परम्परागत पेशा, व्यवसाय, लोपोन्मूख कला, ज्ञान, सिप पहिचान गरेर क्षमता विकास कार्यक्रम गर्ने नीति लिइएको ।
- दलित वर्गमाथि हुने भेदभाव न्यूनीकरण गरी परम्परागत ज्ञान र सिपलाई व्यवसायीकरण गर्ने प्रयत्न गर्न सकिने
- छुवाछुत तथा सामाजिक विभेद क्रमशः न्यून हुँदै गएको ।
- सञ्चार माध्यम र शिक्षाको सकारात्मक प्रभाव परेको ।
- महिलाहरू राजनीति, सामाजिक कार्यलगायत विभिन्न विकासका गतिविधिहरूमा सक्रिय ।
- पुनस्थापना केन्द्र, विपन्न सहायता केन्द्र, अनाथालय तथा जेष्ठ नागरिक स्याहार केन्द्र स्थापना गरी न्यायपूर्ण समाजको स्थापनामा सहयोग पुर्याउन सकिने ।
- भौतिक संरचना निर्माण गर्दा बालमैत्री र अपाङ्गमैत्री बनाउनु पर्ने र निर्माण गर्न लागिएको ।
- सबै तह र तप्काका समुदायलाईसामाजिक मूल प्रवाहीकरणमा ल्याउँदा नगरपालिकाको समग्र विकास प्रक्रियाले गति लिन सक्ने ।
- एकल महिला, बेरोजगार महिला, अति पिछडिएका तथा विपन्नहरूका लागि रोजगारमूलक तालिमको व्यवस्था गर्न सकिने ।

### ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच** त्रिपुरासुन्दरीको न्यायपूर्ण समाज र सामाजिक सौहार्दता

**लक्ष्य** सामाजिक न्यायमा आधारित सभ्य समाजको निर्माण

**उद्देश्यहरू**

- लैङ्गिकता, उमेर, जातियता, क्षेत्रियता, भाषिक, अल्पसंख्या, अपाङ्गता लगायतका आधारमा हुने सबै प्रकारको विभेद अन्त्य गर्ने।
- सामाजमा महिलाहरुको समतामूलक र अर्थपुर्ण सहभागिता वृद्धी गराई मूलप्रवाहीकरण र सशक्तिकरण गर्ने।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ महिला जागरण केन्द्रित नीति निर्माण तथा कार्यक्रम सञ्चालन गर्ने | १.१.१ अनिवार्य महिला शिक्षा सम्बन्धी विशेष नीति तथा कार्ययोजना निर्माण गरिने छ।<br>१.१.२ छात्रामैत्री वातावरण निर्माण गर्न हरेक विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समितिसँग नियमित अन्तरक्रिया सञ्चालन गरिने छ।<br>१.१.३ महिला अधिकार, महिला हिंसा, यौन शोषण, यौन हिंसा जस्ता विषयहरूको समुचित सम्बोधन हुनेगरी महिलालाई सचेत बनाउन हरेक वडामा रहेका महिला अधिकारकर्मी, महिला नेतृ, शिक्षिका लगायत सचेत र सक्षम महिलाको संयोजकत्वमा महिला सेल गठन गरिने छ।<br>१.१.४ प्रत्येक वडामा रहेका महिला सेलहरू मार्फत हरेक महिना पुरुषहरूको समेत संलग्नतामा महिला जागरण सचेतना मूलक कार्यक्रम सञ्चालन गरिने छ।<br>१.१.५ विद्यालय पाठ्यक्रम निर्धारण गर्दा छात्र तथा छात्रा दुवैलाई प्रजनन् स्वास्थ्य, यौन स्वास्थ्य लगायतका लैङ्गिक सवालहरू समेट्ने गरी निर्धारण गरिने छ र सो माध्यमिक शिक्षामा अनिवार्य लागू गरिने छ।<br>१.१.६ स्थानीय सञ्चार माध्यामहरूबाट लैङ्गिकता तथा महिला जागरण सम्बन्धी सामाग्री नियमित प्रसारण गरिने छ।<br>१.१.७ दाइजो प्रथा तथा लैङ्गिक हिंसा विरुद्ध हरेक वर्ष विशेष जागरण सप्ताह मनाइने छ।<br>१.१.८ विद्यालयमा सामाजिक शिक्षा अध्यापनरत शिक्षक शिक्षिकालाई समेटेर लैङ्गिक हिंसा र महिला जागरण सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिने छ। |
| १.२ महिला सुरक्षा र लैङ्गिक न्यायका निम्ति महिला शसक्तिकरणका कार्यक्रमहरू | १.२.१ नगरपालिकामा स्थापना भई कार्य गरिरहेका सबै प्रकारका महिला समूह, आमा समूह, किशोरी समूह लगायतका समूहलाईलक्षित गरी वार्षिक पात्रोका आधारमा नियमित आयआर्जन तालिम, सिप तथा उद्यमशीलता विकास तथा नेतृत्व विकास तालिम सञ्चालन गरिने छ।<br>१.२.२ नगरपालिकाभर रहेका महिला उद्यमीहरूको अभिलेख तयार गरिने छ। |

| | |
|---|---|
| अभियानको रुपमा सञ्चालन गर्ने | १.२.३ महिला उद्यमीहरूलाई नगरपालिका बाहिरका सफल महिला उद्यमीहरूसँग वर्षमा एक पटक साक्षात्कार गराइने छ।<br>१.२.४ मापदण्डका आधारमा महिला उद्यमीहरूलाई उनीहरूको नाममा दर्ता भई सञ्चालन हुने साना तथा घरेलु उद्योगमा ब्याजमा अनुदान प्रदान गरिने छ।<br>१.२.५ सरकारी सेवामा प्रवेश गर्न चाहने महिलाहरूको अभिलेख तयार पारी निःशुल्क तयारी कक्षा सञ्चालन गरिने छ।<br>१.२.६ स्थानीय न्यायिक समितिलाई नियमित तालिम सञ्चालन गरिने छ।<br>१.२.७ महिलाका नाममा रहेको अचल सम्पत्ति सम्बन्धी वस्तुगत विवरण संकलन गरिने छ र त्यसमा वृद्धि गर्न ऐन कानुनमा सहुलियतको प्रबन्ध गरिने छ।<br>१.२.८ "एकल महिला आत्मनिर्भर कार्यक्रम" सञ्चालन गर्न ब्याज अनुदान कोष निर्माण गरिने छ।<br>१.२.९ महिला हिंसा पहरेदारी तथा कानुनी सेवाका लागि वडास्तरीय महिला सेल गठन गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ।<br>१.२.१० नगरपालिका स्तरीय एक महिला सुरक्षा गृहको निर्माण गरिने छ।<br>१.२.११ नगरपालिका स्तरीय एक महिला उद्यमी वस्तु बिक्री केन्द्र स्थापना गरिने छ<br>१.२.१२ नगरपालिकामा उच्च शिक्षामा छात्राको उपस्थिति वृद्धि गर्न बालबालिका बिमा कार्यक्रम लागू गरिने छ। |
| १.३ जेष्ठ नागरिकको सामाजिक सुरक्षार आत्म सम्मान कायम हुने कार्यक्रमलाई प्राथमिकता दिइ सञ्चालन गर्ने | १.३.१ संविधान र नेपाल सरकारले घोषणा गरेका जेष्ठ नागरिक सामाजिक सुरक्षा अन्तर्गतका सबै कार्यक्रम चुस्त दुरुस्त रुपमा प्रभावकारी बनाउन नगरपालिका भित्र जेष्ठ नागरिक प्रतिकार्य इकाइ सञ्चालन गरिने छ।<br>१.३.२ वडास्तरीय जेष्ठ नागरिक निःशुल्क स्वास्थ्य परीक्षण शिविर सञ्चालन गरिने छ।<br>१.३.३ एक वडा एक जेष्ठ नागरिक सत्संग केन्द्र निर्माण गरिने छ।<br>१.३.४ प्रत्येक वडामा जेष्ठ नागरिक लक्षित योग तथा ध्यान केन्द्र सञ्चालन गरिने छ।<br>१.३.५ स्थानीय सञ्चार माध्यमसँगको सहकार्यमा जेष्ठ नागरिकहरूका जीवन अनुभव साट्न र सुन्न कार्यक्रम सञ्चालन गरिने छ।<br>१.३.६ ८० वर्ष नाघेका जेष्ठ नागरिकहरूलाई सु-आहारा कार्यक्रम सञ्चालन गरी पोषिलो आहारा वितरण गर्ने प्रबन्ध गरिने छ।<br>१.३.९ जेष्ठ नागरिकको सम्पूर्ण स्वास्थ्य उपचार सुनिश्चित गर्न अति विपन्न परिवारको स्वास्थ्य बिमामा अनुदान प्रदान गरिने छ। |
| १.४ अपाङ्गता भएका नागरिकहरूको कठिनाइ न्यूनिकरण गर्ने कार्यक्रमहरू संचालन गरी | १.४.१ नगरपालिका भर रहेका सम्पूर्ण अपाङ्गता भएका नागरिकहरूको व्यक्तिगत विवरण संकलन गरिने छ।<br>१.४.२ अपाङ्गता परिचय पत्र अपाङ्गताको प्रकार अनुसार परिचय पत्र वितरण गरिने छ। |

| | |
|---|---|
| उनीहरूको आत्मबल बढाउने र आत्मसम्मान जगाउने । | १.४.३ अपाङ्गता भएका विद्यालय जाने बालबालिकाको विवरण तयार पारी उनीहरूको शिक्षा आर्जनमा भएका कठिनाई सम्बोधन गर्न विशेष अध्ययन पश्चात कार्ययोजना निर्माण गरिने छ ।<br>१.४.४ ह्वील चियर आवस्यक अपाङ्गहरूको लगत संकलन गरी त्यसमा अनुदान प्रदान गरिने छ ।<br>१.४.५ विशेष क्षमता भएका अपाङ्गहरूको वृत्ति विकास कार्यक्रम अन्तर्गत कलाकारिता सिप विकास तथा आय आर्जन तालिम नियमित सञ्चालन गरिने छ ।<br>१.४.६ पूर्ण अपाङ्गता भई जीवन निर्वाह गर्न पूर्ण असक्तहरूको विवरण संकलन गरी सामाजिक सुरक्षा कार्यक्रम संचालन गरिने छ ।<br>१.४.७ नगरपालिकामा अब बन्ने सबैखाले सार्वजनिक भौतिक संरचनाहरू अपाङ्गमैत्री बनाउन निर्माण मापदण्ड र कार्यविधि परिमार्जन गरिने छ ।<br>१.४.८ अपाङ्गता भएका नागरिकहरूको समस्या कठिनाई र आवाजहरू उजागर गर्न अपाङ्गता भएका नागरिकको नेतृत्वमा एक नगरपालिका स्तरीय अपाङ्गता नागरिक सहयोग तथा सरोकार मञ्च गठन गर्न नगरपालिकाले सहजिकरण गर्नेछ ।<br>१.४.९ अपाङ्गता भएका तर विशेष कलाको क्षमता भएकालाई लक्षित गरी प्रोत्साहन अनुदान दिइने छ । |
| १.५ जातिय विभेद, अल्पसंख्यक दलित, आदिवासी, तथा राज्यको मूल प्रवाहमा आउन नसकेको नागरिकहरूका मूल सरोकारका विषयमा अध्ययन गरी मूल प्रवाहीकरण कार्यनीति निर्माण गर्ने | १.५.१ लोपोन्मुख, अल्पसंख्यक, सीमान्तकृत तथा राज्यको मूल प्रवाहीकरण भन्दा बाहिर रहेका वर्ग, व्यक्ति वा समुदायको यर्थाथ स्थितिका बारेमा अध्ययन गरी स्थितिपत्र प्रकाशन गरिने छ ।<br>१.५.२ आदिवासी, जनजाति हरुका मौलिकता र पहिचान रहनसहन, रितिथिति, परम्परा, भेषभूषा खानपान, कला, चाडवाड आदिका बारेमा विस्तृत विवरण सहितको अभिलेख तयार पारिनेछ ।<br>१.५.३ सकारात्मक विभेदको सिद्धान्त अनुरूप राज्यको आरक्षण कोटामा सरकारी सेवामा प्रवेश गर्न चाहने यो वर्गका आकांक्षीहरूलाई लक्षित गरी विशेष तयारी कक्षाहरू निःशुल्क सञ्चालन गरिने छ ।<br>१.५.४ लक्षित वर्गका विद्यालय जाने बालबालिकाको शिक्षाको अवसर सुनिश्चित गर्न अभिभावक शिक्षा र शैक्षिक सामाग्रीमा अनुदान प्रदान गरिने छ ।<br>१.५.५ छुवाछुत र सबै प्रकारका सामाजिक भेदभाव अन्त्य गर्न राज्यको मूल कानुनको अधिनमा रहि त्यस्ता कार्यलाई दण्डित गर्न स्थानीय कानुन निर्माण गर्दै न्यायिक समितिलाई सक्रिय तुल्याइनेछ ।<br>१.५.६ यि लक्षित वर्गलाई समेट्ने सिप विकास र व्यवसायिक आयआर्जनका लागि तालिम सञ्चालन गरिने छ ।<br>१.५.७ लोपोन्मुख भाषा तथा लिपिको संरक्षण गर्न परामर्श अध्ययन तथा अनुसन्धान गरिने छ । |

| | |
|---|---|
| | १.५.८ सामाजिक अन्त र घुलन कार्यक्रम अन्तर्गत वर्षमा एक पटक विशेष राष्ट्रिय दिवसको अवसरमा नगरपालिकाको आयोजनामा सबै जात वर्ग सम्प्रदाय दलित उत्पिडितहरू सम्मिलित चियापान तथा अनुभूति आदान प्रदान कार्यक्रम आयोजना गरिने छ ।<br>१.५.९ विपन्न र सीमान्तकृत समुदायले सञ्चालन गर्ने लघु उद्यम तथा व्यवसायमा मापदण्डका आधारमा शुन्य प्रतिशत ब्याजका लागि अनुदान प्रदान गरिने छ |

**लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरणको विस्तृत कार्यक्रम**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१ | १.१.१ | छात्रा, अपांगमैत्री शौचालय निर्माण तथा स्तरोन्नती | | ० | ० | १०० | १०० | १०० | १०० | नगर पालिका |
| | | १.१.२ | छात्राहरूलाई Sanitary Pad वितरण | | ० | १०० | १०० | १०० | १०० | १०० | नगर पालिका |
| | | १.२.३ | वडास्तरीय महिला हिंसा तथा लैङ्गिक भेदभाव निगरानी सेल गठन | | ० | ४५ | ४५ | ४५ | ४५ | ५० | नगर पालिका |
| | | १.२.४ | माध्यमिक शिक्षामा यौन, लैङ्गिकता तथा प्रजनन् शिक्षा सम्बन्धी पाठ्यक्रम निर्धारण | | ० | ८० | ० | ० | ० | ० | नगर पालिका |
| | १.२ | १.२.१ | महिला सिप विकास तथा आय आर्जन साथै नेतृत्व विकास तालिम सञ्चालन | | ० | ६० | ७० | ८० | ९० | १०० | नगर पालिका |
| | | १.२.२ | महिला उद्यमी अभिलेख निर्माण | | ० | ५० | ५२ | ५४ | ५६ | ५९ | नगर पालिका |
| | | १.२.३ | महिलाको स्वामित्वमा अचल सम्पत्ति वृद्धि गर्न स्थानीय ऐन कानुन संशोधन | | ० | ४० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.२.४ | एकल महिला आत्मनिर्भर कार्यक्रम ब्याज अनुदान | ० | ३५ | ३७ | ४० | ४३ | ४५ | ० | नगर पालिका |
| | | १.२.५ | महिला हिंसा पहरेदारी वडास्तरीय महिला सेल अभिमुखीकरण | | ५० | ६० | ७० | ८० | ९० | १०० | नगर पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १.३ | १.३.१ | जेष्ठ नागरिक वडास्तरीय निःशुल्क स्वास्थ्य शिविर सञ्चालन | | ० | ५० | ५२ | ५५ | ५७ | ६० | नगर पालिका |
| | | १.३.२ | ८० वर्ष नाघेका जेष्ठ नागरिकलाई सु-आहारा कार्यक्रम | | ० | ३० | ३२ | ३५ | ३७ | ४० | नगर पालिका |
| | १.४ | १.४.१ | सम्पूर्ण अपाङ्गता भएकाहरूको व्यक्तिगत विवरण संकलन | | ० | १०० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.४.२ | अपाङ्गता परिचय पत्र वितरण | | ० | १०० | १०० | ११० | ११० | १२० | नगर पालिका |
| | | १.४.३ | विशेष क्षमता भएका अपाङ्ग लक्षित कलाकारिता, आय आर्जन तथा सिप विकास तालिम, ह्विलचेयर आवश्यक तर नपाएका अपाङ्गको लागि ह्विलचेयर खरिद | | ० | १०० | १०० | १०० | १०० | ११० | नगर पालिका |
| | | १.४.४ | पूर्ण अपाङ्गहरूलाई जीवन निर्वाह भत्ता | | ० | ११० | ११० | ११० | ११० | १२० | नगर पालिका |
| | | १.४.५ | सार्वजनिक भौतिक निर्माणमा अपाङ्गमैत्री बनाउन मापदण्ड परिमार्जन | | ० | १२० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.५.१ | आदिवासी, जनजाति लगायतका वर्गको सांस्कृतिक पहिचान सम्बन्धी अध्ययन गरी पाश्र्वचित्र प्रकाशन | | ० | ५०० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.५.२ | छुवाछुत र सामाजिक भेदभाव न्यूनीकरण विशेष न्यायिक समिति तालिम | | १०० | ११० | १२० | १३० | १३० | १४५ | नगर पालिका |

### ५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

- महिला सचेतनामा वृद्धि हुनेछ ।
- सरकारी सेवा तथा उद्यम व्यवसायमा महिला विपन्न र सीमान्तकृतको उपस्थिति बढ्नेछ ।
- अपाङ्गता भएका व्यक्तिहरूका कठिनाइहरू न्यूनिकरण हुनेछ । सामाजिक, भेदभाव तथा थिचोमिचोमा कमी आउनेछ ।

- जेष्ठ नागरिकको उचित सुरक्षा र सम्मानको प्रबन्ध हुनेछ ।

**नतिजा सूचक**

| क्र.सं. | नतिजा को तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | प्रतिफल | नगरपालिकामा महिला उद्यमीहरूको संख्या पहिचान | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| २ | प्रतिफल | पूर्णरूपमा आत्मनिर्भर एकल महिलाको संख्या (प्रतिशतमा बढाउँदै लैजाने) | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ३ | प्रतिफल | बालश्रमिकहरू (घटाउँदै लैजाने) | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ४ | प्रतिफल | दुर्व्यसन सुधार गृह | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ५ | प्रतिफल | बाल सुरक्षा, संरक्षण गृह | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ६ | असर | सामाजिक सुरक्षामा योजनामा समावेश भएका नागरिक | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ७ | असर | आधार वर्षको तुलनामा न्यायिक समितिमा उजुरीको (प्रतिशतले घटाउँदै लैजाने) | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ८ | असर | विगत १२ महिनामा शारीरिक, मनोवैज्ञानिक लैङ्गिक तथा यौनजन्य हिंसामा परेका जनसंख्या (संख्यामा) घटनाको आधारमा | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ९ | असर | उमेरअनुसार १८ वर्षको उमेरसम्म यौनहिंसाको अनुभव गरेका १८ देखि २९ वर्ष उमेरका युवती र युवकहरूको अनुपात | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| १० | असर | सार्वजनिक निकायहरूको नीतिनिर्माण पदहरूमा रहेका महिलाहरूको अनुपात | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| ११ | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका जनजातिको प्रतिशत | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| १२ | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका आदिवासीको प्रतिशत | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| १३ | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका मधेशीको प्रतिशत | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| १४ | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका मुस्लिमको प्रतिशत | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| १५ | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका पिछडा वर्गको प्रतिशत | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| १६ | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका अल्पसंख्यकको प्रतिशत | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| १७ | असर | शारीरिक यौनहिंसा अनुभब गरेका १५ देखि ४९ वर्षसम्मका महिलाहरूको (प्रतिशत) | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | प्रतिफल | महिला, किशोरी तथा बालबालिकाहरूको बेचबिखन | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| १९ | असर | श्रमशक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| २० | असर | महिलाले घरायसी काममा खर्चेको औसत समय घण्टामा | घण्टामा | २०८१-०८२ | २०८५-०८६ |
| २१ | असर | नगरपालिकाबाट  राष्ट्रिय संसद्मा प्रतिनिधित्व (प्रतिशत) | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| २२ | असर | नगरपालिकाप्रादेशिक संसदमा प्रतिनिधित्व (प्रतिशत) | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| २३ | असर | निजी क्षेत्रको निर्णायक तहमा महिलाहरूको सहभागिता | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| २४ | असर | सहकारी क्षेत्रमा महिलाहरूको सहभागिता (प्रतिशत) | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| २५ | असर | यौन सम्बन्ध, परिवार नियोजनका साधनहरूको प्रयोग र प्रजनन स्वास्थ्य हेरचाह सम्बन्धमा सुसूचित भएर आफैले निर्णय गर्ने १५ देखि ४९ वर्ष उमेरका महिलाहरूको अनुपात | प्रतिशत | २०८१-०८२ | २०८५-०८६ |
| २६ | प्रतिफल | महिलाहरूको स्वामित्व भएका उद्यमहरूको सङ्ख्या | संख्या | २०८१-०८२ | २०८५-०८६ |

### ५.४.६ अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता हुनेछ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ।
- कुनै प्रकारको प्राकृतिक विपद आइ लाग्ने छैन।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ।

**आ) बालबालिका**

बालबालिकाको क्षेत्रमा गरेको लगानीले बालबालिकाको समग्र अवस्थाले भोलिको राष्ट्र निर्माण तथा समाज निर्माणमा जिम्मेवार हुने मानव संशाधन कस्तो हुनेछ भन्ने निर्धारण गरिने वृहद लगानीसँग गाँसिएका विषयहरू हुन्। यस त्रिपुरासुन्दरी नगरपालिकाको राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार ० देखि १४ वर्ष उमेर समूहका बालबालिका ४२०६ (२११६ बालक र २०९० बालिका) रहेका छन्। नगरपालिकाको ठुलो रकम यि बालबालिकाको हेरचाह, स्वास्थ्य, शिक्षा र पोषणमा खर्च गर्नुपर्ने देखाउछ।

**समस्या र चुनौतीहरु**

- राज्यद्वारा बालबालिकाको क्षेत्रमा गरेको लगानि पर्याप्त र प्रभावकारी नभएको
- विपन्नताका कारण धेरै बालबालिकाहरू आधारभूत आवश्यकता र अधिकारबाट बञ्चित हुनुपरेको।
- बालबालिकालाई उचित शिक्षा, पोषण र स्वास्थ्यको पूर्ण ग्यारेन्टी गर्न नसकिएको।

- बालबालिकाको उचित स्याहार र अधिकारको प्रत्याभूति गर्नु चुनौती र जिम्मेवारी रहेको
- समयमै बालबालिकाका सवालहरूको सम्बोधन गर्न नसके भोलिको भविष्य अनिश्चित र अन्धकार हुने जोखिम रहेको।

**सबल पक्षः मुख्य सम्भावना र अवसरहरु**

- स्थानीय सरकारले बाल सरोकारका विषयलाई आफ्ना नीति तथा कार्यक्रममा महत्व दिने गरेको।
- माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारको जिम्मेवारीमा रहेको।
- सङ्घीयता पश्चात बालबालिकाको मौलिक अधिकार संरक्षणको जिम्मेवारी स्थानीय सरकारलाई आएको।
- नगरपालिकाको ठुलो हिस्सा बालबालिका भएकोले उनीहरूको राम्रो हेरचाह गर्न सबै भविष्यका लागि असल समाज र नागरिक निर्माण गर्न सकिने।
- नेपालको संविधान २०७२ ले बालबालिकाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको।
- योजना निर्माण र अन्य कार्यमा बालबालिकाहरूलाई संलग्न गराइएको।

**दिर्घकालिन सोच** पूर्ण बालमैत्री समाज नैसर्गिक अधिकार

**लक्ष्य** बालबालिकाको, अधिकार अन्तर्गतका सम्पूर्ण शिक्षाका आधारभूत आवश्यकता पूरा गर्ने

**उद्देश्यहरू**

- बालबालिकाका मौलिक हकको सुनिश्चितता गर्ने।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ बाल अधिकार सम्बन्धी जनचेतना जागरण गर्ने | १.१.१ बाल अधिकार र बालबालिकामा गरिने लगानीका सम्बद्धमा अभिभावकहरूलाई सचेत बनाउने कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिने छ।<br>१.१.२ बालबालिकाहरू स्वंयलाई बालबालिकाका आवश्यकता र अधिकारका विषयमा सचेत तुल्याउन विद्यालय पाठ्यक्रम बाहेक स्थानीय अधिकारकर्मीको सहयोगमा विद्यालयस्तरीय सचेतना कार्यक्रम सञ्चालन गरिने छ।<br>१.१.३ बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन गर्ने हेतुले नगरपालिकाका समग्र बालबालिकाको वस्तुगत अवस्थाबारे अध्ययन गरी बालबालिका स्थितिपत्र तयार पारिनेछ। |
| १.२ अतिविपन्न तथा विशेष संरक्षण आवश्यक असहाय बालबालिका केन्द्रित कार्यक्रम सञ्चालन गर्ने | १.२.१ नगरपालिका वर्षभरी खान लगाउन नपुग्ने अतिविपन्न परिवारका तथा असहाय बालबालिकाको व्यक्तिगत विवरण तयार पारिनेछ।<br>१.२.२ असहाय बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणको प्रबन्ध गरिने छ।<br>१.२.३ नगरपालिका स्तरीय एक असहाय बाल गृहको स्थापना गरिने छ। |
| १.३ बाल अधिकार सम्बन्धी | १.३.१ नगरपालिकालाई बालश्रम मूक्त घोषणा गर्न गृहकार्य गरिने छ।<br>१.३.२ बालविवाह मुक्त नगरपालिका घोषणा गर्न गृहकार्य गरिने छ। |

| | |
|---|---|
| नीतिगत सूधार तथा व्यवस्था | १.३.३ सबै प्रकारका बाल हिंसा विरुद्ध आवाज उठाउन सञ्चार माध्यम, सामाजिक संजाल तथा सरकारी र गैर सरकारी संस्थाको सहयोग लिइनेछ ।<br>१.३.४ नगरपालिका तथा वडास्तरीय बाल क्लब स्थापना र तीनको प्रभावकारीता वृद्धि गर्न बालबालिकालाई नेतृत्व विकास तालिम प्रदान गरिने छ ।<br>१.३.५ बालबालिका विरुद्ध हुने हिंसा तथा शोषणका क्रियाकलाप नियन्त्रण गर्न एक बालहेल्प लाईन सेवा सञ्चालन गरिने छ ।<br>१.३.६ नगरपालिका स्तरीय एक बाल उद्यान निर्माण गर्न सम्भाव्यता अध्ययन गरिने छ ।<br>१.३.७ बालबालिकासँग स्थानीय सरकार कार्यक्रम अन्तर्गत हरेक महिनाको एक पटक नगरपालिका अध्यक्षसँग बाल बालिकाको सरोकार सम्बन्धी बाल बालिकासँग प्रत्यक्ष अन्तरक्रिया आयोजना गरिने छ ।<br>१.३.८ बाल प्रतिभा पहिचान विशेष कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.३.९ नगरपालिकालाई हाम्रा बाल बालिका राम्रा बाल बालिकाको मान्यतालाई स्थापित गर्दे बालमैत्री नगरपालिकाको रूपमा घोषणा गरिने छ ।<br>१.३.१० बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० बमोजिम नगरपालिकाको उपाध्यक्षले तोकेको नगरपालिकाको सदस्यको अध्यक्षतामा स्थानीय बाल अधिकार समिति गठन गरिने छ ।<br>१.३.११ ऐनको दफा ६१ बमोजिम बाल बालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्धन र अनाथ र असहाय बालबालिकालाई संरक्षण प्रदान गर्न एक जना बालकल्याण अधिकारी नियुक्त गरिने छ ।<br>१.३.१२ स्थानीय स्तरमा बाल मनोविज्ञानको रूपमा काम गर्न चाहने व्यक्तिले तोकिए बमोजिमको योग्यता पूरा गरी स्थानीय बाल अधिकार समितिमा सूचीकृत हुने प्रावधान लागू गरिने छ ।<br>१.३.१३ ऐनको दफा ६३ बमोजिम बाल बालिकालाई तत्काल संरक्षण, उद्धार, राहत र पुनस्र्थापना गर्न एक बालकोष निर्माण गरिने छ ।<br>१.३.१४ बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ५२ बमोजिम नगरपालिकाले बालगृहको स्थापना गरिने छ ।<br>१.३.१५ बाल प्रतिभा पहिचान विशेष कार्यक्रम सञ्चालन गरिने छ । |

**बालबालिकाको विस्तृत कार्यक्रम**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१ | १.१.१ | बाल अधिकार सम्बन्धी अभिभावक सचेतना कार्यक्रम | | ० | १०० | ११० | १२० | १३० | १४० | नगर पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.१.२ | स्थानीय अधिकारकर्मीको सहयोगमा विद्यालयस्तरीय सचेतना कार्यक्रम | | ० | ५० | ६० | ७० | ८० | ९० | नगर पालिका |
| | | १.२.३ | बालबालिकाको वस्तुगत स्थितिपत्र तयारी | | ० | २०० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.२.४ | विशेष अवसर (बाल दिवस) मा सप्ताहव्यापि बालअधिकार जागरण अभियान सञ्चालन | | ० | ५० | ५५ | ६० | ६५ | ७० | नगर पालिका |
| | १.२ | १.२.१ | अतिविपन्न, असहाय बालबालिको व्यक्तिगत विवरण तयारी | | ० | १०० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.२.२ | अति विपन्न तथा असहाय बालबालिकाको, शिक्षा स्वास्थ्य र पोषणको प्रबन्ध | | ० | ७५ | ८० | ८५ | ९० | १०० | नगर पालिका |
| | १.३ | १.३.१ | बालश्रम मुक्त नगरपालिका घोषणा | | ० | १०० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.३.२ | बालविवाह मुक्त नगरपालिका घोषणा | | ० | १२० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.३.३ | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभियान | | ० | ५० | ५५ | ६० | ६५ | ८० | नगर पालिका |
| | | १.३.४ | बालक्लबमा आवद्ध बालबालिकाको नेतृत्व विकास तालिम | | ० | ५० | ५० | ६० | ६० | ७५ | नगर पालिका |
| | | १.३.५ | बाल हेल्पलाईन सञ्चालन | | ० | ५० | ५० | ५० | ५५ | ५५ | नगर पालिका |
| | | १.३.६ | बाल उद्यान सम्भाव्यता अध्ययन | | ० | १०० | ० | ० | ० | ० | नगर पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.३.७ | हरेक महिनाको एक पटक नगरपालिका अध्यक्षसँग बालबालिकाको सरोकार सम्बन्धी बाल बालिकासँग प्रत्यक्ष अन्तरक्रिया आयोजना | | ० | १२० | १२० | १२० | १२० | १२० | नगर पालिका |

**अपेक्षित उपलब्धि तथा नतिजा खाका**

- बालमैत्री समाजको निर्माण हुनेछ ।
- आधारभूत बाल अधिकारको सुनिश्चितता हुनेछ ।
- अति विपन्न र असहाय बालबालिकाहरू सुरक्षित हुनेछन् ।
- बालमैत्री स्थानीय शासनको अभ्यास सफल हुनेछ ।

**नतिजा सूचक**

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | प्रतिफल | बाल श्रमिकको (संख्या) | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| २ | प्रतिफल | असहाय बालबालिका (संख्या) | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ३ | प्रतिफल | पुर्नस्थापित बालबालिका संख्या | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ४ | प्रतिफल | विद्यालय जान नपाएका बालबालिकाको संख्या | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ५ | प्रतिफल | बालगृह संख्या | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ६ | प्रतिफल | बाल विवाह संख्या | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ७ | प्रतिफल | बाल उद्यान संख्या | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ८ | प्रतिफल | पोषण सुनिश्चित गरिएका असहाय अति विपन्न बालबालिका | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ९ | प्रतिफल | बालबालिका केन्द्रित वार्षिक बाल कार्यक्रम | संख्या | २०८१-०८२ | २०८५-०८६ |

**अनुमान तथा जोखिम पक्ष**

- पूर्ण राजनैतिक स्थिरता तथा आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- कुनै प्रकारको ठुलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।

- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुने।

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

राष्ट्रिय युवा नीति २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समूहको जनसंख्यालाई युवा समूहमा राखिएको छ। राष्ट्र विकासको मूल प्रवाहमा युवाको समावेशिताका लागि युवाको हक हितको संरक्षण र सम्बर्धन गर्दै सक्षम र प्रतिस्पर्धि युवा, मानव संसाधन तयार गर्ने आजको युगको आवश्यकता हो। देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ रहेका युवाहरूको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेको खण्डमा राष्ट्रले ठुलो फड्को मार्ने निश्चित छ। २०७८ को जनगणना अनुसार यस त्रिपुरासुन्दरी नगरपालिकामा रहेका कुल जनसंख्या मध्ये १५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्या सबैभन्दा धेरै (६० प्रतिसत) छ। राज्यको सामाजिक न्याय र समावेशीकिरणको नीति अन्तर्गत स्वस्थ्य, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने नीति रहेको छ। खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी नगरपालिकाको चौतर्फी विकासलाई बल पुर्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस नगरपालिकामा खेलकुदको विकास लागि प्रयासरत रकेको पाइन्छ। यसको लागि नगरपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ। ती स्थानहरूमा खेलकुदको लागि केहीमात्र पूर्वाधार भइरहेको देखिन्छ। नगरपालिकाले पनि आफ्नो कार्यक्षेत्र भित्र गतिशिल रहने गरी केही समितिहरू गठन गरेका छन्। खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तराष्ट्रिय क्षेत्रमा अभिवृद्धि गर्ने माध्यमको रूपमा बिकास गर्ने देशको नीति अनुसार विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुर्याइरहेका छन्।

नगरपालिकाको खेलकुद तथा मनोरन्जनलाई विकास गरी बालबालिका तथा युवापुस्तलाई खेलकुदमा आकर्षण गर्नका लागि विभिन्न योजनाहरू तयार गर्नुपर्ने देखिन्छ। नगरपालिकामा स्थानीय युवा क्लवको स्तरोन्नतिको लागि विभिन्न खेलकुद सामाग्रीको व्यवस्था गर्नुपर्ने, सामुदायिक रूपमा समन्वय गरी चिल्ड्रेन पार्कको व्यवस्था हुनपर्ने, खेलकुद प्याराफिट सहित खेलमैदान, वडा स्तरिय खेल मैदानमा आवश्यक चारैतिर पक्की नाली सहित माटो भरान, वडाका सबै क्लवहरूलाई खेलकुद सामाग्री उपलब्ध गराउने आदि जस्ता कार्यहरू खेलकुद विकासको लागि गर्नुपर्ने देखिन्छ। नगरपालिकामा रहेका बालबालिका तथा युवाहरूमा रहेको खेलकुद प्रतिको रुचि मध्यनजर गर्दै नगरपालिकामा रहेका संभावना पहिचान गरको खण्डमा राष्ट्रिय खेलकुदमा टेवा पुग्ने देखिन्छ। यो नगरपालिकाले खेलकुदको माध्यमबाट सबै वडाहरू बीच आत्मियता तथा भाइचाराको सम्बन्ध राख्ने उद्देश्य रोखेको छ। खेलमैदान निर्माणमा तदारुक्तता देखाउनुले नगरपालिका खेलकुदको विकासमा सम्वेदनशील भएको देखिन्छ।

विश्वका विकसित देशहरूले खेल पर्यटन मार्फत समृद्धि हासिल गरेको र विश्वस्तरमा पहिचान स्थापित गरेको पाइन्छ। उदाहरणको लागि स्पेन, इटली, इङ्गल्याण्ड, ब्राजिल, फ्रान्स जस्ता राष्ट्रहरू हाल खेल प्रवद्र्धन मार्फत विश्व परिचित मात्र नभई खर्बौं डलरको कारोबार गर्दछन्। छिमेकी राष्ट्र भारत समेत क्रिकेटका लागि प्रसिद्ध मानिन्छ। पूर्वाधार अभाव तथा व्यवसायिकताको अवसर नहुँदा नहुँदै पनि नेपाली खेलाडीहरू खेलकुदमा आवद्ध छन किनकि खेलकुद विकास आर्थिक समृद्धिसँग पनि जोडिएको छ। यस नगरपालिकाले पनि आफ्ना नीति तथा कार्यक्रममा खेलकुद विकासलाई महत्व दिएको छ।

### ५.५.२ समस्या तथा चुनौती

- स्थानीय युवा क्लवको स्तरोन्नतिको लागि विभिन्न खेलकुद सामाग्रीको व्यवस्था गर्नुपर्ने।
- नगरपालिकामा खुल्ला चौर, खेल मैदान, पिकनिक स्थल व्यवस्थित नभएकाले खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिले निरन्तरता पाउन नसक्नु।
- नगरपालिकामा खेलकुदको विकास गर्न स्थानीय स्तरमा खेलकुद प्रशिक्षक साथै खेलकुद स्वास्थ्यको अभाव हुनु।
- सीमित बजेटका कारण नगरपालिकाले खेलकुद तथा मनोरञ्जनमा यथोचित लगानी गर्न नसक्नु।
- व्यवस्थित खेलकुद पूर्वाधारहरूको विकास गर्न ठुलो आकारको बजेटको व्यवस्थापनको चुनौती रहेको।
- भौगौलिक रूपमा असहज भएर पनि खेलकुद पूर्वाधारको चाहेजति सहज र चुस्त रूपमा विकास गर्न कठिन रहेको।
- खेलकुदप्रति रुचि राख्ने तथा प्रतिभावान् खेलाडीहरू उच्चशिक्षा तथा रोजगारी लगायतका कारणले नगरपालिका छोडने भएकाले उनीहरूलाई खेलकुदमा फर्काउनु चुनौतीपूर्ण रहेको।
- खेलकुदलाई व्यवसायीकरण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलाडीहरू समावेश गराउन कठिन परिस्थिति रहेको।
- वडामा रहेका खेलमैदान स्तरोन्नति गर्ने कार्य कठिन भएको।
- ऐतिहासिक, पौराणिक, पर्यटकीय तथा धार्मिक महत्वका क्षेत्रहरूमा पार्क, वनभोज स्थल आदिको विकास गर्न कठिन।

### ५.५.३ संभावना तथा अवसर

- नगरपालिकाको खेलकुद तथा मनोरन्जनलाई विकास गरी नगरपालिका बासीलाई खेलकुदमा आकर्षण गर्नका लागि विभिन्न योजनाहरू तयार पारेको।
- नगरपालिकाले खेलकुदको प्रबर्धनका लागि अन्तर विद्यालय खेलकुद प्रतियोगिता आयोजना गरिरहेको।
- नगरपालिकाले युवाहरूलाईव्यायाम र खेलकुदप्रति आकर्षित गरी स्वस्थ र रचनात्मक बनाउने नीति लिएको।
- नगरपालिकाको युवा लक्षित वार्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सकिने।
- नियमित रूपमा खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिका लागि रंगशाला, खेलकुद मैदान तथा मनोरञ्जनात्मक गतिविधिलाई प्राथमिकतामा राखेर क्रमशः स्तरोन्नति गर्ने नगरपालिकाको नीति रहेको।
- नगरपालिकामा विभिन्न प्रतियोगितात्मक कार्यक्रमहरू आयोजना गरी युवालाई प्रतिश्प्रर्धात्मक तथा जागरुक बनाउन सकिने।
- नगरपालिका स्तरमा युवासँग सम्बन्धित खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्ने गरिएको।
- खेल पूर्वाधारको विकास मार्फत विभिन्न खेल प्रतियोगिताहरू आयोजना गरी खेलकुद पर्यटनको विकास गर्न सकिने सम्भावना रहेको।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दिर्घकालिन सोच** युवाहरुको व्यक्तित्व विकास खेलकुद क्षेत्रको विकास

**लक्ष्य** सीपयुक्त, सबल युवा जनशक्ति तयार गर्दै खेलकुदमा व्यवसायिकताको अवसर सृजना गर्ने।

**उद्देश्य**

- खेलकुदको माध्यमले युवा रोजगारीको नया अवसर सुजना गर्ने र खेलकुद क्षेत्रको समग्र विकास गर्ने।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्यः १, खेलकुदको माध्यमले युवा रोजगारीको नया अवसर सुजना गर्ने र खेलकुद क्षेत्रको समग्र विकास गर्ने ।** | |
| १.१ खेलकुद पूर्वाधारको प्रबन्ध गर्ने | १.१.१ सम्पूर्ण विद्यालयहरूमा खेल मैदानको प्रबन्ध गरिने छ। |
| | १.१.२ सम्पूर्ण विद्यालयहरूमा न्यूनतम खेल सामाग्रीको प्रबन्ध गरिने छ। |
| | १.१.३ वडास्तरीय खेल मैदानको व्यवस्था गरिने छ। |
| | १.१.४ वडास्तरीय खेलकुद विकास समिति निर्माण गरिने छ। |
| | १.१.५ नगरपालिकास्तरीय रंगशाला निर्माणको कामलाई तीव्रता प्रदान गरिने छ। |
| १.२ खेलाडी पहिचान तथा प्रशिक्षण | १.२.१ नगरपालिकास्तरीय सम्पूर्ण खेलाडीहरूको विवरण तयार पार्ने। |
| | १.२.३ राष्ट्रिय खेलमा भाग लिने खेलाडीहरूलाई विशेष तयारी प्रशिक्षण सञ्चालन गर्न कोषको व्यवस्था गरिने छ। |
| १.३ खेलकुद प्रतियोगिता सञ्चालन गर्ने | १.३.१ स्थानीयतह र प्रदेशस्तरमा आयोजना हुने खेलहरूमा सहभागी हुन खेलाडी प्रशिक्षण सञ्चालन गरिने छ। |
| | १.३.२ नगरपालिकास्तरीय भलिबल प्रतियोगिता सञ्चालन गरिने छ। |
| | १.३.३ अन्तर विद्यालय वार्षिक खेलकुद प्रतियोगिता सञ्चालन गरिने छ। |
| | १.३.४ वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता सञ्चालन गरिने छ। |
| १.४ स्थानीय स्तरमा गर्न सकिने मनोरञ्जनात्मक क्रियाकलापको अध्ययन गरी व्यवस्थित गर्ने | १.४.१ स्थानीय जातजाति, धर्म, सम्प्रदायहरूमा प्रचलित कला, कौशल, गायन, नृत्य आदिको पूर्ण विवरण तयार गरी तिनीहरूको जगेर्ना र सान्दर्भिकता बारे अध्ययन गरिने छ। |
| | १.४.२ ठुलो संख्याका मानिसहरूलाई सामूहिक रूपमा मनोरञ्जन प्रदान गर्ने प्रकारका जात्रा, मेला, हाट, नाटक, गान, नृत्य, कला, कौशल, आदिलाई संस्थागत गर्न सम्भावना अध्ययन गरिने छ। |

**खेलकुद तथा मनोरञ्जनको विस्तृत कार्यक्रम**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१ | १.१.१ | विद्यालय स्तरीय खेल मैदान मर्मत सम्भार | | ० | ५०० | ५१० | ५१५ | ५२० | ५२५ | नगर पालिका |
| | | १.१.२ | विद्यालय खेल सामाग्री खरिद | | ० | १०० | ११० | १२० | १३० | १४० | नगर पालिका |
| | | १.१.३ | वडास्तरीय खेल मैदान निर्माण | | ० | २०० | २१० | २२० | २३० | २४० | नगर पालिका |
| | १.२ | १.२.१ | खेलाडीको व्यक्तिगत विवरण तयारी | | ० | ० | ० | ३०० | ० | ० | नगर पालिका |
| | | १.२.२ | खेलाडी प्रशिक्षण वडास्तरीय (नियमित) | | ० | ७५ | ८५ | ९५ | १०५ | ११५ | नगर पालिका |
| | | १.२.३ | खेलाडी प्रशिक्षण | | ० | २०० | २१० | २२० | २३० | २४० | नगर पालिका |
| | | १.३.१ | वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता | | ० | ४०० | ४१० | ४२० | ४३० | ४४० | नगर पालिका |
| | | १.३.२ | राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता | | | | | | | | नगर पालिका |
| | | १.३.३ | परम्परागत मनोरञ्जनात्मक क्रियाकलाप संस्थागत गर्ने क्रियाकलाप | | ० | ० | ० | ३०० | ० | ० | नगर पालिका |

### ५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

- न्यूनतम खेलकुद पूर्वाधारको विकास हुनेछ।
- खेलाडीहरू पहिचान भई क्षमता विकास भएको हुनेछ।
- स्थानीय स्तरमा प्रचलनमा रहेका मनोरञ्जनात्मक क्रियाकलापहरू संस्थागत हुनेछन्।

**नतिजा सूचक**

| क्र.सं. | नतिजा को तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | प्रतिफल | व्यायामशालाको संख्या | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| २ | प्रतिफल | खेल मैदानको संख्या | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ३ | प्रतिफल | थिएटर वा सिनेमा घरको संख्या | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ४ | प्रतिफल | बाल उद्यानको संख्या | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ५ | प्रतिफल | पार्क तथा हरित उद्यानको संख्या | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ६ | प्रतिफल | व्यावस्थित पिकनिक स्थलको संख्या | संख्या | २०८१-०८२ | २०८५-०८६ |
| ७ | प्रतिफल | सांस्कृतिक तथा कला केन्द्रको संख्या | संख्या | २०८१-०८२ | २०८५-०८६ |

### ५.५.६ अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता तथा आवश्यक बजेटको व्यवस्था हुनेछ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ।
- कुनै प्रकारको ठुलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुने।

# परिच्छेद ६: पूर्वाधार क्षेत्र

## ६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

नेपालको संविधानले पनि सुरक्षित तथा वातावारण मैत्री आवासको हकलाई प्रत्याभूति गरेको छ । मानव जीवनको आधारभूत आवश्यकताहरू मध्ये आवास पनि एक हो । पछिल्लो समय शहरी प्रभावका कारण त्रिपुरासुन्दरी नगरपालिकामा वस्तीहरुको विकास बढ्दो रहेको छ । नगरपालिकाको क्षेत्रगत अध्ययन अनुसार नगरपालिकाका अधिकांश घरहरू कच्ची रहनुले यस नगरपालिकाका घरहरू भूकम्पीय तथा अन्य प्रकोप सुरक्षाको दृष्टिकोणले असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेको स्पष्ट हुन्छ । नगरपालिकाको केन्द्रतिर बाटो बजार ससाना घरेलु उद्योग देखिएता पनि समग्रमा नगरपालिकाको सबै वडाहरुमा सेवा तथा सुविधा पुगिसकेको छैन । नगरपालिकामा विकासका धैरै आयामहरुमा अभ्यास गर्न बाँकी देखिन्छ । नगरपालिकाको सबै वडाहरुमा सडक सञ्जालको राम्रो विकास भएको देखिँदैन । सहज स्वास्थ्य सुविधा, संचार, बिधुत जस्ता सुविधाहरूको पहुँच पुगेको देखिँदैन । कृषि एवं वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता, भएको हुँदा साना घरेलु उद्योग धन्दाको साथै जडीबुटी प्रशोधन सम्बन्धी उद्योग विकास र विस्तारको सम्भावना रहेको छ । अन्य क्षेत्रहरुमा व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित नगरपालिका योजना बनाएर बाटो, खानेपानी र अन्य सामाजिक र भौतिक पूर्वाधारको समयमै विकास गर्नुपर्ने देखिन्छ । नगरपालिका बासीहरुलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा समिति कार्यालयहरु, सम्बन्धित वडामै स्थापना गरी सेवा प्रवाह भैरहेका छन् । यसका अतिरिक्त नगरपालिकाले विकासका लागि योजना तयार गर्ने दौरानमा वडा भेला, वडा कार्यालय, सरकारी निकायहरु, राजनैतिक पार्टीहरु, गैरसरकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, टोल विकास संस्थाहरु, बुद्धिजिवीहरु, समाजका प्रतिष्ठित व्यक्तित्वहरु, व्यवसायिक संस्थाहरु, संचारकर्मीहरु तथा योजना तर्जुमा टोली लाई समावेश गरी बढी भन्दा बढी छलफल गरी प्रत्येक टोलका मुख्य तथा सहायक सडकहरूमा सोलार बत्ति जडान, टोल टोलमा सार्वजनिक खानेपानी र खानेपानीको परियोजना तथा पूर्वाधार आदि विकास निर्माणका योजनाहरु तयार गर्नुपर्ने देखिन्छ ।

### ६.१.२ समस्या तथा चुनौती

- अधिकांश घरहरू कच्ची, ढुंगाले छाएको रूपमा रहेकाले सुरक्षित नभएका ।
- छरिएर रहेका बस्तीहरूलाई एकीकृत गर्न तथा आवास क्षेत्रमा वृद्धाश्रम, धर्मशाला, सामुदायिक भवन आदि निर्माण गर्न प्रशस्त मात्रामा बजेटको आवश्यकता पर्ने ।
- विभिन्न जातजाति र धर्मका मौलिक संस्कृति र परम्परा लोप हुँदै जाने अवस्था रहेको ।
- भूउपयोग योजना निर्माण र कार्यान्वयनमा आउन नसकेको ।

### ६.१.३ संभावना तथा अवसर

- स्थानीय स्तरमा आवास निर्माण सामग्रीहरू जस्तैः गिट्टी, बालुवा, माटो, ढुङगा आदि उपलब्धता भएको हुँदा स्थानीय स्रोतसाधनको प्रयोग गरी निर्माण कार्य गर्न सकिने ।
- व्यवस्थित र वैज्ञानिक भूउपयोग योजना निर्माण र कार्यान्वयन गर्न सकिने ।
- नगरपालिकाद्वारा भवन निर्माण मापदण्डको सफल कार्यान्वयनका लागि तालिम प्राप्त व्यवसायीलाई मात्र निर्माण अनुमति दिने नीति लिइएको ।
- भूकम्प प्रतिरोधी वातावरण मैत्री सुविधा सम्पन्न तथा सुरक्षित भवन निर्माणमा जनचासो बढ्दै गएको ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच** सबैका लागि पूर्ण सुरक्षित तथा व्यवस्थित आवासको सुनिश्चितता

**लक्ष्य** स्थानीय समाग्री तथा प्रविधिको समुचित प्रयोग र एकिकृत बस्ती विकास मार्फत व्यवस्थित, सुरक्षित र न्यूनतम सुविधायुक्त आवास तथा बस्ती विकास गर्ने।

**उद्देश्यहरू**

- न्यूनतम सुविधा सम्पन्न एकीकृत आवासको विकास गर्ने,
- सुरक्षित आवास तथा भवनहरू निर्माण गर्ने।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्यः १ न्यूनतम सुविधा सम्पन्न एकीकृत आवासको विकास गर्ने** | |
| १.१. छरिएर रहेका तथा विपदको जोखिममा परेका बस्तीहरूलाई एकीकृत बस्तीको निर्माण गरी स्थानान्तरण गर्दै लैजाने। | १.१.१. नगरपालिकाले सुरु गरेको बस्ती विकास योजनाको कार्यान्वयन गरिने छ<br>१.१.२. विपत र जोखिममा परेका बस्तीहरू पहिचान तथा नक्साङ्कन गरिने छ।<br>१.१.३. एकीकृत आवास निर्माणका लागि वडा स्तरमा उपयुक्त स्थानहरू पहिचान गरी थप आवास क्षेत्र विकास गरिने छ।<br>१.१.४. छरिएर रहेका तथा विपतको जोखिममा परेका घरपरिवारका लागि सुरक्षित, व्यवस्थित, आधारभूत सुविधायुक्त तथा वातावरण मैत्री एकीकृत बस्ती निर्माण गरिने छ।<br>१.१.५. सुकुम्बासी, विपन्न, लोपोन्मुख जाति तथा आर्थिक रूपले पिछडिएका परिवारका लागि आवास निर्माण सम्बन्धी ठोस नीति बनाइने छ।<br>१.१.६. विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिने छ। |
| १.२. घना बस्ती रहेको स्थानमा बस्ती व्यवस्थित गर्ने। | १.२.१. नगरपालिकाको भू-उपयोग नीति अनुरुप वस्ती विकास तथा योजना निर्माण गरिने छ।<br>१.२.२. हाल घनावस्ती रहेका स्थानमा भौतिक पूर्वाधार विकास गरी बस्ती वरपर थप आवास विस्तार कार्यक्रम संचालन गरिने छ।<br>१.२.३ . भवन निर्माण आचार संहिता तर्जुमा गरी अनिवार्य लागू गरिने छ। |
| **उद्देश्यः २ सुरक्षित आवास तथा भवनहरू निर्माण गर्ने** | |
| २.१. एकीकृत सेवा प्रदायक बहुउपयोगी तथा बहु उद्देश्यीय भवन निर्माण गर्ने। | २.१.१. सरकारी भवनहरू निर्माण गर्दा सकेसम्म एकै स्थानमा र एकरुपता ल्याउन एकै किसिमका भवनहरूको डिजाइन र निर्माण गरी एकीकृत जनसेवा प्रदान गरिने छ। |
| २.२ आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गर्ने। | २.२.१. निर्माणाधिन सरकारी तथा सार्वजनिक भवनहरू अपाङ्ग मैत्री, बाल मैत्री र महिला मैत्री बनाइने छ।<br>२.२.२. आवास तथा भवन निर्माणमा स्थानीय स्तरमा उपलब्धता भएका निर्माण सामग्रीको उच्चतम प्रयोग गरिने छ। |

| | |
|---|---|
| | २.२.३. आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग हुने प्रविधि विकास गर्न तथा सुरक्षित संरचना निर्माण गर्न विज्ञहरूको सहयोग लिई निर्माण मजदुरहरूका लागि नियमित तालिम संचालन गरिने छ।<br>२.२.४ स्थानीय मौलिकताको जर्गेना गर्ने, वास्तुकला तथा सौन्दर्य कायम हुने संरचना निर्माण गर्दा नगरपालिकाले प्रोत्साहन गर्ने नीति अवलम्वन गरिने छ। |

**आवास, भवन तथा वस्ती विकासको विस्तृत कार्यक्रम**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१. | १.१.१ | एकीकृत बस्ती विकासका लागि गुरुयोजना तयार गर्ने | | | ५०० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.१.२ | विपदको जोखिममा परेका बस्तीहरूको पहिचान गरी नक्सांकन गर्ने | | ० | ४०० | ० | ३०० | ० | २०० | नगर पालिका |
| | | १.१.३ | आर्थिक रूपले पिछडिएका वर्गको लागि आवास निर्माण गर्न उपयुक्त संयन्त्र निर्माण | | | १००० | १००० | १०００ | १००० | १००० | नगर पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २.१. | २.१.१ | सामूहिक सार्वजनिक तथा सरकारी भवन निर्माण | | ० | ५००० | ४००० | ३००० | २००० | १००० | नगर पालिका |
| | २.२. | २.२.२ | भवन निर्माणमा स्थानीय निर्माण सामग्रीको प्रयोग गर्न प्रोत्साहन | | | ३०० | ३०० | ३००० | ३०० | ३०० | नगर पालिका |
| | | २.२.३ | स्थानीय मौलिक वास्तुकला झल्कने घर तथा संरचना निर्माण गर्दा विशेष सहुलियत | | | ५०० | ६०० | ७०० | ८०० | ९०० | नगर पालिका |

### ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

- न्यूनतम सुविधायुक्त एकीकृत बस्तीहरूको विकास भएको हुने,
- भवन आचार संहिता निर्माण भई कार्यान्वयन भएको हुने,
- विपन्न वर्गको लागि आवास योजना कार्यान्वयनमा आएको हुने,
- नगरपालिकाका भूकम्पबाट क्षतिग्रस्त सम्पूर्ण घर तथा सार्वजनिक भवनहरूको पुनर्निर्माण भएको हुने ।

**नतिजा सूचक**

| क्र.सं. | नतिजा को तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | असर | झुपडीमा बस्ने परिवार | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| २ | असर | खर,पराल,पातले छाएको घरमा बस्ने परिवार | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ३ | असर | बाढी तथा भूकम्पबाट सुरक्षित र सुबिधायुक्त घरमा बस्ने परिवार | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ४ | असर | भूमिहीन तथा सुकुम्बासीको संख्या | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |

### ६.१.६ अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता हुनेछ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ।
- कुनै प्रकारको ठुलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन।
- सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ।
- सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ।

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

सडक तथा यातायातलाई पूर्वाधार विकासको महत्वपूर्ण सूचक मानिन्छ। त्रिपुरासुन्दरी नगरपालिकाको बाटोघाटोको स्थिति हेर्दा कालोपत्रे बाटो छैन। सबै सडकहरू कच्चि रहेका छन। नगरपालिकामा सडकका सञ्जाल सबै वडाहरूमा पुगेको अवस्था रहेको देखिन्छ। नगरपालिकाको वडाहरूमा कच्ची सडकको विस्तार भईरहेको छ भने अधिकांस वडाहरूमा कच्ची सडक बाह्रै महिना यातायात संचालन हुन नसक्ने देखिन्छ तसर्थ सो क्षेत्रमा बाटोको स्तरोन्नती गर्नुपर्ने देखिन्छ। नगरपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। नगरपालिकामा बिषेशगरि जिप, ट्र्याक्टर, मोटर साइकलको समेत उपयोग गरिएको देखिन्छ। नगरपालिका बासीको दैनिक जीवन सहज हुनको लागी नगरपालिकामा झोलुङ्गे पुल तथा पक्कि पुलहरु पनि निर्माण गरिएको छ। नगरपालिका भित्रका सम्पूर्ण सडकहरू कच्ची अवस्थामा रहेका हुनाले बर्षामा हिलो र खाल्डा खुल्डि बढ्ने साथै हिउँदमा धुलो हुने हुँदा आवागमनमा नै अवरुद्ध हुने समस्याहरू रहेका छन्। यद्यपि हाल नगरपालिका भित्रका केही सडकहरू बिस्तार तथा स्तरोन्नति भइरहेका छन्। यातायातका रुटहरू वैज्ञानिक नहुँदा सार्वजनिक यातायातको अवस्था कमजोर रहेको पाइन्छ। सडक तथा

यातायातको विकासले स्वास्थ्य तथा शिक्षा सेवामा पहुँच पुर्याउने, रोजगारी सिर्जना गर्ने, गरिबी न्यूनीकरण गर्ने र आर्थिक तथा सामाजिक विकासमा टेवा पुर्याउने हुदाँ समग्र क्षेत्रको उत्पादकत्व वृद्धि गर्छ ।

### ६.२.२ समस्या तथा चुनौती

- योजनाबद्ध तथा दिगो विकास लक्ष्यका मापदण्ड अनसार सडक सञ्जाल विस्तार नभएको ।
- कच्ची सडकमा वर्षातको समय पटकपटक पहिरो जाने, हिलाम्मे हुने, खाल्टाखुल्टी बढ्ने र हिउँदमा धुलाम्मे हुने हुँदा आवागमन कष्टप्रद हुने गरेको ।
- नगरपालिका भित्र दैनिक आवतजावतका लागि आवश्यक जनतामैत्री विभिन्न रूटहरूको निर्धारण गरी सहजरूपमा सार्वजनिक यातायात सेवा संचालन गर्नुपर्ने ।
- सडकको स्थिति कमजोर हुँदा उद्योग धन्दा, कलकारखाना, व्यापार व्यवसाय, कृषि, पर्यटन जस्ता क्षेत्रहरू चलायमान हुन नसकेको ।
- नगरपालिकाका सबै सडकको स्तरोन्नति गर्न ठूलो आकारको बजेट आवश्यक पर्ने ।

### ६.२.३ संभावना तथा अवसर

- नगरपालिकामा पक्कि पुल निर्माणाधीन रहेका ।
- नगरपालिकाका सडकहरूलाई मापदण्ड बनाई सो अनुसारको स्तरोन्नति कार्यलाई तीव्रता दिन सकिने ।
- नगरपालिकामा भित्री सडक निर्माण गरी कृषि, पर्यटन तथा उद्योगको विकासको राम्रो सम्भावना रहेको ।
- कच्ची अवस्थामै रहे पनि प्रत्येक वडालाई सडक सञ्जालले जोडेको ।
- झोलुङ्गे पुल र पक्कि पुलले आवात जावत सहज पारेको ।
- प्रत्येक वडा कार्यालय जोड्ने सडकलाई स्तरोन्ती गरी निरन्तर रुपमा यातायातका साधन चल्न सक्ने आवस्थाको हुने ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच** सहज, सुरक्षित र भरपर्दे सडक तथा यातायात सेवाको सुनिश्चितता

**लक्ष्य** नगरपालिकाभित्रको सडक सञ्जाल स्तरोन्नति गरी यातायातलाई सुरक्षित, सहज र भरपर्दो बनाउने

**उद्देश्यहरू**

- नगरपालिका वासीमा गुणस्तरीय सडक तथा यातायातको पहुँच पुर्याउने,
- नगरपालिकामा सडक तथा यातायात सेवाको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्यः १ नगरपालिकामा गुणस्तरीय सडक तथा यातायातको पहुँच पुर्याउने** | |
| १.१. नगरपालिका केन्द्रबाट सबै वडाकेन्द्र र बजार केन्द्रमा सडक सञ्जाल बिस्तार गर्ने । | १.१.१. सम्पूर्ण वडा केन्द्रलाई नगरपालिका केन्द्रसँग जोड्ने मुख्य, मुख्य सडकहरूलाई उच्च प्राथमिकतामा राखी शीघ्र स्तरोन्नति तथा कालोपत्रे गर्न पहल गरिने छ । |

| | |
|---|---|
| | १.१.२. यस नगरपालिकाको मुख्य सडकहरूलाई कालोपत्रे गर्न प्रदेश र संघीय सरकारसँग समन्वय गरिने छ।<br>१.१.३ सडक बिस्तार सँग, सँगै बसपार्क निर्माण गरिने छ। |
| १.२. विद्यमान सडकको स्तरोन्नति तथा विस्तार गर्ने। | १.२.१ पहिचान भएका कृषि सडकहरूको स्तरोन्नति र विस्तार गरी नगरपालिका सडक सञ्जालसँग आवद्ध कृषि सडक सञ्जाल निर्माण गरिने छ।<br>१.२.२. औद्योगिक तथा व्यवसायिक क्षेत्रहरूको यकिन गरी ती स्थानहरूलाई जोड्ने सडक क्रमिक रूपमा निर्माण गरिने छ।<br>१.२.३. सघन यातायात सञ्चालन हुने मुख्य सडकहरूमा आवश्यकता अनुसारको रोडको व्यवस्था गरिने छ।<br>१.२.४. नगरपालिकाभर अति आवश्यक स्थानहरूमा पुल निर्माणका लागि सम्भाव्यता अध्ययन गरिने छ।<br>१.२.५. उच्च प्राथमिकता प्राप्त पुलहरूको डिपिआर सम्पन्न गरिने छ।<br>१.२.६. उच्च प्राथमिकता प्राप्त पुलहरू निर्माण गर्न संघीय र प्रदेश सरकारसँग समन्वय गरिने छ। |
| १.३. सार्वजनिक यातायात प्रणालीको विकास गर्ने। | १.३.१. यातायात व्यवसायी तथा सरोकारवालासँग अन्तरक्रिया गरी सार्वजनिक सवारी साधन चल्ने रूटहरू तय गरिने छ।<br>१.३.२. रूटमा चल्ने सवारी साधनहरूको संख्या र प्रकार (जस्तै बस, जिप आदि) आवश्यकता अनुसार तय गरिने छ।<br>१.३.३. रूटको बीच, बीचमा बस स्टप, सार्वजनिक शौचालय, प्रतीक्षालयहरू स्थानीय आवश्यकता अनुसार निर्धारण गरी निर्माण गरिने छ।<br>१.३.४. नगरपालिकाका सघन यातायात सञ्चालन हुने मुख्य रूटहरूमा आवश्यकताको आधारमा ट्राफिक युनिट स्थापना गरिने छ।<br>१.३.५ विशेष गरी वर्षातको समयमा आवागमन अवरुद्ध हुनसक्ने सम्भावनालाई मध्यनजर गरी तत्काल आवागमन खुलाउन तयारी अवस्थामा राखिनेछ। |
| १.४. विमान स्थललाई सञ्चालनमा ल्याउने। | १.४.१. यस नगरपालिकाको वडा नं. ७ मा रहेको विमानस्थललाई यथासक्य चाडो सञ्चालनमा ल्याउन प्रयास गरिने छ। |
| **उद्देश्यः २ नगरपालिकामा सडक तथा यातायात सेवाको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने।** | |
| २.१. सडक तथा यातायात गुरुयोजना निर्माण गर्ने। | २.१.१. गुरु योजनामा आधारित सडक सञ्जालको विकास तथा यातायात रुटहरूको तय गरिने छ।<br>२.१.२. रणनीतिक सडकहरूको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी प्राथमिकताका आधारमा निर्माण गरिने छ। |
| २.२. सडकको न्यूनतम मापदण्ड कार्यान्वयनमा ल्याइने। | २.२.१. सडकको न्यूनतम मापदण्डलाई कार्यान्वयनमा ल्याइने छ तथा सडक अतिक्रमण गर्ने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिने छ। |

| | |
|---|---|
| २.३. दिगो तथा वातावरण मैत्री प्रविधिमा जोड दिने। | २.३.१. सडकको नियमित मर्मत सम्भारका लागि आधुनिक प्रविधिको उपयोग तथा यान्त्रीकरणमा जोड दिइने छ।<br>२.३.२. प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनले सडक तथा यातायातमा हुन सक्ने असर तथा नोक्सानीलाई न्यूनीकरण गरिने छ।<br>२.३.३. नगरपालिकामा निर्माण हुने सडकहरूमध्ये २० प्रतिशत सडकहरूमा बायोइन्जिनियरिङ प्रविधिको प्रयोग गरी निर्माण गर्न सम्भावना अध्ययन गरिने छ। |

**सडक तथा यातायातको विस्तृत कार्यक्रम**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१. | १.१.१ | वडा केन्द्रलाई नगरपालिका केन्द्रसँग जोड्ने मुख्य सडकको स्तरोन्नति तथा कालोपत्रे | | ० | ५००० | ५००० | ५००० | ५००० | ५००० | नगर पालिका |
| | | १.१.२ | मुख्य सडक मार्गले नसमेटेका सडकहरूलाई प्राथमिकताका आधारमा स्तरोन्नति गर्ने | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | नगर पालिका |
| | | १.२.१ | औद्योगिक, व्यवसायिक तथा कृषि क्षेत्र जोड्ने सडक निर्माण | | ० | ५००० | ५००० | ५००० | ५००० | ५००० | नगर पालिका |
| | | १.२.२ | अति आवश्यक पुलहरूको संभाव्यता अध्ययन | | ० | ३००० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.२.३ | प्राथमिकता प्राप्त पुलहरूको निर्माण | | ० | ५००० | ५००० | ५००० | ५००० | ५००० | नगर पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १.३. | १.३.१ | सार्वजनिक सवारीसाधन चल्ने रुटहरू तय | | ० | ० | ३००० | | | | नगरपालिका |
| | | १.३.२ | सडक मर्मत संम्हार Rapid Response Mechanism तयार गर्ने | | ० | १०० | २०० | २०० | २०० | २०० | नगरपालिका |
| २ | २.१. | २.१.१ | सडक तथा यातायात गुरुयोजना निर्माण | | ० | ५०० | ० | ० | ० | ० | नगरपालिका |
| | २.२. | २.२.१ | अनुगमनको व्यवस्था | | ० | १०० | १५० | २०० | २५० | ३०० | नगरपालिका |

### ६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

- सडक यातायातको सहज पँहुच स्थापित भएको हुनेछ।
- नगरपालिका केन्द्रलाई राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्ने मुख्य सडकहरू कालो पत्रे भएका हुनेछन।
- नगरपालिका केन्द्रलाई प्रत्येक वडा केन्द्रलाई जोड्ने सडकहरू स्तरोन्नति भएका हुनेछन।
- सार्वजनिक यातायातका वैज्ञानिक रुटहरू तय भइ सार्वजनिक परिवहन सहज भएको हुनेछ।
- सडक जोखिम तथा दुर्घटना न्यूनीकरण हुनेछन।

**नतिजा सूचक**

| क्र.सं. | नतिजा को तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | असर | बाहै महिना सवारीसाधन सञ्चालन योग्य सडकको २ कि.मि. दूरीभित्र बसोबास गर्ने जनसंख्या | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| २ | असर | घरबाट ३० मिनेटको पैदलयात्रामा सडकमा पहुँच भएका जनसंख्या | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ३ | असर | सडक घनत्व | कि.मि. | २०८१/०८२ | २०८५/०८६ |
| ४ | प्रतिफल | नगरपालिका केन्द्रबाट वडा केन्द्र जोड्ने कालोपत्रे सडकको लम्बाई | कि.मि | २०८१/०८२ | २०८५/०८६ |
| ५ | प्रतिफल | नगरपालिकाको सडकको जम्मा लम्बाई | कि.मि | २०८१/०८२ | २०८५/०८६ |
| ६ | प्रतिफल | सडकहरूमा व्यावस्थित नाला निर्माण | कि.मि | २०८१/०८२ | २०८५/०८६ |
| ७ | प्रतिफल | पुल तथा कल्भर्ट निर्माण | संख्या | २०८१/०८२ | २०८५/०८६ |

### ६.२.६ अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता हुनेछ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ।
- कुनै प्रकारको ठुलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन।
- सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ।
- सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ।

## ६.३ जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

अपार जलस्रोतको धनी नेपाल विश्वमै दोश्रो ठूलो जलसम्पदा भएको मुलुक मानिन्छ जसको सदुपयोग हुन नसकिरहेको कारण शहर र ग्रामीण ईलाकामा उर्जा संकट रहेको छ। नेपालको पहाडी तथा हिमाली क्षेत्रमा अहिले पनि ठूलो संख्यामा जनताहरूले खाना पकाउने इन्धनको रूपमा काठ दाउराको प्रयोग गर्दछन् भने तराई क्षेत्रमा गुइँठाको प्रयोग व्यापक रूपमा भइरहेको छ। यस नगरपालिकामा सबै वडामा काठ दाउरा मुख्य इन्धनकाको स्रोतको रूपमा रहेको छ भने सबै वडाहरूमा दाउराको स्रोतको रूपमा सामुदायिक वन रहेका छन्। काठ दाउराको प्रयोगका थुप्रै नकारात्मक पक्षहरू मध्ये स्वास्थ्यमा पर्ने असर र वनजङ्गलको विनाश प्रमुख हुन्। यस नगरपालिकामा विद्युतीकरणको अवस्था सन्तोषजनकनै रहेको भए पनि सामान्य हावाहुरी तथा वर्षात हुने संकेत हुनासाथ विद्युत सेवा अवरुद्ध हुन्छ। यसकारण दैनिक जीवन यापन, व्यवसाय संचालन तथा औद्योगिकरणका लागि आवश्यक विद्युत् लाईनलाई थप ब्यवस्थित बनाउन जरुरि देखिन्छ। विद्युत ऊर्जा, सौर्य उर्जा र अन्य वैकल्पिक ऊर्जाबाट विभिन्न उद्योग, सिँचाई आयोजना, खानेपानी आयोजना समेत सञ्चालन गर्न सकिन्छ। तसर्थ त्रिपुरासुन्दरीमा विद्युत् प्रसारण लाईनमा सुधार गर्नुपर्ने साथै कम क्षमता Low Voltage हुने स्थानहरूमा ट्रान्सफर्मरको स्तरोन्नति तथा नयाँ ट्रान्सफर्मर जडान गर्नुपर्ने देखिन्छ।

### ६.३.२ समस्या तथा चुनौती

- स्तरीय र भरपर्दो विद्युत सेवामा समस्या रहेको।
- विभिन्न स्थानमा ट्रान्सफर्मरहरूको अभाव रहेको।
- सार्वजनिक सडक बत्तीहरूको पर्याप्त प्रबन्ध प्रर्याप्त नभएको।
- सामान्य हावापानी पर्दा पनि विद्युत आपुति अवरुद्ध हुने समस्या रहेको।
- गुणस्तरीय विद्युत आपुर्तिको व्यवस्था नभएको।

### ६.३.३ संभावना तथा अवसर

- नगरपालिकाका प्रायजसो स्थानहरूमा राष्ट्रिय वा स्थानीयस्तरबाट उत्पादित विद्युत प्रशारण सेवा पुगेको,
- नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जालाई उचित व्यवस्थापन गरी सदुपयोग गर्न सकिने,
- नगरपालिकाबासीलाई विद्युतीय उपकरणको, सौर्य उर्जा उपयोगमा प्रोत्साहन गरी काठ दाउरा र ग्याँसको खपत न्यूनीकरण गर्न सकिने ।
- व्यवसाय संचालन तथा औद्योगिकरणका लागि आवश्यक क्षमताको विद्युत् लाईनको ब्यवस्थापन गर्न सकिने ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच** ऊर्जामा पूर्ण पूर्वाधारयुक्त नगरपालिका

**लक्ष्य** नगरपालिकावासीहरूमा दिगो, वातावरण मैत्री उर्जामा पूर्ण पहुँच स्थापित गर्ने

**उद्देश्यहरू**

- ऊर्जामा सबै नगरपालिकाबासीको पहुँच पुर्याउने,
- ऊर्जा व्यवस्थापनलाई दिगो, भरपर्दो र सक्षम बनाउने ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्यः १ ऊर्जामा सबै नगरपालिकाबासीको पहुँच पुर्याउने** | |
| १.१. विद्युतीकरण नभएका स्थानहरूमा विद्युत् सेवा विस्तार गर्ने । | १.१.१. विद्युत् सेवा नपुगेका बस्तीहरूमा विद्युतीकरणका लागि थप कार्य अगाडि बढाइनेछ ।<br>१.१.२. तत्काल विद्युतीकरण उपलब्ध हुन नसक्ने घरधुरी र काठ दाउराको प्रयोगलाई पूर्णरूपले विस्थापित गर्न वैकल्पिक ऊर्जा जस्तै सौर्य ऊर्जा प्रयोग गर्न प्रोत्साहन स्वरूप अनुदान प्रदान गरिने छ । |
| **उद्देश्यः २ ऊर्जा व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउने** | |
| २.१. विद्युत क्षमता वृद्धि गर्ने । | २.१.१. नगरपालिकामा मुख्य प्रसारण लाईनमार्फत पूर्ण विद्युतीकरण गरी वितरण प्रणाली सुदृढ गरिने छ ।<br>२.१.२. मागअनुसार आवश्यक VOLTAGE परिपूर्ति गर्न ट्रान्सफर्मर जडान तथा क्षमता वृद्धि गरिने छ ।<br>२.१.३. विद्युत प्रसारण लाईन सुधार गर्न तथा काठका पोलहरू विस्थापन गर्न विद्युत प्राधिकरणसँग समन्वय गरिने छ ।<br>२.१.४ नगरपालिका भित्र सञ्चालनमा रहेका लघु जल विद्युत आयोजनाहरूको स्थायित्व राख्न आबश्यक बजेटको व्यवस्था गरिने छ । |
| २.२. विद्युत् उपयोग बढाउने । | २.२.१. घरायसी खाना पकाउन विद्युतीय उपकरणको प्रयोग गर्न प्रोत्साहन गरिने छ ।<br>२.२.२. विद्युतिय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गरिने छ । |

| | |
|---|---|
| २.३. वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्ने। | २.३.१ नगरपालिकामा वैकल्पिक ऊर्जा उत्पादनको सम्भाव्यता हेरी निजीक्षेत्रलाई आकर्षण गर्ने नीति अवलम्वन गरिने छ।<br>२.३.२. बजार क्षेत्रहरूमा फोहोरको सदुपयोग गरी ऊर्जामा परिणत गर्ने प्रविधीको प्रयोग गरिने छ।<br>२.३.३. उज्यालो नगरपालिका अभियान अन्तर्गत नगरपालिकाका बजार क्षेत्रहरूमा तथा सार्वजनिक स्थानहरूमा सौर्यबत्ती जडान गरिने छ। |
| २.४. जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने। | २.४.१. दाउराको प्रयोगलाई पूर्णरूपमा वैकल्पिक उर्जा तथा विद्युतीय ऊर्जाको प्रयोगले विस्थापित गर्न दाउराको प्रयोगका नकारात्मक असरबारे जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिने छ। |

**उर्जाको विस्तृत कार्यक्रम**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१. | १.१.१. | विद्युतका प्रशारण लाईन विस्तार | | ० | १००० | १००० | ० | ० | ० | नगर पालिका |
| | | १.१.२. | वैकल्पिक ऊर्जा प्रयोग गर्न अनुदान | | ० | ५०० | ५०० | ५०० | ५०० | ५०० | नगर पालिका |
| २ | २.१. | २.१.१. | विद्युत प्रशारण लाइन सुधार कार्यक्रम | | ० | १२०० | १२५० | १३०० | १३५० | १४०० | नगर पालिका |
| | | २.१.२. | आवश्यकताका आधारमा ट्रान्सफर्मर जडान | | ० | ० | १००० | ० | ० | १००० | नगर पालिका |
| | | २.१.३ | वैकल्पिक ऊर्जा उत्पादनमा निजी क्षेत्रसँग सहकार्य गर्न अन्तरक्रिया | | ० | २०० | २२० | २५० | २८० | ३०० | नगर पालिका |

### ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

- उर्जाका आधारभूत पूर्वाधारहरूको विकास भइ हरेक घरधुरीमा न्यूनतम उर्जाको सुनिश्चितता भएको हुनेछ।
- उर्जाको मुल प्रवाहमा नसमेटिएका घरधुरीहरूमा वैकल्पिक उर्जाको प्रबन्ध भएको हुनेछ।

**नतिजा सूचक**

| क्र.सं. | नतिजा को तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | असर | विद्युतमा पहुँच भएका जनसंख्या | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| २ | असर | वैकल्पिक तथा नविकरणीय उर्जा जस्तै सोलार प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ३ | असर | खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठा लगायतका ठोस इन्धन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ४ | असर | खाना पकाउन एलपी ग्याँस प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ५ | असर | खाना पकाउन विद्युतीय चुलो प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ६ | | खाना पकाउन बैकल्पिक ऊर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ७ | असर | विद्युतीय सामग्रीमा हिटर, पंखा, एयर कन्डिसनर, वासिङ मेसिन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |

### ६.४.६ अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता हुनेछ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ।
- कुनै प्रकारको ठुलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन।
- सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ।
- सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ।

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

नेपालको संविधानले सूचना तथा सञ्चार सम्बन्धी हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ, जसलाई स्थानीय सरकारहरूले पनि कार्यान्वयन गरिरहेका छन। ग्रामिण परिवेश भएकोले यस नगरपालिकामा सूचना तथा संचारको अवस्था केही कठिन रहेको देखिन्छ। नगरपालिकामा रेडियो नेपाल, रेडियो सुशासन एफएफ लगायत विभिन्न स्थानीय एफएमहरू लगायत विभिन्न स्टेसनहरू जिल्ला तथा केन्द्रबाट प्रसारण सुनिन्छ र पत्रपत्रिकाको पहुच पनि न्यून रहेको छ। नगरपालिकामा नेपाल टेलिकमको मात्र टेलिफोन सेवा उपलब्ध छ भने इन्टरनेट प्रदायकमा वर्ल्डलिंक र एभरेष्ट ले इन्टरनेटको सेवा उपलब्ध छ भने अन्य इन्टरनेट कम्पनिहरूले पनि सामान्य चासो देखाएको पाइन्छ। डिस होमजस्ता माध्यमबाट नगरपालिकाबासीले मनोरन्जनात्मक टि.भी कार्यक्रमहरू प्रसारण गरिरहेको छन्। आर्थिक विकासका लागि सूचना तथा संचारको विकास अत्यावश्यक भएका कारण यस नगरपालिकामा सूचना तथा सञ्चारको विकासका लागि विभिन्न कार्यक्रमहरू गर्नुपर्ने आवश्यकता छ।

### ६.४.२ समस्या तथा चुनौती

- ल्याण्डलाईन टेलिफोन तथा अप्टिकल फाइबरबाट इन्टरनेट सेवा विस्तार गर्नुपर्ने आवश्यकता रहेको।
- पर्याप्त मात्रामा टेलिफोनका टावरहरू नभएकाले Network Coverage मा प्रभावकारिता ल्याउन टावरहरू विस्तार गर्नुपर्ने।
- विद्यालय तथा सार्वजनिक स्थलहरूमा इन्टरनेट सुविधा विस्तार गरी निःशुल्क वाईफाईको व्यवस्था गरी यथोचित सदुपयोग गर्नुपर्ने।
- नगरपालिकामा हाल विद्दमान रहेको सञ्चार क्षेत्रको क्षमता अभिवृद्धि गर्नुपर्ने।
- नगरपालिकावासीमा सञ्चारका सबै प्रविधिसँगको पहुँच स्थापना गरी साइबर सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गर्नुपर्ने।

### ६.४.३ संभावना तथा अवसर

- नगरपालिकामा रेडियो नेपाल र लगायतका स्थानीय एफएम रेडियो सुन्न तथा डिजिटल प्रविधि डीसहोमबाट टेलिभिजन हेर्न सकिने।
- उपभोक्ताको माग राम्रो भएको खण्डमा निजी सञ्चार सेवा प्रदायक मोबाइल तथा इंटरनेट अन्य कम्पनीहरूलाईसमेत सेवा विस्तारमा आकर्षण गर्न सकिने।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच** सूचना तथा सञ्चारमा पूर्ण पूर्वाधारयुक्त नगरपालिका

**लक्ष्य** नगरपालिकामा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने

**उद्देश्यहरू**

- नगरपालिकावासीमा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने।
- नगरपालिकालाइ प्रबिधियुक्त बनाउने।
- प्रबिधियुक्त पठनपाठन अगाडि बढाउने।
- नगरपालिकालाइ २१औ सताब्दि अनुरूप अगाढि बढाउने।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्यः १ नगरपालिकावासीमा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने** | |
| १.१. सूचना प्रविधिका पूर्वाधारहरूको निर्माण गर्ने। | १.१.१. मोबाइल नेटवर्क कभरेजमा प्रभावकारिता ल्याउन मोबाइल टावरहरूको थप विस्तार गर्न नेपाल टेलिकमसँग पहल गरिने छ।<br>१.१.२. इन्टरनेट प्रदायक निजी कम्पनीहरूलाई आकर्षण गरी पूर्वाधार निर्माण गरिने छ<br>१.१.३. स्थानीय एफएम रेडियो सञ्चालन गर्न र स्थानीय पत्रपत्रिका प्रकाशन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ।<br>१.१.४. मोबाइल टावरहरूमा विद्युतको नियमित रूपमा आपूर्ति गर्न आवश्यक व्यवस्था मिलाईनेछ। |
| १.२. नगरपालिका वासीमा आमसञ्चारको पहुँच विस्तार गर्ने। | १.२.१. नगरपालिकाको वेबसाइट मार्फत सूचना सम्प्रेषण गरिने छ।<br>१.२.२. नगरपालिका केन्द्र, वडा कार्यालय, सार्वजनिक स्थल तथा प्रत्येक सघन वस्तीहरूमा टेलीफोन, मोवाइल तथा इन्टरनेटको पहुँच पुर्याइनेछ।<br>१.२.३. वडा कार्यालयहरू सूचना प्रविधि मैत्री बनाइने छ।<br>१.२.४. नगरपालिका स्तरीय सूचना केन्द्रको स्थापना गरिने छ।<br>१.२.५. एफएम रेडियोसँग सहकार्य गरी स्थानीय भाषामा सूचना तथा समाचार उत्पादन गरेर प्रसारण गरिने छ। |
| १.३. क्षमता अभिवृद्धि मूलक कार्यक्रम संचालन गर्ने। | १.३.१. सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई विभिन्न किसिमका तालिम मार्फत उनीहरूको क्षमता अभिवृद्धि गरिने छ।<br>१.३.२. नगरपालिका वासीमा साइबर सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गरिने छ। |

## सूचना तथा संचारको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१. | १.१.१ | नेपाल टेलिकम,र नगर पालिका बिच समन्वय गरी आवश्यक स्थानमा टावरहरू निर्माण गर्ने | | ० | ८०० | ० | ० | ० | ० | नगरपालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.१.३ | सामुदायिक एफएम र स्थानीय पत्रिका प्रकाशनमा सहजीकरण | | ० | १५० | १६० | १७० | १८० | १९० | नगरपालिका |
| | | १.१.४ | विद्युत प्राधिकरणसँग सहकार्य | | ० | ३०० | ३०० | ० | ० | ० | नगरपालिका |
| | १.२ | १.२.१ | सञ्चार सेवा नपुगेका वस्ती तथा सार्वजनिक स्थलहरूमा प्राथमिकता का साथ विस्तार गरिने छ। | | ० | ० | २०० | ० | ० | ० | नगरपालिका |
| | १.३. | १.३.१ | सूचना प्रविधि तालिम संचालन | | ० | २०० | ० | ० | ० | ० | नगरपालिका |

### ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

- नगरपालिका तथा वडाहरूमा सूचना प्रबिधिका पूर्वाधारहरू निर्माण भएको हुनेछ।
- नगरपालिकावासीमा आमसञ्चारको गुणस्तरीय सेवामा पहुँच पुगेको हुनेछ।

**नतिजा सूचक**

| क्र.सं. | नतिजा को तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | असर | टेलिफोन तथा मोबाइल सेवामा पहुँच पुगेको घरपरिवार संख्या | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| २ | असर | इन्टरनेट प्रयोगकर्ता घरपरिवारको संख्या | प्रतिशत | २०८०/०८१ | २०८४/०८५ |
| ३ | असर | रेडियोको पहुँच पुगेका घरपरिवार संख्या | प्रतिशत | २०८०/०८१ | २०८४/०८५ |
| ४ | असर | टेलिभिजनको पहुँच पुगेका घरपरिवार संख्या | प्रतिशत | २०८०/०८१ | २०८४/०८५ |

### ६.४.६ अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता हुनेछ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ।
- कुनै प्रकारको ठुलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन।
- सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ।
- सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ।

# परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

संविधानले प्राकृतिक स्रोतको संरक्षण, सम्बर्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत जनसाधरणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक तथा भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्बर्धन र दिगो उपयोग गर्ने व्यवस्था गरेको छ। संविधानको भाग ३ धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको छ। यसैगरी संविधानले वातावरणीय सन्तुलनका लागि आवश्यक पर्ने भूभागमा वन क्षेत्र कायम गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापनाको व्यवस्था समेत सुनिश्चित गरेको छ। उपरोक्त संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति २०७५, राष्ट्रिय वातावरण नीति, राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वन ऐन २०७६ तथा वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन्।

त्रिपुरासुन्दरी नगरपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न नगरपालिकाको श्रेणीमा पर्दछ। दिगो विकास लक्ष्यको लक्ष्य नं. १५ मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने कुरा उल्लेख गरिएको छ। तसर्थ पर्यावरणीय प्रणाली सन्तुलन, वायुमण्डलको स्वच्छता तथा जीवजन्तुको वासस्थान कायम राख्न वनजंगलको संरक्षणलाई प्राथमिकतामा राख्नु जरुरी छ। अर्कोतर्फ यस नगरपालिकामा वन क्षेत्रबाहेक झाडी बुट्यान क्षेत्र र खेर गइरहेका जमिन पनि केही मात्रामा रहेकोले उक्त जमिनमा ब्यापक जनपरिचालन गरी बृक्षारोपण गर्नुपर्ने देखिन्छ जसले गर्दा नगरपालिकालाई एक प्रकारको हरित बगैंचाको रूपमा विकास गरी वनलाई आयआर्जनसँग जोड्न सकिन्छ। केही स्थानमा पहिरो जाने, बाढी आउने गरेको छ। भूसंरक्षणको प्रभावकारी उपाय वृक्षारोपण भएकोले सो कार्यलाई प्राथमिकतामा राख्नु भूसंरक्षणका साथै वन्यजन्तुका लागि पनि अति आवश्यक छ।

### ७.१.२ समस्या तथा चुनौती

- वन जंगल क्षेत्रमा हिउदको समयमा आगलागीको समस्या हुने गरेको,
- वन क्षेत्रमा रहेका मिचाहा प्रजातिका वनस्पति नियमित रूपमा गोडमेल गरी नियन्त्रण गर्नुपर्ने,
- वैज्ञानिक वन व्यवस्थापन तथा भू-संरक्षणका लागि प्राबिधिक जनशक्ति उत्पादन गर्नुपर्ने,
- सामुदायिक वनको व्यवस्थापनका साथै आयस्रोत एवं क्रियाकलापलाई पारदर्शी एवं जवाफदेही बनाउनुपर्ने,
- लोपोन्मुख वनस्पति र वन्यजन्तुको संरक्षणका लागि विशेष कार्यक्रम लागू गर्नुपर्ने।

### ७.१.३ संभावना तथा अवसर

- नगरपालिकाको कुल भू-भाग मध्ये वनजंगलले करिब ५८ प्रतिशत भू-भाग ओगटेको।
- स्थानीय समुदाय र नगरपालिकाको सहयोगमा सामुदायिक वन र राष्ट्रिय वनको संरक्षण गर्न सकिने।
- खुला क्षेत्र तथा पार्कहरूको विकासलाई प्राथमिकता दिई पर्यटक आकर्षण गर्न सकिने।
- खेर गएका तथा खाली रहेका सार्वजनिक जग्गालाई सामुदायिक वनको रूपमा विस्तार गरी आयआर्जनका विशेष कार्यक्रममा आवद्ध गरी गरिबी निवारणमा जोड्न सकिने।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच** जल, जमीन, जंगल र जडीबुटीको दिगो संरक्षण तथा सदुपयोग मार्फत संबृद्द नगरपालिका

**लक्ष्य** गुणस्तरयुक्त हरियो वन, सन्तुलित वातावरण र विपद्उत्थानशील समुदायको विकास गर्ने

**उद्देश्यहरू**

- वन क्षेत्रको दिगो व्यवस्थापन गरी नगरपालिकाको आर्थिक स्रोतको प्रमुख आधार बनाउने
- वनको दिगो विकास सुनिश्चित गर्ने ।
- दीगो, उत्पादनशील जलाधार निर्माण र क्षतिग्रस्त कमजोर भिरालो जमिन क्षेत्रको संरक्षण गर्ने

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य: १ वन क्षेत्रको दिगो व्यवस्थापन गरी नगरपालिकाको आर्थिक स्रोतको प्रमुख आधार बनाउनु ।** | |
| १.१. वन क्षेत्रको दिगो व्यवस्थापन गर्ने । | १.१.१. वन क्षेत्रको विकासलाई वैज्ञानिकीकरण गर्न विज्ञ समूहको सहयोगमा दिगो वन व्यवस्थापन बारे सम्पूर्ण सरोकारवालाहरूसँग अन्तरक्रिया तथा अभिमुखीकरण तालिम सञ्चालन गरिने छ । |
| १.२. वनलाई आर्थिक स्रोतको प्रमुख आधार बनाउने । | १.२.१. खाली रहेका सार्वजनिक जग्गालाई सामुदायिक वनको रुपमा विस्तार गरी आय आर्जनको विशेष कार्यक्रममा आवद्ध गरिने छ ।<br>१.२.२. निजी तथा सामुदायिक स्तरमा निजी जमिन तथा वन जंगलमा फलफूलको व्यवसायिक उत्पादन सुरु गरिने छ ।<br>१.२.३. जडिवुटीहरूको वनक्षेत्रमा व्यावसायिक खेती तथा सामूहिक खेती गर्न नीति तथा कार्ययोजना निर्माण गरिने छ ।<br>१.२.४. Agro Forestry को नीति अबलम्बन गरी वन क्षेत्रलाईपूर्ण प्रतिफलमुखी बनाइनेछ । |
| **उद्देश्य: २ वनको दिगो विकास सुनिश्चित गर्नु ।** | |
| २.१. खेर गैरहेको झाडी वुट्यान क्षेत्रलाई सदुपयोग गरी वनको क्षेत्रफल बढाइने | २.१.१. खेर गइरहेका स्थानहरूको पहिचान गरी वृक्षारोपण कार्यक्रम संचालन गरिने छ। |
| २.२. वन संरक्षण कार्यक्रमहरू संचालन गर्ने । | २.२.१. स्थानीय "वन ऐन" जारी गरी वनको प्रभावकारी संरक्षण गरिने छ ।<br>२.२.२. सामुदायिक वन उपभोक्ता समितिहरूलाई सक्षम बनाई प्रतिफलमुखी कार्यक्रम संचालन गरिने छ ।<br>२.२.३. हरेक वडामा उपयुक्त सार्वजनिक तथा ऐलानी जग्गा रहेका स्थानहरूको पहिचान गरी निश्चित क्षेत्रलाई हरित क्षेत्रको रूपमा घोषणा गरी हरित क्षेत्र कायम गर्न वृक्षारोपण, पार्क निर्माण जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छ । |

| | |
|---|---|
| | २.२.४. पानीको मूल सुकाउने प्रजातिका बिरुवाहरूको पहिचान गरी तिनीहरूलाई उत्पादनशील फलफुल तथा पानीका मुहान संरक्षणमा सहायक बोटबिरुवाले प्रतिस्थापन गर्दै लगिनेछ।<br>२.२.५. वन तथा भू–संरक्षण हरेक कार्यक्रमहरूमा जन सहभागिता सुनिश्चित गरिने छ।<br>२.२.६. वन डढेलो र वन्यजन्तु तथा वनस्पतिको चोरीनिकासी प्रभावकारी रूपमा नियन्त्रण गरिने छ।<br>२.२.७. विकास निर्माण कार्य गर्दा वन तथा जलाधार क्षेत्रको सकेसम्म कम क्षति हुने गरी गरिने छ। |
| २.३. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | २.३.१. वन तथा भू–संरक्षण सचेतना कार्यक्रमहरू अभियानका रुपमा सञ्चालन गरिने छ। |
| **उद्देश्य: ३, दीगो, उत्पादनशील जलाधार निर्माण र क्षतिग्रस्त कमजोर भिरालो जमिन क्षेत्रको संरक्षण गर्ने** | |
| ३.१ दीगो, उत्पादनशील जलाधार निर्माण र क्षतिग्रस्त कमजोर भिरालो जमिन क्षेत्रको संरक्षण गर्ने | ३.१.१ नगरपालिकाका सम्पूर्ण वडामा पहिरो, सुख्खा पहिरो र कटान ग्रस्त क्षेत्रहरूको नक्साङ्कन गरी विवरण संकलन गरिने छ।<br>३.१.२ अति जोखिम युक्त क्षेत्रलाई वातावरणिय हिसावले अति संवेदनशील क्षेत्र घोषणा गरिने छ। |
| ३.२ पहिरो र कटान नियन्त्रणका सफल अभ्यासहरूको अनुशरण गर्ने | ३.२.१ पहिरो र कटान क्षेत्रका हरित क्षेत्र प्रबर्धन कार्यक्रम अभियानका रुपमा संञ्चालन गरिने छ।<br>३.२.२ पहिरो ग्रस्त क्षेत्रमा वायोइन्जिनियरिङ प्रविधिको प्रयोग गरी नियन्त्रण गर्न विज्ञसँग परार्मश गर्नुका साथै पहिरो नियन्त्रण क्षेत्रको अध्ययन भ्रमण गरिने छ।<br>३.२.३ नगरपालिकामा एक पहिरो नियन्त्रण तथा भु संरक्षण क्षेत्रको घोषणा गर्न कार्यक्रम संञ्चालन गरिने छ।<br>३.२.४ पहिरो नियन्त्रणका लागि आवश्यक आधारभूत पूर्वाधार जस्तै तार जालीको उत्पादन नगरपालिकामै गर्न निजी क्षेत्रसँग अन्तरक्रिया सञ्चालन गरिने छ।<br>३.२.५ पहिरो नियन्त्रण तथा भू-संरक्षण प्रविधि सम्बन्धी तालिम प्राप्त जनशक्तिको प्रबन्ध गरिने छ। |

## वन तथा भूसंरक्षणको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१. | १.१.१ | दिगो वन व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने | | ० | ६०० | ० | ० | ० | ० | नगर पालिका |
| | १.२. | १.२.१ | सार्वजनिक जग्गामा वृक्षारोपण गर्ने | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | नगर पालिका |
| | | १.२.२ | वडा स्तरीय नर्सरी स्थापना गरी फलफुलका बिरुवाहरू उत्पादन तथा वितरण | | ० | २५० | २५० | २५० | २५० | २५० | नगर पालिका |
| | २.२. | २.२.१ | स्थानीय वन ऐन निर्माण | | ० | २०० | ० | ० | ० | ० | नगर पालिका |
| | | २.२.२ | पानीको मुहान संरक्षण गर्न सहयोगी विरुवा रोपण | | ० | ९० | ९० | ९० | ९० | ९० | नगर पालिका |
| | | २.२.३ | वन डडेलो नियन्त्रण कार्ययोजना निर्माण | | ० | २५० | ० | ० | ० | ० | नगर पालिका |
| ३ | ३.१ | ३.१.१ | पहिरो तथा कटान ग्रस्त | | ० | २०० | १५० | | | | नगर पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | क्षेत्रको नक्साङ्कन तथा विवरण संकलन | | | | | | | | |
| | | ३.१.२ | वातावरणिय हिसावले जोखिम युक्त र अति संवेदनशील क्षेत्र पहिचान गर्ने | | ० | ३०० | ० | ० | ० | ० | नगर पालिका |
| | | ३.१.३ | पहिरो नियन्त्रण प्राविधिक जनशक्ति तालिम | | | ३०० | ३०० | ० | ० | ० | नगर पालिका |

### ७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

- दिगो वन व्यवस्थापन सुनिश्चित हुनेछ।
- जैविक विविधताको संरक्षण भएको हुनेछ।
- भूसंरक्षणका नमुना क्षेत्रहरूको संख्यामा उल्लेख्य वृद्धि हुनेछ र हरित क्षेत्र विस्तार हुनेछ।

**नतिजा सूचक**

| **क्र.सं.** | **नतिजा को तह** | **नतिजा सूचक** | **इकाई** | **आधार वर्ष** | **अन्तिम वर्ष** |
|---|---|---|---|---|---|
| १ | असर | वनले ओगटेको कुल क्षेत्र | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| २ | असर | सामुदायिक वनले ओगटेको क्षेत्र | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ३ | प्रतिफल | वृक्षारोपण गरिएको क्षेत्र | रोपनी | २०८१/०८२ | २०८५/०८६ |
| ४ | असर | जडीबुटी तथा फलफूल खेतीले ओगटेको सामुदायिक वनको क्षेत्र (प्रतिशत) | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ५ | असर | मिचाहा प्रजातिका बिरुवाहरूले ओगटेको वनको क्षेत्र (प्रतिशत) | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ६ | असर | संकटापन्न अवस्थामा रहेका औषधिको रूपमा प्रयोग हुने वनस्पतिहरू(प्रतिशत) | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ७ | असर | संकटापन्न घोषणा भएका वन्यजन्तुको संख्या | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |

### ७.१.६ अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठुलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

विश्व मानचित्रमा नेपाल जलस्रोतको दोस्रो धनी राष्ट्रको रूपमा परिचित छ । पहाडी भूबनोट भएकोले यस नगरपालिकामा जलस्रोत तथा जलाधार क्षेत्रको संख्या कम रहेको छ ।  नगरपालिकामा भेरी नदी, हिराटखोला, छलखोला, गल्लीगाड, करबगाडखोला, पालङ्गखोला, खतीखोला, फुल्चिङखोला जस्ता  महत्वपूर्ण जलाधार क्षेत्रका रूपमा रहेका छन् । तथापि समृद्धिका आधारहरू मध्ये एक रहेको जलाधार क्षेत्रहरूको ठोस योजना नहुँदा यसको पूर्ण सदुपयोग नभई जलस्रोत खेर गइरहेको अवस्था छ । तसर्थ यस नगरपालिकाका महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण तथा सम्बर्धन गरी पारिस्थितिक सन्तुलन कायम राख्न र नगरपालिकालाई आर्थिक समृद्धितर्फ लैजान जरुरी छ ।

### ७.२.२ समस्या तथा चुनौती

- वन, जलाधार र भूसंरक्षणका लागि दिगो रूपमा दीर्घकालीन कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गर्नुपर्ने ।
- जलाधार क्षेत्र संरक्षणको महत्व आम मानिसमा बुझाउन नसकिएको ।
- नगरपालिकामा रहेका जलस्रोत तथा जलाधार क्षेत्रको संरक्षण गर्न नसके भविष्यमा पानीको मुहानहरू सुक्न गई पिउने पानी तथा सिँचाइको चरम अभाव हुनसक्ने ।
- वैज्ञानिक जलाधार व्यवस्थापन कार्यक्रम लागू गर्नुपर्ने ।
- प्राकृतिक प्रकोप बाढी, पहिरो, अनावृष्टि, भुक्षय, डढेलो, सुख्खा, खडेरी लाग्ने ।

### ७.२.३ संभावना तथा अवसर

- नदीनालाहरूबाट सिँचाई सुविधा, खानेपानीको आपूर्ति, जल यातायात, पर्यटने क्षेत्रमा बहु आयामिक रूपले प्रयोग गर्न सकिने ।
- जलस्रोत क्षेत्रको उच्चतम प्रयोग गरी कृषि, उद्योग, पर्यटन आदिको विकास गरी आर्थिक समृद्धि हासिल गर्न सकिने ।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच** नगरपालिकाको जल सम्पदालाई उच्चतम सदुपयोग गरी दिगो विकास हासिल गर्ने

**लक्ष्य** नगरपालिकाको जलाधार क्षेत्रको दिगो संरक्षण गरी जल सम्पदामा आत्मनिर्भर बन्ने

**उद्देश्यहरू**

- जलाधार क्षेत्रको प्रभावकारी व्यवस्थापन गरी आर्थिक समृद्धि हासिल गर्ने।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य: १, जलाधार क्षेत्रको प्रभावकारी व्यवस्थापन गरी आर्थिक समृद्धि हासिल गर्ने** | |
| १.१. जलस्रोत तथा जलाधार क्षेत्र पहिचान गरी संरक्षण गर्ने | १.१.१. नगरपालिकामा रहेका पानीका मुहानहरू, जलाधार क्षेत्र तथा सिमसार क्षेत्रको पहिचान गरी नक्साङ्कन गरी विस्तृत विवरण तयार गरिने छ।<br>१.१.२. जलाधार क्षेत्रहरूको विनासमा सहयोग पुर्याउने क्रियाकलापहरू गर्न तत्काल रोक लगाई जलाधार क्षेत्रको संरक्षण गरिने छ। |
| १.२. जलाधार क्षेत्रको दीर्घकालीन व्यवस्थापन गर्ने। | १.२.१. नगरपालिकाका प्रमुख जलाधार क्षेत्रहरूलाई "विशेष जलाधार क्षेत्र" घोषणा गरी ती क्षेत्रहरूमा संरक्षणका कार्यक्रमहरू लागू गरिने छ।<br>१.२.२. प्रत्येक वडाका उपयुक्त स्थानहरूमा जल पर्यावरणीय प्रणाली अन्तर्गत जलचर, वनस्पति र भौतिक अवयवहरूको प्रवर्धन गर्नका लागि नमूना पोखरीहरू निर्माण गरिने छ। उक्त पोखरीहरूमा वर्षातको पानी संकलन गर्ने व्यवस्था गरिने छ।<br>१.२.३. जलाधार संरक्षणमा सहायक प्रजातिका बिरुवाहरूको वृक्षारोपण गरिने छ।<br>१.२.४. जलस्रोत तथा जलाधार क्षेत्रको प्रयोग गरी कृषि, उद्योग तथा पर्यटन क्षेत्रको विकास गरिने छ। |
| १.३. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | १.३.१. जलाधार क्षेत्र संरक्षणको महत्व बुझाउनका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ। |

**जलाधार व्यवस्थापनको विस्तृत कार्यक्रम**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१. | १.१.१ | जलस्रोत तथा जलाधार क्षेत्रको विस्तृत विवरण तयार गर्ने | | ० | ३५० | ० | ० | ० | ० | नगर पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.१.२ | स्थानीय जलाधार क्षेत्र संरक्षण नियमावली तयार गर्ने | | | ० | ३०० | ० | ० | ० | नगर पालिका |
| | | १.२.१ | पोखरीहरू निर्माण | | | ० | ११०० | ५५० | ० | ० | नगर पालिका |
| | | १.२.२ | निजी क्षेत्रको संलग्नतामा जलाधार क्षेत्र उपयोग गरी आर्थिक दिगो पर्यटन, कृषि र उद्योग क्षेत्रका कार्यक्रम संचालन गर्न अन्तरक्रिया | | | ० | २०० | ० | ० | ० | नगर पालिका |
| | १.३. | १.३.१. | जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने | | | १०० | १०० | १०० | १०० | १०० | नगर पालिका |

### ७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

- जलाधार क्षेत्रको पहिचान, नक्साङ्कन र दिगो संरक्षण भएको हुनेछ।
- जलाधार क्षेत्रमा आत्मनिर्भर भई दिगो सदुपयोग सुनिश्चित हुनेछ।

**नतिजा सूचक**

| क्र. सं. | नतिजा को तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | असर | ताल, सिमसार र ताल / पोखरीहरूको संख्या | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| २ | असर | संकटासन्न तालहरू / पोखरीहरू | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ३ | प्रतिफल | संरक्षित सिमसार क्षेत्र (संख्या) | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ४ | प्रतिफल | वर्षातको पानी संकलन गर्न निर्माण गरिएका नमुना पोखरी संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ५ | प्रतिफल | संकटमा परी पुनरुत्थान गरिएका पानीका मुहानको संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ६ | प्रतिफल | वनजंगल भित्र रहेका पोखरीहरूको संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका नदीहरूको संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ८ | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका पानीका मुहानहरूको संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ९ | असर | नयाँ निर्माण गरिएका पोखरी, ताल वा अन्य जलक्षेत्रले ओगटेको क्षेत्र | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |

### ७.२.६ अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठुलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

वातावरण संरक्षण सम्पूर्ण वातावरणीय अवयवहरूको एकीकृत संरक्षणको प्रक्रिया हो । समग्रमा यस अन्तर्गत जल, जमिन, जंगल, वायुमण्डल र हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय आउँछ । हाम्रो वरपर रहेका प्राकृतिक अवयवहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, वनस्पति, जीवजन्तु र प्राकृतिक जीवनचक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सृजना गरेका भौतिक अवस्थालाई वातावरण भनिन्छ । वातावरण प्रदूषणले मानिसमा विभिन्न किसिमका रोगहरू निम्त्याउँछ । नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनी मौलिक हकको रूपमा उल्लेख गरिएको छ । तसर्थ यस नगरपालिकामा पनि समग्र वातावरण संरक्षण गर्न विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ ।

### ७.३.२ समस्या तथा चुनौती

- प्राकृतिक तथा ऐतिहासिक सम्पदाहरूको पूर्ण संरक्षण र सदुपयोग हुन नसकेको,
- काठ दाउरालाई घरायसी इन्धनको रूपमा प्रयोग गर्नाले घरायसी प्रदूषण र स्वास्थ्यमा समस्या देखा परेको,
- समयमै स्तरोन्नती नहुँदा तथा अनावश्यक मानवीय गतिविधिका कारण पानीका मुहान, खोला, नाला सुक्ने खतरा रहेको,
- वन क्षेत्रमा खडेरीको समयमा डढेलोको जोखिम रहेको,

- वातावरण मैत्री पूर्वाधार विकास, वातावरण तथा अन्य प्ा्रकृतिक साधन स्रोत विचमा सामन्जस्यता स्थापित हुन नसकेको,
- नगरपालिका स्तरमा वातावरण संरक्षणका निम्ति सचेतनाका कार्यक्रमहरू प्रभावकारी ढंगले ल्याउनुपर्ने,
- पर्यावरणीय असन्तुलन तथा प्रदूषणको नकारात्मक असरका कारण जीवन कष्टकर हुन सक्ने ।

### ७.३.३ संभावना तथा अवसर

- पार्क तथा हरित क्षेत्र विस्तार गर्न नगरपालिकाले योजनाबद्ध रूपमा काम गरिरहेको,
- नगरपालिकाका सार्वजनिक स्थल, खोला किनार तथा अनुकूल स्थानमा वृक्षारोपण गरिएको,
- स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने खालका कलकारखानाहरू न्यून रहेका तथा हरियाली क्षेत्र पर्याप्त भएका कारण तुलनात्मक रूपमा सहरी क्षेत्रभन्दा स्वच्छ वातावरण रहेको,
- नगरपालिकाका विभिन्न ठाउँमा व्यापक वृक्षारोपण गर्नुका साथै बगैंचा, पार्कहरू निर्माण गरी हरियाली प्रवर्द्धन गर्न सकिने ।

### ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच** स्वच्छ, सफा, हराभरा हाम्रो त्रिपुरासुन्दरी

**लक्ष्य** नगरपालिकालाई वातावरणमैत्री नमूना हरित क्षेत्रका रुपमा विकास गर्ने

**उद्देश्यहरू**

- जल, जमिन, वायु र ध्वनी प्रदूषण नियन्त्रण गर्ने,
- सम्पूर्ण पूर्वाधार विकास क्रियाकलापहरूलाई दिगो र वातावरण मैत्री बनाउने ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य:१, जल, जमिन, वायु र ध्वनी प्रदूषण नियन्त्रण गर्ने** | |
| १.१ प्रदूषण नियन्त्रणका लागि मापदण्ड बनाई लागू गर्ने । | १.१.१. प्लाष्टिक, टायर, ट्यूब जलाउने परिपाटीलाई पूर्णतः बन्देज गरिने छ ।<br>१.१.३. पानीका मुहानहरू सफा राख्न त्यस्ता स्थानहरूमा मानवीय गतिविधि र छाडा पशुहरू नियन्त्रण गरिने छ ।<br>१.१.४. मरेका पशु चौपायहरूको व्यवस्थापन गर्न वडास्तरमा स्थानहरू तोकिनेछ ।<br>१.१.५. प्रत्येक घरमा खाना पकाउन प्रयोग हुने मुख्य ईन्धन काठ दाउरालाई विस्तापित गर्न वैकल्पिक ऊर्जा जस्तै बायोग्याँस, सौर्य तथा वायु उर्जा, सुधारिएको चुलो आदिको व्यवस्था गर्न मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिइने छ ।<br>१.१.६. ठूला उद्योग, क्रशर, इट्टा भट्टा जस्ता प्रदूषण बढाउने उद्योगलाई घना मानव बस्ती भएको इलाकामा स्थापना गर्न निषेध गरिने छ ।<br>१.१.७. नगरपालिका भएर बग्ने खोला नालाको किनार लगायत भू-क्षय संवेदनशील क्षेत्रमा भू-क्षय, नदी कटान तथा पहिरो नियन्त्रण गर्ने योजना |

| | |
|---|---|
| | कार्यान्वयन गरिने छ । यसो गर्दा जैविक इन्जिनियरिङ्ग प्रविधिलाई प्राथमिकता दिइने छ । |
| १.२. समुदाय वा टोल स्तरमा नियमित सरसफाई अभियान सञ्चालन गर्ने । | १.२.१. घरआँगन, टोल र सडक सफा राख्ने र सामुदायिक वा टोल स्तरमा नियमित सरसफाई अभियान सञ्चालन गरिने छ ।<br>१.२.२. प्रत्येक वडाका मानवीय गतिविधिहरू बढी भैरहने क्षेत्रमा अनिवार्य सार्वजनिक शौचालयको निर्माण गरिन छ । |
| **उद्देश्यः २, सम्पूर्ण पूर्वाधार विकास क्रियाकलापहरूलाई दिगो र वातावरण मैत्री बनाउने ।** | |
| २.१. विकास निर्माणको काम तथा निर्माण कार्य गर्दा IEE कार्यन्वयन गर्ने । | २.१.१. विकास निर्माणका ठूला कार्यक्रमहरू, खानी उत्खनन्, ढुंगा, गिटी, वालुवा तथा माटो उत्खनन् आदि कार्य गर्न प्रारम्भिक वातावरणीय परीक्षण गरी सोको अक्षरशः पालना गरिने छ । |
| २.२. ऐतिहासिक तथा सार्वजनिक स्थलहरूको दिगो विकास र संरक्षण गर्ने । | २.२.१. ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वका स्थानहरूको एकीकृत संरक्षण योजना तयार गरी यस्ता क्षेत्रलाई सम्पदा क्षेत्र घोषणा गरी वातावरण अनुकूल दिगो विकास र संरक्षण गरिने छ ।<br>२.२.२. प्रत्येक वडामा एक एक वटा वडागत नमुना पार्कहरूको निर्माण गरिने छ । |

## वातावरण संरक्षणको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१. | १.१.१ | प्राथमिकताका आधारमा सडकहरू स्तरोन्नतरी गर्ने | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | नगर पालिका |
| | | १.१.२ | मरेका चौपायाहरू व्यवस्थापन गर्ने स्थान निर्माण | | ० | ५०० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.१.३ | बैकल्पिक उर्जा प्रवर्द्धन गर्न अनुदान | | | ७०० | ७०० | ७०० | ७०० | ७०० | नगर पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.२.१ | सार्वजनिक शौचालय निर्माण | | | ११०० | ११०० | ० | ० | | नगर पालिका |

### ७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

- विकास निर्माणको काम गर्दा वातावरणिय प्रभाब मुल्याङ्कन अनिवार्य गरिएको हुने ।
- महत्वपूर्ण सार्वजनिक स्थानहरूमा सार्वजनिक शौचालय निर्माण भएका हुने ।
- एकीकृत वातावरण संरक्षण योजना तयार भएको हुने ।
- वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरूको अनुगमन तथा मुल्याङ्कन कार्यले निरन्तरता पाएको हुने ।

**नतिजा सूचक**

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | प्रतिफल | नव हरित क्षेत्रको संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| २ | प्रतिफल | वातावरणीय संवेदनशील क्षेत्रहरूको संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ३ | प्रतिफल | सडक सौन्दर्यकरण | कि.मि. | २०८१/०८२ | २०८५/०८६ |

### ७.३.६ अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठुलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

औद्योगिक राष्ट्रहरूले गरेको व्यापक कार्बन उत्सर्जन, सवारी साधनबाट निस्कने धुवाँ, शहरीकरण, जनसंख्या वृद्धि, वनजंगल विनाश, रेफ्रिजेरेशन प्रविधिमा प्रयोग हुने क्लोरोफ्लोरो कार्वन (CFCs) जस्ता कारणले हरितगृह प्रभाव (Green House Effect) बढ्न गई त्यसले भूमण्डलीय तापक्रम वृद्धि गर्दै लगेको वैज्ञानिक तथ्य हामी सामु छ। यसरी भूमण्डलीय तापक्रम वृद्धिले प्रत्यक्षरुपमा जलवायुमा प्रभाव पारी जलवायु परिवर्तन भइरहेको परिप्रेक्ष्यमा हरेक राष्ट्रले विकास निर्माणका योजना तयार पार्दा यस तथ्यलाई मनन गरी तयार पार्नुपर्ने हुन्छ किनकि जलवायु परिवर्तनका प्रमुख कारक तत्वहरू नै विकास सम्बन्धी मानवीय गतिविधिहरू हुन्। विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्दा वातावरणमैत्री प्रविधि अपनाउने र जलवायु परिवर्तन बिरुद्ध अभियान सञ्चालन गरी कम भन्दा कम कार्वन उत्सर्जन गर्ने र बढी भन्दा बढी कार्वन उपभोग हुने वातावरण सिर्जना गरेर जलवायु समायोजन र सन्तुलन कायम हुने वैज्ञानिक विधि र प्रक्रिया अवलम्बन गर्न श्रेयस्कर हुन्छ।

भौगोलिक जटिलताका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ। नेपालमा बर्षेनि प्राकृतिक प्रकोपका कारण ठुलो मात्रामा जनधनको क्षति हुने गरेको छ। नेपालमा वि.सं. २०७२ सालको महाभूकम्पको पीडा अझै ताजा नै छ। यस नगरपालिकामा विशेषगरी  नदी कटान, बाढि, पहिरो, हावाहुरी, असिना, चट्याङ, अनावृष्टि, सुख्खा खडेरी, डढेँलो जस्ता प्राकृतिक प्रकोपहरू देखापर्दै आइरहेका छन्। हाल कोभिड–१९, डेङ्गु जस्ता महामारीले जीवन थप जटिल बनाएको छ। यस्ता प्रकोपहरू पूर्ण नियन्त्रण गर्न नसकेपनि आवश्यक अध्ययन गरी प्रभाव न्यूनीकरणका उपायहरू अवलम्बन गरी जनधनको क्षतिलाईन्यूनीकरण गर्न सकिन्छ। यसका लागि नगरपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागू गर्ने योजना रहेको छ।

### ७.४.२ समस्या तथा चुनौती

- केही बस्तीहरु वर्षायाममा बाढी र कटानको जोखिममा रहेको।
- बर्सेनि वर्षातको समयमा नदी कटान तथा भू-क्षय समस्या हुने गरेको।
- जलवायु परिवर्तनले भएको अतिवृष्टि, अनावृष्टि, तापक्रम वृद्धि आदिका कारण वार्षिक खेतीपाती क्यालेन्डर परिवर्तन हुन थालेका, बालीनालीमा रोग, किराको समस्या देखिनुका साथै उत्पादनमा नकारात्मक प्रभाव देखिन थालेको।
- प्राविधिक अध्ययन विना जथाभावी विकास संरचना निर्माणले विपद् जोखिम बढ्दै गएको।
- जलवायु परिवर्तनका नकारात्मक असर तथा विपद् न्यूनीकरणका लागि ठोस योजना बनाई लागू गर्नुपर्ने।

### ७.४.३ संभावना तथा अवसर

- नगरपालिकाले विपद्  न्यूनीकरणको लागि अहिले देखी नै पूर्व तयारीमा लाग्न विपद व्यवस्थापन समिति गठन गर्न सकिने।
- भुकम्प, स्वास्थ्य विपद् , बाढी जस्ता प्रकोप नियन्त्रणका लागि नगरपालिकामा आपतकालीन विपद् व्यवस्थापन कोष स्थापना गर्न सकिने।
- नगरपालिकास्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन भएको।
- नगर विपद्का बेला जम्मा हुने स्थान, सूचना दिने संयन्त्र, आकस्मिक स्वास्थ्य सेवा, उद्धार कोषको व्यवस्था रहेको।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच** विपद व्यवस्थापनको प्रभावकारी संयन्त्र निर्माण गरी जनधनको क्षति न्यूनीकरण गर्ने

**लक्ष्य** विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना कार्यान्वयनबाट विपद उत्थानसिल समुदाय बनाउने।

**उद्देश्यहरू**

- प्राकृतिक तथा गैर प्राकृतिक विपद् बाट हुने क्षति न्यूनीकरण गर्ने,
- विपद्को दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने,
- क्षतिग्रस्त कमजोर भिरालो जमिनको स्थिरीकरण तथा पहिरो र कटान ग्रस्त क्षेत्रको संरक्षण गर्ने।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य: १, प्राकृतिक तथा गैर प्राकृतिक विपद् बाट हुने क्षति न्यूनीकरण गर्ने** | |
| १.१. विपद् जोखिम क्षेत्र नक्सांकन गर्ने। | १.१.१. नगरपालिकाका उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन गरी खतरा संकेतहरू राखिनेछ। |
| | १.१.२. नगरपालिकाका अति जोखिममा रहेका बस्ती तथा परिवारलाई स्थानान्तरण गरिने छ। |
| १.२. विपद् पूर्वानुमान तथा पूर्व चेतावनी प्रणाली प्रभावकारी बनाउने। | १.२.१. मौसमको पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा संचालन गरिने छ। |
| | १.२.२. प्रकोप सम्भाव्य स्थलहरूमा विपद् पूर्व संकेत दिने उपकरणहरू जडान गरिने छ। |
| | १.२.३. नियमित रूपमा भैरहने प्राकृतिक प्रकोपको अध्ययन गरी प्रकोप पात्रो तयार गरिने छ। |
| | १.२.४. विपद् सम्बन्धी पूर्वसूचना स्थानीय रेडियो, एफएम तथा अन्य सञ्चार माध्यम मार्फत सम्प्रेषण गरिने छ। |
| १.३. बिमा योजना लागू गर्ने। | १.३.१. विपद् सम्भावित क्षेत्रका प्रत्येक नागरिकको अनिवार्य बिमा योजना लागू गरिने छ र अति विपन्न परिवारको बिमा नगरपालिकाले गरिदिनेछ। |
| **उद्देश्य: २, विपद्को दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने** | |
| २.१. विपद् व्यवस्थापन योजना निर्माण गर्ने। | २.१.१. नगरपालिकामा आइपर्ने प्रमुख प्राकृतिक तथा गैर प्राकृतिक विपद्हरूको पहिचान गरी एकीकृत विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी लागू गरिने छ। |
| २.२. विपद् व्यवस्थापनमा सक्षम संयन्त्रको निर्माण गर्ने। | २.२.१. विपद् को बेला पिउने पानी, खाद्यान्न, औषधी उपचार आदिको पूर्वतयारी गर्न वडा स्तरीय संयन्त्र निर्माण गरिने छ। |
| | २.२.२. विपद् का बेला भेला हुने खुल्ला स्थानहरू तय गरी पूर्वाधार निर्माण गरिने छ। |
| | २.२.३. स्वास्थ्यकर्मीहरू सम्मिलित नगरपालिका स्तरीय संक्रमण रोग तथा महामारी प्रतिकार्य टोली गठन गरिने छ। |

| | |
|---|---|
| | २.२.४. बेलाबेलामा उद्धार तथा विपद् बाट बच्ने उपायबारे पूर्वाभ्यासहरू संचालन गरिने छ। |
| | २.२.५. वडास्तरमा युवाहरू सम्मिलित विपद् प्रतिकार्य स्वयंसेवक समूह निर्माण गरी नियमित तालिम प्रदान गरिने छ। |
| | २.२.६. विपद व्यवस्थापनमा संलग्न विभिन्न संघ संस्थाहरूसँग प्रभावकारी समन्वय र सहकार्य गरिने छ |
| | २.२.७ विपद् का बेला आवश्यक पर्ने उपकरण, उद्धार सामाग्री, एम्वुलेन्स, स्काभेटर, डोरी, पाल लगायतका सामाग्रीहरूको जोहो गरिने छ। |
| २.३. विपद् व्यवस्थापन कोष प्रभावकारी बनाउने। | २.३.१. नगरपालिकामा स्वास्थ्य विपद रोकथाम तथा नियन्त्रण गर्न, भूकम्प, असीना, आगलागी, बाढी, चट्याङ जस्ता महामारीबाट प्रकोप, दुर्घटना, बादर लगायतका जनावरको आतंक आदिको व्यवस्थापन गर्न स्थापित "विपद व्यवस्थापन कोष" व्यवस्थित एवम् प्रभावकारी रूपमा सञ्चालन गरिने छ। |
| २.४. स्थानीय संरचना निर्माण मापदण्ड प्रभावकारी बनाउने। | २.४.१. घर तथा बस्ती निर्माण गर्नुभन्दा पहिले अनिवार्य रूपमा नक्सापास, माटो परीक्षण तथा फिल्ड चेकजाँच गरेर विपद् जोखिम अध्ययन पश्चात मात्र विपद प्रतिरोधी संरचनाहरू निर्माण गरिने छ। |
| २.५. जलवायु अनुकूलन तथा जलवायु परिवर्तन न्यूनीकरणका लागि क्षमता विकास गर्ने। | २.५.१. जलवायु परिवर्तनका प्रभावहरूको अध्ययन गरी सुझाव दिन विज्ञसँग परामर्श लिइनेछ। |
| | २.५.२. जलवायु परिवर्तनले निम्त्याएका समस्याहरू सामना गर्न स्थानीय स्तरमा तालिम तथा सचेतना कार्यक्रमहरू संचालन गरिने छ। |
| | २.५.३. स्थानीयस्तरमा तथा बिद्यालयहरूमा जलवायु परिवर्तनका बारेमा अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ। |
| २.६. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | २.६.१. विपद् बाट बच्ने उपायका बारेमा सचेतना कार्यक्रमलाई समुदायमा अभियानका रूपमा सञ्चालन गरिने छ। |

**विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनको विस्तृत कार्यक्रम**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१. | १.१.१ | उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन | | | ६०० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.१.२ | उच्च जोखिममा रहेका बस्ती तथा परिवारलाईस्थानान्त | | ० | ० | ७०० | | | | नगर पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | रण गर्ने रणनिती निर्माण गर्ने। | | | | | | | | |
| | १.२. | १.२.१ | विपद् पूर्वानुमान तथा पूर्व सूचना प्रणालीको विकास र सञ्चालन | | ० | ५०० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.२.२ | विपद् पूर्व संकेत दिने उपकरण जडान तथा सुचना संप्रेषण | | ३०० | १०० | १०० | १०० | १०० | १०० | नगर पालिका |
| | १.३. | १.३.१ | बिमा योजनामा अनुदान | | ० | ५०० | ५०० | ५०० | ५०० | ५०० | नगर पालिका |
| २ | २.१. | २.१.१ | एकीकृत विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | नगर पालिका |
| | २.२ | २.२.१ | खुल्ला स्थान तय गरी पूर्वाधार निर्माण | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | नगर पालिका |
| | | २.२.२ | उद्धार सम्बन्धित पूर्वाभ्यास सञ्चालन | | ० | २०० | २०० | २०० | २०० | २०० | नगर पालिका |
| | २.३. | २.३.१ | विपद् व्यवस्थापन कोष निर्माण तथा रकम थप | | ० | ५०० | ३०० | ३०० | ३०० | ३०० | नगर पालिका |
| | | २.३.२ | विज्ञसँग परामर्श, तालमि तथा सचेतना कार्यक्रम | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | नगर पालिका |

### ७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

- विपदहरूको जोखिम नक्साङ्कन भएको हुने,
- भौतिक संरचनाहरू मापदण्ड बमोजिम विपद् प्रतिरोधी भएको हुने,
- विपद् पूर्वानुमान तथा पूर्व सूचना प्रणाली प्रभावकारी भएको हुने,
- विपद् सम्बन्धी नीति तथा योजना बनेको हुने,
- विपदबाट हुने क्षतिमा न्यूनीकरण भएको हुने,
- जलवायु परिवर्तनका असरहरूको अनुकूलन तथा न्यूनीकरण भएको हुनेछ।

**नतिजा सूचक**

| क्र.सं. | नतिजा को तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | प्रतिफल | विपद्को कारण ज्यान गुमाउनेको संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| २ | प्रतिफल | विपद्को कारण घाइते हुनेको संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ३ | असर | विपद् बाट प्रभावित घरपरिवार | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ४ | प्रतिफल | विपद्को बेला भेला हुने स्थानको | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ५ | प्रतिफल | दमकल संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ६ | प्रतिफल | एक्सकाभेटर संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ७ | प्रतिफल | विपद् पूर्वसंकेत दिन जडित उपकरणहरूको संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ८ | असर | भूकम्प प्रतिरोधी घरको प्रतिशत | | २०८१/०८२ | २०८५/०८६ |
| ९ | प्रतिफल | जलवायु परिवर्तन अनुकूलन योजना अन्तर्गत समुदायस्तरमा कार्यान्वयन भएका कार्यक्रमहरूको संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| १० | प्रतिफल | जलवायु अनुकूलनका वनस्पति तथा बालीनालीको संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ११ | असर | जलवायु परिवर्तन सम्बन्धी शिक्षा समावेश गरेका विद्यालयहरूको संख्या | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| १२ | प्रतिफल | जलवायुका असरलाई कम गर्ने कार्यमा तालिम प्राप्त व्यक्तिहरूको संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |

### ७.४.६ अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता हुनेछ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ।
- कुनै प्रकारको ठुलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ।

# परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ संस्थागत विकास तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

वास्तविक रूपमा स्थानीय जनताका मर्म र आकांक्षा अनुरूप असल शासनको स्थापना गरी सेवा प्रवाहमा जनताको सहज पहुँचको अनुभुती दिलाउन सकेमात्र जनस्तरमा सेवा प्रवाहको प्रभावकारिता रहन्छ। राज्यले लिएको नीति अनुरूप असल शासनका प्रमुख आयामहरूमा सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त, जन उत्तरदायी शासन, जनसहभागिता, शुलभता र सहजता महत्वपूर्ण आयामहरू हुन्। यी आयामहरूको पुर्ण पालना गर्न सकेको खण्डमा मात्र संघीय संविधानको मर्मअनुरूप हाल अवलम्बन गरिएको सङ्घीयताको मर्म अनुरूप जनताको घरदैलोमै राज्यद्वारा प्रदान गरिने सेवा र सुविधा पुर्याउन सकिन्छ। नगरपालिकाले कार्यालयहरूमा नागरिक वडापत्रको व्यवस्था, इन्टरनेट नेटवर्किङ मार्फत वडालाई नगरपालिकाको केन्द्रसँग जोड्ने कार्य, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्य प्रणालीलाई अझ चुस्त र व्यवस्थित तथा पारदर्शी बनाउन आवश्यक छ।

### ८.१.२ समस्या तथा चुनौती

- जनप्रतिनिधि र जनताहरूको संघीयताको अभ्यास तथा अनुभव नभएको।
- स्थानीयवासीको राजनैतिक चेतनाको स्तर माथि उठी नसकेको।
- संस्थागत तथा क्षमता अभिवृद्धिका नियमित कार्यक्रमहरूको व्यवस्था नभएको।
- नगरपालिका, वडामा पर्याप्त भौतिक सामग्री (फर्निचर, कम्प्युटर, ल्यापटप, इन्टरनेट आदि) उपलब्ध नभएको
- जनचासो र जनगुनासोको समयमै सम्बोधन नहुँदा जनतामा निराशा उत्पन्न भई संघीय व्यवस्थामा नै प्रश्न खडा हुन सक्ने ।
- सेवा प्रवाह र विकास निर्माणका काममा आर्थिक अनियमितता वृद्धि हुन सक्ने।
- पूर्वाग्रह रहित न्याय प्रणाली विकास गर्नुपर्ने।
- राजश्व अपचलन हुन सक्ने।
- जनप्रतिनिधि र कर्मचारीतन्त्रको समन्वय र कर्मचारी व्यवस्थापनमा कठिनाइ हुन सक्ने।
- जनउत्तरदायी र जनतामैत्री शासन प्रणालीको विकास गर्नुपर्ने।
- सबै कार्यालयलाई कर सूचनामैत्री तथा प्रविधियुक्त बनाउन ठुलो बजेटको आवश्यकता पर्ने।

### ८.१.३ संभावना तथा अवसर

- नगरपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन स्थानीय सरकारमा सम्पूर्ण अधिकार प्राप्त भएको।
- सेवामा नियमितता, पारदर्शिता र जवाफदेहिता कायम गरी नागरिकमैत्री सेवा प्रवाह गरिएको।
- जनादेश प्राप्त निर्वाचित जनप्रतिनिधिहरूले उत्साहका साथ काम गरिरहेको।
- न्यायिक समितिको व्यवस्था भएको।
- विपन्न, न्यून आय भएका नागरिक, फरक क्षमता भएका नागरिक, बालश्रमिक, हिंसा पीडित महिला र द्वन्द पीडितको अभिलेख तयार गर्ने पहल भएको।

- विभिन्न विषयगत शाखा सेवा सञ्चालनार्थ विभिन्न सफ्टवेयरहरूको विकास भएको।
- स्थानीय सरकारले भ्रष्टाचारशून्य प्रशासनको नीति लिएको।
- कर्मचारीको क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था भएको।
- स्थानीय जनशक्तिको परिचालन गरी योजना-आयोजनाहरूलाईकम खर्चिलो बनाउने नीति लिइएको।
- व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा र राजश्व संलनलाई विद्युतीय सूचना प्रणालीमा विकास गरिएको।
- गुनासो तथा सुझाव सङ्कलनको व्यवस्था भएको।
- कार्य सम्पादन मूल्याङ्कन प्रणाली प्रभावकारी बनाउने योजना भएको।
- सबै वडाहरूमा सूचना प्रविधिको समुचित व्यवस्था गर्ने योजना बनेको।
- सामाजिक सुरक्षा भत्ता वितरण बैकिंग हुनुका साथै सामाजिक सुरक्षालाई प्राथमिकतामा राखिएको।
- ज्येष्ठ नागरिक, अपाङ्ग, दीर्घरोगी, सीमान्तकृत र विपन्न वर्गका बासिन्दाका लागि विशेष सहयोगको व्यवस्था भएको।
- नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाको अभिलेख तयार गरी संरक्षण र सदुपयोग गर्ने योजना रहेको।
- नगरपालिका तथा मातहतका कार्यालयहरूमा क्षतिपुर्ति सहितको नागरिक बडापत्रको व्यवस्था गर्न सकिने।
- कार्यनगरपालिकाको निर्णय सार्वजनिक गरी जनताप्रति उत्तरदायी हुने संस्कार विकास गर्न सकिने।
- नगरपालिका कार्यालय तथा वडा कार्यालयका कर्मचारीहरूको आचार संहिता नगरपालिका स्तरमा बनाएर लागु गरिएको।
- E-Governance को सुरुवात गर्ने योजना रहेको।
- न्यायिक समितिलाईपूर्णता दिई आफ्नो अधिकार क्षेत्रभित्रका विवाद व्यवस्थापन गर्न सकिने।
- स्थानीय सरकार स्वायत्त भएका कारण नगरपालिकाको वस्तुगत अवस्था हेरी आवश्यकता अनुसार असल शासन अभिवृद्धि, मानव संसाधन विकास, योजना निर्माण तथा कार्यान्वयन र सेवा प्रवाहलाई जनमुखी र प्रभावकारी बनाउन सकिने।
- विद्यमान सूचना प्रविधिको सदुपयोग गरी अन्य स्थानीय सरकारले गरेका उत्कृष्ट अभ्यासहरूको अनुशरण गर्न सकिने।
- जनगुनासोलाई तत्काल सम्बोधन गरी जनताका समस्या समाधान गरीजनताको मन जित्न सकिने।
- आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी लागू गर्न सकिने।
- आवश्यकता अनुसार प्रहरी तथा सुरक्षा निकायको व्यवस्थापन गर्न सकिने।
- सञ्चार माध्यम मार्फत नगरपालिकाका काम र विकास निर्माणका योजना सुसूचित गर्ने गरिएको।

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच** सबल, सक्षम, पारदर्शी र जवाफदेही स्थानीय सरकारको स्थापना

**लक्ष्य** सेवा प्रवाहलाईछिटो, छरितो, सुलभ, समावेशी, सहज, प्रभावकारी र जवाफदेही बनाउने

**उद्देश्यहरू**

- भ्रष्टाचारमुक्त असल शासनको प्रत्याभूति गरी सेवा प्रवाहलाई जनमूखि बनाउने ।
- नगरपालिकाको विकास गतिविधि तथा सेवा प्रवाह प्रणालीलाई सरल, स्पष्ट र जवाफदेही बनाउने ।
- नगरपालिकाको संगठन क्षमता, मानव संशाधन, कार्य दक्षतामा अभिवृद्धि गर्ने ।
- नगरपालिकाको स्रोत परिचालन क्षमता तथा राजस्व प्रणाली सुदृढ बनाउने ।
- योजना तथा विकास प्रणालीलाई सूचना प्रविधिमैत्री, समावेशी र नतिजामूलक बनाउनु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ जनचासोमा केन्द्रित जनमूखी सरकार महशुस हुने सेवा प्रणाली प्रबर्धन गर्ने | १.१.१ नियमित रुपमा नागरिक सन्तुष्टि सर्वेक्षण गरी राज्यद्वारा प्रवाह हुने सेवामा रहेका जन गुनासो र चासोको अध्ययन गरिने छ ।<br>१.१.२ राज्यको कानुनको परिधिमा रहि सेवा प्रवाहलाई दुरुस्त बनाउन नागरिक सर्वेक्षणका आधारमा कर्मचारी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.१.३ वडास्तरमा आवश्यकता अनुसार "घुम्ती स्थानीय सरकार" कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.१.४ सेवा प्रवाहलाईदुरुस्त राख्न विद्युतिय सूचना प्रणालीमा रूपान्तरण गर्न आवश्यक क्याातधबचभ हरूको प्रबन्ध गरिने छ ।<br>१.१.५ कर्मचारीहरू लाई सूचना प्रविधिमैत्री बनाउन आवश्यक तालिमको प्रबन्ध गरिने छ ।<br>१.१.६ जनगुनासो व्यवस्थापन प्रणाली र कार्ययोजना निर्माण गरिने छ ।<br>१.१.७ सूचना प्रविधिमा वडाका क्रियाकलापलाईसमेट्न आवश्यक पूर्वाधार खरिद गरिने छ ।<br>१.१.८ इन्टरनेट सुविधाको स्तर वृद्धि गरी प्रत्येक वडामा दिगो इन्टरनेट सुविधा सुनिश्चित गरिने छ ।<br>१.१.९ सार्वजनिक अभिलेख प्रणाली र पञ्जिकरणलाई प्रविधि मैत्री र पूर्ण अद्यावधिक हुने संयन्त्र निर्माण गरिने छ ।<br>१.१.१० स्थानीय न्यायिक समितिलाई स्रोत साधन यूक्त बनाइनेछ ।<br>१.१.११ स्थानीय सञ्चार माध्यम मार्फत स्थानीय सरकार रेडियो कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.१.१२ उत्कृष्ट कर्मचारी पुरस्कारको प्रबन्ध गरिने छ ।<br>१.१.१३ सार्वजनिक सूचना प्रणालीमा जनताको सहज पहुँच हुने संयन्त्र निर्माण गरिने छ ।<br>१.१.१४ विकासमा निजी क्षेत्रको सहयोग लिन नियमित अन्तरक्रिया आयोजना गरिने छ ।<br>१.१.१५ सङ्गठन व्यवस्थापन सर्वेक्षण अनुरुप दरवन्दी व्यवस्थापन गरिने छ ।<br>१.१.१६ जनप्रतिनिधि र कर्मचारी केन्द्रित क्षमता विकास सुशासन र सदाचार सम्बन्धी तालिम तथा अभिमुखीकरण गरिने छ ।<br>१.१.१७ पूँजीगत खर्चको पात्रो तयार गरी सार्वजनिक खर्च अन्तर्गत पूँजीगत खर्च क्षमता विकास गरिने छ ।<br>१.१.१८ विकास निर्माणमा प्रगति विवरणलाईजनतासामू नियमित सार्वजनिक गर्न सूचना प्रविधिको विकास गरी सहज र पहुँच योग्य बनाइने छ । |

| | |
|---|---|
| | १.१.१९ आयोजना तथा निर्माणस्थलमा आयोजनाको विस्तृत विवरण सम्बन्धी बोर्ड अनिवार्य राखिनेछ। <br> १.१.२० क्षतिपूर्ति सहितको नागरिक वडापत्रलाईपूर्ण कार्यान्वयनमा ल्याउन आवश्यक सुधार गरिने छ। <br> १.१.२१ वडा स्तरमा सञ्चालन हुने विकास योजनाहरु वडाको भूगोल, जनसंख्या र मानव विकास जस्ता सूचकहरुलाई आधार मानी प्राथमिकताका आधारमा सञ्चालन गरिने छ। <br> १.१.२२ नगरपालिकाभित्र संचालन हुने गतिविधि र नगरपालिकाले प्रवाह गर्ने सेवाबाट उठ्ने राजस्व जस्ता कुराहरुलाई Software System मार्फत लागू गरिने छ। <br> १.१.२३ नागरिकहरूलाई प्रवाह गरिने सेवा एकद्वार प्रणालीमार्फत गरिने छ। |

## सुशासन तथा सेवा प्रवाहको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१ | १.१.१ | नागरिक सन्तुष्टि सर्वेक्षण | | | २०० | २०० | २०० | २०० | २०० | नगर पालिका |
| | | १.१.२ | सर्वेक्षणका आधारमा कर्मचारी तथा जनप्रतिनिधि अभिमुखीकरण | | | ४०० | ४०० | ४०० | ४०० | ४०० | नगर पालिका |
| | | १.१.३ | IT Training (कर्मचारी) | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | नगर पालिका |
| | | १.१.४ | सूचना प्रविधि पूर्वाधार खरिद | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | नगर पालिका |
| | | १.१.५ | इन्टरनेट स्तरवृद्धि र सेवा विस्तार | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | नगर पालिका |
| | | १.१.६ | सार्वजनिक अभिलेख र पञ्जिकरण डिजिटलाइजेसन | | | ५०० | | | | | नगर पालिका |
| | | १.१.७ | न्यायिक समिति क्षमता विकास | | | १०० | ११० | १२० | १३० | १४० | नगर पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.१.८ | O & M Survey | | ० | ३०० | ० | ० | ० | ३०० | नगर पालिका |
| | | १.१.९ | जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास तालिम | | ६०० | ६०० | ६०० | ६०० | ६०० | ६०० | नगर पालिका |
| | | १.१.१० | नागरिक वडापत्र कार्यान्वयन सुधार योजना निर्माण | | ० | १०० | ० | ० | ० | ० | नगर पालिका |

### ८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

जनचासोमा केन्द्रित जनमुखी सरकार महसुस हुने सेवा प्रणालीको विकास भएको हुनेछ।

**नतिजा सूचक**

| क्र.सं. | नतिजा को तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | प्रतिफल | सेवा प्रवाह सन्तुष्टि सर्वेक्षण | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| २ | प्रतिफल | सार्वजनिक सुनुवाई | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ३ | प्रतिफल | अनुगमन | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ४ | असर | पूँजीगत बजेट खर्च | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ५ | असर | लक्षित आयोजना सम्पन्न | प्रतिशत | २०८१/०८२ | २०८५/०८६ |
| ६ | प्रतिफल | न्यायिक समितिबाट फछ्र्यौट मुद्धा संख्या (वार्षिक) | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ७ | प्रतिफल | जनगुनासो संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ८ | प्रतिफल | गुनासो सम्बोधन प्रणालीबाट सम्बोधन भएका गुनासोहरू | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ९ | प्रतिफल | कर्मचारी जनप्रतिनिधि तालिम अभिमुखीकरण | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| १० | प्रतिफल | सूचना प्रविधिमा आवद्ध सूचना संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ११ | प्रतिफल | स्थानीय रेडियो कार्यक्रम प्रसारण | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| १२ | प्रतिफल | निजी क्षेत्रसंग अन्तरक्रिया | संख्या | २०८१/०८२ | २०८५/०८६ |

### ८.१.६ अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता हुनेछ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ।

- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठुलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

**मानव अधिकार संरक्षण तथा शान्ति सुरक्षा**

मानवियता, मानवहित र सामाजिक न्यायका निम्ति आम नागरिकलाई मानव अधिकारको महत्व र आवश्यकता बारे ज्ञान हुनुपर्दछ । आधारभूत तहमा मौलिक हकको रूपमा नेपालको संविधानले प्रत्याभूत गरेका मानव अधिकार उपभोगको सुनिश्चितता गर्ने राज्य र राज्यद्वारा परिचालित राज्यका यन्त्रहरूजस्तै प्रशासन, प्रहरी र राज्यका संबैधानिक अंगहरू जस्तैः न्यायालय, मानव अधिकार आयोग, स्थानीय न्यायिक समिति, आदि हुन् । स्थानीय सरकारको प्रमुख दायित्व अन्तर्गत मानव अधिकार प्रत्याभूत गर्नु र सामाजिक न्याय कायम गर्नु पर्ने भएकोले स्थानीय विकास योजनाका यि विषयको सम्बोधन गरिएको छ ।

**समस्या र चुनौतीहरु**

- समाजमा सामाजिक जागरणको अवस्था कमजोर हुनु ।
- परम्परागत रूपमा रहेका अन्धविश्वास, कुरिति, कुसंस्कार र भेदभावपूर्ण सामाजिक प्रणालीमा कारण सामाजिक न्याय संकटमा पर्नु ।
- अशिक्षा, अज्ञानता र पछौटेपन कायमै रहनु ।
- गरिबी र विपन्नता कायमै रहनु ।
- मानव अधिकारयुक्त पूर्ण सामाजिक न्याय स्थापित गर्ने चुनौती हुनु ।

**सबल पक्ष, मुख्य सम्भावना र अवसरहरु**

- मानव अधिकारको विश्वव्यापि घोषणापत्रका प्रमुख मूल्य र मान्यतालाई नेपालको संविधानले आत्मसाथ गरी मौलिक हकमा व्यवस्था गरेको ।
- स्थानीय सरकारलाई मानव अधिकार रक्षा गर्ने अधिकार प्राप्त हुनु ।
- स्थानीय न्यायिक समितिको प्रबन्ध हुनु ।
- स्वतन्त्र न्यायपालिकाको परिकल्पना गरी न्याय सम्पादन संयन्त्र निर्माण हुनु ।
- स्थानीय स्तरमा मानव अधिकार र सामाजिक न्यायका पक्षमा जनचेतना वृद्धि हुँदै जानु ।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

**दीर्घकालीन सोच** सामाजिक रुपले न्यायपूर्ण समाजको निर्माण

**लक्ष्य** मानव अधिकार उल्लङघनका घटनाहरूमा उल्लेख्य कमी ल्याई मौलिक हक प्रत्याभूत गर्ने

**उद्देश्यहरू** मानव अधिकारको प्रत्याभूति गरी न्यायपूर्ण समाजको निर्माण गर्ने ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ मानव बेचविखन तथा शोषणका दृष्टिकोणले सम्वेदनशील व्यक्ति तथा समूह पहिचान गरी व्यापक जनचेतना अभिवृद्धि र शशक्तिकरण गर्ने | १.१.१ मानव बेचविखन र ओसार पसारका दृष्टिकोणले अत्यन्त जोखिममा रहेका वर्ग क्षेत्र र समुदायको सूक्ष्म ढंगले अध्ययन गरी स्थितिपत्र तयार पारिनेछ ।<br>१.१.२ मानव अधिकार उल्लङघन तथा मानव बेचविखन र ओसारप्रसार विरुद्ध व्यापक रूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न स्थानीय सञ्चार माध्यम, सामाजिक सञ्जाल र पत्रकारहरूको सहयोग लिइनेछ ।<br>१.१.३ यौन हिंसा, यौन शोषण र बलात्कार जस्ता जघन्य अपराध न्यूनीकरण गर्न कानुनी उपचार खोज्न र दोषीलाई कानुनको दायरामा ल्याउन प्रत्येक वडामा महिला अधिकारकर्मीहरू, समाजसेवीहरू, राजनैतिक नेतृहरू तथा आमा समूहहरूको अगुवाइमा एक शसक्त मानव अधिकार सेलको गठन गरिने छ ।<br>१.१.४ मानव अधिकार उल्लङ्घनका घटनाहरू न्यायिक समितिमा दर्ता गर्न वडास्तरीय महिला सेल गठन गरी सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.१.५ माध्यमिक तहमा अध्ययनरत छात्र छात्रा केन्द्रित यौन हिंसा, यौन शोषण, बलात्कार, दाइजो र बाल अधिकारका विषयमा हरेक महिनामा एक पटक हुनेगरी घुम्ती कक्षा सञ्चालनको व्यवस्था मिलाईने छ ।<br>१.१.६ न्यायमा पहुँच नभएका विपन्न वर्गहरूलाई निःशुल्क कानुनी परामर्श सेवा दिन संस्थागत व्यवस्था गरिने छ ।<br>१.१.७ न्यायिक समितिलाई थप पुर्वाधारयुक्त बनाइ पर्याप्त दक्ष जनशक्तिको व्यवस्था गरिनेछ ।<br>१.१.८ वडा स्तरीय मेलमिलाप समितिको अनुगमन तथा व्यवस्थापनलाइ अझ सक्रिय बनाइनेछ ।<br>१.१.९ किशोर किशोरीलाई आत्मरक्षा सम्बन्धी तालिम गरिनेछ ।<br>१.१.१० संविधान प्रदप्त सबै मौलिक हकहरूको कार्यान्वयन गराउन आवश्यक संयन्त्रको विकास गर्न अध्ययन गरी आवश्यक स्थानीय कानुन र राज्यका यन्त्रको प्रबन्ध गरिने छ । |

**मानव अधिकार तथा सामाजिक न्यायको विस्तृत कार्यक्रम**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१ | १.१.१ | जोखिम समूह र व्यक्तिको पहिचान गर्ने | | | ३०० | ० | ० | ० | ० | नगर पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.१.२ | सामाजिक सञ्जाल तथा स्थानीय संचार माध्यम मार्फत जनचेतनामूलक कार्यक्रम | | | ८० | ८० | ८० | ८० | ८० | नगर पालिका |
| | | १.१.३ | मानव अधिकार सेल गठन | | | ४० | ४० | ४० | ४० | ४० | नगर पालिका |
| | | १.१.४ | न्यायिक समितिमा मानवअधिकार उल्लङ्घनका घटना दर्ता गर्न महिला सेल गठन तथा अभिमुखीकरण | | | १०० | १०० | १०० | १०० | १०० | नगर पालिका |
| | | १.१.५ | निःशुल्क कानुनी परामर्श सेवा सञ्चालन | | | १०० | १०० | १०० | १०० | १०० | नगर पालिका |
| | | १.१.६ | मौलिक हक कार्यान्वयन स्थिति बारे अध्ययन | | | १५० | ० | ० | ० | १६० | नगर पालिका |

**अपेक्षित उपलब्धि तथा नतिजा खाका**

मानवअधिकार उल्लङ्घन, मानव बेचविखन, यौन हिंसा र शोषण लगायतका सामाजिक अपराधका घटनाहरूमा महशुस हुनेगरी कमी आएका हुनेछन् ।

**नतिजा सूचक**

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | प्रतिफल | जोखिममा परेका व्यक्तिको संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| २ | प्रतिफल | मानव अधिकार सेल संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ३ | प्रतिफल | लक्षित समूह आय आर्जन कार्यक्रम संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | प्रतिफल | न्यायिक समितिमा दर्ता भएका मानव अधिकार उल्लङ्घनका संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ५ | प्रतिफल | मानव अधिकार घुम्ती कक्षा संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ६ | प्रतिफल | निःशुल्क कानुनी परामर्शबाट दर्ता भएका मुद्धा संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ७ | प्रतिफल | यौन हिंसाका घटना (दर्ता संख्या) | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ८ | प्रतिफल | मानव बेचविखनमा परेका संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |

**अनुमान तथा जोखिम पक्ष**

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठुलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

**तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन**

कुनै पनि विकास योजनालाई सफल रूपमा कार्यन्वयन गर्न वस्तुनिष्ठ सूचना र त्यसको सही विश्लेषणको अनिवार्यता हुन्छ । नगरपालिकामा गरिने हरेक किसिमका क्रियाकलापहरू र समग्र वस्तुस्थितिलाई कतिपय अवस्थामा परिमाणमा ब्यक्त गर्न मिल्दछ । तसर्थ हरेक क्रियाकलापलाई परिमाणमा देखाउँदा विकास र समृद्धिको मापन गर्न सहज हुनुका साथै यथार्थमा नगरपालिकाको स्थितिवारे थाहा पाउन सकिन्छ । यसका लागि हरेक सूचनालाई अद्यावधिक गर्ने, सूचना तथा तथ्याङ्क प्रणालीको आवश्यकता रहन्छ । अर्को तर्फ राजश्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थापन नियमित र वैज्ञानिक नहुदा राज्यको स्रोत र साधनको व्यापक दुरूपयोग हुन सक्ने जोखिम रहन्छ । यि पक्षहरूलाई ध्यानमा राखी तथ्याङ्क व्यावस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थापनलाई सुद्धढ तुल्याउन योजनाले सम्वोधन गर्नुपर्ने भएकोले यो खण्ड तयार पारिएको छ ।

**उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

**दीर्घकालीन सोच** चुस्त तथ्याङ्क तथा वित्तीय व्यवस्थापन

**लक्ष्य** सूचना प्रविधिको महत्तम प्रयोगमार्फत तथ्याङ्क र वित्तीय व्यवस्थापनलाई चुस्त र दुरुस्त राख्ने

**उद्देश्यहरू**

- स्थानीय सरकारसँग सम्बन्धित सम्पूर्ण महत्वपूर्ण सूचनाहरुलाई सहज, पहुँच योग्य र व्यवस्थित बनाउदै
- वित्तीय व्यवस्थापन अब्बल तुल्याउनु

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य: १, स्थानीय सरकारसँग सम्बन्धित सम्पूर्ण महत्वपूर्ण सूचनाहरूलाई सहज, पहुँच योग्य र व्यवस्थित बनाउदै वित्तीय व्यवस्थापन अब्बल तुल्याउने ।** | |
| १.१ सुदृढ अभिलेख प्रणालीको विकास गर्ने | १.१.१ सूचना प्रविधिको प्रयोग गरी स्थानीय सरकारसँग सम्बद्ध सबै सूचना र तथ्यांकको व्यवस्थापन गर्न एक साधन सम्पन्न तथ्यांक तथा सूचना ईकाइ निर्माण गरिनेछ ।<br>१.१.२ सबै प्रकारका सूचनाहरू अद्यावधिक हुने स्वचालित अभिलेखाङ्कन प्रणाली तयार पार्न अध्ययन गरी Software हरू खरिद गरिने छ ।<br>१.१.३ अभिलेख इकाइमा अवश्यक दरबन्दीको प्रबन्ध गरिने छ । |
| १.२ आर्थिक प्रशसन सम्बन्धी संस्थागत संयन्त्र निर्माण गरी वित्तिय व्यवस्थापनलाई प्रभावकारी तुल्याउने | १.२.१ सार्वजनिक खर्चका मापदण्ड र मितव्यियिता कायम हुने नीति निर्माण गरी लागू गरिने छ ।<br>१.२.२ अनुगमन प्रणालीलाई दुरुस्त बनाउन वार्षिक कार्य योजना तयार पारिनेछ ।<br>१.२.३ राजश्व संकलनलाई करदाता मैत्री बनाउन आवश्यक अध्ययन गरी सोही अनुसारको प्रणाली विकास गरिने छ ।<br>१.२.४ सम्पूर्ण व्यवसायलाई दर्ता गरी करको दायरामा ल्याउन घुम्ती व्यवसाय दर्ता अभियान सञ्चालन गरिने छ ।<br>१.२.५ राज्यलाई तिरेको कर कसरी जनताका लागि खर्च हुन्छ भन्ने स्थापित गर्न कर शिक्षा कार्यक्रम नियमित सञ्चालन गरिने छ ।<br>१.२.६ राजश्वका स्रोतहरूको पहिचान गर्न राजश्व सुधार कार्य योजना तयार गरी लागू गरिने छ ।<br>१.२.७ नगरपालिकाका ठूला करदातालाई सम्मान गरिने छ ।<br>१.२.८ सीमान्तकृत वर्ग र महिला उद्यमीलाई व्यवसाय सञ्चालन गर्न मापदण्डका आधारमा विशेष सहुलियतको प्रबन्ध गरिने छ ।<br>१.२.९ नगरपालिकाको आयव्ययको विवरण नियमित रूपमा प्रकाशन गर्ने प्रबन्ध मिलाईने छ । |

**तथ्याङ्क व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापनको विस्तृत कार्यक्रम**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | १.१ | १.१.१ | तथ्याङ्क तथा सूचना इकाइ गठन | | ० | १०० | १०० | १०० | १०० | १०० | नगर पालिका |
| | १.२ | १.२.१ | सार्वजनिक खर्चको | | ० | ७० | ० | ० | ० | ० | नगर पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मापदण्ड निर्माण | | | | | | | | |
| | | १.२.२ | अनुगमन संयन्त्र क्षमता विकास | | ० | २०० | ० | ० | ० | ० | नगर पालिका |
| | | १.२.३ | करदातामैत्री राजश्व संकलन प्रणाली निर्माण अध्ययन | | | ० | ० | ० | २०० | ० | नगर पालिका |
| | | १.२.४ | करदाता शिक्षा कार्यक्रम | | | ३० | ३० | ३० | ३० | ३० | नगर पालिका |
| | | १.२.५ | राजश्व सुधार कार्ययोजना लागू | | | ९० | ९० | ९० | ९० | ९० | नगर पालिका |
| | | १.२.६ | ठूला कर दाता सम्मान | | | ७० | ७० | ७० | ७० | ७० | नगर पालिका |
| | | १.२.७ | व्यवसाय दर्ता छुट (लक्षित समुदाय) तथा अनुदान | | ० | ७० | ८० | ९० | १०० | ११० | नगर पालिका |

**अपेक्षित उपलब्धि तथा नतिजा खाका**

- लक्षित समुदायलाई व्यवसाय दर्तामा छुट तथा अनुदान दिइएको हुने ।
- नगरपालिकाको आय व्यय नियमित प्रकाशन गर्ने प्रणालीको विकास भएको हुनेछ ।

**नतिजा सूचक**

| क्र.सं. | नतिजा को तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | प्रतिफल | तथ्याङ्क व्यवस्थापन प्रणालीमा आवद्ध सूचना प्रणाली संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | प्रतिफल | करदाता शिक्षा कार्यक्रम संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ३ | असर | कुल बजेटमा आन्तरिक राजश्व वा करको हिस्सा | प्रतिसत | २०८१/०८२ | २०८५/०८६ |
| ४ | असर | कुल स्वीकृत बजेटको खर्च प्रतिशत (वार्षिक) | प्रतिसत | २०८१/०८२ | २०८५/०८६ |
| ५ | प्रतिफल | दर्ता भएका व्यवसाय संख्या | संख्या | २०८१/०८२ | २०८५/०८६ |
| ६ | प्रतिफल | राजश्व संकलन हुने शिर्षक संख्या | प्रतिसत | २०८१/०८२ | २०८५/०८६ |

**अनुमान तथा जोखिम पक्ष**

- पूर्ण राजनैतिक स्थिरता हुनेछ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ।
- कुनै प्रकारको ठुलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ।

# परिच्छेद ९: कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

नेपाल सरकार, राष्ट्रिय योजना आयोगले तोकेको ढाँचा बमोजिम कुनै पनि नगरपालिका वा स्थानीय सरकारले विकासका कार्यक्रमहरू तय गर्दा विशेषत स्थानीय वस्तुगत अवस्थाको आधारमा स्थानीय बासीका आधारभूत आवश्यकताहरू जस्तै भौतिक पूर्वाधार, आर्थिक वृद्धि, सामाजिक विकास, वातावरणीय सन्तुलन तथा संस्थागत सेवा प्रवाहमा प्रत्यक्षरूपमा सहयोग पुर्याई समग्र विकासलाई सन्तुलित र नतिजामुखी ढङ्गले कार्यान्वयन गर्नुपर्दछ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

नेपाल सरकार, राष्ट्रिय योजना आयोगले तोकेको ढाँचा बमोजिम कुनै पनि स्थानीय सरकारले विकासका कार्यक्रमहरू तय गर्दा विशेषत स्थानीय वस्तुगत अवस्थाको आधारमा स्थानीयबासीका आधारभूत आवश्यकताहरू जस्तै भौतिक पूर्वाधार, आर्थिक वृद्धि, सामाजिक विकास, वातावरणीय सन्तुलन तथा संस्थागत सेवा प्रवाहमा प्रत्यक्षरूपमा सहयोग पुर्याई समग्र विकासलाई सन्तुलित र नतिजामुखी ढङ्गले कार्यान्वयन गर्न प्रभावकारी सिद्ध हुनेगरी गर्नुपर्दछ।

## ९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट

विषयक्षेत्र अनुसारको अनुमानित बजेट तालिका

| क्र. सं. | विषयगत क्षेत्र | रकम | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | ३१३४४०८३३ | २०.४९ |
| २ | सामाजिक विकास | ३७५२९२७८१ | २४.५३ |
| ३ | पूर्वाधार विकास | ५१२१४९८२३ | ३३.४८ |
| ४ | वन, वातावरण, विपद् ब्यवस्थापन | २०८९८३७१५ | १३.६६ |
| ५ | संस्थागत विकास र सुशासन | ११९८३८५१९ | ७.८४ |
| **कुल जम्मा** | | **१५२९७०५६७१** | **१००** |

## ९.४ स्रोत अनुमान तथा प्रक्षेपण

त्रिपुरासुन्दरी नगरापलिकाले आफनो योजना तथा बजेट निर्माणका क्रममा तलको तालिकाको आधारमा बजेटको सुनिश्चितता गर्ने छ।

| क्र.सं. | शिर्षक | गत वर्षको यथार्थ | चालु वर्षको संशोधित अनुमान | आगामी वर्षको प्रक्षेपण | कुल जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| (क) | सहकारी क्षेत्र | | | | | |
| (ख) | निजी क्षेत्र | | | | | |
| (ग) | व्यक्तिगत सहयता तथा संघ, संस्था | | | | | |
| (घ) | सार्वजनिक क्षेत्र | | | | | |

## ९.५ स्रोत परिचालन रणनीति

स्थानीय सरकारका वित्तीय स्रोतहरु सङ्घीय तथा प्रदेश सरकारबाट विभिन्न शिर्षकहरुमा प्राप्त हुने अनुदानहरु हुन् । यसका अलावा सहकारी, समुदाय र निजी क्षेत्रका साथै स्थानीय स्तरमा संकलन हुने राजश्व समेत वित्तिय स्रोतहरु हुन् । यसर्थ यी सम्पूर्ण स्रोतहरुको समुचित परिचालन मार्फत लक्ष्यहरु हासिल गर्न निम्न स्रोत परिचालन रणनीति तय गरिएको छ ।

१. सार्वजनिक, निजी, सहकारी साझेदारीको अवधाणा अवलम्बन गर्ने ।
२. वित्तीय संस्थाहरुसँग सहकार्य र समन्वय गर्ने ।
३. उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गर्ने ।
४. तीनै तहका सरकारहरुबीच सहकार्य गर्ने ।
५. निजी क्षेत्रको लगानी आकर्षण गर्ने नीति तय गर्ने ।
६. गैर आवासिय नेपालीको लगानी संकलन गरी विप्रेषणलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्ने ।
७. अनुत्पादक खर्चलाई कटौती गर्ने ।
८. तुलनात्मक लाभका क्षेत्रमा लगानी केन्द्रित गर्ने ।
९. पूर्ण रुपमा पूर्व तयारी पश्चात मात्र आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन गर्ने ।
१०. रकमान्तरलाई निरुत्साहित गर्ने ।
११. चालु खर्चको सिमा निर्धारण गरी पूँजीगत खर्च वृद्धि गर्ने ।
१२. स्थानीय गौरवका आयोजनाहरुको कार्यान्वयनलाई उच्च प्राथमिकतामा राख्ने र सोका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने ।

## ९.६ आवधिक योजना कार्यान्वयन

सहभागितामूलक प्रक्रिया अपनाई तयार गरिएको आवधिक योजनाको अन्तिम दस्तावेजलाई नगर कार्यपालिकाबाट विधायिकी प्रक्रिया पूरा गरी स्वीकृति प्रदान गर्नुपर्नेछ । यसरी स्वीकृत भएको योजना कार्यान्वयनका लागि प्रकाशन गरी सम्बन्धित शाखा, वडा कार्यालय, सहयोगी निकाय, गैर सरकारी तथा अन्य स्थानीय सङ्घ / संस्था र सरोकारवालालाई उपलब्ध गराउनु पर्दछ ।

स्वीकृत स्थानीय आवधिक योजनालाई वार्षिक बजेट तथा योजनाका माध्यमबाट कार्यान्वयन गरिन्छ । यसका लागि आवधिक योजनाका आधारमा मध्यमकालीन खर्चसंरचना तयार गर्नुपर्दछ । आवधिक योजनामा रहेका कार्यक्रम तथा आयोजनाहरूको संभाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन तयार गर्नेर सो बमोजिम आयोजना अवधारणा पत्र तयारी र प्राथमिकता निर्धारण गरी आयोजना बैंङ्क तयार गर्नुपर्दछ । मध्यमकालीन खर्च संरचना तयार गरी कार्यक्रम तथा आयोजनामा स्रोत सुनिश्चित गरिन्छ र सोही बमोजिम वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ । यस प्रकार आवधिक योजनालाई आयोजना बैंङ्क तथा मध्यमकालीन खर्च संरचना मार्फत वार्षिक बजेट तथा कार्यक्रममा जोडेर आवधिक योजना कार्यान्वयन गर्नुपर्दछ ।

## ९.७ योजना अनुगमन तथा मूल्याङ्कन

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

आवधिक योजनाले निर्धारित गरेको लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफलहरू हासिल उन्मुख भए नभएको निगरानी गर्न र लक्ष्य तथा उद्देश्य प्राप्तिको लेखाजोखा गर्न अनुगमन तथा मूल्याङ्कन प्रणालीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

प्रणालीको स्थापना गरी योजनाले निर्धारण गरेका लक्ष्य, असर र प्रतिफल हासिल गर्ने दिशातर्फ भएको प्रगति आवधिक रूपमा मापन गर्नुपर्दछ।

यसका लागि योजना कार्यान्वयनका दौरान आइपर्ने समस्याहरूको समाधान एवं गरिएको लगानी तथा स्रोतसाधनको प्रवाह आशातीत ढङ्गबाट भए नभएको जानकारी समेत प्राप्त गर्नुपर्ने हुन्छ। तसर्थ नगरपालिकाले आवधिक योजनाको आधारमा वार्षिक योजना तर्जुमा गरी सो को कार्यान्वयनको लागि वार्षिक कार्यान्वयन कार्यतालिका समेत तयार गर्नु पर्दछ। यसरी तयार भएको कार्यान्वयन कार्यतालिकामा अनुगमन तथा मूल्याङ्कनका कार्यहरू समेत निर्दिष्ट गर्ने एवं सो अनुसार अनुगमन गर्ने र उद्देश्य प्राप्तिको अवस्था लेखाजोखा गर्न मूल्याङ्कन गर्ने कार्यप्रणाली स्थापित गर्नुपर्दछ।

### ९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

स्थानीय आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गर्नुपर्दछ। प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी कार्य पालिकाको हुनेछ र यस कार्यमा वार्षिक विकास कार्यक्रमको अनुगमन, सुपरीवेक्षण र प्रतिवेदनको लागि गठित अनुगमन तथा सुपरीवेक्षण समितिलाई परिचालन गर्नुपर्नेछ। आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनमा संलग्न हुने निकायहरू निम्न हुन सक्दछन्ः–

- नगर कार्यपालिका
- जिल्ला समन्वय समिति
- अनुगमन तथा सुपरीवेक्षण समिति
- विषयगत समिति
- विषयगत शाखा, उपशाखा, एकाइ, परियोजना, सङ्घ / संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

### ९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

अनुगमन तथा मूल्याङ्कनको संस्थागत विकास गर्नका लागि नगर कार्यनगरपालिकाको कार्यालय, विषयगत समिति, शाखा, सम्वन्धित परियोजना र जिससमा सो सम्बन्धि संयन्त्रको विकास गरिएको छ। स्रोत साधन, दक्ष जनशक्ति, प्राविधिक दक्षताको कमीका कारण विकास गतिविधिहरूमा गरिने अनुगमन कार्यलाई नतिजा खाका तथा निर्धारित लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफलहरूसंग जोडी अपेक्षित नतिजा हासिल भए नभएको यकिन गर्न सकिएको छैन। तथापि आयोजनाको प्रगतिको अवस्था, समयमै तोकिएको शर्तमा आयोजना सम्पन्न गर्न गराउन गर्नु पर्ने कार्यलाई सचेत गराउने तथा सम्पन्न भए नभएको अवस्थाको अनुगमन गर्ने परिपाटी यस यस नगरपालिकामा रहेको छ।

**अनुगमन २ प्रकारले गर्न सकिने छः**

१. आयोजना स्थलमै गएर योजनाको क्रियाकलाप बारेमा जानकारी लिने गरी गरिने अनुगमन।

२. आयोजनाको क्रियाकलापको प्रगति विवरण माग्ने र प्राप्त गरी गरिने अनुगमन।

तर दुवै प्रकारका अनुगमनमा देखिएका समस्याको समाधान गर्न तत्कालै आवश्यक कदम चल्नु पर्दछ नत्र अनुगमनको कुनै औचित्य रहदैन।

अनुगमनका क्रममा योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा निम्न कुराहरूको विश्लेषण गरिन्छ।

- स्रोत साधनको प्राप्ति र प्रयोग स्वीकृत बजेट र समय तालिका अनुसार भए नभएको,
- अपेक्षित प्रतिफलहरू समयमै र लागत प्रभावकारी रूपमा हाँसिल भए नभएको,

- कार्यान्वयन क्षमता के कस्ता छन् ?
- के कस्ता समस्या र बाधा व्यवधानहरू देखिएका छन् र तिनको समाधानका निम्ति के-कस्ता उपायहरू अवलम्बन गर्नुपर्छ ?

अनुगमनका क्रममा उपर्युक्त पक्षहरूको बारेमा नियमित, व्यवस्थित र समयबद्ध रूपमा तथ्याङ्क विवरणहरू सङ्कलन, प्रशोधन र प्रतिवेदन गर्ने कार्य गरिन्छ। यसबाट समयमै समस्या पहिचान गरी समाधान गर्न महत्वपूर्ण सहयोग पुग्दछ। अनुगमनका लागि कार्यान्वयन योजना, आयोजना विवरण तालिका, जिम्मेवारी तालिका आदि दस्तावेजको उपयोग गरिन्छ।

**अनुगमन प्रणालीको छनौट तथा निर्धारण**

अनुगमन प्रणाली प्रचलित सोच तालिका (Log Frame) का आधारमा स्थापित गर्न सकिन्छ। स्थानीय तहले आफ्नो विशिष्टता र प्राविधिक क्षमताका आधारमा यस्तो विधि अपनाउन सक्छन्। यस्तो विस्तृत विधि राष्ट्रिय योजना आयोगबाट प्रब्रधित राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनमा हेर्न सकिन्छ।

स्थानीय तहले आफ्नो आवश्यकता र उपलब्ध वस्तुगत तथ्याङ्कको आधारमा मौलिक रूपमा अनुगमन प्रणाली अवलम्बन गर्न सक्दछन्। साथै स्थानीय तहको तथ्याङ्क व्यवस्थापन र प्रयोगका लागि राष्ट्रिय प्रणालीसँग आवद्ध हुने खालको अनुगमन सूचना प्रणाली स्थापना गर्नुपर्ने हुन्छ। अनुगमन योजना बनाउँदा राष्ट्रिय सरोकारका विषय, मानव विकास सूचकाङ्क, दिगो विकास लक्ष्यका सूचकहरूलाई स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयमा योगदान गर्ने सूचकहरूस्थापित गरी अनुगमन गर्ने र सोको प्रतिवेदन गर्नुपर्ने हुन्छ।

स्थानीय तहको आफ्नो क्षेत्रभित्र क्रियाशील गैरसरकारी संघसंस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संघ संस्थाले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नुपर्ने र स्थानीय तहको अनुगमन प्रणालीमा त्यस्ता कार्यहरूको पनि अनुगमन गर्ने व्यवस्था मिलाउनु गर्नुपर्ने हुन्छ।

| **के गर्ने ?** | **पुष्टयाई के बाट गर्ने ?** | **कहिले गर्ने ?** | **कसरि गर्ने ?** | **कसले गर्ने ?** |
|---|---|---|---|---|
| योजनाको प्रभाब लेखाजोखा तथा मापन गर्ने | • प्रभाब मुल्यांकन प्रतिबेदन<br>• प्रभाब अनुगमन प्रतिबेदन<br>• नमुना अध्ययन / सर्बेक्षण<br>• मध्याबधि समिक्षा प्रतिबेदन<br>• बस्तुस्थिति विवरण<br>• आयोजना / कार्यक्रम प्रभाब मुल्यांकन प्रतिबेदन | • योजनाको अन्त्यमा<br>• मध्याबधिमा (तेश्रो बर्षको समाप्ति पछि)<br>• प्रभाब अनुगमन (अन्तिम बर्ष) | • नतिजामुलक अनुगमन खाका अनुसार प्रभाब मापन गर्ने<br>• सहभागितामुलक छलफल गर्ने<br>• नमुना अध्ययन , सर्बेक्षण गर्ने<br>• कार्यपालिका र सभामा समिक्षा गर्ने | • स्थानिय सभा, कार्यपालिका, सरोकारवाला र तेश्रोपक्ष |
| योजनाको असर मापन तथा मुल्यांकन गर्ने | • मध्याबधि समिक्षा प्रतिबेदन<br>• असर अनुगमन प्रतिबेदन<br>• बार्षिक समिक्षा प्रतिबेदन<br>• नमुना अध्ययन<br>• बस्तुस्थिति विवरण | • बार्षिक, मध्याबधि र अन्तिम बर्ष | • नतिजामुलक अनुगमन खाका अनुसु असर मापन गर्ने<br>• नमुना सर्बेक्षण गर्ने<br>• कार्यपालिकामा समिक्षा गर्ने<br>• कार्यक्रमको समपन्न प्रतिबेदन अध्ययन गर्ने<br>• कार्यक्रममा भएको खर्चको अध्ययन गर्ने<br>• सामाजिक परीक्षण र प्रतिबेदन विश्लेषण गर्ने<br>• सहभागितामूलक रूपमा समिक्षा गोष्ठी गर्ने | • कार्यपालिका, सुपरीबेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष |
| पतिफलको अनुगमन तथा मुल्यांकन | • त्रैमासिक प्रगति प्रतिबेदन<br>• बार्षिक समीक्षा प्रतिबेदन<br>• बस्तुस्थिति विवरण | • त्रैमासिक, अर्धबार्षिक, बार्षिक र मध्याबधि | • स्थलगत अनुगमन गर्ने<br>• बार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>• नतिजामुलक अनुगमन खाका अनुसार प्रतिफल मापन गर्ने<br>• कार्यपालिका र बिषयगत समिति र बैठकमा समिक्षा गर्ने | • कार्यपालिका, सुपरीबेक्षण तथा अनुगमन समिति र बिषयगत समिति |

| | | | | |
|---|---|---|---|---|
| | | | • सामाजिक परीक्षण र प्रतिबेदन विश्लेषण गर्ने | |
| कार्यक्रम / आयोजनाको प्रकृया अनुगमन | • मासिक प्रगति प्रतिबेदन<br>• त्रैमासिक प्रगति प्रतिबेदन<br>• गुणस्तर अनुगमन प्रतिबेदन | • पटके, मासिक, चौमासिक र बार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• त्रैमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>• कार्यपालिका र बिषयगत समिति र बैठकमा समिक्षा गर्ने | • अनुगमन तथा सुपरिबेक्षण समिति, वडा समिति, शाखा परियोजना तथा गैसस |

**अनुगमन तह**

| कुन तहमा अनुगमन गर्ने | के अनुगमन गर्ने | कहिले र कस्ले अनुगमन गर्ने | कुन तहको सूचक राख्ने | मापन गर्ने आधार |
|---|---|---|---|---|
| लक्ष्य | परेको प्रभाव | · नगरपालिकाद्वारा नियुक्त स्वतन्त्र संस्था वा विज्ञले आवद्यिक योजनाको अन्त्यमा | · प्रभाव तहको | · संघ, प्रदेश र नगरपालिकाको वार्षिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरू |
| | | · नगरपालिकाद्वारा आवद्यिक योजनाको मध्यकालमा | · असर तहको | · स्थलगत अनुगमन |
| | | | · जनभावनामा परिवर्तन | · वार्षिक कार्ययोजना हरूको प्रगति |
| परिणाम | देखिने असर | · कार्यनगरपालिका र नगर कार्यनगरपालिकाद्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति | · परिणाम तहको | · सहभागितामूलक |
| | · उत्पादकत्वमा परिवर्तन | · वार्षिक | · प्रतिशत वृद्धि | · नतिजामूलक अनुगमन खाका अनुसार |
| | · सडक पहुँच आदि | | | · नमूना सर्वेक्षण गर्ने |

| | | | | |
|---|---|---|---|---|
| योजना | निर्मित परिणामहरू | · नगरपालिकाद्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति, शाखा कार्यालयहरू र प्र.प्र.अ. । | · परिणाम तहको | · नतिजामूलक अनुगमन खाकाअनुसार |
| | · कक्षा सञ्चालन | · चौमासिक, वार्षिक | · सङ्ख्यात्मक वृद्धि | · स्थलगत अनुगमन |
| | · उत्पादन परिमाण | | | · सार्वजनिक परिक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ |
| | · सडक विस्तार | | | |
| | · स्वास्थ्य केन्द्र भवन निर्माण | | | |

**लक्ष्य तह**

| लक्ष्य | सूचक | आधार वर्ष | परिवर्तन |
|---|---|---|---|
| "शिक्षा तथा स्वास्थ्य सेवाको समुचित विकास गरी समुदायको आर्थिक अवस्थामा सुधार ल्याउने।" | · स्थानीय स्वास्थ्य केन्द्रहरूमा प्राथमिक स्वास्थ्यजन्य रोगीको सङ्ख्यामा कमी | | |
| "उद्योग र व्यापार फस्टाउन आवश्यक पूर्वाधारका लागि भूउपयोग योजना गर्दै समुदायको सहभागितामा नगरपालिका सूरक्षा व्यवस्था सुदृढ बनाउने। " | · भूउपयोग योजना तयारी एवम् कार्यान्वयन आरम्भ | | |
| | · लगानीका योजना संख्यामा आएको सकारात्मक परिवर्तन | | |

**योजना तह**

| परिणाम तह | सूचक | आधार वर्ष | परिवर्तन |
|---|---|---|---|
| शैक्षिक सुधार योजना | · प्राथमिक तहमा भर्ना दरमा वृद्धि | | |
| | · कक्षा छोड्ने संख्यामा कमी | | |
| | · विद्यार्थीको सिकाई उपलब्धी | | |
| | · निर्वाचनमा बदर मतको सङ्ख्यामा कमी | | |
| मासुजन्य पदार्थ उपभोग वृद्धि योजना | · तरकारी, अन्डा र मासुको  स्थानीय बजारमा बिक्री वृद्धि | | |
| | · कुखुरा व्यवसाय सङ्ख्या वृद्धि | | |
| | · मासुजन्य जीव निर्यातमा वृद्धि | | |

**मूल्याङ्कन**

योजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य प्राप्त भयो भएन र योजनाको कार्यान्वयनबाट योजनाबाट फाइदा पाउने अपेक्षित जनताले उपर्युक्त रूपमा फाइदा पायो पाएन भनेर गरिने अध्ययन विश्लेषणलाई योजनाको मूल्याङ्कन भनिन्छ। आवद्यिक योजना विभिन्न आयोजनाहरूको समष्टि पनि हो त्यसैले यो आफैंमा एक बृहद् कार्यक्रम समेत हो। यसमा मध्यमकालीन योजनाको मध्यावधि र पूर्ण अवधिको मूल्याङ्कन गर्नुपर्ने हुन्छ। यसको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९४ अनुसार नगरपालिकाले योजनाको मूल्याङ्कन गर्ने व्यवस्था गरेको छ। योजनाको मूल्याङ्कन गर्दा निम्न कुरालाई ध्यानमा राखी मूल्याङ्कन विश्लेषण गर्नुपर्ने हुन्छः

- लक्ष्य र उद्देश्य हासिल गर्न उन्मुख रहे/नरहेको,
- लगानी योजनाअनुरूप वार्षिक लगानीहरूनिर्देशित रहे/नरहेको,
- उपलब्धिका लागि लक्ष्य लगायत कार्यक्रमहरूको परिमार्जन गर्नुपर्ने आवश्यकता रहे, नरहेको आदि।

योजना अवधिको अन्त्यमा निर्धारित परिमाणात्मक तथा गुणात्मक लक्ष्य प्राप्तिको मूल्याङ्कन अन्तिम रूपमा तेश्रो पक्षबाट गर्नु/गराउनु पर्ने हुन्छ। अनुगमन तथा मूल्याङ्कन र तर्कपूर्ण खाकासम्बन्धी विस्तृत व्यवस्थापनका लागि मार्गदर्शन राष्ट्रिय योजना आयोगबाट जारी गरिएको अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनलाई पनि उपयोग गर्न सकिने छ।

सामान्यतया कुनैपनि कार्यक्रमलाई प्राथमिकताको आधारमा चार तहमा राखेर मूल्याङ्कन गर्न सकिन्छ।

**१. "अति उत्तम"– ३ अंक**

"अति उत्तम" तह अन्तर्गत कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न प्रत्यक्ष र उल्लेखनीय योगदान पुर्याउछ। अर्थात् कुनैपनि स्थानमा आवागमनमा निकै कठिनता छ र सडकको स्तरोन्नति गर्ने कार्यक्रमले आवागमनलाई प्रत्यक्ष र उल्लेखनीय प्रभाव पार्दछ भने सो कार्यक्रम कार्यान्वयनका हिसाबले पहिलो प्राथमिकता तथा अति उत्तम वर्गमा पर्दछ। यस प्रकारका कार्यक्रममा सो शिर्षक अन्तर्गत विनियोजित बजेटको ५० प्रतिशत भन्दा बढी रकम पर्न आउँछ।

**२. "उत्तम"– २ अंक**

"उत्तम" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न अप्रत्यक्ष तर उल्लेखनीय योगदान पुर्याउछ। अर्थात् कुनैपनि स्थानमा धार्मिक तथा अन्धविश्वासले सामाजिक कुरीति र जटिलता सिर्जना गरेको छ भने विद्यालय खोली शिक्षाको विकास गर्दा सामाजिक जटिलता न्यून गर्न अप्रत्यक्ष तथा उल्लेखनीय योगदान पुर्याउछ। यस प्रकारको कार्यक्रम प्राथमिकताको हिसाबले दोस्रो प्राथमिकतामा पर्दछ भने यसलाई उत्तम मानी २ अंक प्रदान गर्नुपर्दछ। यस प्रकारको कार्यक्रममा समेत सम्बन्धित शिर्षक मध्ये ५० प्रतिशत भन्दा बढी बजेट विनियोजन हुन्छ।

**३. "सामान्य"– १ अंक**

"सामान्य" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न सामान्य वा कम मात्र योगदान दिन्छ भने सो कार्यक्रममा विनियोजित रकम मध्ये ५० प्रतिशत भन्दा कम रकम मात्र छुट्याइन्छ। यस प्रकारको कार्यक्रम प्राथमिकताको आधारमा तेस्रो तहमा पर्दछ भने त्यसलाई १ अंक दिनुपर्दछ।

**४. "न्यून"– ० अंक**

"न्यून" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न न्यून वा योगदान नै नपुर्याउने हुन्छ। यस प्रकारको कार्यक्रम प्राथमिकतामा पर्दैन तसर्थ यसलाई शुन्य अंक प्रदान गरिन्छ।

यसरी कार्यक्रम प्राथमिकिकरण गर्दा विषय क्षेत्रगत विकास कार्यक्रम तथा उपक्षेत्रहरूका प्रत्येक कार्यक्रमहरूको मूल्याङ्कन गरी चार तहमा विभाजन गर्न सकिन्छ। अर्थात् उदाहरणको लागि भौतिक पूर्वाधार अन्तर्गत कुनै निश्चित

स्थानदेखि अर्को स्थान जोड्न सडकको स्तरोन्नति गर्दा सो सडकले स्थानीयबासीको तत्कालीन वा दीर्घकालीन प्रमुख समस्या वा मागलाई कुन तहबाट सम्बोधन गर्न सक्छ भनी मुल्याङ्कन गर्नुपर्दछ। त्यसोगर्दा सो कार्यक्रम

अति उत्तम भए ⟶ पहिलो प्राथमिकता

उत्तम भए ⟶ दोस्रो प्राथमिकता

सामान्य भए ⟶ तेस्रो प्राथमिकता

न्यून भए ⟶ प्राथमिकतामा नपर्ने हुन्छ।

एवम रीतले प्रत्येक विषयगत क्षेत्र र सो क्षेत्र अन्तर्गतका उपक्षेत्रका सम्पूर्ण कार्यक्रमहरूलाई तोकिएको लक्ष्य हासिल गर्न कस्तो प्रकारको योगदान पुर्याउछ भनी मूल्याङ्कन गर्दा माथि उल्लेखित तहहरूमा विभाजन गरेर प्राथमिकता निर्धारण गर्नुपर्दछ। यसका साथै अन्य आधारमा:

(१) चालु वार्षिक योजनाको फराकिलो आधारको समावेशी आर्थिक उद्देश्य वृद्धिको लक्ष्य प्राप्तिमा कुन तहको योगदान पुर्याउछ ?

(२) दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुन तहको योगदान पुर्याउछ ?

(३) जनसहभागिता सुनिश्चित गर्न कुन तहको योगदान पुर्याउछ ?

(४) समावेशीकरणमा कुन तहको योगदान पुर्याउछ ?

(५) यदि सञ्चालित आयोजनाहरू छन् भने पूर्व कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय वा कार्यान्वयन तयारीको अवस्था हेरी कुन तहको योगदान पुर्याउछ ?

यसरी यी प्रश्नहरूले गर्दा कस्तो उत्तर आउँछ सोको आधारमा कार्यक्रमलाई माथि उल्लेखित "अति उत्तम" "उत्तम" "सामान्य" र "न्यून" तहमा विभाजन गरी प्राथमिकता निर्धारण गर्न सकिन्छ साथै स्थानीय विकास गुरुयोजनाको मूल लक्ष्य स्थानीयबासीका आधारभूत आवश्यकता सम्बोधन गरी क्रमशः उच्च विकासतर्फ लम्कनु पर्ने भएकाले कार्यक्रम तय गर्दा वडास्तरमा निम्न बमोजिम गर्नुपर्दछ।

**वडा तहका योजना छनौट तथा प्राथमिकीकरण**

बस्ती तथा टोल स्तरमा कार्यक्रम बारे छलफल गर्दा दिगो विकास लक्ष्य प्राप्तगर्न मद्दत गर्ने कार्यक्रमबारे छलफल गर्नु पर्दछ। वडा तहअन्तर्गतका बस्ती र टोल स्तरको आयोजनाहरू छनौट गर्दा निम्नलिखित प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ।

(क) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरूलाई विभिन्न बस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्नेगरी जिम्मेवारी प्रदान गर्नुपर्ने हुन्छ।

(ख) प्रत्येक वडाले वडा भित्रका बस्ती र टोलहरूमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तीमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत् जानकारी गराउनु पर्नेछ।

(ग) नगरपालिकाका अन्तर्गतका वडामा रहेका बस्ती/टोलको भेला मार्फत् बस्ती/टोलस्तरका आयोजना तथा कार्यक्रम छनौट गर्ने बस्ती तथा टोलस्तरमा आयोजना छनौट गर्दा समुदायको आवश्यकता पहिचान गरी आयोजना, कार्यक्रम छनौट गर्नुपर्ने हुन्छ।

(घ) बस्ती/टोल स्तरका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै बर्ग र समुदाय, महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग आदि लगायत सबै समुदायको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्नुपर्ने हुन्छ।

(ङ) बस्ती/टोल भित्रका क्रियाशील सामुदायिक सस्थाहरू (टोल विकास सस्था, महिला/आमा समुह, वाल क्लव र सञ्जाल, युवा क्लव, स्थानीय गैर सरकारी संस्थाहरू, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूहजस्ता समूहहरूलाई पनि सहभागी गराउनु पर्ने हुन्छ।

माथि उल्लेख भए बमोजिमका सरोकारवालाहरूको अधिकाधिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै आयोजना छनौटको सम्बन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी आयोजनाहरूको छनौट गर्नुपर्नेछ। यसरी बस्तीस्तरमा छनौट भएका आयोजना/कार्यक्रमहरूको सूची संयोजकले लिखित रूपमा तयार गरी वडा समितिमा पेश गर्नुपर्ने हुन्छ।

वडा समितिहरूले टोल/बस्तीस्तरबाट प्राप्त आयोजना र कार्यक्रमहरूलाई विषयक्षेत्रअनुसार समूहकृत गरिन्छ। स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिवाट प्राप्त बजेट सीमा र मार्गदर्शनको आधारमा सम्बन्धित वडाहरूले बस्ती टोलबाट प्राप्त योजनाहरूमध्येबाट वडाको लागि प्राप्त बजेट सीमाको अधीनमा रही योजनाहरूको छनौट र प्राथमिकता निर्धारण समेत गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नुपर्ने हुन्छ।वस्ती टोलबाट योजना माग गर्दा वडास्तरका महत्वपूर्ण योजनाहरू छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरू वडा समितिको बजेट सीमा भित्र रही औचित्यको आधारमा समावेश गर्न सक्नेछ। वडाको बजेट सीमाभित्र कार्यान्वयन हुन नसक्ने नगरपालिका स्तरीय महत्वपूर्ण आयोजनाहरू भएमा वडा समितिले नगरपालिकामा छुट्टै सूची पठाउन सक्नेछ।

वडा समितिले आयोजनाहरूको प्राथमिकीकरण गर्दा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तोकेको आधारहरू र दिगो विकास लक्ष्य प्राप्त गर्ने कार्यक्रमलाइ बिशेष ध्यान दिनुपर्ने हुन्छ। यसरी छनौट भएका योजनाहरूको प्राथमिकीकरणका साथ नगरपालिकामा पठाउनुपर्ने हुन्छ।

## सन्दर्भ सामाग्रि


- त्रिपुरासुन्दरी नगरपालिकाको पाश्र्वचित्र, २०७५
- त्रिपुरासुन्दरी नगरपालिकाको लैससास मूलप्रवाहीकरण प्रतिवेदन २०७९
- त्रिपुरासुन्दरी नगरपालिकाको आ.व. २०८०/२०८१ को बजेट तथा कार्यक्रम
- त्रिपुरासुन्दरी नगरपालिकाको आ.व. २०८०/२०८१ को नीति तथा कार्यक्रम
- राजस्व सुधार कार्ययोजना,२०८०
- त्रिपुरासुन्दरी नगरपालिकाको वेइवसाइट
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, श्रोत www.mof.gov.np
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा तत्सम्बन्धी नियमावली २०७७
- राष्ट्रिय जनगणना, २०७८, प्रतिवेदन नतिजा। काठमाडौँ, केन्द्रीय तथ्याङ्क विभाग।
- नगरपालिकाका तथा नगरपालिकाको योजना तथा बजेट तर्जुमा हाते पुस्तिका (२०७७) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।
- दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, २०७७।
- नेपालको संविधान (भाग ३, मौलिक हक र कर्तव्य, धारा १८-४८; भाग ४, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व, धारा ४९, ५०, ५१ र ५२; भाग ५, राज्यको संरचना र राज्यशक्तिको बाँडफाँट; भाग १७, स्थानीय कार्यनगरपालिका, धारा २१४-२२०; भाग १८, स्थानीय व्यवस्थापिका, धारा २२१-२२७; भाग १८, स्थानीय तहको आर्थिक कार्यविधि, धारा २२८-२३०; भाग २०, संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध, धारा २३१-२३७)
- नेपालको दीगो विकासको सोच, पन्ध्रौं योजना तथा दीगो विकासको लक्ष्य
- नेपालमा दिगो विकासको लक्ष्यको अवस्था तथा मार्गचित्र, २०१६-२०३०, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, ई.सं. २०१७।
- नगरपालिकाको योजना तर्जुमा दिग्दर्शन (नमूना), २०७७, नेपाल नगरपालिका सङ्घ, लाजिम्पाट, काठमाडौं
- वातावरणमैत्री स्थानीय शासन प्रारूप, २०७८ नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं नेपाल।
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (२०७८)
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित), संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ राष्ट्रिय योजना आयोग।
- स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन कार्यविधि, २०७७, नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं नेपाल।
- स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७, नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं नेपाल।

## अनुसूचिहरू

### अनुसूचिः १ विश्वका केहि विकास मोडलहरूको तुलनात्मक अध्ययण

विश्वका विभिन्न राष्ट्रहरूको तुलनात्मक अध्ययन गर्दा दोस्रो विश्वयुद्धपछि मात्र धेरै देशले एउटै पुस्तामा नाटकीय आर्थिक उपलब्धि हासिल गरेको पाइन्छ । माइकल स्पेंस नामका नोबेल पुरस्कार विजेताको अध्यक्षतामा गठित एउटा चर्चित (Growth Commission Report) ग्रोथ कमिसन रिपोर्टमा १३ देशलाई उच्च सफलताको कोटीमा राखिएको छ । ती देशहरूः जापान, कोरिया, थाइल्यान्ड, मलेसिया, इन्डोनेसिया, सिंगापुर, ताइवान, चीन, हंगकंग, ब्राजिल, ओमान, माल्टा र बोस्टसवाना हुन् । यी मध्ये ९ देश एसियामै छन् । ती मुलुकले २५ वर्षसम्म ७ प्रतिशत भन्दा माथिको आर्थिक वृद्धि दर हासिल गरे । दिगो र उच्च आर्थिक वृद्धिदरले यी राष्ट्रहरूलाई आर्थिक रूपले निकै माथि उठायो । यी राष्ट्रहरूको अनुभवले के देखाउँछ भने विकासको उच्च स्तर प्राप्तिका लागि ७ प्रतिशत आर्थिक वृद्धिदरले करिब १० वर्षसम्म निरन्तरता पाउने हो भने जीडीपी दुई गुना हुन्छ र यो २५ वर्ष सम्म निरन्तर गर्यो भने एक पुस्तामै आर्थिक कायापलट हुन जान्छ । सफल यी १३ देशका पछाडि ५ साझा कुरा छन्: त्यहाँको नेतृत्व र प्रशासन विकासप्रति प्रतिबद्ध थियो, निजी क्षेत्रलाई विश्व आर्थिक मञ्चमै व्यापार गर्न उतारियो, समस्टिगत आर्थिक स्थिरता कायम गरियो, उत्पादनशील साधन र स्रोतको बाँडफाँडको जिम्मा बजार अर्थतन्त्रलाई दिइयो र आन्तरिक लगानीका लागी नागरिक तहमा ठूलो बचत गराइयो (वाग्ले, २०१५) । संघीय शासन प्रणालीको शुरुआत पछि नेपालले द्रुततर आर्थिक विकासमा जोड दिएको छ । नेपालको नव निर्माण र द्रुततर विकासका लागि यी राष्ट्रहरूको अनुभव उपयोगि हुने भएकोले छोटो अवधिमा उच्चतम विकास हासिल गरेका केहि राष्ट्रको विकासको अनुभवलाई यहाँ उल्लेख गरिएको छ ।

### (क) एसियन टाइगर्स (Asian Tigers)

सन् १९६० को दशकको सुरुसम्म दक्षिण कोरिया, सिङ्गापुर, ताइवान र हङ्ककङ अविकसित क्षेत्रको रूपमा थिए । यी मध्ये दक्षिण कोरिया र सिङ्गापुर सार्वभौम राष्ट्र हुन् । हङ्ककङ पहिले बेलायतको र हाल चीनको शासन अन्तर्गत रहेको छ तर यस भूभागलाई केही हदसम्म राजनीतिक स्वायत्तता प्राप्त छ । ताइवान भने चीनमा सन् १९४९ मा सकिएको कम्युनिस्ट र कोमिन्ताङ पार्टीबीचको गृहयुद्धमा पराजित भएर भागेको पक्षले शासन गर्न थालेपछि तत्कालीन चीनको नियन्त्रणबाट अलग भएको भूभाग हो । बेइजिङ र ताइवानमा रहेका सरकार दुवैले आफूमा १९४९ अघिको चीनको स्वामित्व रहेको दाबी गर्छन् । तर यी चार देशहरूले लगभग पचास वर्ष भित्र इतिहासमा कमै देखिने एकै पुस्तामा तेस्रो विश्वबाट पहिलो विश्वमा आर्थिक विकासको लामो फड्को मारेको इतिहास छ ।

यी चार एसियाली टाइगर्सको विकासलाई बुझाउन माथिको चित्र उपयोगि हुन सक्छ जस्ले यो क्षेत्रको आर्थिक विकासको चरित्रलाई बुझ्न र यिनीहरूले अवलम्वन गरेको विकास मोडेलको सामान्य जानकारी लिन केही हदसम्म सघाउ पुयाउँदछ । भनिन्छ, आर्थिक विकासको मोडेलका प्रकारहरू विकास अर्थशास्त्रीहरूको सङ्ख्या जति नै छन् तर पनि यसलाई मूलतः रूपमा निम्न तीन समुहमा वर्गीकरण गरि विभाजन गर्न सकिन्छ: बजार निदर्नेशित, हस्तक्षेपकारी र राज्य नियन्त्रित विकास मोडेल । विभिन्न राष्ट्रहरूले यी तिन मोडल वा आफ्नो देशको विशिष्ट परिस्थिति अनुकूल फरक प्रकारको विकास मोडेलको निर्माण गरि अघि बढिरहेका छन् ।

### (ख) दक्षिण कोरिया

दोस्रो विश्व युद्द पछि सन् १९४५ मा दक्षिण कोरिया जापानको शासनबाट स्वतन्त्र भयो । तर केही समयपछि नै ऊ अमेरिकाको नियन्त्रणमा आयो । त्यही समयमा भएको कोरियाली गृहयुद्धले यसको अवस्था अत्यन्त दयनीय अवस्थामा पुर्यायो । तीन वर्ष सम्म चलेको उक्त गृहयुद्धले दक्षिण कोरियाको तत्कालीन उत्पादन क्षेत्रको दुई तिहाइ हिस्सा नष्ट गराएको थियो । त्यो अवस्थादेखि हालको जी २० सम्मको दक्षिण कोरियाको उदय र विकासलाई मुख्यतः चार चरणमा वर्गीकरण गर्न सकिन्छ ।

दक्षिण कोरियाको विकासको सुरुवात त्यहाको प्रथम राष्ट्रपतिको कार्यकालबाट सुरु भएर पार्कको शासनको प्रारम्भ सम्म भएको मान्न सकिन्छ। विकासको पहिलो चरणमा युद्धको विनासबाट उठ्नका लागि केहि विशेष कार्यक्रमहरूको छनौट गरिएको थियो। त्यो समयमा यहाको कुल राष्ट्रिय उत्पादनको १५.९५ प्रतिशत हिस्सा अमेरिकी सहायताले ओगट्ने गर्दथ्यो। यो हिस्सा सबैभन्दा उच्च सन् १९५७ मा २२.९५ प्रतिशत सम्म पुगेको थियो। यो समयमा कोरियाको विकास एकदमै धेरै मात्रामा अमेरिकी सहायतामा निर्भर थियो। यो अवधिमा सरकारले मजदुर सङ्गठनमाथि निषेध गर्नुका साथै उग्र कम्युनिस्ट विरोधी कार्यक्रमहरू सञ्चालन गर्दै मजदुरहरूको ज्यालादर सस्तो बनाउने नीति अख्तियार गर्यो जसले औद्योगिक लगानीकर्तालाई प्रोत्साहित गर्योर तिव्रतर आर्थिक वृद्धिमा सहयोग पुर्यायो।

पार्क चुङ्ग हीले सन् १९६१ मा कू गरे पछिको अवधिलाई दोस्रो चरणको सीमा मान्न सकिन्छ। यो चरण सामान्य खालको उद्योगको विस्तार र निर्यात केन्द्रित उद्योगको विकासमा केन्द्रित थियो। युद्धबाट तङ्ग्रिएको र अमेरिकी सहायता माथिको निर्भरता निक्कै कम भइसकेको यस अवस्थामा कोरियाली अर्थतन्त्रले आफ्नो सस्तो श्रमको उपभोग गरेर हल्का औद्योगिक सामग्री उत्पादन गर्न थाल्यो। यही अवधिमा दक्षिण कोरियाले बजार निर्देशित र अझ हस्तक्षेपकारी आर्थिक मोडेल छाडेर राज्य नियन्त्रित विकास मोडेल प्रयोग गर्न थालेको थियो। सन् १९६२ मा कोरिया सरकारले पहिलो पञ्च वर्षिय आर्थिक विकास योजना अगाडि सार्यो जसले लगानी बढाउने, औद्योगिक संरचना निर्माण गर्ने र व्यापार सन्तुलन कायम गर्ने जस्ता स्पष्ट रूपमा बृहत् अर्थशास्त्रीय विकास लक्ष्यहरू अगाडि सारियो जसले त्यहाँको अर्थतन्त्रमा आमुल सुधार ल्याउनुका साथै विकास प्रक्रियामा तिव्रता लियो।

राष्ट्रपति पार्कका विभिन्न आर्थिक रणनीतिहरू मध्ये 'सेमाउल उन्दोङ' एक अत्यन्त सफल कार्यक्रम हो। गाउँको विकास भए मात्र देशको विकास हुन्छ भन्ने मान्यता राख्ने यो अभियानको मुख्य लक्ष्य गरिब जनतालाई धनी बनाउनु र गाउँको समग्र विकास गर्नु थियो। कोरियन भाषामा 'से' 'नयाँ', 'माउल' 'गाउँ' र 'उन्दोङ' भन्नाले 'अभियान'भन्ने बुझिन्छ। अथवा 'सेमाउल उन्दोङ भन्नाले नयाँ सामुदायिक अभियान भन्ने बुझिन्छ। यो अभियानको प्रर्वतक समाज सुधारक किम योङ की हुन्। उनले सन् १९६२ देखि यो अभियान संचालन गर्दै आएका थिए। किमले 'काम नगर्ने भए खाना नै नखाउ' भन्ने नाराका साथ यो अभियान सञ्चालन गरेका थिए। सेमाउल उन्दोङ सुख एवम् समृद्धिका लागि सञ्चालन गरिएको एक अभियान हो जस्ले गरिबी निवारण गर्ने, सबैले राम्रो शिक्षा, खाना र लुगा लगाउन पाउने र सुरक्षित तथा सुविधाजनक घरमा बस्न पाउन भन्ने उद्देश्य राखेको थियो।

किमको यो अभियानले 'ग्रामीण जनतालाई आत्मनिर्भर बनाउने र देशको बिकासमा टेवा पुर्याउँछ' भन्ने बुझेका दूरदर्शी सैनिक शासक पार्कजुङ हीले सबै जनतालाई यो अभियानमा सामेल हुन अव्हान गरे। उनले सन् १९७० अप्रिल २२ मा यो अभियानलाई सरकारी रणनीतिको रूपमा मान्यता दिए। सरकारी कार्यक्रमको मान्यता पाए पछि यो कार्यक्रमले नयाँ सामुदायिक अभियान सहित सहयोग र आत्मनिर्भरताको भावनाका साथ हाम्रो गाउँको सुधार र आधुनिकीकरण हामी आफैं गर्न सक्छौ भन्ने भावनालाई आत्मसात गर्दछ। कोरियालि सरकारले अभियानलाई कार्यान्वयनमा ल्याउदैँ उन्नत गाउँ निर्माणको निम्ति 'दश परियोजना'को कार्यसम्पादन निर्देशन जारी गरेर ३३ हजार २ सय ६७ गाउँमा लागु गर्दै सामुदायिक विकासका लागि जिन्सी सहायता दिन शुरु गरेको थियो। जसअन्तर्गत, सरकारले हरेक गाउँमा ३ सय ५५ बोरा सिमेन्ट र ५ सय केजी रड बाँड्न शुरु गर्यो। अर्कोतिर सरकारी कर्मचारी, विचारक, सामुदायिक अभियानका र निजी क्षेत्रका अगुवालाई तालिमको व्यवस्था गर्यो। कर्मचारीलाई भ्रष्टाचारी भावनाबाट टाढा रहन 'सुनलाई ढुंगा जस्तै देख' लेखिएको 'हरियो टाई' वितरण गरिएको थियो। यो अभियानले नागरिकलाई समाजप्रति समर्पित हुने अगुवा नेतृत्व तयार पार्यो। यसैको शिक्षाले सदस्यहरूलाई स्वतःस्फूर्त जग्गादान, श्रमदान, सामग्री दान गर्ने उत्प्रेरणा प्रदान गर्यो। नयाँ सामुदायिक अभियान लागु भएका गाउँले जनताको आय विस्तारै बढ्न थाल्यो। यो क्रम ४ वर्ष पुग्दा ग्रामीण जनताको

आय बढेर शहरी परिवारको आयभन्दा बढी हुन पुग्यो । यो कार्यक्रमले गाउँको विकास र स्वाधिन अर्थतन्त्रको निर्माणमा कोशे ढुंगा सावित भयो (सम्बाहाम्फे, २०७४) ।

सन् १९७४ मा आइ पुग्दा शहरी भन्दा ग्रामीण जनताको आय बढ्यो जस्को कारण के थियो भने सेमाउल उन्दोङ लागु भएको हरेक गाउँ वा इकाईमा कृषिमा आधारित एक सेमाउल उद्योग अनिवार्य खोल्नुपर्ने शर्त थियो । यस्ता उद्योगले गाउँको आय बढाउने काम गर्यो भने रोजगारीको अवसरहरूपनि प्रशस्तै सिर्जना गर्यो । उक्त अभियान शहरमा पनि लागु गरि औद्योगिक क्षेत्रहरूको विकास तीब्ररूपमा हुन गयो । शहर केन्द्रित उद्योगहरूको विकास हुँदा पनि सरकारले उद्योगको (Semi-Product) सेमी प्रोडक्ट सम्बन्धी कम्पनीहरूबढी गाउँमै स्थापना गर्ने नीति लियो । यो नीतिले गाउँ र शहरलाई जोड्ने र गाउँको विकास र रोजगारीमा टेवा पुर्याउने काम गर्यो । सन् १९७० मा ८३ करोड डलर निर्यात गरेको कोरियाले यो अभियानको सफलताकै कारण सन् १९८० सम्म आइ पुग्दा कोरिया एक औद्योगिक राष्ट्रका रूपमा दर्ज हुन पुग्यो । त्यस्तै गरि १९८० मा १७ अर्ब डलरको उत्पादन निर्यात गर्यो । यो अभियान शतप्रतिशत सफल हुनको कारण, यसमा गाउँलाई ४० र ५० घरको सानो भन्दा सानो इकाइमा विभाजन गरियो र प्रत्येक निर्णायक कार्यक्रममा सबै घरका प्रतिनिधिलाई राय व्यक्त गर्ने सुविधा दिइयो । यो इकाइले जे चाहन्छ, त्यसैमा परियोजना सञ्चालन गर्ने गरियो । यस्तो इकाईले एकातिर समुदायमा भावनात्मक एकताको बिकास गर्यो भने अर्कोतिर निर्णय गरिएका योजनाहरूमा असन्तुष्टि र असहमति भन्ने प्रश्नै उठ्न पाएन । यो अभियान सफल हुँदै गएपछि गाउँ ईकाईहरूले तर्जुमा गरेका परियोजनामा सरकारले ५० प्रतिशत ऋण, ३० प्रतिशत अनुदान र २० प्रतिशत समुदायको लगानी हुने व्यवस्था गर्यो । यो मोडेललाई केही वर्षमै राष्ट्रव्यापी गरियो । त्यस्तै अर्को महत्वपूर्ण कुरा, सरकारले समय सापेक्ष कृषीमा आधुनिकीकरण गर्यो । यसका लागि कृषी विज्ञलाई देशभर परिचालन गरेर कृषी तालिम प्रदान गरियो । यसले कृषिमा व्यापक आधुनिकीकरण गर्यो जसको कारण अहिले कोरिया २ देखि ३ प्रतिशत कृषककै उत्पादनले खाद्यान्नमा आत्मनिर्भर बनेको छ । यो अभियान कुनै समय भोक, रोग र बेरोजगारीले तड्पिएका कोरियाली किसानका लागि सफलताको मन्त्र बन्यो (सम्बाहाम्फे, २०७४) । यो अभियानवाट नेपालले प्रशस्त शिक्षा लिन जरुरी देखिन्छ ।

त्यस्तै गरि उनले निर्यातबाट कमाइ भएको लगानी उच्च प्रविधिहरू र मेसिनहरूमा लगानी गरे । यी सामग्री अर्को चरणको विकासका लागि आवश्यक हुन्थ्यो । त्यस अतिरिक्त त्यो समयमा पार्कको सरकारले विदेशी सामग्रीहरूमा भन्सार कर बढाएर स्वदेशी उद्योगहरूलाई अनुदान दिएर ठूला उद्योग विकास गर्न सहयोग गरेको थियो । यसले दक्षिण कोरियालाई तेस्रो चरणमा ल्याइपुर्यायो । पार्कको दोस्रो पञ्च वर्षीय योजनामा यसको प्रत्यक्ष्य प्रभाव देख्न सकिन्छ । उनले ठूला र रासायनिक उद्योग खोल्नेलाई सहयोग गर्ने नीति लिए । यो चरण कोरियाको विकास चरणको सबैभन्दा लामो अवधि रह्यो । यो चरणमा वैदेशिक पूँजीमा नियन्त्रण भए पनि सरकारको निगरानीमा यसलाई भित्र्याइयो । यो अवधिमा निर्यात वार्षिक रूपमा ३५.२५ दरले वृद्धि भयो । सन् १९९० को दशकमा दक्षिण कोरियाली अर्थतन्त्रमा उल्लेख्य परिवर्तनहरू देखिए । यही समयमा देशले विकासको चौथो चरणमा आइपुग्यो । यो अवधि उच्च प्रविधिको उद्योगको रह्यो । सन् १९८८ मा द. कोरियाले गर्ने निर्यातमा १५.५ प्रतिशत हिस्सा मात्र उच्च प्रविधिको सामग्री हुन्थ्यो । त्यसपछिको हरेक वर्ष यसमा लगभग शत प्रतिशतले वृद्धि भएको छ । कोरियाली सामग्रीको अन्तराष्ट्रिय बजारमा बढेको माग र घरेलु उपभोगमा भएको उच्च वृद्धिका कारणले कोरियाले परिपक्व र सम्पन्न राज्यका रूपमा स्थिरता प्राप्त गर्यो । यसले कोरियाली समाजको हरेक तप्काको जीवन स्तर बढायो । कोरियाली इतिहासमा दोस्रो देखि चौथो चरणसम्म स्थिर रूपमा उच्च आर्थिक वृद्धि देखियो । सन् १९६२ देखि १९९५ सम्म दक्षिण कोरियाले औषतमा वार्षिक १०५ प्रतिशत आर्थिक वृद्धि दर हासिल गर्यो (उप्रेती, २०७५) । यसर्थ , कोरियाली विकास मोडल विश्वकै उत्कृष्ट आर्थिक विकास मोडलको रूपमा स्थापित हुन पुग्यो ।

### (ग) सिङ्गापुर

विश्वको प्रमुख औद्योगिक देश सिङ्गापुर, चार एसियाली टाइगर्समा सबैभन्दा प्रजातान्त्रिक मुलुक हो । एक बेलायतीको कूटनीतिज्ञको शब्दमा ली क्वान युको अद्भूद नेतृत्वमा यो राज्यमा 'राजनीति हराएर' पूरै राज्य नै एक 'प्रशासनिक एकाई'मा बदलिएको थियो । सन् १९६५ मा मलेसियाबाट मन नलागी नलागी स्वतन्त्रता स्वीकारेपछि लीले सन् २०११ मा सन्यास नलिएसम्म सिङ्गापुरको राजनीतिलाई 'नरम निरंकुशता' सहित नियन्त्रणमा राखे । यो अवधिमा सिङ्गापुरले अभूतपूर्व आर्थिक विकास गर्नुको साथै विश्व रंगमञ्चमा आफुलाई एक सम्वृद्धशाली राष्ट्रको रूपमा स्थापित गराउन सफलता हासिल गर्यो । सिङ्गापुरको विकासले दक्षिण कोरिया र ताइवानको भन्दा फरक बाटो लिएको छ । उसलाई युद्धबाट राज्यलाई पुनःनिर्माण गर्ने चुनौती थिएन तर यो सहरी राज्यले आफूसँग आफ्ना नागरिकलाई खुवाउन पुर्याउन सक्ने जमिनसमेत थिएन । राज्यका लागि आवश्यक खाद्यान्न र पानी समेत छिमेकी मुलुकवाट आयात गरेर आपुर्ती गर्ने सिङ्गापुरले यो अवस्थामा सुधार ल्याउनका लागि राज्यलाई निर्यात मुखी सामान्य उद्योगहरूको विकासलाई जोड दिने नीति अख्तियार गर्यो । सिङ्गापुरले आफ्नो स्थानीय तहमा रहेको प्राविधिक र व्यवस्थापकीय ज्ञानको अभावलाई अन्तराष्ट्रिय संस्थाहरूलाई आकर्षित गरेर सरकारी अनुगमन सहित पूरा गयो । सन् १९७० को दशकसम्म सिङ्गापुरको अर्थतन्त्रको संरचनामा उलेख्य परिवर्तन आयो जस्ले निर्माण उद्योग र ठूला उद्योगहरूको स्थापनामा विशेष जोड दिएको थियो । कतिपय विद्वानहरूले यो परिवर्तनलाई चीनमा देङको सुधारपछि आएको परिवर्तनको विरुद्दमा चिनलाई चुनौती दिन थालिएको कदमको रूपमा उल्लेख गर्दछन ।

सन् २००० मा लि क्वान युको किताब 'फ्रम थर्ड वर्ल्ड टु फष्ट: द सिंगापुर स्टोरी १९६५ (From third world to first: The Singapore Story) प्रकाशित भयो । विश्व पुस्तक बजारमा 'वेष्टसेलर' रहँदै आएको यो किताबको प्रारम्भ गर्दै लि क्वान यु लेख्छन 'घर कसरी बनाउने, इन्जिन कसरी मर्मत गर्ने, किताब कसरी लेख्ने भनेर तपाई सिकाउने पुस्तकहरू पाइन्छन् । तर चाइना, ब्रिटिस इन्डिया र डच इस्ट इन्डिजबाट बाहिर छरिएर संकलित भएका आप्रवासीहरूले राष्ट्र कसरी निर्माण गर्ने, क्षेत्रीय व्यापारिक केन्द्रको पुरानो आर्थिक भूमिका गुमाएर मृतप्रायःबनिरहेका जनतालाई कसरी जिवन्त बनाउने भनेर सिकाउने पुस्तक मैले कतै देखिनँ । त्सैले यो कितावको लेख्ने आवश्यकता रहेको हो ।

यो किताबले मुलत निम्न २ वटा तथ्यहरूमा जोड दिएको छ ।

१. कुनै पनि राष्ट्र निर्माणको बनिबनाउ मोडेल हुँदैन । त्यो अरु कसैले सिकाउन सक्दैन । स्वयं त्यो देशका जनता वा नीति निर्माताले आफै पत्ता लगाउन सक्नु पर्दछ ।

२. राष्ट्र निर्माणको मोडेल तयार गर्दा मुख्य ३ वटा तत्वहरूलाइ हेर्नु पर्दछ: जनसंख्या संरचनाको ऐतिहासिकता, भूराजनीति र आर्थिक सम्भावना । पुस्तकको यो प्रारम्भीक वाक्यलाई उपसंहार खण्डको अर्को एक वाक्यसंग जोड्नु उचित हुन्छ । उनी लेख्छन 'हामी कामबाट सिक्थ्यौं, छिटट् सिक्थ्यौं । हाम्रो सफलताको एउटा मात्रै सुत्र थियो, कसरी चिजहरूलाई बढी कामकाजी बनाउने भनेर, तिनीहरूलाई अझ राम्रो कसरी बनाउने भनेर निरन्तर अध्ययन गर्थ्यौ । म कहिल्यै कुनै सिद्धान्तको बन्दी बनिनँ । मलाई कारण र यथार्थहरूले मात्र मार्गदर्शन गर्न सके, सिद्धान्तले हैन । कुनै पनि सिद्धान्त, योजना वा सोचले राम्रो काम गर्छ, गर्दैन भन्ने 'एसिड टेष्ट' (द्रूत जाँच) गर्थे । यदि कुनै चिजले राम्रो काम गर्दैनथ्यो वा कमजोर परिणाम दिन्थ्यो भने त्यस्तो चिजमा म थप समय र स्रोत खर्चिन्नथें ।' (खतिवडा, २०७६)

सिङ्गापुरको आर्थिक समृद्धिमा निम्न सिद्दान्तहरूको महत्वपुर्ण भूमिका रहेको पाइन्छ ।

***क. खुला वजार सिद्दान्त (Free Market Principles):*** सिङ्गापुरले पूँजिवादी आर्थिक सिद्धान्तलाई आफ्नो विकासको मुख्य सिद्धान्तको रूपमा अवलन्वन गरिरहेको छ । जस अन्तगत निम्न सिद्धान्तहरू पर्दछन ।

- श्रम बजारको व्यवस्थापन (Labor Market)
- उत्तरदायी कर्मचारीतन्त्र (Accountable Bureaucracy)

- न्युन कर दर (Low Tax Rates)
- न्युन सरकारी खर्च (Government Expenditure)

***ख. समाजवादी सिद्दान्त (Socialistic Principles):*** सिङ्गापुरले समाजवादी आर्थिक सिद्धान्तलाई पनि त्यत्तिकै जोड दिएको छ जस अन्तर्गत निम्न सिद्धान्तहरू पर्दछन ।

- सार्वजनिक घरहरूको निर्माण (Public Housing)
- सार्वजनिक स्वास्थ्य सुविधा (Public Healthcare)

यी दुई सिद्धान्तहरूलाई अवलम्वन गर्दै सिङ्गापुरले विकासमा उच्च सफलता प्राप्त गरेको थियो । विकासको अन्तिम चरण उच्च प्रविधिको उद्योगको स्थापना सँगै अन्त्य भएको थिएन । बरु सिङ्गापुरलाई दक्षिणपूर्वी एसियाको आर्थिक र वित्तीय केन्द्रका रूपमा विकास गरेर अगाडि बढेको थियो । उच्च प्रविधिको उद्योगमा झैं व्यापार, आयात सुधार र वित्त सबैमा सीपयुक्त श्रमिकको आवश्यकता पर्छ । सिङ्गापुरको अवस्थिति र पछिल्लो समयको आर्थिक उदारीकरणले यी उच्च स्तरका उद्योगलाई निकै सहयोग गर्यो। यसले सिङ्गापुरलाई अन्ततः ताइवान र दक्षिण कोरियाजस्ता उच्च प्राविधिक राष्ट्रको समकक्षमा राखिदियो । राज्यको केन्द्रीय कोषले ठूलो उद्योगका लागि आवश्यक पूर्वाधार निर्माणमा गरेको सहयोग र ली क्वान युको आर्थिक र राजनीतिक दुवै क्षेत्रमा प्रभुत्वले गर्दा सिङ्गापुरको विकासमा सरकारको भूमिका सबैभन्दा महत्वपूर्ण देखिन्छ जसलाई नेपाल लगायत अन्य राष्ट्रहरूले पनि प्रेरक उदाहरणको रूपमा लिन सक्दछन् ।

### (घ) ताइवान र हङ्कङ्

हाल चिनको स्वशासित क्षेत्रको रूपमा रहेको ताइवानको कथा पनि कोरियाको जस्तै छ । ताइवानको प्रारम्भ दक्षिण कोरियाको अवस्थाभन्दा दयनीय थियो । ताइवानको कथा पनि युद्धको समाप्तीबाटै सुरु हुन्छ । तर ताइवान आफै भने सो युद्धबाट त्यति प्रभावित भएको थिएन । चिनियाँ गृहयुद्ध मुख्य त मूलभूमि चीनमा लडिएको थियो । तथापि दोस्रो विश्वयुद्धसम्म यो पनि जापानको अधीनमा थियो । त्यो अवधिमा त्यहाँ कृषिमा केही सुधारका काम भएका थिए । त्यतिवेला सम्म यो टापु विशेष धान, उखु र भुइँकटर र केही कपडा उद्योगको अवस्थामा मात्र सिमित थियो । यसको साथै कृषि र माछापालनले यो भूगोलको कूल ग्राहस्थ उत्पादनको एक तिहाइ भाग ओगटने गर्दथ्यो ।

प्रारम्भमा च्याङ काइ सेकको सरकारले राज्यलाई अनुदानमा चलाउने खालको नीति लिएपछि सन् १९५० को दशकमा अमेरिकाले ताइवानलाई दिइरहेको अनुदान रोक्ने चेतावनी दियो । त्यसपछि राष्ट्रपति चियाङ र उनको कोमिन्ताङ पार्टीले कोरियाले लिएको जस्तो औद्योगिकीकरणको योजनाहरू अघि सारे । औद्योगिकीकरणले कृषिको कुल ग्राहस्थ उत्पादनमा रहेको योगदानलाई ७५ प्रतिशतमा मा झर्यो । कोरियामा जस्तै ताइवानले पनि प्रारम्भमा सामान्य खालको उद्योगमा विकास गर्यो। तर यहाँ भने कोरियामा भन्दा अलि लामो समय सन् १९८० को दशकसम्म यी सामान्य खाले उद्योगहरूको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका रह्यो । त्यसपछि यहाँ ठूला उद्योगहरूको स्थापनाको सुरवात भयो । सुरुमा विशेषत स्टिल, विद्युतीय र पेट्रोलियम उत्पादनसम्बन्धी उद्योग खोलिए । ताइवानले वैदेशिक लगानी आकर्षणका लागि केही सरकारी उद्योगहरू निजीकरण गरेको भए पनि अधिकांश ठूला उद्योगहरू सरकारको नियन्त्रणमै राख्यो । च्याङले यिनै उद्योगहरूको बलमा चिनियाँ मूलभूमि पुनः कब्जा गर्ने सोचेका थिए ।

राज्यले अर्थतन्त्रमाथिको नियन्त्रण बलियो बनाउने नीति लिएको थियो । वैदेशिक विनिमयमा नियन्त्रण, आयातमुखी उद्यमलाई सरकारी प्रोत्साहन गर्ने नीति, राज्य नियन्त्रित संस्थामार्फत नै कच्चा पदार्थको माग पुर्याउने जस्ता कदममार्फत सरकारले अर्थतन्त्रमा नियन्त्रण कायम गरिरहेको थियो । ताइवानले आफ्नो अर्थतन्त्रको परिपक्वता कोरियालेझैं उच्च प्राविधिक विकासमा पुगेर सम्पन्न गर्यो। सन् १९७० को दशकमा उच्च शिक्षित जनशक्तिको विकासको कारणले

ताइवानको श्रमिकको ज्याला बढेको थियो । त्यसै अवधिमा चीनमा भएको आर्थिक विकास र त्यहाँको सस्तो श्रमको कारणले भएको उत्पादन सँग ताइवानले प्रतिस्पर्धा गर्न नसक्ने अवस्थाको सिर्जना भयो । त्यसपछि ताइवानले उच्च मूल्यका वस्तुको उत्पादन र सेवामा ध्यान स्थानान्तरण गर्यो। सरकारले मुख्यतः निर्यातमुखी आर्थिक संरचना, उच्च प्रविधि र उच्च सीपका उद्योगमा स्तरोन्नति गर्ने निर्णय गर्यो। त्यसपछि ताइवानको पहिचान बनेको सूचना प्रविधि र सेमी कन्डक्टर जस्ता अन्य महत्वपूर्ण प्राविधिक उद्योगको विकासमा राज्यको भूमिका महत्वपूर्ण रह्यो । ताइवानले दुई विषय बाहेक लगभग कोरियाको विकास परिपथ नै पछयाएको देखिन्छ। दक्षिण कोरियासँगको उसको पहिलो फरक सन् १९८० को दशकसम्म ताइवानको अर्थतन्त्रमा कपडा उद्योगजस्तो हलुका उद्योगको महत्वपूर्ण भूमिका देखिन्छ जुन कोरियाली अर्थतन्त्रमा छोटो समय मात्र रहेको थियो । त्यस्तै ताइवानको सन्दर्भमा अनुदान रोक्ने धम्की नआएसम्म नेतृत्व पहिलो चरणमा रमाइरहेको थियो जबकी द. कोरियामा नेतृत्व आफैले आत्मनिर्भर हुने रणनीति लिएको थियो। (उप्रेती, २०७५) हङ्ककङको विकास धेरै अर्थमा ताइवानको जस्तै रह्यो । बेलायतको अधिनमा रहेको हङ्ककङ चीनको मातहतमा गएपनि हङ्ककङको अर्थतन्त्र पुँजिवादी चरित्रको नै रहेको छ । त्यसो हुनुको पछाडि हङ्ककङ अगाडि देखि नै औद्योगिकीकरणको चरणमा गएको थियो । अन्य तीन राष्ट्रहरूले सन् ६० को दशकमा विकास सुरु गरेका हुन् भने हङ्ककङमा सन् १९५० को दशकमै विकास प्रारम्भ भइसकेको थियो । सिङ्गापुरसँगको अन्य समानतामा हङ्ककङले पनि जग्गा अभावका कारण अन्न आयात गर्नुपर्थ्यो । उसलाई यसबाट भएको व्यापार असन्तुलनलाई सन्तुलनमा ल्याउनु थियो । त्यसका साथै अन्य राष्ट्रहरू जस्तै हङ्ककङ पनि औद्योगिकीकरणको चरणपछि उच्च प्राविधिक विकास भन्दा व्यवसायिक केन्द्रका रूपमा विकास भयो (उप्रेती, २०७५) । हाल सम्म पनि हङ्ककङ चिनको मातहतमा रहेको एक विश्व प्रसिद्ध औद्योगिक क्षेत्र र अन्तराष्ट्रिय बजारको रूपमा विश्व प्रसिद्ध रहेको छ ।

**(ङ) मलेसिया**

उपनिवेश हुँदै स्वतन्त्रताको लडाई जितेर विकासको पथमा लम्किएको मलेसिया आजसम्म आइपुग्दा विश्वको ध्यान आकर्षित गर्ने देश बन्न सफल भएको छ । विदेशी लगानी भित्र्याएर बनेको मलेसियाले हालका दिनमा लाखौ विदेशी कामदारलाई रोजगारी दिएको छ र आर्थिक विकासमा थप सशक्त ढंगले लागिपरेको छ । व्यवस्थित सहरीकरण र सडक सञ्जाल, गगनचुम्बी भवन, स्वस्थ्य र हराभरा वातावरणका साथै राज्य सञ्चालनमा अपनाइएको 'सिस्टम'ले विश्वको ध्यान मलेसियातर्फ तानिएको छ । ४० वर्षको मेहनत र योजनाबद्ध सक्रियतामा तत्कालीन मलेसियन प्रधानमन्त्री महाथीर महम्मदले जसरी मलेसिया बनाउने काम गरे नेपालजस्ता विकासशिल मुलुकमा पनि राजनीतिक इच्छाशक्ति हुने हो भने विकास गर्न कुनै कठीन हुने रहेनछ भन्ने बुझ्न सकिन्छ । आफ्नै विकासको मोडल, सभ्यता, इतिहास, संस्कृति, रहनसहन बोकेको मलेसियामा पर्याप्त पर्यटकीय स्थल रहेकै कारणले गर्दा बर्सेनी २५ मिलियनबढी पर्यटक मलेसिया पुग्ने गर्छन् । पर्यटकहरूको ओइरो लाग्ने मलेसियाको कूल ग्राहस्थ उत्पादनको महत्वपूर्ण हिस्सा पर्यटन क्षेत्रले ओगटेको छ । मलेसियाको विकास, तिव्रतम प्रगति र पर्यटन लोभ्याउने गन्तव्यले होटल व्यवसाय, स्थानीय उत्पादन र स्थानीय वजार निकै फस्टाएका छन् । (सिग्देल,२०१९)

नेपाल उद्योग वाणिज्य महासङ्घको आयोजना तथा नेपाल सरकारको सहआयोजनामा भर्खरै नेपाल बिजनेस कन्क्लेभ (Business Conclave) सम्पन्न भएको छ । यस कनक्लेभको विशेषता भूतपूर्व मलेसियाली प्रधानमन्त्री महाथिरको सहभागिता एवं सम्मेलनमा उहाँले प्रस्तुत गर्नुभएको विकासको मोडेल नै रह्यो । आफ्नो प्रस्तुतिमा उहाँले दोस्रो विश्वयुद्धपछि उहाँको सरकारले सर्वप्रथम गरिब र धनीबीचको खाडल घटाउने योजना बनाएर भूमिहीनहरूको लागि भूमि वितरण कार्यक्रम अगाडि सारेको बताउँदै खेतीयोग्य जग्गाको कमीले यो कार्यक्रमले पूर्ण लक्ष्य प्राप्त गर्न नसकेकोले पुन सरकारले औद्योगीकरणको नीति अख्तियार गरेको खुलासा गर्नुभएको थियो । त्यस बेला मलेसियासँग औद्योगीकरणको लागि अनुभव नभएकोले विदेशी लगानीकर्ताहरूलाई रोजगारी सिर्जना गर्ने खालको उद्योगहरूमा लगानी गर्न निम्त्याएको

स्मरण गर्दै यसबाट रोजगारीमा आमजनताको पहुँच बढ्नुको साथै शिक्षित श्रमिक उत्पादन गर्न शिक्षामा लगानी बढाउनुपरेको थियो, जसबाट शिक्षित बेरोजगारीको समस्या समेत हल हुन पुगेको थियो । उनले आफ्नो सरकारले राजस्वभन्दा रोजगारी सिर्जनालाई प्रमुख लक्ष्य बनाई हिंडेकोले आज मलेसिया औद्योगिक मुलुकको पङ्तिमा उभिएको मन्तव्य व्यक्त गर्नुभएको थियो ।

तानाशाहको नाम दिइएका उनले मलेसियामा १९८१ देखि २००३ सम्म अर्थात् २२ वर्ष शासन गरे र यस अवधिमा मलेसियाको आर्थिक वृद्धिदर औसत १० प्रतिशत रह्यो भने जीवनस्तरमा २० गुणाले सुधार भयो । यस्तो कसरी भयो भन्नेबारे आफ्नो अनुभव सुनाउँदै उहाँले भन्नुभयो– मलेसियामा पनि १४ वटा पार्टी थिए । तर विकासको लागि राजनीतिक स्थिरता र व्यापार अनुकूल नीति नियमको आवश्यकता पर्दछ । हामीले यसलाई पूरा गर्दै गयौं र अन्तत देशको राजस्व बढ्न थाल्यो जसबाट हामीले आधारभूत आवश्यकता पूरा गर्दै सबै जनताको जीवनस्तर उकास्न सक्यौं । मलेसियाका डा. महाथिर मोहम्मदको योगदानलाई उच्च मूल्याङ्कन गर्दै मलेसियाली जनताले हालै ९५ वर्षको उमेरमा विश्वकै सबैभन्दा जेष्ठ प्रधानमन्त्रीमा निर्वाचित गराएका छन् । अन्तराष्ट्रिय जगतमा थुप्रै युग नायक छन जसले विकास, समृद्धि र सुशासनमा कोसेढुंगाका रूपमा आफूलाई स्थापित गराएर जनताको मानसपटलमा चिरस्थायी बास बस्न सफल भए । महाथिर मोहम्मदको लोकप्रियता कुनै वाद र सिद्धान्तको उपज होइन, गरिबी कायापलट गरेर विकसित मलेसिया बनाउन उनले खेलेको योगदानको परिणाम हो (गुप्ता, २०१४) ।

मलेसियाको हाल सम्पन्न ११ औ पन्चवर्षिय योजनाले (२०१६–२०२०) समावेशिकरण, जनजिवनमा व्यापक सुधारको कार्यक्रम, आय र भौतिक पूर्वाधारमा जोड दिने र धनी गरिब विचको भिन्नता कमगर्ने नीति अगडि सारेको छ । मलेशियाले वैदेशिक लगानी भित्र्याउने नीति, प्रविधि र सुचना प्रसार गर्ने र मानविय पुँजिको अभिवृद्धि गर्ने कार्यक्रमहरूमार्फत दुत्ततर विकास गर्ने लक्ष्यलाई प्राथमिकता साथ अघि सारेको छ । नेपालको लागि पनि यो मोडेल अत्यन्त उपयोगी हुन सक्ने सन्देश दिँदै नेपालले विकासको लक्ष्य निर्धारण गर्दा रोजगारी सिर्जनालाई प्राथमिकता दिएर उपयुक्त र स्थायी वातावरण दिन सकेमा नेपालले पनि विकास गर्ने प्रचुर सम्भावना रहेको धारणा राख्नुभएको थियो । मलेसियाको यो उदाहरणबाट एक व्यक्तिको दुरदर्शि नीतिले राष्ट्रको मुहार फेरिन सक्छ भन्ने शिक्षा लिन सकिन्छ ।

### (च) स्विजरल्याण्ड

जनसंख्या र क्षेत्रफलको आधारमा स्विजरल्याण्ड नेपाल भन्दा साँढे तिन गुणाले सानो देश हो । जन घनत्वको हिसाबले नेपाल र स्विजरल्याण्ड उस्तै देश हुन् । दुवै देशमा १ बर्ग किलोमिटरमा १९८ जना बसोबास गर्दछन । स्विजरल्याण्डमा ८४० मिटर देखि ४६३४ मिटर मात्र अग्ला ४५१ साना हिमालहरूछन् । प्रत्येक साना हिमालको पनि नामकरण गरिएको छ । यी सबै हिमालमा पर्यटकलाई खुल्ला गरिएको छ । हिमालमा धुवाँ रहित रेल र केबलकार संजालले सबै प्रकारका मानिसलाई भ्रमण गर्न सम्भव बनाएको छ । स्विजरल्याण्डमा बार्षिक पर्यटकको संख्या २ करोड छ र पर्यटनबाट मात्र रु ४० खर्ब भन्दा बढी आम्दानी हुने गरेको छ । नेपालमा पनि सबै चुचुरालाई नामाकरण गर्नु, पर्यटनका लागि खुला गर्नु , हिमालका निश्चित उचाइ सम्म पर्यटन पूर्वाधारको विकास गर्न जरुरी छ, सयौं हिमाल हामी सँग छन् तर हालसम्म सम्पूर्ण हिम चुचुराहरूको नामाकरण गरिएको छैन र पर्यटनका लागि खुल्ला समेत गरिएको छैन ।

स्विजरल्याण्डको संघीय प्रणालीमा १३ वटा क्यान्टोन वा प्रदेशहरू छन् । असंलग्न परराष्ट्र नीति, कडा कानुन, द्रुत विकास, राष्ट्रिय सुरक्षा र राष्ट्रिय अर्थतन्त्र चाही स्विसहरूको राजनीतिक प्राथमिकतामा पर्दछन । स्विजरल्यान्डको सफल संघीय प्रयोगले के देखाउँछ भने राज्य बलियो हुनको निम्ति त्यस राज्यका जनता बलियो हुनुपर्ने रहेछ । जनता बलियो हुन तीनवटा कुरामा राज्यले जनतालाई हेरेको हुनुपर्छ, जनताको स्वास्थ्य, सामाजिक सुरक्षा र शिक्षा । स्विजरल्याण्डले यी तिनै कुराहरूमा जोड दिने गरेको छ र यी तिनै कुरामा जनतालाई सुविधा दिने राष्ट्रहरूको अग्रपङ्तीमा पर्दछ । स्विसहरू आफुले गरेको काममा कर तिर्छन । आफुले बनाएको नियमलाई कडाइका साथ पालन गर्छन ।

स्विजरल्याण्ड नेपाल जस्तै भू–परिवेष्ठित मुलुक हो। मुख्य आयस्रोत पर्यटन र कृषि नै हो। उन्नत कृषिबाट उत्पादित वस्तु र गाईको दुध यहाँको आम्दानीको मुख्य मेरुदण्ड हो। हुनत यहाँको बैकिङ्ग कारोबार अर्थतन्त्रको अर्को महत्वपूर्ण पाटो हो तर सन १८४८मा संघीय संविधान बनेदेखिको इतिहासको अध्ययनबाट के देखिन्छ भने संघीयताको सफल प्रयोगले स्विजरल्याण्ड यत्तिको बलियो भएको हो। स्विजरल्याण्डको शासन प्रणाली विश्वमा अनौठो मानिन्छ जहा ७ वटा संघका प्रमुखहरूले आलोपालो सरकार चलाउँछन। विभिन्न देशहरूको औपचारिक प्रतिनिधित्वमा भने उनीहरू राज्यको प्रतिनिधिको रूपमा गएका हुन्छन। कुनै पनि निर्णय लिँदा जनताको मतको कदर हुन्छ। ५० हजार हस्ताक्षर लिएर कुनै नागरिकले संविधानमा भएका कुरा फेर्न चाह्यो भने चुनाब गरिन्छ। हरेक संघको आफ्नै संसद, न्यायपालिका र प्रणाली छ। सम्प्रभुत्ता सबैको सहमतिको बिन्दु हो। जर्मन, इटालीयन , फ्रेन्च र अल्पसंख्यक रोमन भाषा भाषीलाई राज्यले मान्यता दिएको छ। संघीय प्रदेशहरूमा आफ्नै भाषा चल्छन। यसर्थ, स्विजरल्याण्डलाइ सबै हिसाबले अनुकरणिय राष्ट्र मानिन्छ। (इनेप्लिज,२०७३)

स्विजरल्याण्डलाइ विश्वको नमुना राष्ट्र बन्न सघाउ पुर्याउने केहि मुख्य कारक तत्वहरूलाई निम्न बुँदाहरूमा उल्लेख गरिएको छ।

१. क्षेत्रफलमा सानो आकार (Small Size)
२. वास्तविक प्रजातन्त्र (Genuine Democracy)
३. विकेन्द्रीकरणको राम्रो अभ्यास (Decentralization)
४. प्राथमिकता प्राप्त क्षेत्रमा विशेष सहुलियत दिने नीतिहरू (Subsidiary Principle)
५. गैर व्यावसायिक नेताहरू (Non-Professional Politicians)
६. पुँजि र वौद्धिक क्षेत्रका लागि सुरक्षित स्थान (Self-Heaven for Capital and Brainpower)
७. मध्यम वर्गिय मानसिकता (Middle-Class Mentality)
८. शिक्षामा विशेष जोड (Educational Priority)

यी विभिन्न कारकतत्वहरूले स्विजरल्याण्डको विकास प्रक्रियामा निकै सघाउ पुयाएका छन जुन नेपाल जस्तो भर्खर विकास पथमा अघि बढिरहेको राष्ट्रका लागि अनुकरणिय हुन सक्दछ।

### (छ) चीनको विकास मोडेल

सन् १९७८ मा देङ सियाओपिङ नेतृत्वमा आएपछिका चार दशकयता चीनले आफूलाई विश्व आर्थिक शक्ती (Power House) को रूपमा विकसित गरेको छ। साथै यसले विश्वव्यापी अर्थतन्त्र र भूराजनीतिमा समेत महत्वपूर्ण परिवर्तन ल्याएको छ। चीनमा आर्थिक सुधार गर्ने कामको सुरुआत कृषि क्षेत्रबाट गरियो। राज्यको नियन्त्रण केही खुकुलो बनाइयो र दोहोरो ट्र्याक मूल्य संयन्त्रको माध्यमबाट किसानहरूलाई बजार सहुलियत प्रदान गरियो। किसानहरूले आफ्नो प्रभावकारिता र उत्पादकत्व बढाएर यस सुधारप्रति सकारात्मक प्रतिक्रिया दिए। त्यसपछि अन्य क्षेत्रमा पनि थप सुधारका कार्य विस्तार हुँदै गयो। (Township and Village Enterprises) टाउनसिप एन्ड भिलेज इन्टरप्राइजेज (टिभइएस) भनिने हाइब्रिड खालको स्वामित्वको माध्यमबाट गैरकृषि क्षेत्रमा सहुलियत प्रदान गरियो। सहरतिर सुधार फैलिएसँगै राज्यका उद्योगहरूले थप एकाधिकार प्राप्त गरे र यसले उनीहरूलाई उद्यमी बन्न थप प्रेरित बनायो। लगानी गर्न र आर्थिक वृद्धि बढाउन प्रान्त तथा स्थानीय निकायहरूका लागि विभिन्न सहुलियतहरूको व्यवस्था गरिएको थियो। सन् १९९० को दशकताका स्पेसल आर्थिक जोन (एसइजेडएस) को वृद्धिले चीनलाई विश्व अर्थतन्त्रमा समायोजन हुन निर्णायक भूमिका निर्वाह गर्यो। (रोड्रिक, २०७५)

देङ सिआओपिङले चीनमा आर्थिक क्रान्ति शुरू गरेको सन् २०१८ मा ४० वर्ष पूरा भएको छ। त्यसलाई उनले चीनको दोस्रो क्रान्ति भन्ने गर्दथे उक्त आर्थिक सुधारपछि चीन विश्व अर्थतन्त्रमा दह्रो रूपमा प्रवेश गर्यो। आजको मितिमा चीन

विश्वको त्यस्तो देश भएको छ जोसँग सबैभन्दा बढी विदेशी मुद्रा सञ्चिति अर्थात् ३.१२ खर्ब डलर छ । चिनको हालको आर्थिक विकासको गतिलाई निम्न तथ्यहरूले पुष्टि गर्दछ ।

- कुल गार्हस्थ उत्पादन (११ खर्ब डलर) को मामिलामा चीन विश्वको दोस्रो ठूलो देश हो ।
- प्रत्यक्ष विदेशी लगानी आकर्षित गर्ने चीन विश्वको तेस्रो ठूलो देश हो ।
- सिआओपिङले सन् १९७८ मा आर्थिक सुधारका कदम चाल्दा विश्व अर्थतन्त्रमा चीनको हिस्सा जम्मा १.८ प्रतिशत थियो जुन सन् २०१७ मा आएर त्यो हिस्सा १८.२ प्रतिशत पुगेको छ ।
- चीन अब केवल एउटा उदीयमान अर्थतन्त्र मात्रै रहेन, बरू १५ औँ र १६ औँ शताब्दीताका विश्व अर्थतन्त्रमा करिब ३० प्रतिशत आफ्नो हिस्सा भएको अवस्थातर्फ उन्मुख भइरहेको राष्ट्र हो ।

चीनलाई शक्तिशाली बनाउने नेताहरूमा माओत्से तुङ, देङ सिआओपिङ र वर्तमान राष्ट्रपति सी जिनपिङको नाम आउँछ । देङ सिआओपिङ नेतृत्वमा भएको आर्थिक क्रान्तिको ४० वर्षपछि चीन एक पटक फेरि एउटा दह्रो नेतृत्व पाएर अघि बढिरहेको छ । सी जिनपिङ देशको अर्थतन्त्रलाई अझ प्रभावशाली बनाउन उत्पादनको क्षेत्रमा चीनलाई 'महाशक्ति' बनाउन चाहन्छन् । सी जिनपिङले देङ सिआओपिङका उदारीकरणका नीतिहरूलाई अगाडि बढाइरहेका छन जसमा आर्थिक सुधार लगायतका कदम समेटिएका छन् । चिनियाँ सफलताको कथा दोस्रो विश्व युद्धपछिको एउटा देशको विकासको कथामा मात्रै सीमित छैन । बरू त्यो एउटा नियन्त्रित अर्थतन्त्रबाट मुक्त र उदारीकरणमा आएको परिवर्तनको पनि कथा हो । विश्वका कैयौँ देशले पनि चीनले अवलम्बन गरेको परिवर्तनलाई अपनाए । तर लोभलाग्दो सफलता चीनले मात्रै हासिल गर्यो। चीनले घरेलु अर्थतन्त्रमा क्रमिक सुधारको प्रक्रिया थाल्यो न कि बजारलाई आफ्नो अर्थतन्त्र सुम्पिदियो । सुधार ल्याउने क्रममा उसले कहाँ विदेशी लगानी गर्ने र कहाँ नगर्ने कुराको निरक्योल गर्यो जसका लागि उसले विशेष आर्थिक क्षेत्रहरूको निर्माण गर्योर त्यसका लागि उसले दक्षिणी तटीय प्रान्तहरूलाई रोज्यो । देङ सिआओपिङले कम्युनिष्ट समाजवादी राजनीतिक माहोलमा ठोस परिवर्तनको जग बसाले जसले विश्वमा समाजवादी अर्थतन्त्रको साख जोगाउन सघाउ पुयायो ।

चिनियाँ लेखक युकोन ख्वाङ आफ्नो पुस्तक 'क्र्याकङ द चाइना कनन्ड्रमः ह्वाइ कन्भेन्सनल इकोनोमिक विज्डम इज रंग' मा लेखेका छन् (देङ सिआओपिङ एक महान् सुधारक मात्रै थिएनन धैर्य नभएका व्यक्ति पनि थिए । देङ सिआओपिङले शुरू गरेको सामाजिक आर्थिक सुधारको दृष्टान्त मानव इतिहासमा अन्यत्र भेटिँदैन । यसले चिनको आर्थिक जिवनमा निम्न परिवर्तन ल्यायो ।

- सन् १९७८ देखि २०१६ को बीचमा चीनको जीडीपीमा ३,२३० प्रतिशतले वृद्धि भएको छ ।
- यसबीचमा ७० करोड मानिसहरू गरिबीको रेखाबाट माथि उठे भने ३८.५ करोड मानिसहरू मध्यवर्गका रूपमा उकासिए ।
- चीनको वैदेशिक व्यापार साढे १७ हजार प्रतिशतले बढ्यो भने सन् २०१५ सम्म चीन विदेशी व्यापारमा अगुवाको रूपमा उदायो ।
- सन् १९७८ मा चीनले वर्षभरि गर्ने व्यापार अहिले दुई दिनमै गर्छ ।
- देङ सिआओपिङले चिनियाँ कम्युनिष्ट पार्टीलाई सामूहिक नेतृत्वमा लगेर चीनमा सामाजिक (आर्थिक परिवर्तनको प्रक्रियामा तीव्रता दिए । (बि.बि.सी. २०१८)

अर्थतन्त्रको बजार नेतृत्व स्थापित गराउनु र बाहिरी स्वतन्त्रता बढाउनु नै चीनको यस्ता सुधार पछाडिका प्रमुख कारणहरूहुन । तर, अन्तराष्ट्रिय व्यापार र निजी लगानीमा चीनको हिस्सा बढे पनि यसमा राज्य क्षेत्रको हिस्सा भने

तुलनात्मक रूपले खुम्चियो । यसका लागि आर्थिक विविधीकरण र पुनर्गठन शृंखलाबद्ध औद्योगिक नीतिका माध्यमबाट प्रबर्धन गरियो । विदेशी लगानीकर्तालाई घरेलु कम्पनीसँग संयुक्त उद्यममा आबद्ध हुन लगाइयो र स्थानीय योगदानको प्रयोग बढाउन लगाइयो । यसबाट विनिमय दर र अन्तराष्ट्रिय वित्तीय प्रवाह केही हदसम्म नियन्त्रित रह्यो । (रोड्रिक, २०७५)

यी सबैको माध्यमबाट चिनियाँ नेतृत्वले कुनै पनि सिद्धान्तको पालना गरेन र आफ्नै विशिष्टताबाट चलाइरह्यो । चिनियाँ आर्थिक सुधार न कम्युनिस्ट शिक्षा न त कुनै स्वतन्त्र बजार विश्वासबाट निर्देशित थियो । यदि नीति निर्माताहरूले कुनै एक महत्वपूर्ण सिद्धान्त अपनाउँछन् भने त्यसलाई पक्कै पनि 'व्यावहारिक प्रयोगात्मकता' भन्न सकिन्छ । यो देडको लोकप्रिय भनाइ हो । उनले भनेका छन् ***'बिरालोको रङ्गले कुनै पनि फरक पार्दैन, फरक उसले मुसो समात्न सक्यो कि सकेन भन्ने कुराले पार्छ ।'*** चिनियाँ अनुभवको विलक्षणतालाई हेर्ने हो भने यस्ले विकसित र विकासोन्मुख दुबै राष्ट्रहरूलाई आर्थिक विकासका लागि महत्वपुर्ण शिक्षा प्रदान गर्दछ । अधिकांश पश्चिमा राष्ट्रमा बजारमाथिको निर्भरता र आर्थिक उदारीकरणका फाइदाहरू प्रस्तुत गर्न चीन सफल बनेको छ । सैद्धान्तिक रूपले चीनले राज्य नेतृत्ववाला आर्थिक मोडलको अन्रतनिहित श्रेष्ठतालाई पुष्टि मात्र होइन स्थापित समेत गरेको छ र बजार केन्द्रित पश्चिमा सिद्धान्तको रडाकोलाइ चुनौती दिइरहेको छ । नेपाल जस्तो समाजवाद उन्मुख राष्ट्रका लागि चिनको आर्थिक विकास अनुकरणिय मात्र होइन चिनको आर्थिक र प्राविधिक विकासको प्रभावबाट पनि नेपालले प्रशस्त फाइदा लिन सक्नु पर्दछ जुन अहिले नेपालमा चलेको बहस पनि हो ।

### (ज) विकासको भारतिय मोडेल (केरला र गुजरात)

कुनै पनि राष्ट्रलाई समृद्ध बनाउन राज्यले आर्थिक वृद्धि र कल्याणकारी राज्यका अवधारणालाई आत्मसात गर्नुपर्दछ । यी दुवै मोडललाई एकीकृत र सन्तुलित ढंगले प्रयोग गरेमा सफलता हासिल गर्न सकिन्छ भन्ने दृष्टान्त भारतका केरला र गुजरात विकास मोडलबाट स्पष्ट हुन्छ । सन् १९७० को दशकमा केरला राज्यमा अभ्यास भएको विकास मोडेललाई केरला विकास मोडेल भनिन्छ । यो मोडेलले अराजक आर्थिक वृद्धि विकास मोडल विपरीत आम जनताको शिक्षा, जनस्वास्थ्य र सेवाका न्यायोचित वितरणमा जोड दिन्छ । यही विकास मोडेलको कारण केरलामा छोटो अवधिमै तीव्र रूपमा सामाजिक विकास भयो । त्यसबाट त्यहाँका अधिक निम्न र मध्यम वर्गीय जनता लाभान्वित भएको तर्क दिगो विकासका अध्येताहरू दावी गर्छन् ।

हाल प्रधानमन्त्रीका रूपमा भारतलाई नेतृत्व दिइरहेका मोदीले गुजरातमा लागु गरेको विकासको मोडेलका आधारमा 'मोदिनोमिक्स' शब्द नै निर्माण भएको छ । भारतीय जनता पार्टीको वेवसाइटमै लेखिएको छः 'गुजरात मोडलको भिजन भनेको पूर्ण रोजगारी, कम महंगाई, ज्यादा कमाइ, तीब्र गतिको आर्थिक विकास, गुणस्तरीय शिक्षा, सुरक्षा र उत्कृष्ट जीवनस्तर हो ।' प्रधानमन्त्री मोदी सन् २००१ देखि २०१४ सम्म गुजरातका मुख्यमन्त्री थिए । मोदीले गुजरातमा सडक, उर्जा र पानी आपूर्ति जस्ता आधारभूत सुविधाहरूमा धैरै नै लगानी गरे । भारतको ग्रामीण विकास मन्त्रालयका अनुसार सन् २००० देखि २०१२ सम्ममा गुजरातमा झण्डै तीन हजार ग्रामीण सडक परियोजनाहरू पूरा भएको थियो ।

यसबाहेक सन् २००४ र २००५ तथा सन् २०१३ र २०१४ को बीचको अवधिमा प्रतिब्यक्ति उपलब्ध बिजुलीमा ४१ प्रतिशतले बृद्धि भएको छ । गुजरातले सन् २०१२ देखि अतिरिक्त बिजुली उत्पादन गरिरहेको छ । १८ हजार गाउँहरू ग्रिडसँग जोडिएका छन् । यस बखत गुजरातको औसत जिडिपी (सन् २००० देखि २०१०सम्म) ९.८ प्रतिशत रह्यो जसबेला पूरै भारतको औसत विकास दर ७.७ प्रतिशत मात्र थियो । गुजरातमा मोदीले इ–गवर्नेन्सलाई प्रभावकारी बनाए जसबाट प्रदेशमा भ्रष्टाचारमा कमी आयो । गुजरात मोडलले सुशासनका पक्षमा रहेको एक 'तटस्थ विचार' का रूपमा ख्याती कमाएको छ । गुजरात सरकारले सुशासन कायम गरेकोमा धैरै पटक अवार्ड समेत जितिसकेको छ । अक्सफोर्डबाट

प्रकाशित किताब 'ग्रोथ अर डेवलपमेन्ट ह्विच वे इज गुजरात गोइङ'मा उल्लेख भएअनुसार गुजरातले आर्थिक विकासका लागि यस्तो नीति बनाएको छ कि अब जुनसुकै सरकार आए पनि गुजरातको सम्बृद्धिमा असर पर्दैन।
लगानीका लागि गुजरातमा परमिट लाइसेन्स तथा पर्यावरणसँग जोडिएका औपचारिकताहरू पूरा गर्न कानुनी अड्चनहरू राखिँदैन। लगानीकर्ताहरूलाई आकर्षित गर्ने र मनोबल बढाउने कुरामा मोदीले कुनै कसर बाँकी राखेनन्। पश्चिम बंगालमा लामो समयदेखि विवादका बीच संचालनमा रहेको टाटा मोटर्सको नानो कार प्लान्ट सन् २००८ मा पश्चिम बंगालबाट गुजरातको साणन्दमा सारियो। पश्चिम बंगालको सरकारले जग्गाको मामिला सुल्झाउन नसक्दा जनताको विरोध थेग्न नसकेर प्लान्ट नै बन्द गर्नुपर्यो तर गुजरातमा अहिले फोर्डले पनि प्लान्ट सुरु गरिसकेको छ। मोदीले फोर्ड, सुजुकी तथा टाटा जस्ता ठूला कम्पनीहरूलाई गुजरातमा प्लान्ट लगाउने अनुमति दिएर अटो म्यानुफ्याक्चरिङ इन्डस्ट्रीमार्फत गुजरातमा पर्याप्त अवसर भित्र्याएका छन्।
हालसम्म पनि गुजरात भारतको सबैभन्दा औद्योगिकृत राज्य हो। पश्चिमी तटमा रहेको फाइदा पनि यसले उठाइरहेको छ। भारतको जनसंख्याको ५ प्रतिशत आवादी रहेको गुजरातमा देशको कुल क्षेत्रफलको ६ प्रतिशत जमीन छ। पानी नपर्ने समस्या भोग्ने गुजरातमा खेती गर्न त्यति सहज छैन तर पनि भारतको कुल निर्यातको २२ प्रतिशत गुजरातबाटै हुन्छ। हाल गुजरातको जिडिपी ७.६ प्रतिशत छ। लामो तटक्षेत्रका कारण अन्तर्राष्ट्रिय व्यापार धेरै नै सुगम छ। भारतको एक तिहाइ समुद्री जहाज गुजरातकै तट भएर जाने गर्छ। सन् २०१० देखि नै गुजरातले ४३ हजार ८४८ मिलियन युनिट बिजुली उत्पादन गर्न थालेको हो। गुजरातमा ४० हजार ७९३ मिलियन युनिट माग रहेकोमा बाँकी रहेको बिजुली उसले अन्य १२ राज्यहरूलाई बेच्न थालेको छ। त्यस्तै भारतमा कुल ३.८ प्रतिशत बेरोजगारी दर रहेकोमा गुजरात राज्यमा सबैभन्दा न्यून १ प्रतिशत मात्र बेरोजगारी दर रहेको श्रम ब्यूरोको प्रतिवेदनमा उल्लेख छ (Bizmandu, 2018)। भारतको गुजरात र केरला मोडलले पुँजिवादी र समाजवादी चरित्रलाई अवलम्बन गरेको छ जुन नेपाल लगायत अरु देश र राज्यका लागि पनि अनुकरणीय रहेको छ।

**(झ) रुवान्डाली मोडेल**

हरियो जंगल र पहाडले घेरिएको पूर्वी मध्य अफ्रिकी मुलुक रुवान्डा सन् १९९० तिर तत्कालीन सरकारद्वारा 'प्रायोजित'जनसंहारका कारण जातीय द्वन्द्वबाट ग्रस्थ थियो जुन विस्तारै पुनस्र्थापनातर्फ अघि बढिरहेको छ। सन् १९९० देखि उसले आर्थिक विकासमा ठुलो फड्को मारेको छ। त्यहाँ जातीय टुत्सीहरू र हुटुहरूबीच दंगा हुँदा सय दिनमै आठ लाखभन्दा बढीको हुटु समुदायको वर्चस्व रहेको सुरक्षा निकायद्वारा हत्या गरिएको विभिन्न अन्तर्राष्ट्रय संस्थाहरूको प्रतिवेदनमा उल्लेख छ। जातीय द्वन्द्व र तनावको प्रमुख कारण अल्पसंख्यक टुत्सी र बहुसंख्यक हुटुबीच जारी परम्परागत असमानतालाई मानिएको छ। आज त्यहाँ सबैखाले द्वन्द्वको समाधान भई विकास निर्माण र आर्थिक क्षेत्रमा ऐतिहासिक प्रगति भइरहेका छन्। त्यसैले द्वन्द्वमा फसेका र द्वन्द्वपछिका राज्य र सरकारले गर्नुपर्ने कामका लागि रुवान्डालाई उदाहरणका रूपमा लिने गरिएको छ। रुवान्डाले वर्षौदेखिको द्वन्द्वमा मलहम लगाउन आफ्नै स्रोत र साधनको पहिचान मात्रै गरेन, त्यसको उपयोग गरी मुलुकलाई समृद्ध बनाउने उत्कट चाहनाका साथ अघि बढिरहेको छ। त्यसै क्रममा उसले कफी र चिया उत्पादन गरी आफ्नो अर्थव्यवस्थाको पुनर्निर्माणमा जुटेको छ। यी दुई उत्पादनहरू त्यहाँका प्रमुख निर्यात वस्तुमा दरिएका छन्। रुवान्डाको ऐतिहासिक विकासको सफलता यसले अख्तियार गरेको विकास र सकारात्मक आर्थिक नीति नै हो जसले त्यहाँ गरिबी र असमानता घटाउन सहयोग पुगेको छ।
२३ वर्षअघि त्यहाँको अर्थव्यवस्था तहसनहस थियो। खासगरी, सन् १९९४ मा टुत्सीविरुद्ध मच्चाइएको नरसंहारपछि अधिकांश सेवा र सुविधाहरू ठप्प थिए। करिब १० लाख मानिसको ज्यान र हजारौँलाई विस्थापित हुने गरी भएको जनसंहार अघि र पछि रुवान्डाको वृद्धिदर ऋणात्मक अवस्थामा पुगेको थियो। तर, आज विश्वका तीव्र गतिमा बढ्दो अर्थतन्त्र भएको मुलुकमा रुवान्डाले आफूलाई उभ्याउन सफल भएको छ। सन् १९९४ मा मुलुकको वृद्धिदर ऋणात्मक

(–११.४ प्रतिशत) रहेकोमा सन् २०१४ मा ७ प्रतिशत र सन् २०१५ मा ६.९ प्रतिशतमा पुगेको थियो। यो वृद्धिदर र आर्थिक छलाङको कारण पुनर्निर्माण, निर्यात प्रबर्धन, ऊर्जा विकास र समावेशी वित्त हुन्। यिनै विषयलाई आफ्नो विकासको मोडल बनाएर रुवान्डा छोटो समयमै अन्य मुलुकका लागि नमुना बनेको हो। खासगरी नरसंहारको समाप्तिसँगै मुलुकले सुरु गरेको पुनर्जागरण र रूपान्तरणको अभियानले उसलाई ऐतिहासिक सफलताको शिखरमा पुर्यायो। यसले सन् २०१२ को अन्त्यसम्मको एक दशकमा आफ्नो वार्षिक आर्थिक वृद्धिदर ८ प्रतिशतमा पुर्यायो। यो दर विश्वव्यापी र अफ्रिका महादेशभरिकै सबैभन्दा उच्च रह्यो। यसमा उसको बलियो आर्थिक आधार, नीति तथा कार्यक्रमहरूको कारणले नै हो। विशेषगरी 'ग्रासरुट' स्तरमा सवावेशी विकासको नीतिले रवान्डालाइ आफ्नो लक्ष्यमा पुग्न सफल बनायो। मुलुकले आर्थिक विकास र गरिबी निवारण रणनीतिका साथ अघि बढ्दै सन् २०१८ सम्ममा वार्षिक रूपमा कृषि क्षेत्रमा दुई लाख रोजगारी सिर्जना गर्ने जनाएको छ। अनाज उत्पादनमा वृद्धि गर्नेलगायतका पहल उसले धेरै पहिले सुरु गरिसकेको थियो। फलस्वरूप दुई दशकमै विकासलाई उत्कर्षमा पुर्याउन ऊ सफल भयो। सन् २०१३ मा प्रतिव्यक्ति आय ६४४ अमेरिकी डलर रहेकोमा सन् २०१८ सम्ममा १२ सय अमेरिकी डलर पुर्याउने लक्ष्य रहेको छ। यसैगरी, निजी क्षेत्रको लगानी जीडीपीको १५.४ पुर्याउने लक्ष्य पनि उसले लिएको छ। उसले वार्षिक वृद्धिदर ११.५ हासिल गरेको छ। सेवा क्षेत्र, उद्योग र कृषिलगायत अन्य क्षेत्रमा पनि राम्रो प्रगति गरेको छ। यसैगरी रुवान्डाले आफ्नो निर्यात प्रबर्धन गर्दै सन् २०१८ सम्ममा २८ प्रतिशत निर्यात बढाउने र थप ५६३ मेगावाट विद्युत् उत्पादन गरी ७० प्रतिशत घरधुरीलाई विद्युत् सेवा दिने अठोटका साथ अघि बढेको छ। वित्त विकास र वित्तीय सेवामा सुधारले वित्तीय क्षेत्रमा द्रुतगतिमा वृद्धि भइरहेको छ। फलस्वरूप जनसंख्या वृद्धिका बाबजुद मुलुकमा गरिबी न्यूनीकरण भैरहेको अवस्थामा छ। बैंकिङ क्षेत्र स्थिर र राम्ररी पूँजीकृत भएको स्थितिमा छ (यादव,२०७३)। रुवान्डाको यो तरक्कीले नेपाल जस्तो विकासोन्मुख राष्ट्रका लागि उदाहरण प्रस्तुत गर्दछ जसलाई नेपालले शिक्षाको रूपमा लिनू पर्दछ।

### (ञ) इथियोपियाली मोडेल

विश्वकै सबैभन्दा बढी जनसंख्या भएको भूपरिवेष्टित मुलुक इथियोपिया अफ्रिका महादेशमा नाइजेरिया पछिको दोस्रो ठूलो जनसंख्या भएको देश हो। ८० भन्दा बढी भाषा बोलिने र संस्कृतिको धनी इथियोपियाको अवस्था रुवान्डाबाट अलि फरक भए पनि विभिन्न संकटका बाबजुद विकासमा यसले फड्को मारेको छ। पूँजीगत परियोजनामा पनि खासगरी आधारभूत संरचनामा रकम खर्चिरहेको रुवान्डाले निकै छोटो अवधिमा 'डाइभर अफ बुम' को अवस्थामा ऊ पुगेको छ। यसको मुख्य कारण त्यहाँको सरकार आफैं होइन, सरकारद्वारा सञ्चालित कम्पनी मार्फत विकास, निर्माण र संरचनामा खर्च गरिएकोले हो। सरकारले औद्योगिक पार्कदेखि चिनी कारखाना र पावर लाइन तिनै संस्थामार्फत बनाउने गरेको छ। खासगरी कमर्सियल बैंक अफ इथियोपिया, इथियो टेलिकम र इथियोपिया इलेक्ट्रिक पावरले त्यहाँको पूँजीगत लगानीमा ७० प्रतिशत योगदान पुर्याएका छन। विश्व बैंकद्वारा सन् २०१६ मा प्रकासित 'इथियोपियाज ग्रेट रन, दि ग्रेट एसिलेरेसन एन्ड हाउ टु पेस इट' (Ethiopia's great run the growth acceleration and how to pace it) ले उल्लेख गरेअनुसार, इथियोपिया सन् २००० यता विश्वको सातौं तीव्र आर्थिक वृद्धिदर भएको मुलुक हो। सन् १९८१ देखि १९९२ सम्म उसको जीडीपी जम्मा ०.५ प्रतिशत रहेकोमा सन् १९९३–२००४ सम्मको अवधिमा यो ११ प्रतिशतमा पुग्यो, जुन चीन अथवा भारतभन्दा धेरै राम्रो हो। सन् २००० मा इथियोपिया विश्वकै सबैभन्दा दोस्रो गरिब राष्ट्र थियो तर आज उसलाई विश्वकै दोस्रो अर्थतन्त्र भएको मुलुक चीनसँग तुलना गर्न थालिएको छ। यसप्रकारको उपलब्धि प्राप्त गर्नुमा आधारभूत संरचनामा उसको ठूलो लगानी प्रमुख कारण हो।

इथियोपियाको विद्युत् विकास, रेल कनेक्टिभिटी र अन्तरप्रदेशीय राजमार्ग संघीय सरकारले बनाइरहेको छ जसले कृषि र अन्य विकास निर्माणका साथै हलुका वस्तु उत्पादनतिर पनि त्यतिकै जोड दिएको छ। चीन या पूर्वी एसियाली मोडेलविपरीत इथियोपिया आफ्नो अत्यन्तै बलियो पूँजी नियन्त्रणमार्फत 'ओभरभ्यालु' मुद्रा कायम राख्न सफल छ।

यसका लागि उसले प्रिमियम डलरमा ग्रहण गर्छ । जसले गर्दा कम्पनीहरूलाई स्थानीय इथियोपियाली मूल्य कम भए पनि सामान निर्यात गर्न सजिलो छ । आयातकर्ता जोसुकै भए पनि उनीहरूका लागि सजिलो वातावरण छ, त्यहाँ । उदाहरणका लागि फूल निर्यातकर्ताले पनि उपभोग्य वस्तु आयात गर्न डलरसम्म आफ्नो पहुँचको उपयोग गर्न पाउँछन् । यो उसको प्रबन्धकीय या प्रविधि क्षेत्रको पहिलो विशेषज्ञता हुन सक्छ । त्यहाँका बैंकहरूलाई मुद्रास्फीतिको दरभन्दा तल झर्दा पनि ऋण निकासा गर्न त्यहाँ निर्देशन दिने गरिन्छ । आश्चर्यको कुरा त के छ भने धनको भुक्तानी गर्न त्यहाँ ऋणको माग बढ्दो छ । पोर्टफोलियो लगानीकर्ता (पूँजी बजारमा गर्ने लगानीकर्ता हरू र विदेशी बैंकहरूप्रति त्यहाँको सरकारको एक खालको वैचारिक भिन्नता छ । विदेशी 'पोर्टफोलियो लगानी' भन्दा आन्तरिक स्रोत र साधनको प्रयोग रकम जुटाउनका लागि उसले गर्ने गरेको छ । त्यसैले त उसले केन्याको 'आईपीओ टेलिकम' को लगानी मुलुकमा भित्र्याउनुको साटो सरकारी स्वामित्वमा रहेको दूरसञ्चारको एकाधिकारबाटै लाभ लिन उद्यत देखिन्छ ।

राज्यको स्पस्ट दिशा, एकाधिकार, विनिमय र मूल्य नियन्त्रणमा केन्द्रित इथियोपियाले जमिन, श्रम, लजिस्टिक, ऋण र विद्युतमाथि केन्द्रित भएर अघि बढ्न पाँच वर्षे योजना निमार्ण गरि विकास प्रक्रियालाई निरन्तरता दिइरहेको छ । इथियोपिया विश्व व्यापार संगठन (डब्लूटीओ मा छैन र आईएमएफको सहयोग पनि उसले लिएको छैन । अफ्रिकाको सिंह (दी हर्न अफ अफ्रिका) भनेर समेत चिनिने इथियोपिया ५० वर्षयताकै सबैभन्दा ठूलो खडेरीको चपेटामा पर्यो तर त्यसलाइ कुशलता पुर्वक समाधान गर्न खाद्यान्न जम्मा गर्ने राष्ट्रिय नीति अघि सारियो । एक अर्ब अमेरिकी डलर सहयोगमा ७ सय ३५ मिलियन अमेरिकी डलर उसले आफ्नै लगानी गर्यो, जुन रकम उसको कुल जीडीपीको ६१.६४ अर्ब अमेरिकी डरलको १० प्रतिशत हो । इथियोपियाले गरेको यो प्रगती लाइ आत्मसात गरेको भए भूकम्प पीडितहरूको पुनस्थापना गर्न र दुरततर आर्थिक विकास गर्न नेपाललाइ सजिलो हुने देखिन्छ (यादव,२०७३) ।

माथि उल्लेखित विश्वका केहि देशहरूको विकास मोडलहरूको अलावा चिली, क्युवा, दक्षिण अफ्रीका, भुटान लगायतका अन्य देशहरूको मोडल पनि अनुकरणिय रहेका छन । यी विभिन्न विकास मोडलहरूको तुलनात्मक अध्ययनले के देखाउछ भने विश्वका विभिन्न राष्ट्रका आफ्नै मौलिक विकासका ढाँचाहरू रहेका छन जसलाई ति राष्ट्रहरूले आप्नो विशिष्ट परिवेशमा निर्माण गरेका थिए । नेपालको सन्दर्भमा विकास मोडलको निर्माण गर्दा भारत र चिनको सन्निकटता, भुपरिवेष्ठित परिवेश, प्राकृतिक साधनको दोहन नीति, भौतिक पुर्वाधारको आवश्यकता, जलस्रोतको पर्याप्तता, पर्यटकीय क्षेत्रहरूको विकास आदिमा ध्यान दिन जरुरि देखिन्छ । विकासको मार्गमा अग्रसर हुदै गरेको वर्तमान अवस्थामा नेपालले यी राष्ट्रहरूबाट शिक्षा लिन जरुरी रहेको छ । केन्द्र देखि स्थानीय तह सम्मका निकायहरूले यी मोडलहरूको अध्ययन गरि आपनो लागि उपयुक्त मोडल कुन हो पहिचान गरि भावी नीति र कार्यक्रम निर्माण गर्ने र कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## अनुसूचिः २ वडास्तरमा माग भएका विषयक्षेत्रगत कार्यक्रमहरूको विवरण

### (क) भौतिक पूर्वाधार विकास कार्यक्रमहरू

नगरपालिकाको वडास्तरमा स्वास्थ्यचौकी निर्माण तथा स्तरोन्नति गर्ने

| क्र.सं | कार्यक्रम | वडा | कैफियत |
|---|---|---|---|
| १ | त्रिपुराकोट स्वास्थ्य चौकि | १ | |
| २ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | २ | |
| ३ | सुँ स्वास्थ्य चौकि | ३ | |
| ४ | आधारभूत स्वास्थ्य सेवा | ४ | |
| ५ | सामुदायिक स्वास्थ्य ईकाइ | ५ | |
| ६ | फुल्चिङ स्वास्थ्य चौकि | ६ | |

| क्र.सं | कार्यक्रम | वडा | कैफियत |
|---|---|---|---|
| ७ | पहाडा स्वास्थ्य चौकि | ७ | |
| ८ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | ८ | |
| ९ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | ९ | |
| १० | लिकु स्वास्थ्य चौकि | १० | |
| ११ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | ११ | |
| १२ | सामुदायिक स्वास्थ्य ईकाइ | २ | |

**नगरपालिकाको वडास्तरको निम्न पुल तथा झोलुङ्गे पुलको निर्माण तथा स्तरोन्नति गर्ने**

| क्र.स. | वडा नं. | पुलको नाम | पुलको प्रकार | कैफियत |
|---|---|---|---|---|
| १ | १ | भेरी नदीमा | झोलुंगे पुल | |
| २ | | गल्लिगाढ खोलामा | झोलुंगे पुल | |
| ३ | | माझ घट्ट | झोलुंगे पुल | |
| ४ | | माथि घट्ट | झोलुंगे पुल | |
| ५ | | कान्छि बजार | झोलुंगे पुल | |
| ६ | | लोकाहा | झोलुंगे पुल | |
| ७ | | माझ घट्ट | मोटरेवल पुल | |
| ८ | | तल्लो गल्लिगाढमा रोड करीडार | मोटरेवल पुल | |
| ९ | | भेरी नदिमा | मोटरेवल पुल | |
| १० | २ | रोशी खोला पुल | झोलुंगे पुल | |
| ११ | | भेरी पुल | झोलुंगे पुल | |
| १२ | ३ | भित्रि पुल | झोलुंगे पुल | |
| १३ | | साकुदारा पुल | झोलुंगे पुल | |
| १४ | | बेलिब्रिज पुल | बेलिब्रिज | |
| १५ | ४ | घट्टेखोला पुल | काठको पुल | अन्य पुल बनाउनु पर्ने |
| १६ | | घट्टेखोला पुल | काठको पुल | अन्य पुल बनाउनु पर्ने |
| १७ | | सिउडेनि पुल | झोलुंगे पुल | |
| १८ | | चुगाड पुल | झोलुंगे पुल | |
| १९ | | साउदार पुल | झोलुंगे पुल | |
| २० | ५ | सानो खोला पुल | काठको पुल | अन्य पुल बनाउनु पर्ने |
| २१ | | करवाघाट पुल | झोलुंगे पुल | |

| क्र.स. | वडा नं. | पुलको नाम | पुलको प्रकार | कैफियत |
|---|---|---|---|---|
| २२ | | भेरीपोल्ने पुल | झोलुंगे पुल | |
| २३ | | खदान हरीयापानी पुल | झोलुंगे पुल | |
| २४ | | कपरघाट पुल | बेलिब्रिज | |
| २५ | | खदान पुल | बेलिब्रिज | |
| २६ | ६ | फुल्चिङ खोला पुल | काठको पुल | अन्य पुल बनाउनु पर्ने |
| २७ | | | झोलुंगे पुल | |
| २८ | | | झोलुंगे पुल | |
| २९ | | | झोलुंगे पुल | |
| ३० | ७ | हिराघट्ट पुल | झोलुंगे पुल | |
| ३१ | | खोपुपुल | झोलुंगे पुल | |
| ३२ | | कोलिबजार पुल | झोलुंगे पुल | |
| ३३ | | तामेघाट पुल | झोलुंगे पुल | |
| ३४ | | घट्टेखोला पुल | झोलुंगे पुल | |
| ३५ | | तामेघाट पुल | बेलिब्रिज | |
| ३६ | ८ | खालिवन पुल | काठको पुल | अन्य पुल बनाउनु पर्ने |
| ३७ | | करेलिखोला पुल | काठको पुल | अन्य पुल बनाउनु पर्ने |
| ३८ | | अबाडाला खोला पुल | काठको पुल | अन्य पुल बनाउनु पर्ने |
| ३९ | | चउरेघण्ट खोला पुल | काठको पुल | अन्य पुल बनाउनु पर्ने |
| ४० | | खोलाघारी पुल | काठको पुल | अन्य पुल बनाउनु पर्ने |
| ४१ | | | झोलुंगे पुल | |
| ४२ | १० | हिराघट्ट पुल | झोलुंगे पुल | |
| ४३ | | हरीयाल्ने | झोलुंगे पुल | |
| ४४ | ११ | हुमखोला पुल | झोलुंगे पुल | |
| ४५ | | | काठको पुल | अन्य पुल बनाउनु पर्ने |
| ४६ | | | काठको पुल | अन्य पुल बनाउनु पर्ने |
| ४७ | | | काठको पुल | अन्य पुल बनाउनु पर्ने |
| ४८ | | | काठको पुल | अन्य पुल बनाउनु पर्ने |
| ४९ | | | काठको पुल | अन्य पुल बनाउनु पर्ने |

**नगरपालिकाका वडास्तरको निम्न यातायात रुटहरूको निर्माण तथा स्तरोन्नति गर्ने**

| क्र.सं | कार्यक्रम | वडा | कैफियत |
|---|---|---|---|
| १ | त्रिपुराकोटलाई जोड्ने ३ वटा बाटोको स्तरोन्नति गर्ने | १ | अन्दाजि १० कि.मि. |
| २ | त्रिपुराकोट बगरमा कालोपत्रे बाटो बढाउने | १ | हाल २६० मि. |
| ३ | त्रिपुराकोट बगर हुदै रूम जोड्ने बाटो स्तरोन्नति गर्ने | २ | अन्दाजि १० कि.मि. |
| ४ | सुपानी बाट सु बाटोको स्तरोन्नति गर्ने | ३ | अन्दाजि ५ कि.मि. |
| ५ | सपानी बाट ज्यू स्तरोन्नति गर्ने | ३ | अन्दाजि ८ कि.मि. |
| ६ | सुपानी बाट रङ जोड्ने बाटो स्तरोन्नति गर्ने | ४ | अन्दाजि ६ कि.मि. |
| ७ | सुपानी बाट रङ जोड्ने बाटो स्तरोन्नति गर्ने | ५ | अन्दाजि ९ कि.मि. |
| ८ | राष्ट्रिय राजमार्गदेखि फुल्चिङ सम्मको बाटो स्तरोन्नति गर्ने | ६ | अन्दाजि ४ कि.मि. |
| ९ | त्रिपुराकोट बाट मैर्य जोड्ने बाटो स्तरोन्नति गर्ने | ७ | अन्दाजि ५ कि.मि. |
| १० | मैरी त्रिपुराकोट सडकको स्तरोन्न्ति गर्ने | ८ | अन्दाजि १५ कि.मि. |
| ११ | चुगाउँ त्रिपुराकोट सडकको स्तरोन्न्ति गर्ने | ९ | अन्दाजि ७ कि.मि. |
| १२ | लिकु चुगाउँ सडकको स्तरोन्न्ति गर्ने | १० | अन्दाजि ४ कि.मि. |
| १३ | हुम लिकु सडकको स्तरोन्न्ति गर्ने | ११ | अन्दाजि ५ कि.मि. |
| १४ | भूमिखोला काभ्रे सडकको स्तरोन्न्ति गर्ने | ११ | अन्दाजि ६ कि.मि. |

**नगरपालिकाका वडास्तरको निम्न बसपार्कहरूको निर्माण तथा स्तरोन्नति गर्ने**

| क्र.सं | कार्यक्रम | वडा | कैफियत |
|---|---|---|---|
| १ | त्रिपुराकोट बगरमा प्रतिक्षालय सहितको बसपार्क निर्माण | १ | |
| २ | पाहाडामा गाडीहरुको पार्किङ | ८ | |
| ३ | लिकुमा गाडीहरुको पार्किङ | १० | |

**नगरपालिकाका वडास्तरको निम्न सार्वजनिक शौचालयहरूको निर्माण तथा स्तरोन्नति गर्ने**

| क्र.सं. | कार्यक्रम | वडा | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १ देखि ११ सम्म प्रत्येक वडा कार्यालय संगै शौचालयहरूको निर्माण गर्ने। | १-११ | |

**नगरपालिकाका वडास्तरको निम्न ट्राफिक युनिटहरूको निर्माण तथा स्तरोन्नति गर्ने**

| क्र.सं. | कार्यक्रम | वडा | कैफियत |
|---|---|---|---|
| १ | त्रिपुराकोट बगर | १ | |
| २ | ल्हाँ | ५ | |

**नगरपालिकाका वडास्तरको निम्न पिउने पानी आयोजनाहरू निर्माण तथा स्तरोन्नति गर्ने**

| क्र.सं. | कार्यक्रम | वडा | कैफियत |
|---|---|---|---|
| १ | ६ वटा (करेलिडाडा, गल्लि, कोटा, रल्लि, बगरबजार र मण्दिर खानेपानी योजना) | १ | मर्मतसम्भार गर्नुपर्ने |
| २ | ३ वटा ( रूम खानेपानी, मदु खानेपानी र सिमखोला खानेपानी) | २ | मर्मतसम्भार गर्नुपर्ने |

| | | | |
|---|---|---|---|
| ३ | २ वटा ( जिउ खानेपानी र भेडिकान खानेपानी) | ३ | स्तरोन्ति |
| ४ | २ वटा ( झुलेनी खानेपानी र मूल खानेपानी) | ४ | स्तरोन्नति |
| ५ | खानेपानी योजना | ५ | निर्माण गर्नुपर्ने |
| ६ | खानेपानी योजना | ६ | निर्माण गर्नुपर्ने |
| ७ | खानेपानी योजना | ७ | निर्माण गर्नुपर्ने |
| ८ | नगर खानेपानी योजना | ८ | स्तरोन्नति |
| ९ | देवीथला खानेपानी योजना | ९ | स्तरोन्नति |
| १० | लिकु खानेपानी योजना | १० | मर्मतसम्भार गर्नुपर्ने |
| ११ | कुदेरीखोला खानेपानी र काभ्रेखोला खानेपानी योजना | ११ | स्तरोन्नति |

**नोटः** माथि उल्लेखित खानेपानी योजनाहरूमा खानेपानी सूरक्षा योजना, ग्रामिण मर्मत संभार कार्यकर्ता, अदिको ब्यबस्था गरी योजनालाइ नियमित रूपमा मर्मत संभार गरी सुचारू गराउनु पर्ने देखिन्छ ।

**वडास्तरको निम्न कुलो तथा सिंचाई आयोजनाहरू निर्माण तथा स्तरोन्नति गर्ने**

| क्र.सं. | कार्यक्रम | वडा | कैफियत |
|---|---|---|---|
| १ | सिचाई आयोजना (कुलो) | १ | स्तरोन्नती गर्नुपर्ने, पहिरो जाने ठाउमा RCC गर्ने |
| २ | २ वटा (घट्टेखोला र रोम खोला) सिचाई आयोजना | २ | स्तरोन्नती गर्नुपर्ने, पहिरो जाने ठाउमा RCC गर्ने |
| ३ | सिचाई आयोजना | ३ | स्तरोन्नती |
| ४ | २ वटा सिचाई आयोजना | ४ | स्तरोन्नती |
| ५ | धुमखोला सिचाई आयोजना | ५ | स्तरोन्नती गर्नुपर्ने, पहिरो जाने ठाउमा RCC गर्ने |
| ६ | १० वटा स साना कुलोहरू | ६ | स्तरोन्नति |
| ७ | सिचाई आयोजना | ७ | कुलो निर्माण गरी सिंचाई योग्य जमिणमा सिंचाइ गर्नुपर्ने |
| ८ | सिचाई आयोजना | ८ | कुलो निर्माण गरी सिंचाई योग्य जमिणमा सिंचाइ गर्नुपर्ने |
| ९ | राजकुलो (एतिहासिक) सिचाई आयोजना | ९ | स्तरोन्नती |
| १० | गाभा खोला साउढुगाँ दोजामा कुलो | १० | स्तरोन्नती गर्नुपर्ने, पहिरो जाने ठाउमा RCC गर्ने |
| ११ | कुजरीखोला कुलो | ११ | स्तरोन्नती गर्नुपर्ने, पहिरो जाने ठाउमा RCC गर्ने |

**(ख) आर्थिक विकासका कार्यक्रमहरू**

**नगरपालिकाका वडास्तरको होमस्टेको निर्माण तथा स्तरोन्नति गर्नेः**

यस नगरपालिकामा हाल सम्म होमस्टे भएको पाइयन, डोल्पा जिल्ला आफैमा पर्यटकिय हिसाबमा नेपालमै एक प्रमुख गन्तब्यका रूपमा रहेको पाइन्छ । त्रिपुरासुन्दरी नगरपालिका पनि पर्यटकिय दृष्टिकोणबाट अतिनै महत्वपूर्ण स्थानका रूपमा रहेको छ । यस पालिकालाइ आर्थिक रूपमा अझै सबल बनाउनका लागि सबैजसो वडामा होमस्टेका लागि अबसर देखिन्छ ।

**(ग) सामाजिक विकास योजना**

| **सामाजिक विकास योजनाका कार्यक्रमहरू** |
|---|
| **शिक्षा** |
| • नगरपालिकाका सबै सामुदायिक विद्यालयहरूमा विद्यार्थी अनुपातमा शिक्षक दरबन्दीको व्यवस्था साथै एक विद्यालय एक नर्सको व्यवस्था गर्ने । |
| • नगरपालिकाका सबै विद्यालय भवनहरूलाई बालमैत्री, अपांगमैत्री तथा सुरक्षित बनाउने । |
| • व्यावहारिक, प्राविधिक, जीवनोपयोगी र नैतिक मूल्यमा आधारित शिक्षा प्रदान गर्ने । |
| • राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय र प्रविधीमैत्री शिक्षा प्रदान गर्ने । |
| • नगरपालिकाका विद्यालयहरूलाई २१ औं शताब्दि सुहाउँदो प्रविधियुक्त बनाउने । |
| • विद्यालय र स्थानीय, प्रादेशिक संघीय र स्थानीय सरकारबीच समन्वय मिलाउने । |
| • विद्यालयको अनुगमन र निरीक्षण नियमित गर्ने । |
| • शिक्षकहरूलाई नियमित पुर्नताजगी नयाँ प्रविधीमैत्री तालिमको व्यवस्था गर्ने । |
| • व्यावहारिक, प्राविधिक, जीवनोपयोगी र नैतिक मूल्यमा आधारित शिक्षा प्रदान गर्ने । |
| • विज्ञान तथा प्रविधिको आधारभूत खोज र अन्वेषणलाई स्थान दिने । |
| **स्वास्थ्य** |
| • विद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रम संचालन गर्ने । |
| • सुरक्षित मातृत्व कार्यक्रम संचालन गर्ने । |
| • नगरपालिकाका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन भत्ता प्रदान गर्ने । |
| • नगरपालिकाका सबै प्रतिक्षालय तथा बसपार्कहरूमा धारासहितको सार्वजनिक शौचालयको निर्माण गर्ने । |
| • नगरपालिकाको उपयुक्त स्थानमा Landfill site/Dumping Site को निर्माण गर्ने । |
| • नगरपालिका व्यस्त स्थलहरूमा मगकत दष्ल राखी नियमित फोहर संकलन गर्ने । |
| • सुरक्षित गर्वपतन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने । |
| **सँस्कृति** |
| • स्थानीय लोकभाकाहरू ,लोक नृत्य, लोक गाथा आदिको संरक्षण गर्ने । |
| • नगरपालिकाको संस्कृति प्रवर्द्धन गर्न अनुसन्धान तथा सास्कृतिक डवली निर्माण गर्ने । |

| |
|---|
| • मादल, दमाह, झ्याली, मुलरी, सहनय, ढ्याङ्ग्रो, खैजेडी लगायतका लोकबाजाहरूको संरक्षण गर्ने । |
| • लैङ्गिक समानता, सामाजिक समावेशीकरण र मूल प्रवाहिकरण । |
| • नगरपालिकामा गठन गरिएको वडास्तरीय किशोरी समूहका कार्यक्रमहरू प्रभावकारी बनाउने । |
| • नगरपालिकामा वडास्तरीय बालक्लव गठन गरी प्रभावकारी रूपमा कार्यक्रम गर्ने । |
| • नगरपालिकामा किशोर समूह गठन गरी समूहहरूलाई प्रभावकारी बनाउने । |
| • पुराना घरहरु संरक्षण गर्ने । |
| • वडा नं १ मा रहेको राजा रानी स्थानको संरक्षण गर्ने । |
| • नगरपालिकामा रहेको अन्य ऐतिहासिक, सास्कृतिक रूपमा रहेका कुराहरूको संरक्षण गर्ने । |

**घ) वातावरण तथा विपद् व्यवस्थापन योजना**

| **वाातावरण तथा विपद् व्यवस्थापन योजनाका कार्यक्रमहरू** |
|---|
| **(क) वन तथा भू–संरक्षण** |
| • नगरपालिकाका विभिन्न वडामा रहेका सामुदायिक, राष्ट्रिय वन संरक्षण तथा प्रोत्साहन गर्ने । |
| • सामुदायिक वनमा पाइने जीवजन्तुहरू तथा औषधिय गुणले भरिपुर्ण जडिवुटीहरूको संरक्षण गर्ने । |
| • चराचुरूङ्गीहरू काग, डाँफे, मुनाल, च्याखुरा, वनकुखुरा, मलेवा, परेवा, ढुकुर, तित्रा, कालिज, भंगेरा, चिल आदिको संरक्षण गर्ने । |
| • वनस्पतिहरू उतिस, पिपल, देवदार, खरसु, भोजपत्र, देवदार, बैस, सल्ला, धुपी, सिमल, चिलाउने चाँप, कालीकाठ आदिको विविधता कायमै राख्ने । |
| • जडीबुटीहरू यार्सागुम्ब, जटामसी, पाँच औले, चिराइतो, च्याउ, सेतो चिनि, जटामसी, कुडुको, पदमचाल्नु, पाचँ औले, अतिस, कुटकि, बिष जरा, झिझलकाडा, निरबिसि, सुजित्रो, समायो जस्ता जडीबुटीहरु पाइन्छ । |
| • जनावरहरू घोरल, कस्तुरी, बादर, झारल, भालु, लंगुर, बदेल, न्यावर, हिमचितुवा, स्याल आदिको संरक्षण गर्ने । |
| **(ख) फोहर मैला व्यवस्थापन** |
| • नगरपालिकाका सडकहरूमा उपयुक्त तवरले ढल तथा नालाको प्रबन्ध गर्नका साथै सडक छेउमा फोहोर राख्नका लागि डस्टविनको व्यवस्था गर्ने । |
| • निजी क्षेत्रलाई पनि लगानी मैत्री वातावरण बनाई फोहरमैला व्यवस्थापन गर्दै फोहोरको पुनः प्रयोग गर्ने । |
| • फोहरमैला व्यवस्थापन सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने । |
| • बजार क्षेत्रबाट संकलन गरिएका फोहरमैलाहरु डम्पिङ साइटमा विसर्जन गर्ने । |
| **(ग) जल उत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन** |
| • भेरी नदी वरपर जाली सहितको ब्यबस्थापन । |
| • रल्लि र गल्लि क्षेत्रमा पहिरो र भूक्षय रोक्नका लागि तारजालि लगाउने, बृक्षारोपन गर्ने । |
| • वगरवजार, एक्लोवजार, सार्किटोल, आदि स्थानमा जालि सहितको व्यवस्थापन । |

| |
|---|
| • घट्टेखोला, झिरकुवा, चाखेल, राजकुलो, ढोलस्का, नादा, कोटोबजार आदि स्थानमा जालि सहितको व्यवस्थापन |
| • भित्रि, सुपानी, खुलखुले, भित्रि, ज्यू दलित बस्ति आदि स्थानमा जालि सहितको व्यवस्थापन। |
| • फूइखोला, हान्दुखोला, कर्मिडाडा, भूवानिथान आदि स्थानमा जालि सहितको व्यवस्थापन। |
| • खदान देखि सांलेखोला सम्म जालि सहितको व्यवस्थापन। |
| • खदान देखि घोडाडाडा, करबार देखि ल्हाँ सम्म, खदान देखि साङ्ले सम्म मेशिनरी वा जाली सहितको व्यवस्थापन। |
| • सेतामाटा, पालिङ खोला, रबाटे आदि स्थानमा जालि सहितको व्यवस्थापन। |
| • पालङ, सेरसा,खदान आदि स्थानमा तटबन्धन। |
| • हिराघट्ट, तामेघाट, खोपु, घट्टेखोला कोलिबगर आदि स्थानमा तटबन्धन। |
| • खोलाघारी देखि खेतारीखोला सम्म तटबन्ध गर्ने। |
| • दागिना बस्ति, माथितोल, राहुलबाडा आदि स्थानमा जालि सहितको व्यवस्थापन। |
| • चुँगाड खोलामा जालि सहितको व्यवस्थापन। |
| • चुगाड देखि हिराघट्ट सम्म जाली सहितको व्यवस्थापन। |
| • लिकु, छेपाला, नौमुरे, वुडाबारा, सिम, दाते ढुँगा आदि स्थानमा जालि सहितको व्यवस्थापन। |
| • दोबि देखि घट्टेखोला सम्म, भूमिखोला देखि खोलाघारी सम्म, खोलाघारी देखि करेलिखोला सम्म खोला नियन्त्रणका लागि जाली सहितको व्यवस्थापन। |
| • पानिमूल देखि भूमि खोला सम्म, भूमिखोला देखि शेरा खोला सम्म, वन्तरी देखि घोराखोर सम्म जालि सहितको व्यवस्थापन। |

**ङ) ऐतिहासिक तथा पर्यटकिय क्षेत्र**

| क्र.स. | वडा नं. | ऐतिहासिक तथा पर्यटकिय स्थल | स्थलको महत्व | गर्नुपर्ने कार्यहरू |
|---|---|---|---|---|
| १ | १ | बाला त्रिपुरासुन्दरी मन्दिर | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| २ | | मष्टा भवानी मन्दिर | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| ३ | | सतिगर्भे मन्दिर | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| ४ | | राजारानी सिमताल | पर्यटन | प्रचारप्रसार, पूर्वाधारको विकास |
| ५ | | गुदुमा डाडा भ्यु टावर | पर्यटन | प्रचारप्रसार, पूर्वाधारको विकास |
| ६ | २ | सिवालय धार्मिक वन | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| ७ | | टसिरुम्झे गुम्वा | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| ८ | | देया्रपाटी राजा दरवार | पर्यटन | प्रचारप्रसार, पूर्वाधारको विकास |
| ९ | | हात्तिको भौगोलिक नमुना | पर्यटन | प्रचारप्रसार, पूर्वाधारको विकास |
| १० | ३ | शिव मन्दिर | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| ११ | | डोल्पा हिमालयन चर्च | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |


| क्र.स. | वडा नं. | ऐतिहासिक तथा पर्यटकिय स्थल | स्थलको महत्व | गर्नुपर्ने कार्यहरू |
|---|---|---|---|---|
| १२ | | चौरपानी तिर्थस्थल | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| १३ | | मुलपानी तिर्थस्थल | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| १४ | | गौरीखारा तिर्थस्थल | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| १५ | ४ | चौपारी लैना सर्प | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| १६ | ६ | घागरिया हिमाल / हिमचुली हिमाल | पर्यटन | प्रचारप्रसार, पूर्वाधारको विकास |
| १७ | | डइर्र भ्यू टावर | पर्यटन | प्रचारप्रसार, पूर्वाधारको विकास |
| १८ | | महादेव वन शिवलिंग | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| १९ | | पोकेपानी तिर्थस्थल | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| २० | ७ | मष्ट भवानी मन्दिर | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| २१ | | ताम्रेवर्णको तिर्थस्थल मन्दिर | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| २२ | | काली फुर्का मन्दिर | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| २३ | ८ | शिसिर गुम्वा | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| २४ | | खाली छहरा झरना | पर्यटन | प्रचारप्रसार, पूर्वाधारको विकास |
| २५ | | देवाली तिर्थ | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| २६ | | चाल्नाबारा ताल | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| २७ | | हिउचुली हिमाल | पर्यटन | प्रचारप्रसार, पूर्वाधारको विकास |
| २८ | ९ | परेलीमाला तिर्यस्थल | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| २९ | | देउक्तला तिर्यस्थल | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| ३० | १० | बाजाबारी | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| ३१ | ११ | पिनेरीमाला तिर्थस्थल | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| ३२ | | कोरेली तिर्थस्थल | पर्यटन/धार्मिक | प्रचारप्रसार, पूर्वाधारको विकास |
| ३३ | | गारापानी अमिलेपानी | पर्यटन | प्रचारप्रसार, पूर्वाधारको विकास |

### अनुसूचि: ३ नगरपालिकाका गौरबका योजनाहरू

(हाल सम्म यस पालिकाले कुनैपनि प्रकारका गौरवका योजनाहरू सञ्चालन गर्रको छैन ।)


| क्र.स. | वडा नं. | आयोजनाको नाम | अबधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १. | | | २०८१/०८२ | २०८५/०८६ | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

## अनुसूचिः ४ नगरपालिकाको नक्शा





स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
तयार पार्ने: स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम।

Projection System: MUTM, Spheroid - Everest 1830
© MOFALD 2017




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016



## अनुसूचिः ५ माईनुटहरू

आज मिति २०८० साल मंसिर २२ गतेका दिन यस त्रिपुरासुन्दरी नगरपालिकाका नगर प्रमुख श्री जनचन्द्र रोकाया ज्युको अध्यक्षतामा यस नगरपालिकाको आवधिक योजना निर्माण तथा मौजुदा कानुनहरुको पुनरावलोकन कार्यक्रम सम्बन्धि बसेको गोष्ठि तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णय गरि सुसम्पन्न गरियो ।

उपस्थिति

| | |
|---|---|
| जनचन्द्र रोकाया | नगर प्रमुख |
| देवि घर्ति | नगर उप-प्रमुख |
| जगदिश चन्द्र नेपाली | प्रमुख प्रशासकिय अधिकृत |
| रामचन्द्र कुलाल | वडा नं. १ अध्यक्ष |
| टंक बहादुर थापा | " " २ " |
| भक्त बहादुर केंसी | " " ३ " |
| रन्जित बुढा | " " ४ " |
| नन्दलाल रोकाया | " " ५ " |
| देवेन्द्र चलाउने | " " ६ " |
| खम बुढा | " " ७ " |
| चन्द्ररूप रावत | " " ८ " |
| राज बहादुर बुढा | " " ९ " |
| ललित प्रसाद गिरी | " " १० " |
| चन्द्ररूप डसाल | " " ११ " |
| भिम बहादुर थापा | शिक्षा शाखा प्रमुख |
| रमेश बहादुर रावत | कृषि शाखा प्रमुख |
| हिरालाल के.सी. | लेखा शाखा प्रमुख |
| सरिता सिंह | महिला विकास शाखा प्रमुख |
| हरिचन्द्र विष्ट | MIS अपरेटर |

आमन्त्रित

| | |
|---|---|
| अनिल खत्ताल | कानुन/GESI विज्ञ |
| योगराज शर्मा | कानुन विज्ञ सामाजिक विज्ञ |

आज मिति २०८०/०८/ २४ गतेका दिन यस कर्णालि प्रदेश डोल्पा जिल्ला त्रिपुरासुन्दरी नगरपालिका अन्तर्गत वडा नं. ०१ मा यस ***त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आवधिक योजना*** निर्माण कार्यका लागि वडा स्तरीय अवस्था बिश्लेषण, तथ्यांक संकलन र छलफलका लागि यस वडाका वडाध्यक्ष श्री रामचन्द्र कुलाल —— ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमका प्रस्ताबमाथि छलफल गरी तपसिल बमोजिमको निर्णय गर्दे कार्यक्रम सम्पन्न गरीयो।

<u>उपस्थिति</u>

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| (१) | रामचन्द्र कुलाल | वडा अध्यक्ष | त्रि.न.पा. वडा नं. १ | ९८६८०४४५५४ | [illegible] |
| २, | [illegible] थापा | [illegible] | ,, | [illegible] | [illegible] |
| ३, | [illegible] | वडा सदस्य | ,, | [illegible] | [illegible] |
| ३, | [illegible] | ,, | ,, | [illegible] | [illegible] |
| ४, | [illegible] थापा | [illegible] | ,, | [illegible] | [illegible] |
| ५, | [illegible] | [illegible] | ,, | [illegible] | [illegible] |
| ६, | [illegible] | [illegible] | ,, | [illegible] | [illegible] |
| ७, | [illegible] | [illegible] | | | [illegible] |
| ८, | [illegible] | [illegible] | ,, | [illegible] | [illegible] |
| ९, | [illegible] | ,, | | [illegible] | [illegible] |
| १०, | [illegible] | ,, | | | |
| ११, | [illegible] | ,, | | | |
| १२, | [illegible] | [illegible] | | | |
| १३, | [illegible] | ,, | | | |

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोबाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १४ | ढिरीङ लामा | | " | | [illegible] |
| १५ | सन्देश नेपाली | | त्रिपुरासुन्दरी न.पा ०१ | 9841838079 | [illegible] |
| १६ | नवराज कुमाल | " | त्रि सु नपा ०१ | 9849824620 | [illegible] |
| १७ | कृष्णमान नेपाली | " | त्रि.सु.न.पा०१ | 9744260029 | [illegible] |
| १८ | लाल बहादुर लामा | " | त्रि.सु.न.पा.१ | 984827[illegible]00 | [illegible] |
| १९ | लक्ष्मी प्रसाद [illegible] | " | त्रिसु नपा १ | ९८६४९२६०२०६ | [illegible] |
| २० | सनम [illegible] | " | त्रि.सु.नपा १ | | [illegible] |
| २१ | लाल बहादुर बुढा | " | त्रि सु नपा १ | ९८[illegible]२९६२५० | [illegible] |
| २२ | जयसिं थापा | स्थानीय | | | [illegible] |
| २३ | भगवती न्यौपाने | " | त्रि सु नपा १ | ९८६८५४५४३८ | [illegible] |
| २४ | कृष्ण बहादुर [illegible] | " | " " १ | ९८६६६९२८४० | |
| २५ | मन ब कुमाल | " | " " | ९८४८३३४६४८ | [illegible] |
| २६ | मंगल मान नेपाली | " | त्रिपुरासुन्दरी न. | ९८५४२०२[illegible] | [illegible] |
| २७ | आईतराम सार्की | " | " " ०१ | 9869711420 | [illegible] |
| २८ | राजीमान सार्की | " | " १ | | [illegible] |
| २९ | हिर [illegible] | | | | |
| ३० | विजया भट्टराई | वडा सचिव | त्रि.सु.न.पा. ०१ | ९८६१९६००२२ ६३ | [illegible] |
| | | | | | |

**प्रस्तावहरू:**

१. प्रस्ताब नं. १ त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका लागि आबश्यक तथ्याकं माथी छलफल तथा संकलन सम्बन्धमा।

२. प्रस्ताब नं. २ बिबिध सम्बन्धमा।

**निर्णयहरू:**

१. निर्णय नं. १ त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका लागि आबश्यक तथ्याकं माथी छलफल तथा संकलन सम्बन्धमा छलफल गर्दा यस वडाका सम्पूर्ण सरोकारवाला वडावासिहरूको उपस्थितिमा आबधिक योजना निर्माणका लागि आबस्यक पर्ने बिषयगत क्षेत्रका बिषयबस्तु आर्थिक विकास); सामाजिक विकास; पूर्वाधार विकास; वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकास( माथि छलफल गर्दे ति बिषयबस्तुको आबश्यक तथ्याकं संकलन गरीयो।

२. निर्णय नं. २ बिबिध सम्बन्धमा छलफल गर्दा यस त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममा अन्य कुराको आबश्यकता अनुसार सहयोग र सहकार्य गर्न सहमत रहेको र आबधिक योजनालाई उत्कृष्ठ बनाउन दुबै पक्ष सहमत रहेको कुरा निर्णय गरीयो।

आज मिति २०८०/०८/२५ गतेका दिन यस कर्णालि प्रदेश डोल्पा जिल्ला त्रिपुरासुन्दरी नगरपालिका अन्तर्गत वडा नं. ०२ मा यस ***त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आवधिक योजना*** निर्माण कार्यका लागि वडा स्तरीय अबस्था बिश्लेषण, तथ्यांक संकलन र छलफलका लागि यस वडाका वडाध्यक्ष श्री टंक बहादुर थापा ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमका प्रस्ताबमाथि छलफल गरी तपसिल बमोजिमको निर्णय गर्दै कार्यक्रम सम्पन्न गरीयो।

**उपस्थिति**

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १- | टंक बहादुर थापा | वडाध्यक्ष | त्रि.न.पा. वडा नं २ रुम डोल्पा | ९८४६१९८५८० | |
| २- | रन बहादुर बुढा | वडा सदस्य | त्रिपुरासुन्दरी नं २ मुं | ९८००६८८२८४ | |
| ३. | सूर्य बहादुर बुढा | मु.प. प्रशासकीय अधिकृत | त्रि.पु. [illegible] | ९८६२८२६८४६८ | |
| ४. | पद्मा ब थापा | कृ. सक | त्रिपु नगर वडा २ | ९८६८९२९६[illegible] | |
| ५) | सिता [illegible] | सदस्या | त्रिपुरा सुन्दरी न. २ | | |
| ६. | विष्णु बुढा | कृ. [illegible] | ,, | ९८४५६६००६८ | |
| ७. | भक्त ब. बुढा | कृ. सक | ,, | ९८४८०२०६४३ | |
| ८ | चन्द्र ब. थापा | शिक्षक | बलभद्र आ.वि | ९८५८३०३३६० | |
| ९. | बल ब. बुढा | कृषक | त्रिपुरासुन्दरी २ रुम | --- | |
| १० | अनिशा बुढा | कृषक | ,, ,, | - | |
| ११ | रामध्वज बुढा | कृषक | ,, ,, | ९६८२९६८४९९ | |
| १२ | कल ब. बुढा | कृषक | ,, | | |
| १३ | मन बहादुर बुढा | शिक्षक | ,, | ९८६८३३६०६२ | |
| १४ | केशव ब. थापा | ,, | ,, | ९८४८०६०८३४ | |

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १५ | बाल कृष्ण बुढा | कृ.प्र.क. | त्रि.सु.न.पा. २ डोल्पा | ९८४३२४३०८८५ | |
| १६ | हरि विष्णु बुढा | का.स. | ,, | ९८४६५४५२६०२ | |
| १७ | कमल बुढा | ,, | ,, | ९८६५३३६६६५ | |
| १८ | नेत्र बहादुर बुढाथापा | ,, | ,, | ९८६६३८२५४८ | |
| १९ | देवि सुनार | ,, | ,, | | |
| २० | हरिलाल थापा | ,, | ,, | | |
| २१ | सुरेन्द्र थापा | ,, | ,, | | |
| २२ | नन्द बहादुर थापा | ,, | ,, | ९८४८३२५०३३ | |
| २३ | पन्ना बुढा थापा | ,, | ,, | | पन्ना बुढा |
| २४ | कर्म नन्द थापा | ,, | ,, | ९८६५२३८३६९६ | |
| २५ | मनसरी बुढा | ,, | ,, | | |
| २६ | मनसरा थापा | ,, | ,, | | मनसरा |
| २७ | ओम बहादुर थापा | २ नं. वडा प्रा. | २ नं. वडा | ८०६८६५५४८० | |
| २८ | हरिकृष्ण बुढा | ह.व.क. | २ नं. ... | ९८६४९५३२२२ | |
| २९ | विरेन्द्र थापा | ,, | ,, | ९८६६२२४११० | |
| ३० | हि.ब. बुढा | | | ९८४८३१६६५० | |
| | | | | | |
| | | | | | |

**प्रस्तावहरू:**

१. प्रस्ताव नं. १. त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममा आबश्यक तथ्याकं माथी छलफल तथा संकलन सम्बन्धमा।

२. प्रस्ताव नं. २. बिबिध सम्बन्धमा।

**निर्णयहरू:**

१. निर्णय नं. १ त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममा आबश्यक तथ्याकं माथी छलफल तथा संकलन सम्बन्धमा छलफल गर्दा यस वडाका सम्पूर्ण सरोकारवाला वडा वासिहरूको उपस्थितिमा आबधिक योजना निर्माणका लागि आबस्यक पर्ने बिषयगत क्षेत्रका बिषयबस्तुहरू (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकास) माथि छलफल गर्दे ति बिषयबस्तुको आबश्यक तथ्याकं संकलन गरीयो।

२. निर्णय नं. २ बिबिध सम्बन्धमा छलफल गर्दा यस त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममा अन्य कुरा आबश्यकता अनुसार सहयोग र सहकार्य गर्न सहमत रहेको र आबधिक योजनालाई उत्कृष्ठ बनाउन दुबै पक्ष सहमत रहेको कुरा निर्णय गरीयो।

/

आज मिति २०८०/०८/२६ गतेका दिन यस कर्णालि प्रदेश डोल्पा जिल्ला त्रिपुरासुन्दरी नगरपालिका अन्तर्गत वडा नं. ३ मा यस **त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आवधिक योजना** निर्माण कार्यका लागि वडा स्तरीय अबस्था बिश्लेषण, तथ्यांक संकलन र छलफलका लागि यस वडाका वडाध्यक्ष श्री भक्त ब. के.सी. ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमका प्रस्ताबमाथि छलफल गरी तपसिल बमोजिमको निर्णय गर्दै कार्यक्रम सम्पन्न गरीयो।

## उपस्थिति

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १) | भक्त बहादुर के.सी. | वडा अध्यक्ष | त्रिपुरा सुन्दरी न.पा. ३ | ९८४८३३१०६६ | [illegible] |
| २) | वीर प्रसाद बोगटी | वडा सदस्य | " " ३ | ९८४८३२२४३५ | [illegible] |
| ३) | चन्द्रलाल घरती | ने.का.जि.का.स. | " " ३ | ९८४८०२०४०८ | [illegible] |
| ४) | जस बहादुर घरती | वृद्ध सदस्य | " " ३ | | [illegible] |
| ५) | कालीमता वि.क. | दलित सदस्य | " " ३ | | कालि |
| ६) | रविराम के.सी. | गाउ मुखिया | " " ३ | | [illegible] |
| ७) | फुलमाया घरती | पूर्व शिक्षक | " " ३ | | [illegible] |
| ८) | नन्दे घरती | समाजसेवी | " " ३ | ९८६४३४२३९२ | [illegible] |
| ९) | अनिता चन्द | वडा सचिव | त्रिपुरासुन्दरी न.पा. ३ | | [illegible] |
| १०) | बुद्धि बहादुर थापा | प्राविधिक | विद्युत प्राधिकरण | ९८४८३८६४७० | [illegible] |
| ११) | दिपक घरती | का.स. | त्रिपुरासुन्दरी न.पा. ३ | ९८६२६६३३३६ | Dipak |
| १२) | नैन घरती | समाजसेवी | " " ३ | | [illegible] |
| १३) | चन्द्रमाया घरती | आमा समूह सदस्य | " " ३ | | [illegible] |
| १४) | हरिकला बोहरा | | | | हरिक वा |

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १५) | हरिमला वि.क. | पूर्व दलित सदस्य | त्रिपुरासुन्दरी न.पा.६ | | |
| १६) | लक्ष्मण के.सी. | शिक्षक | श्र आ.वि. छ. | ९८४६२८९८३१ | |
| १७) | कमला बोहोरा | समाजसेवी | ... | | कमला |
| १८) | राम प्रसाद घर्ती | " | .. | | राम |
| १९) | हिरालाल सामाङ | | खुं | ९७४२९४६०८८ | हिरा |
| २०) | जुनकी वि.क. | | " | ९८६४३४२३७८ | जुनकी |
| २१) | चेत कुमार घराला | कृषक | खुं | ९८६४९७५७३१ | |
| २२) | रामप्रसाद घराला | कृषक | खुं | | राम |
| २३) | गुककृष्ण घराला | " | " | ९८६९६५४२२७ | |
| २४) | तिल बहादुर घरला | शिक्षक | खुं | ९८४८३३७३८० | |
| २५) | धन बहादुर डाँगी | कृषक | खुं | ९७४८३३४६६० | |
| २६) | शिव जंग डाँगी | कृषक | खुं | | |
| २७) | बेलका के.सी. | " | " | | बेलका |
| २८) | सन्तराज घराला | समाजसेवी | " | ९७४२८१२४२८ | |
| २९) | पद्म घराला | कृषक | " | ९८४९८८२०७६ | |
| ३०) | केशर घराला | कृषक | " | ९८४४२६६६९४ | |
| ३१) | नेत्र बहादुर डाँगी | कृषक | " | ९७४९९२३६४० | |
| ३२) | काली बहादुर घराला | कृषक | " | | काल |

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ३३) | नन्दसिंह घराला | कृषक | सुँ | | नन्दसिं |
| ३४) | बिर बहादुर घराला | कृषक | ,, | ९८६४८६१०९४ | बिर |
| ३५) | दलचन्द्र गुरुङ | कृषक | ,, | ९८४६४८९६७५० | |
| ३६) | पुर्णमिला घराला | ,, | ,, | ९८६१८९४८६६ | |
| 36) | सुनकली डाँगी | कृषक | ,, | 9748331474 | सुनकली |
| ३८) | रमेश के.सी. | सि.अ.हे.व ~~डक्टर~~ | ,, | ९८४५३०३८३३ | |
| ३९) | मिन बहादुर घराला | मा.वि. शिक्षक | ए.मा.वि. | ९८४८३३६३२० | |
| ४०) | धुर्वराज खरा | प्रधानाध्यापक | ए.मा.वि. | ९८६१०९९६६६ | |
| ४१) | नरेन्द्र घराला | कृषक | सुँ | ९८६८६४३३६०८ | |
| ५० | मान ब. के.सी. | वि.वि. उपाध्यक्ष | सुँ | ९८४२६८९८६२ | |
| ५१ | विवेक के.सी. | कृषक | सुँ | ९८६०४६२६२० | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**प्रस्तावहरू:**

१. प्रस्ताव नं. १.त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममाआबश्यक तथ्याकं माथी छलफल तथा संकलन सम्बन्धमा।

२. प्रस्ताव नं. २. बिबिध सम्बन्धमा।

**निर्णयहरू:**

१. निर्णय नं. १ त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममाआबश्यक तथ्याकं माथी छलफल तथा संकलन सम्बन्धमा छलफल गर्दा यस वडाका सम्पूर्ण सरोकारवाला वडावासिहरूको उपस्थितिमा आबधिक योजना निर्माणका लागि आबस्यक पर्ने बिषयगत क्षेत्रका बिषयबस्तुहरू (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकास) माथि छलफल गर्दै ति बिषयबस्तुको आबश्यक तथ्याकं संकलन गरीयो।

२. निर्णय नं. २ बिबिध सम्बन्धमा छलफल गर्दा यस त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममा अन्य कुराआबश्यकता अनुसार सहयोग र सहकार्य गर्न सहमत रहेको र आबधिक योजनालाई उत्कृष्ठ बनाउन दुबै पक्ष सहमत रहेको कुरा निर्णय गरीयो।

आज मिति २०८०/०८/२९ गतेका दिन यस कर्णालि प्रदेश डोल्पा जिल्ला त्रिपुरासुन्दरी नगरपालिका अन्तर्गत वडा नं. ०४ मा यस ***त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना*** निर्माण कार्यका लागि वडा स्तरीय अबस्था बिश्लेषण, तथ्यांक संकलन र छलफलका लागि यस वडाका वडाध्यक्ष श्री राजित बुढा ———— ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमका प्रस्ताबमाथि छलफल गरी तपसिल बमोजिमको निर्णय गर्दे कार्यक्रम सम्पन्न गरीयो।

**उपस्थिति**

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १- | राजित बुढा | वडाअध्यक्ष | त्रि.न.पा.०४ रहुँ डोल्पा | ९८४८३२३८७६ | [signature] (राजित बुढा) |
| २- | अमरजित बुढा | वडावासी | त्रि.न.पा. ४ रहुँ डोल्पा | ९८४५३६३३०८ | [signature] |
| ३- | सदबहादुर बोहरा | '' | '' | | [signature] |
| ४- | सुर्यलाल बोहरा | जिल्ला कमिटी सदस्य | '' | ९७४८३५११३६ | [signature] |
| ५ | नन्दकिसान बुढा | वडा वासी | '' | ९८६८२६११०८ | |
| ६ | करन ब० बुढा | '' | '' | ९८६४९३२१३४ | [signature] |
| ७ | रतनसी घराला | वडा सदस्य | '' | ९८४२६२४४६ | [signature] |
| ८ | जित बहादुर बुढा | वडावासी | '' | — — | [signature] |
| ९ | विश्वरुप बुढा | वडा सचिव | '' | ९८६८९७९ | [signature] |
| १० | रसना बुढा | वडावासी | '' | —— | रसना |
| ११ | अरुणा बुढा | '' | '' | —— | अरुणा |
| १२ | विजया कुमारी बुढा | शिक्षिका | '' | ९८४६६०२२८५ | [signature] |
| १३ | फुलमति बुढा | '' | '' | ९८६८९७०८२१ | [signature] |
| १४ | कमला कुमारी बुढा | '' | '' | ९८४८३२३९२८ | [signature] |

**प्रस्तावहरू:**

१. प्रस्ताव नं. १.त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममाआबश्यक तथ्याकं माथी छलफल तथा संकलन सम्बन्धमा।

२. प्रस्ताव नं. २. बिबिध सम्बन्धमा।

**निर्णयहरू:**

१. निर्णय नं. १ त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममाआबश्यक तथ्याकं माथी छलफल तथा संकलन सम्बन्धमा छलफल गर्दा यस वडाका सम्पूर्ण सरोकारवाला वडावासिहरूको उपस्थितिमा आबधिक योजना निर्माणका लागि आबस्यक पर्ने बिषयगत क्षेत्रका बिषयबस्तुहरू (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकास) माथि छलफल गर्दे ति बिषयबस्तुको आबश्यक तथ्याकं संकलन गरीयो।

२. निर्णय नं. २ बिबिध सम्बन्धमा छलफल गर्दा यस त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममा अन्य कुराआबश्यकता अनुसार सहयोग र सहकार्य गर्न सहमत रहेको र आबधिक योजनालाई उत्कृष्ठ बनाउन दुबै पक्ष सहमत रहेको कुरा निर्णय गरीयो।

आज मिति २०८०/०८/ २६ गतेका दिन यस कर्णालि प्रदेश डोल्पा जिल्ला त्रिपुरासुन्दरी नगरपालिका अन्तर्गत वडा नं. ०५ मा यस **त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना** निर्माण कार्यका लागि वडा स्तरीय अबस्था बिश्लेषण, तथ्यांक संकलन र छलफलका लागि यस वडाका का. वडाध्यक्ष श्री सम्झना खात्री ——— ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमका प्रस्तावमाथि छलफल गरी तपसिल बमोजिमको निर्णय गर्दै कार्यक्रम सम्पन्न गरीयो ।

<u>**उपस्थिति**</u>

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ - | सम्झना कार्की | का. वडाध्यक्ष | त्रि.न.पा. ०५ | ९६८४९२९१६९२ | |
| २. | मोतिबहादुर कार्की | वडा सदस्य | त्रि.न.पा. ५ | ९८४८३९५६९० | |
| ३. | लक्ष्मी नेपाली | वडा सदस्य | त्रि.न.पा. ५ | ९६८२९३६२६० | |
| ४. | भक्त ब. रोकाया | बुद्धिजीवी | त्रि.न.पा. ५ | ९८४०७८६४८३ | |
| ५. | गंगा रोकाया | बुद्धिजीवी | त्रि.न.पा. ५. | 9864621733 | |
| ६. | राजेन्द्र न्यौपाने | बुद्धिजीवी | त्रि.न.पा. ५. | ९८४९८८३५९६ | |
| ७. | लाल बहादुर बुढा | बुद्धिजीवी | त्रि.न.पा. ५ | ९८६३२६८८० | |
| ८. | पुतला दमाई | बुद्धिजीवी | त्रि.न.पा. ५. | | |
| ९. | नर बहादुर कार्की | बुद्धिजीवी | त्रि.न.पा. ५. | ९८४८३२४८८९ | |
| १०. | हर्क ब. बम ठकुरी | बुद्धिजीवी | त्रि.न.पा. ५ | | |
| ११. | लगनमाया न्यौपाने | वडा सदस्य | त्रि.न.पा. ६ | ९८४८३२ | |
| १२. | अमृत सर्की | बुद्धिजीवी | त्रि.न.पा. ६ | ९८६६९६९८३६ | |
| १३. | विर्स नेपाली | बुद्धिजीवी | त्रि.न.पा. ६ | | |
| १४. | डम्मर सार्की | बुद्धिजीवी | त्रि.न.पा. ६ | 9863987431 | |

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोबाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १५. | विकास रोकाया | बुद्धिजीवी | त्रि.न.पा. ५ | ९८४५६३८८१३ | |
| १६, | मन बहादुर सार्की | बुद्धिजीवी | त्रि.न.पा. ६ | 9749351288 | |
| १७. | हिर ब. चलाउने | बुद्धिजीवी | त्रि.न.पा. ६. | ९८६८०२३६८४३ | |
| १८. | गोरख ब. पुन | शिक्षक, प्र.अ. | श्री फोक्सुण्डो आ.वि. ५. | ९८६८२०५६६२ | |
| १९, | प्रकाश सार्की | शिक्षक | श्री फोक्सुण्डो आ.वि. त्रि.न.पा. ६. | ९८६८३५३०८१ | |
| २०, | बुद्धि लक्ष्मी सौपाने | बुद्धिजीवी | | 98689228 48 | |
| २१, | राज कुमारी सार्की | बुद्धिजीवी | | 974257833४ | |
| २२, | पुन बहादुर बुढा | शिक्षक | | ९८४९६८४५२२ | |
| २३ | नार बहादुर नाकी | | | ९८४८३२८८ | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**प्रस्तावहरू:**

१. प्रस्ताव नं. १.त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममाआबश्यक तथ्याकं माथी छलफल तथा संकलन सम्बन्धमा ।

२. प्रस्ताव नं. २. बिबिध सम्बन्धमा ।

**निर्णयहरू:**

१. निर्णय नं. १ त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममाआबश्यक तथ्याकं माथी छलफल तथा संकलन सम्बन्धमा छलफल गर्दा यस वडाका सम्पूर्ण सरोकारवाला वडावासिहरूको उपस्थितिमा आबधिक योजना निर्माणका लागि आबस्यक पर्ने बिषयगत क्षेत्रका बिषयबस्तुहरू (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकास) माथि छलफल गर्दै ति बिषयबस्तुको आबश्यक तथ्याकं संकलन गरीयो ।

२. निर्णय नं. २ बिबिध सम्बन्धमा छलफल गर्दा यस त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममा अन्य कुराआबश्यकता अनुसार सहयोग र सहकार्य गर्न सहमत रहेको र आबधिक योजनालाई उत्कृष्ठ बनाउन दुबै पक्ष सहमत रहेको कुरा निर्णय गरीयो ।

आज मिति २०८०/०४/०१ गतेका दिन यस कर्णालि प्रदेश डोल्पा जिल्ला त्रिपुरासुन्दरी नगरपालिका अन्तर्गत वडा नं. ६ मा यस **त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना** निर्माण कार्यका लागि वडा स्तरीय अबस्था बिश्लेषण, तथ्यांक संकलन र छलफलका लागि यस वडाका वडाध्यक्ष श्री देपेन्द्र चलाउने ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमका प्रस्ताबमाथि छलफल गरी तपसिल बमोजिमको निर्णय गर्दे कार्यक्रम सम्पन्न गरीयो।

**उपस्थिति**

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १, | देपेन्द्र चलाउने | वडा अध्यक्ष | त्रि.सु.न.पा.६ डोल्पा | ९८५८०८००८० | |
| २, | दत्त चलाउने | शिक्षक | मुकुटेश्वर मा.वि जुफाल्चाइं | ९८४८३०३६६२ | |
| ३, | राज ब. रोका | बुद्धिजिवी | " | ९८५८३१५७६४ | |
| ४, | अमृत सार्की | नि.ब सदस्य | " | ९८६६१६५४२६ | |
| ५, | लगनमाया न्यौपाने | वडा सदस्य | " | ९८४८३५८३५५ | |
| ६, | रामशिला न्यौपाने | | " | | |
| ७, | आदित्य न्यौपाने | | " | ९८६८१६०६१८ | |
| ८, | सिता न्यौपाने | | " | | सिता |
| ९, | मनसरी वि.क | नि.ब.सदस्य | " | | मनसरी |
| १०, | नरदेवि वि.क | वडा सदस्य | " | | नरदेवि |
| ११, | रमेश चौधरी | प्राविधिक | बा.गा.पा.-०५ क.न. | ९८४९८२९१६३ | |
| १२, | माधव भट्टराई | प्राविधिक | " " | ९८६९२०६३०७ | |
| १३, | मन कुमारी बुढा | सामाजिक परिचालक | त्रि.सु.न.पा ६ डोल्पा | ९८६८३०१२६८ | |
| १४, | देपेन्द्र बोहोरा | वडा सदस्य | " | ९८४८३८४८३६ | |

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोबाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १५, | पुष्पलाल बोहोरा | शिक्षक | त्रि.सु.न.पा.६, डोल्पा | 9848323592 | [illegible] |
| १६, | मन ब. सार्की | | त्रि.सु.न.पा ६ डोल्पा | 9749351289 | [illegible] |
| १७, | चन्द्रमान चलाउने | | त्रि.सु.न.पा.६, डोल्पा | ९८४८३२५२४५ | [illegible] |
| १८, | नन्द कुमार बोहोरा | | त्रि.सु.न.पा.६, डोल्पा | | |
| १९, | विष्णु कुमार बंम ठकुरी | का.स | त्रि.सु.न.पा ६, डोल्पा | ९८६९९८६०९९ | [illegible] |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**प्रस्तावहरू:**

१. प्रस्ताव नं. १.त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममाआबश्यक तथ्याकं माथी छलफल तथा संकलन सम्बन्धमा।

२. प्रस्ताव नं. २. बिबिध सम्बन्धमा।

**निर्णयहरू:**

१. निर्णय नं. १ त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममाआबश्यक तथ्याकं माथी छलफल तथा संकलन सम्बन्धमा छलफल गर्दा यस वडाका सम्पूर्ण सरोकारवाला वडावासिहरूको उपस्थितिमा आबधिक योजना निर्माणका लागि आबस्यक पर्ने बिषयगत क्षेत्रका बिषयबस्तुहरू (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकास) माथि छलफल गर्दे ति बिषयबस्तुको आबश्यक तथ्याकं संकलन गरीयो।

२. निर्णय नं. २ बिबिध सम्बन्धमा छलफल गर्दा यस त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममा अन्य कुराआबश्यकता अनुसार सहयोग र सहकार्य गर्न सहमत रहेको र आबधिक योजनालाई उत्कृष्ठ बनाउन दुबै पक्ष सहमत रहेको कुरा निर्णय गरीयो।

आज मिति २०८०/०८/ ३० गतेका दिन यस कर्णालि प्रदेश डोल्पा जिल्ला त्रिपुरासुन्दरी नगरपालिका अन्तर्गत वडा नं. ०६ मा यस ***त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना*** निर्माण कार्यका लागि वडा स्तरीय अबस्था बिश्लेषण, तथ्यांक संकलन र छलफलका लागि यस वडाका वडाध्यक्ष श्री खम बुढा ____________ ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमका प्रस्ताबमाथि छलफल गरी तपसिल बमोजिमको निर्णय गर्दे कार्यक्रम सम्पन्न गरीयो ।

## उपस्थिति

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | खम बुढा | वडाध्यक्ष | त्रि.न.पा. ०६ पाहाडा | ९८६८३०९९६९ | [illegible] |
| २ | आदित्यचन्द्र रावल | वडा सदस्य | " | ९८४४९३३६५८ | [illegible] |
| ३. | मन बहादुर शाही | वडा प्राविधिक | " | ९८६४६८६४६६ | [illegible] |
| ४. | चन्द्ररूप बोहोरा | स्थानीय | " | ९६४४२६६६३० | [illegible] |
| ५. | नविन प्रसाद ओझा | वडा सचिव | | ९८६५८०९३२९ | [illegible] |
| ६. | महा कुमार बि.क. | प्रहरी हवल्दार | अस्थाई बिमानस्थल सुरक्षागार्ड प्रतिनिधि | ९८४९३०५४४९ | [illegible] |
| ७ | कृष्ण ओझा | प्रहरी जवान | " | 9844727944 | [illegible] |
| ८ | सुस्मा के.सी. | स्थानीय | त्रि.सु.न.पा ६ पाहाडा | | [illegible] |
| ९. | धन बहादुर के.सी. | स्थानीय | त्रि.सु.न.पा ६ पाहाडा | | |
| १०. | नरचन्द्र के.सी. | स्थानीय | " | | [illegible] |
| ११. | हिरोचन्द्र के.सी. | स्थानीय | | | [illegible] |
| | | | | | |
| | | | | | |
| | | | | | |

**प्रस्तावहरू:**

१. प्रस्ताव नं. १.त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममाआबश्यक तथ्यांक माथी छलफल तथा संकलन सम्बन्धमा।

२. प्रस्ताब नं. २. बिबिध सम्बन्धमा।

**निर्णयहरू:**

१. निर्णय नं. १ त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममाआबश्यक तथ्यांक माथी छलफल तथा संकलन सम्बन्धमा छलफल गर्दा यस वडाका सम्पूर्ण सरोकारवाला वडावासिहरूको उपस्थितिमा आबधिक योजना निर्माणका लागि आबस्यक पर्ने बिषयगत क्षेत्रका बिषयबस्तुहरू (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकास) माथि छलफल गर्दै ति बिषयबस्तुको आबश्यक तथ्यांक संकलन गरीयो।

२. निर्णय नं. २ बिबिध सम्बन्धमा छलफल गर्दा यस त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममा अन्य कुराआबश्यकता अनुसार सहयोग र सहकार्य गर्न सहमत रहेको र आबधिक योजनालाई उत्कृष्ठ बनाउन दुबै पक्ष सहमत रहेको कुरा निर्णय गरीयो।

आज मिति २०८०/०८/३० गतेका दिन यस कर्णालि प्रदेश डोल्पा जिल्ला त्रिपुरासुन्दरी नगरपालिका अन्तर्गत वडा नं.०८ मा यस ***त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आवधिक योजना*** निर्माण कार्यका लागि वडा स्तरीय अवस्था बिश्लेषण, तथ्यांक संकलन र छलफलका लागि यस वडाका वडाध्यक्ष श्री चन्द्ररुप राउत ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमका प्रस्तावमाथि छलफल गरी तपसिल बमोजिमको निर्णय गर्दै कार्यक्रम सम्पन्न गरीयो।

**<u>उपस्थिति</u>**

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | चन्द्र रुप रावत | वडा.न ८ अध्यक्ष | वडा न ८ | ९८४५४०११३४ | [illegible] |
| २ | वेलकु वि. क | म. दं. सदस्य | वडा न ८ | | [illegible] |
| ३ | पिण्ड्र बोहोरा | सदस्य | वडा न ८ | | [illegible] |
| ४ | मोहन वि क. | | वडा न ८ | | [illegible] |
| ५ | कार्णा चन्द्र के सि | का. पा. सहोगी | वडा न ८ | | [illegible] |
| ६ | चन्द्र विर बोहोरा | | वडा न ८ | | [illegible] |
| ७ | लाल किष्ण के सि. | | | | लाल |
| ८ | मालक कामी | | | | [illegible] |
| ९ | सेते कामी | | | | सैते |
| १० | रति बोन वि.क. | | | | [illegible] |
| ११ | गज बहादुर कामी | | | | [illegible] |
| १२ | हिरकर्ण जोशी | | | | [illegible] |
| १३ | कृष्ण कर्णा | | | | [illegible] |
| १४ | हिमा वि.क | | | | [illegible] |

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १४ | किरण बोहोरा | सदस्य | वडा नं ८ | | [signature] |
| १५,, | हिमलाल नेगी | | | | [signature] |
| १६,, | बिर बहादुर बोहोरा | | | | बिर |
| १७ | कुन्न महतरा | | | | [signature] |
| १९ | विकाश नेपाली | वडा सचिव | वडा नं ८ कार्यालय | 9848100793 | [signature] nepali |
| २०) | रामचन्द्र रावत | | | | [signature] |
| २१ | विकास रावत | | | | [signature] |
| २२ | अंगत विक | | | | अंगत |
| २३,, | भंगा रावत | | | | [signature] |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**प्रस्तावहरू:**

१. प्रस्ताव नं. १.त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममाआबश्यक तथ्याकं माथी छलफल तथा संकलन सम्बन्धमा।

२. प्रस्ताव नं. २. बिबिध सम्बन्धमा।

**निर्णयहरू:**

१. निर्णय नं. १ त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममाआबश्यक तथ्याकं माथी छलफल तथा संकलन सम्बन्धमा छलफल गर्दा यस वडाका सम्पूर्ण सरोकारवाला वडावासिहरूको उपस्थितिमा आबधिक योजना निर्माणका लागि आबस्यक पर्ने बिषयगत क्षेत्रका बिषयबस्तुहरू (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकास) माथि छलफल गर्दे ति बिषयबस्तुको आबश्यक तथ्याकं संकलन गरीयो।

२. निर्णय नं. २ बिबिध सम्बन्धमा छलफल गर्दा यस त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममा अन्य कुराआबश्यकता अनुसार सहयोग र सहकार्य गर्न सहमत रहेको र आबधिक योजनालाई उत्कृष्ठ बनाउन दुबै पक्ष सहमत रहेको कुरा निर्णय गरीयो।

आज मिति २०८०/०८/२६ गतेका दिन यस कर्णाली प्रदेश डोल्पा जिल्ला त्रिपुरासुन्दरी नगरपालिका अन्तर्गत वडा नं. १५ मा यस **त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना** निर्माण कार्यका लागि वडा स्तरीय अबस्था बिश्लेषण, तथ्यांक संकलन र छलफलका लागि यस वडाका का० वडाध्यक्ष श्री हंशा बोहरा ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमका प्रस्ताबमाथि छलफल गरी तपसिल बमोजिमको निर्णय गर्दै कार्यक्रम सम्पन्न गरीयो।

## उपस्थिति

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | हंशा बोहरा | का० वा० अध्यक्ष | त्रि०सु०न०पा० ९ | ९८४५९५३४१३ | [illegible] |
| २ | कोमल कुमारी घर्ती | वडा सदस्य | " ९ | ९८४८०६५६८३६ | कोमल |
| ३ | विष्णु रोकाया | " | " ९ | ९८६९९५३२२९ | [illegible] |
| ४ | तिला वि०क० | " | " ९ | ९८४२२२५४१० | तिला |
| ५ | विष्णु बहादुर बोहरा | उ०वा० का सदस्य | " ९ | ९८४८३२३६२२ | [illegible] |
| ६ | राम बहादुर बुढा | प्रधानाध्यापक | " ९ | ९८६८०९५२९८ | [illegible] |
| ७ | रमेश पहाडी | अ०हे०व० | " ९ | ९८७७६६३८२८ | [illegible] |
| ९ | मन बहादुर बोहरा | वडावासी | " ९ | ९८४८०६७८३६ | [illegible] |
| १० | गणेश रोकाया | वडावासी | " ९ | ९८४८३५१४३८ | [illegible] |
| ११ | लाल बहादुर रोकाया | " | " ९ | ९८६५८४६६२० | लाल |
| १२ | पदम हिराचन | " | " ९ | ९८६८९९६४४८ | [illegible] |
| १३ | गंगा बहादुर घर्ती | वा० स० | " ९ | ९८६८५६१६३ | गंगा |
| १४ | सुनिता बुढा | वडावासी | " ९ | ९८४५९५३३९९ | [illegible] |
| १५ | खड्ग बहादुर रोकाया | " | " ९ | ९८४२९४६०९३ | [illegible] |

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १६ | टेक बहादुर खत्री | वनपाले | त्रि० न०पा० ८ | — | [illegible] |
| १७ | रूपचन्द्रा डाँगी | वन समिति सचिव | ,, | ९८६९६६०७६२ | [illegible] |
| १८ | बसन्त बुढा | पिपलपानी | ,, | ९८४६९३०३६ | Basanta |
| १९ | जुन बहादुर क्षेत्री | वडपाले | ,, | ९८४२६६२०३४६ | [illegible] |
| २० | त्यन्दु वाहोरा | ,, | ,, | — | [illegible] |
| २१ | कार्मी रोकाया | ,, | ,, | — | [illegible] |
| २२ | खेम बहादुर बुढा | ,, | ,, | — | [illegible] |
| २३ | मनचन्द्रा बुढा | ,, | ,, | — | [illegible] |
| २४ | कृष्णकला बुढा | ,, | ,, | | [illegible] |
| २५ | मनिषा बुढा | ,, | ,, | | [illegible] |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**प्रस्ताबहरू:**

१. प्रस्ताब नं. १.त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममाआबश्यक तथ्याकं माथी छलफल तथा संकलन सम्बन्धमा।

२. प्रस्ताब नं. २. बिबिध सम्बन्धमा।

**निर्णयहरू:**

१. निर्णय नं. १ त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममाआबश्यक तथ्याकं माथी छलफल तथा संकलन सम्बन्धमा छलफल गर्दा यस वडाका सम्पूर्ण सरोकारवाला वडावासिहरूको उपस्थितिमा आबधिक योजना निर्माणका लागि आबस्यक पर्ने बिषयगत क्षेत्रका बिषयबस्तुहरू (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकास) माथि छलफल गर्दे ति बिषयबस्तुको आबश्यक तथ्याकं संकलन गरीयो।

२. निर्णय नं. २ बिबिध सम्बन्धमा छलफल गर्दा यस त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममा अन्य कुराआबश्यकता अनुसार सहयोग र सहकार्य गर्न सहमत रहेको र आबधिक योजनालाई उत्कृष्ठ बनाउन दुबै पक्ष सहमत रहेको कुरा निर्णय गरीयो।

आज मिति २०८०/०८/ २६ गतेका दिन यस कर्णालि प्रदेश डोल्पा जिल्ला त्रिपुरासुन्दरी नगरपालिका अन्तर्गत वडा नं. १० मा यस ***त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना*** निर्माण कार्यका लागि वडा स्तरीय अबस्था बिश्लेषण, तथ्यांक संकलन र छलफलका लागि यस वडाका वडाध्यक्ष श्री ललित प्रसाद गिरी —— ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमका प्रस्ताबमाथि छलफल गरी तपसिल बमोजिमको निर्णय गर्दै कार्यक्रम सम्पन्न गरीयो।

**उपस्थिति**

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १- | ललित प्रसाद गिरी | वडाध्यक्ष | त्रि.न.पा.१० | ९८६५८१९४५४ | |
| २- | दिपेन्द्र बडुवाल | वडा सचिव | त्रि.सु.नं.पा.१० | ९८६६२१२१६० | |
| ३. | मिना बोहोरा | वडा म. सदस्य | ,, — ,, | ९८४१६९६३२० | |
| ४. | बिरमति नेपाली | दलित म. सदस्य | ,, — ,, | | |
| ५. | धनचन्द्र घराला | वडा सदस्य | ,, — ,, | ९८६८०४२३८९ | |
| ५. | चन्द्र ब. घरला | स्थानिय | ,, — ,, | ९६६८९५२३५० | |
| ६. | गगन रवनी | स्थानिय | ,, — ,, | ९८४४६९३६०४ | |
| ६. | राम प्रसाद बोहोरा | स्थानिय | ,, — ,, | ९६८४९२९९६२९ | |
| ८. | राम ब. बोहोरा | स्थानिय | ,, — ,, | ९८६६२२१५१३ | |
| ९. | रिता बोहोरा (पहाडी) | का. स. | ,, — ,, | ९८६९५२३४९२ | |
| १०. | पुर्ण प्रसाद गिरी | स्थानिय | ,, — ,, | | |
| ११. | डम्बर ब. पहाडी | स्थानिय | ,, — ,, | | |
| १२. | मोहन पहाडी | स्थानिय | ,, — ,, | | |
| १३. | रत्ना देवी पहाडी | स्थानिय | ,, — ,, | | |

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोबाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ९४. | मिन ब. कुवा | स्थानीय | त्रि.सु.न.पा.१०, | | |
| ९५. | कमीकीत थापा | ,, | ,, | | |
| ९६. | राम प्रसाद शर्मा (गौतम) | प्रधानाध्यापक (जनप्रभा मा.वि.) | ,, — ,, | 9848304176 | |
| ९७. | कमल पहाडी | स्थानीय | ,, — ,, | 9863407365 | |
| ९८. | अर्जुन बोहोरा | स्थानीय | ,, — ,, | 9748331486 | |
| ९९. | चन्द्र ब. घरती | ,, | ,, — ,, | ९८४८३२६९६९ | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**प्रस्तावहरू:**

१. प्रस्ताव नं. १.त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममाआबश्यक तथ्याकं माथी छलफल तथा संकलन सम्बन्धमा ।

२. प्रस्ताव नं. २. बिबिध सम्बन्धमा ।

**निर्णयहरू:**

१. निर्णय नं. १ त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममाआबश्यक तथ्याकं माथी छलफल तथा संकलन सम्बन्धमा छलफल गर्दा यस वडाका सम्पूर्ण सरोकारवाला वडावासिहरूको उपस्थितिमा आबधिक योजना निर्माणका लागि आबस्यक पर्ने बिषयगत क्षेत्रका बिषयबस्तुहरू (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकास) माथि छलफल गर्दै ति बिषयबस्तुको आबश्यक तथ्याकं संकलन गरीयो ।

२. निर्णय नं. २ बिबिध सम्बन्धमा छलफल गर्दा यस त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममा अन्य कुराआबश्यकता अनुसार सहयोग र सहकार्य गर्न सहमत रहेको र आबधिक योजनालाई उत्कृष्ठ बनाउन दुबै पक्ष सहमत रहेको कुरा निर्णय गरीयो ।

आज मिति २०८०/०९/२८ गतेका दिन यस कर्णालि प्रदेश डोल्पा जिल्ला त्रिपुरासुन्दरी नगरपालिका अन्तर्गत वडा नं. ११ मा यस ***त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना*** निर्माण कार्यका लागि वडा स्तरीय अबस्था बिश्लेषण, तथ्यांक संकलन र छलफलका लागि यस वडाका वडाध्यक्ष श्री चन्द्ररुप डसाल ________ ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमका प्रस्ताबमाथि छलफल गरी तपसिल बमोजिमको निर्णय गर्दै कार्यक्रम सम्पन्न गरीयो ।

**उपस्थिति**

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १- | चन्द्ररुप डसाल | वडाध्यक्ष | त्रि.न.पा. ११ मुहँ | ९८३०२२४५६६ | [illegible] |
| २) | रुद्र ब. बुढा | वडा सदस्य | | | २१६ |
| ३) | लाल चन्द्र महतारा | | | | लालचन्द |
| ४) | विशा बुढा | | | | विशा |
| ५) | विरब चन्द्र डसाल | | | ९८६६५३६१७२ | [illegible] |
| ६) | गोर्ख बुढा | | | ९८६२८६३३१३ | गोर्ख |
| ७) | कर्ण ब. बुढा | | | | कर्ण |
| ८) | राम लाल बुढा | | | | रामल |
| ९) | हर्क बुढा | | | | हर्क |
| १०) | चन्द्र प्रसाद बुढा | | | | [illegible] |
| ११) | हरिलाल बोहरा | | | | [illegible] |
| १२) | विरे डसाल | | | | विरे |
| १३) | महेश बुढा | | | | महेश। |
| १४) | लाल चन्द्र बुढा | | | ९८६२८६३४३५ | लाल |

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १५) | अस्मित बुढा | | | 9864958097 | [signature] |
| १६) | हरिकला पुन | | | | [signature] |
| १७) | विष्णु बुढा | | | | [signature] |
| १८) | जय कृष्ण बुढा | | | | [signature] |
| १९) | धबा रवती | अ०इ०प | आधारभूत स्वा.च. [illegible] | 9843202483 | [signature] |
| २०) | इन्द्र राज बुढा | | | | [signature] |
| २१) | बुद्धि बुढा | | | | [signature] |
| २२) | लक्ष्मि चन्द्र डसाले | | | | [signature] |
| २३) | नरेन्द्र बुढा | | | | नरेन्द्र |
| २४) | नरेन्द्र डसाल | | | | [signature] |
| २५) | बिमल भट्टारा | | | | [signature] |
| २६) | इन्द्रराज बुढा | | | | [signature] |
| २७) | कमलचन्द्र शाही | | | | [signature] |
| २८) | हरिलाल बोहोरा | | | | [signature] |
| २९) | बिष्णुचन्द्र भट्टारा | | | | [signature] |
| ३०) | दिपेश शाहिला | | | | [signature] |
| ३१) | एलबुली भट्टारा | | | | [signature] |
| ३२ | स्वर्ण रावल | | | | [signature] |

| क्र.स. | नाम/थर | पद | कार्यालय/ठेगाना | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ३३ | कमल शाहीला | | | | |
| ३४ | कृष्णा रोकाया | | | | |
| ३५ | जुन कुमारी रोकाया | | | | |
| ३६ | मिलन रोकाया | | | | |
| ३७ | जासिला पुन | | | | जासिला |
| ३८ | विसु डुडुवाल | | | | विसु |
| ३९ | धन ब० बुढा | | | | धन |
| ४० | सूर्य ब बुढा | | | | |
| ४१ | कर्ण पुन | | | | |
| ४२ | सिर्जना पुन | | | | |
| ४३ | धन ब. घर्ति | | | | |
| ४४ | हस्तमन घर्ति | | | | |
| ४५ | पासकरा बोहोरा | | | | |
| ४६ | पंरब बुढा | | | | |
| ४७ | गणेश पुन | | | ९७६९९५३४७६ | |
| ४८ | सुरेश चौधरी | | | | सुरेश |
| ४९ | नरेन्द्र चौधरी | | | | |
| ५० | नौ नवराज पुन | | | | |

**प्रस्तावहरू:**

१. प्रस्ताब नं. १.त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममाआबश्यक तथ्याकं माथी छलफल तथा संकलन सम्बन्धमा ।

२. प्रस्ताब नं. २. बिबिध सम्बन्धमा ।

**निर्णयहरू:**

१. निर्णय नं. १ त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममाआबश्यक तथ्याकं माथी छलफल तथा संकलन सम्बन्धमा छलफल गर्दा यस वडाका सम्पूर्ण सरोकारवाला वडावासिहरूको उपस्थितिमा आबधिक योजना निर्माणका लागि आबस्यक पर्ने बिषयगत क्षेत्रका बिषयबस्तुहरू (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकास) माथि छलफल गर्दे ति बिषयबस्तुको आबश्यक तथ्याकं संकलन गरीयो ।

२. निर्णय नं. २ बिबिध सम्बन्धमा छलफल गर्दा यस त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम आबधिक योजना निर्माणका क्रममा अन्य कुराआबश्यकता अनुसार सहयोग र सहकार्य गर्न सहमत रहेको र आबधिक योजनालाई उत्कृष्ठ बनाउन दुबै पक्ष सहमत रहेको कुरा निर्णय गरीयो ।

आज मिति २०८०/११/१६ गतेका दिन यस डोल्पा जिल्ला त्रिपुरासुन्दरी नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रथम आवधिक योजना निर्माणको क्रममा रहेको र आवधिक योजनाको अन्तिम मस्यौदा माथी छलफल गर्ने कार्यक्रम अन्तर्गत यस त्रि.नगरपालिकाका नगर प्रमुख श्री जनचन्द्र रोकाया ज्यूको अध्यक्षताका निम्नानुसारको उपस्थितिमा मस्यौदा माथी छलफल गरी अनुमोदन गरियो।

उपस्थिति

१. जनचन्द्र रोकाया (नगर प्रमुख)
२. देवी घर्ती (नगर उपप्रमुख)
३. रामचन्द्र कुलाल (१ नं. वडा अध्यक्ष)
४. टेक बुढा (२ नं. वडा '' )
५. अलक के.सी (३ नं. '' '' )
४. रन्जित बुढा (४ नं. '' '' )
सम्झना भण्डारी (५ नं. का.व. वडा अध्यक्ष)
५. देवेन्द्र चलाउने (६ नं. वडा अध्यक्ष)
६. खड्ग बुढा (७ नं. '' '' )
८. चन्द्ररुप रावत (८ नं. '' '' )
राज ब. बुढा (९ नं. '' '' )
९. ललित प्रसाद गिरी (१० नं. '' '' )
१०. चन्द्ररुप डंगाल (११ नं. '' '' )
११. आविदस चन्द्र नेपाली (प्रमुख प्रशासकीय अधिकृत)
१२. हिराचन्द्र धराला (टुटी अधिकृत)
१३. हिरालाल के.सी (लेखापाल)
१४. अलमान नेपाली (कार्यपालिका सदस्य)
१५. सिर्जना पुन मगर ( '' '' )
१६. तुलाराम के.सी. (विषय समिति सदस्य)
१७. योगराज शर्मा (परामर्शदाता)

प्रस्तावहरु

१ - प्रस्ताव नं. १ - आवधिक योजनाको मस्यौदामाथी छलफल सम्बन्धमा
२ - प्रस्ताव नं. २ - आवधिक योजना अनुमोदन सम्बन्धमा
३ - प्रस्ताव नं. ३ - विविध सम्बन्धमा


निर्णयहरु

१ - निर्णय नं. १,- प्रस्ताव नं. १, आवधिक योजनाको मस्यौदा माथी छलफल सम्बन्धमा छलफल गर्दा आवधिक योजनाको अन्तीम मस्यौदामाथी यस नगरपालीकाको नगर कार्यपालीकाको बैठक वाट दफावार छलफल गरी केहि आवश्यक सुधार गर्ने निर्णय गरीयो ।

२ - निर्णय नं. २; प्रस्ताव नं २, आवधिक योजना अनुमोदन सम्बन्धमा छलफल गर्दा यस नगरकार्यपालीकाको बैठकले मस्यौदा माथी छलफल गर्दा दिइएको सुझावलाई संलग्न गरी यस त्रिपुरासुन्दरी नगरपालीकाको प्रथम आवधिक योजनालाई अनुमोदन गरी आ.व. २०८१/०८२ देखि २०८५/०८६ सम्म लागु गर्ने निर्णय गरीयो ।

३ - निर्णय नं. ३, प्रस्ताव नं. ३, विविध सम्बन्धमा छलफल गर्दा यस प्रथम आवधिक योजनाले औंल्याएको सुझावहरुलाई मध्यनजर राखी नगरपालीकालाई अगाडी बढाउने निर्णय गरीयो ।

## अनुसूचिः ६ कार्यक्रमका तस्बिरहरू












































त्रिपुरासुन्दरी नगरपालिकाको
प्रथम आबधिक योजना
२०८०/०८१ देखि २०८४/०८५ सम्म
आबधिक योजना माथि अन्तिम मस्यौदा सम्बन्धि छलफल कार्यक्रम
त्रिपुरासुन्दरी नगरपालिका
त्रिपुराकोट बगर, डोल्पा
फाइभ स्टार इन्जिनियरीङग सर्भिसेज प्रा.लि. काठमाडौं